
www.mulyankan.itgo.com


# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक
पूर्णाङ्क ८७

प्रश्न चिन्हको घेरामा
भारतीय माओवादी पार्टी
## पिपुल्सवार ग्रुप

# विद्यार्थी आन्दोलनको चक्रभित्र शिक्षा





## माओवादी छापामारहरूसंग केही दिन: ताजा संझना



मूल्य रु. २०/-, भारतमा भा.रु. १५/-

## निम्न सेवाहरू हामी तपाईंहरूलाई प्रदान गर्दछौं

- अग्नी बीमा
- सामुद्रिक बीमा
- मेडिक्लेम बीमा
- ओभरसिज मेडिक्लेम बीमा
- मोटर बीमा
- इन्जिनियरिङ्ग बीमा
- सामुहिक दुर्घटना बीमा
- ठेकेदार सम्पूर्ण बीमा

र

अन्य विविध बीमाहरु

# नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड

**प्रधान कार्यालय**

एन.आइ.सी. बिल्डीङ्ग, कमलादी, काठमाण्डौ
पो.ब.नं. ३६२३
फोन नं. २४५५६५, २४५५६८, २२१३५३
फ्याक्स नं. ९७७-१-२२५४४६
इमेल : nic@wlink.com.np
वेभपेज : http://www.yomari.com/nico

**शाखा अफिस**

बीरगंज
श्रीपुर
फोन नं. २२६३८
फ्याक्स नं. २६९३८

बिराटनगर
बरगाछी
फोन नं. २४१५७
फ्याक्स नं. २४१५७

खस्यौली
फोन नं. २३०८३

**शाखा कार्यालयहरु**

| लाहान | धनगढी | बिर्तामोड |
|---|---|---|
| फोन नं. ६०१८० | फोन नं. २३२४८ | फोन नं. ४११७९ |

**शाखा अफिस**

नारायणगढ
संगमचोक
फोन नं. २२१३२
फ्याक्स नं. २४६९३

नेपालगंज
सुर्खेत रोड
फोन नं. २१४००
फ्याक्स नं. २१४००

पोखरा
फोन नं. ४१२२७


महिला र बाल-बालिकाहरूप्रतिको शोषण र अत्याचार निन्दनीय कार्य हो । महिला र पुरूषबीच भेदभाव गर्ने सामाजिक कुरीतिहरू र बाल-बालिकाहरू उपर गरिने सबैथरीका शोषणहरू हटाउन सबै सचेत नागरिकहरूले संयुक्त रूपमा प्रयास गर्ने समय आएको छ । गाउँघरमा हुने सामाजिक भेटघाट र सामूहिक छलफलमा पनि यस्ता कुराहरू उठाई जनचेतना बढाउनु शिक्षित र सचेत नागरिकहरूको कर्तब्य हो ।

## श्री ५ को सरकार

## सूचना तथा संचार मंत्रालय

# सूचना विभाग

◀ यसभित्र


# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १८, पूर्णाङ्क ८७
जेठ, २०५८



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइँटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी
**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का
**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१ पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९,
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल : yuwa@ntc.net.np
वेभसाइट: www.mulyankan.itgo.com


## विद्यार्थी आन्दोलनको चक्रभित्र शिक्षा

**आवरण कथा** — हरिगोविन्द लुइँटेल

कस्ता हुन् विद्यार्थीका मागहरू ? ती कसरी पूरा होलान् ?
-डा. विद्यानाथ कोइराला

यो दश वर्षमा शिक्षामा सरकारी नीति र व्यवहार कस्ता रहे ?
-डा. मीनबहादुर विष्ट

शिक्षामा राष्ट्रियकरणले बर्बादी ल्याउँछ
-डा. कमलप्रकाश मल्ल

हाम्रा माग पूरा नभए संघर्षका अझ सशक्त कार्यक्रम ल्याउनेछौं
-देवेन्द्र पराजुली, अध्यक्ष अ.ने.रा.स्व.वि.यू. (क्रान्तिकारी)

६



## माओवादी छापामारहरूसँग केही दिन

१७ - *गुणराज लुइँटेल*

## यस्तो छ सामुदायिक बन स्वाहा पार्ने संशोधन विधेयक

*- डा. नारायणकाजी श्रेष्ठ*
*-दिलराज खनाल*
२०

## केन्द्रीय न्यूक्लसको संयोजकमा मनमोहन अधिकारी छानिए

*- निर्मल लामाको रोचक आत्मकथा*
२४



## प्रश्नचिन्हको घेरोमा पिपुल्स वार ग्रुप

*भारतमा सशस्त्र संघर्ष गरिरहेका माओवादी समूह पिपुल्स वार ग्रुपबारेको खोजमूलक सामग्री*
*-राजेन्द्र महर्जन* ३६


**हाम्रो मूल्यांकन**
प्रधानमन्त्री अविलम्ब राजीनामा गर ४

**आवरण कथा**
विद्यार्थी आन्दोलनको चक्रभित्र शिक्षा
*- हरिगोविन्द लुइँटेल* ६
कस्ता हुन् विद्यार्थीका मागहरू ? ती कसरी पूरा होलान् ?
*- डा. विद्यानाथ कोइराला* ८
हाम्रो माग पूरा भएन भने हामी अझ उच्च स्तरको संघर्ष गर्छौं
*- देवेन्द्र पराजुली, अध्यक्ष, अ.ने.रा.स्व.वि.यु. (क्रान्तिकारी)* १०
यो दश वर्षमा शिक्षामा सरकारी नीति र व्यवहार कस्ता रहे ?
*- डा. मीनबहादुर विष्ट* १२
शिक्षामा राष्ट्रियकरणले बर्बादी ल्याउँछ
*- डा. कमलप्रकाश मल्ल* १४

**संस्मरण**
माओवादी छापामारहरूसँग केही दिन
*- गुणराज लुइँटेल* १७

**विशेष लेख**
यस्तो छ सामुदायिक बन स्वाहा पार्ने संशोधन विधेयक
*- डा. नारायणकाजी श्रेष्ठ/ दिलराज खनाल* २०

**आत्मकथा**
केन्द्रीय न्यूक्लसको संयोजकमा मनमोहन अधिकारी छानिए
*- निर्मल लामा* २४

**अन्तर्क्रिया**
पूँजीवादको बदलिंदो स्वरूप २६

**दर्शन**
के हो Categories भनेको ?
*- प्रज्ञानरत्न* ३१

**नीति संस्कृति**
तिमी छौ, तर तिमी छौ भन्ने कुरा हामी मान्दैनौं
*- चन्द्रदेव नेपाली* ३२

**किताब**
मानव अनुभवको कलात्मक सागर
*- जगत् प्रेक्षित* ३४

**वि.क. आन्दोलन**
प्रश्नचिन्हको घेरोमा पिपुल्स वार ग्रुप
*- राजेन्द्र महर्जन* ३६

**पर्दा/रंगमंच**
रायनको एकल प्रस्तुति सम्पन्न ३५

**घटना र प्रवृत्ति**
वाम आन्दोलन र सत्ताको हठाग्रह
*- समीर थापा* ५
रु.१ को अभियान
पुरस्कार कवि दुर्गालाललाई ३३
अखिल नेपाल जनवादी युवा लीगले तेस्रो सम्मेलन गर्‍यो
*- हरिगोविन्द लुइँटेल* ४०
कस्तो सम्बन्ध राख्नु पर्ने हो नेपालले चीनसित ?
*- दीपेश उपाध्याय* ४१
माओवादी, सरकार र एमाले राजी ४२

**अर्थतन्त्र**
आगामी बजेट र सरकारको भविष्य
*- हरि रोका* ४३

**पाठकको कुरो** ४६



आवरणमा : राजधानीको एक स्कूलमा अध्ययनरत विद्यार्थीहरूको तस्वीर । आवरण सज्जाः टाइम्स क्रिएशन, बागबजार, फोनः २५२६४५ ।
कलर सेपरेशनः पोलिइमेज, प्रदर्शनी मार्ग, फोनः २५२५७१ । कलाकारहरूः लक्ष्मण भूजेल, जि.डि. सारु, *यति ग्राफिक्स, डिल्लीबजार फोन : ४३०७५२ ।*
मुद्रणः इन्द्रेणी अफसेट प्रेस, अनामनगर, फोनः ४३७४४८

## अख्तियारको ठहरपछि

# प्रधानमन्त्री, अविलम्ब राजीनामा गर

प्रजातन्त्रको एउटा मुख्य विशेषता हो- नैतिक शासन । प्रजातन्त्रमा सत्तामा रहने मानिसहरूसित नैतिकता रहेन भने प्रजातन्त्र फाशिवादमा बदलिन्छ । सरकार निरंकुश र अनुत्तरदायी बन्छ । त्यस्तो अंकुशरहीत नोकरशाही सरकार देशमा कायम हुन्छ, जसमाथि बहुसंख्यक आमजनताको आस्था र विश्वास नै हुँदैन । अहिले नेपालमा यही भइरहेछ ।

भ्रष्टाचारको बारेमा खोजवीन गर्ने अख्तियारी पाएको देशको एकमात्र संवैधानिक अंग- अख्तियार दुरूपयोग अनुसन्धान आयोग (अदुअआ)ले जेठको दोश्रो सप्ताहान्तमा लाउडा एयरको विमान-भाडा प्रकरणमा 'मंत्री परिषदको निर्णयको आडमा भ्रष्टाचार' भएको किटानीका साथ ठहर गरेको छ । आयोगले के स्पष्ट पारेको छ भने "मंत्री परिषदका..... निर्णयहरूबाट निगमको काम कारवाहीमा श्री ५ को सरकारको प्रत्यक्ष रूपमा संलग्नता रहेको देखिन्छ ।" लाउडा काण्डको भ्रष्टाचारमा मंत्री परिषदको प्रत्यक्ष संलग्नताबारे यति किटानीका साथ आयोगले ठहर गरेपछि त्यस काण्डमा प्रधानमन्त्री मूल रूपमा दोषी भएको बारे अब कुनै शंका रहेन । किनकि, मंत्री परिषदको कुनैपनि निर्णयमाथि संवैधानिक रूपले प्रधानमन्त्रीको नैतिक मात्र होइन, कानूनी जिम्मेवारी र जवाफदेही रहन्छ । संविधानअनुसार मंत्री परिषदको मुख्य नेता प्र.म. नै हुन्छ ।

हो, लाउडा काण्डमा मंत्री परिषदलाई प्रत्यक्ष रूपमा संलग्न ठहऱ्याएपछि पनि अख्तियारले प्र.म. विरूद्ध पुनरावेदन अदालतमा कुनै अभियोग दर्ता गरेको छैन । यो टड्कारो विडम्बना र विरोधाभाष हो । यसबाट अख्यिारमाथि फैसलाको संघारमा प्र.म.बाट कति चर्को दवाव सृजना गरिएछ भन्ने कुराको राम्रो झझल्को मिल्छ । परन्तु, लाउडाको भ्रष्टाचारमा मंत्री परिषदको मुख्य जिम्मेवारी रहेको ठहर गर्न भने, अख्तियारले कुनै कसर बाँकी राखेको देखिन्न । सिंगो मंत्री परिषदलाई अख्तियारले भ्रष्टाचारमा दोषी ठहर गरेपछि प्र.म.लाई छुट्टै अभियोग नलगाएको भरमा प्र.म.ले आफूलाई निर्दोष ठहऱ्याउन जमर्को गर्नु ठीक त्यस्तै सिल्ली कुरा हो, जस्तो सिंगो शरीरलाई डाक्टरले मृत ठहर गरेपछि छुट्टै टाउकोलाई त मृत ठहर गरेको छैन नि भन्नु । आधारभूत प्रश्न हो- शरीर सिंगै मृत घोषित भएपछि त्यसको टाउको मात्रै एक्लै र फुट्टै जीवित बाँकी रहन्छ ?

यस परिस्थितिमा आयोगको किटानी ठहर आएपछि लाउडा काण्डमा भएको भ्रष्टाचारमा मंत्री परिषदको प्रमुख हुनाको हैसियतले नैतिक र वैधानिक उत्तरदायित्व सकार्दै प्रधानमन्त्रीले अविलम्ब राजीनामा गर्नुमै उहाँको चौतर्फी कल्याण छ । यसैमा उहाँको उच्च नैतिक स्तर र प्रजातान्त्रिक चरित्र अभिव्यक्त हुनेछ । यसैले सत्ताबाट उहाँको सम्मानपूर्ण बहिर्गमनको ढोका खोल्नेछ । यसो नगरी उहाँले केही अति स्वार्थी मतियार र आफन्तहरूको दवावमा अझै आफ्नो निर्दोषपनाको अनैतिक हठ लिइराख्नु भयो भने निश्चित छ, फिलीपाइन्सको एस्ट्राडा जस्तै जन-आन्दोलन र जनमतको दवावमा उहाँ कुर्सीबाट हट्न बाध्य हुनुपर्नेछ । त्यतिबेला उहाँको राजनीतिक मृत्यु हुनेछ ।

परन्तु, नेपालमा आफूलाई सबैभन्दा 'प्रजातान्त्रिक पार्टी' भनेर दावी गर्ने नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला अहिले उदेकलाग्दो गैर-प्रजातान्त्रिक हठ गर्दै हुनुहुन्छ- भ्रष्टाचारमा जतिसुकै आरोपित भएपनि, ज्यान गए प्रधानमन्त्रीको कुर्सी नछाड्ने । उता सिंगो नेपाली कांग्रेस पार्टीले त्यस्ता हठी र भ्रष्ट प्रधानमन्त्रीलाई पदबाट हटाउन निर्णायक रूपमा केही पनि गर्न नसक्ने ।

यसले त के देखाएको छ भने नेपाली कांग्रेसमा नैतिकता र प्रजातान्त्रिक संस्कृतिको ठूलो अनिकाल छ । नत्रभने, नेपाली कांग्रेस कस्तो प्रजातान्त्रिक पार्टी हो, जो भ्रष्टाचारको आरोप लागेको एउटा नेताको समेत विकल्प दिने सामर्थ्य राख्दैन ? यो कस्तो 'सबैभन्दा प्रजातान्त्रिक पार्टी' हो- जसमा एउटा भ्रष्टाचारमा आरोपित नेता कुर्सीबाट ओर्लदा सिंगै पार्टी र प्रजातन्त्र गल्र्याम्-गुर्लुम ढल्छ ?

सिंगो नेपाली कांग्रेसले बुझ्नु पर्ने कुरा के हो भने अहिले प्रधानमन्त्रीको राजीनामाको निमित्त चलिरहेको आन्दोलन भ्रष्टाचारविरोधी आन्दोलन मात्र हो, यो कांग्रेसविरोधी आन्दोलन कदापि होइन । यो आन्दोलनको ध्येय भ्रष्टाचारमा आरोपित व्यक्तिलाई प्र.म.को कुर्सीबाट ओराल्न बाध्य पार्नु मात्र हो, यो नेपाली कांग्रेसलाई कुर्सीबाट ओराल्ने उद्देश्य बोकेको आन्दोलन कदापि होइन । गिरिजा प्र.मं.को कुर्सीबाट ओर्ले पनि अर्को प्र.मं. बन्ने नेपाली कांग्रेस पार्टीकै व्यक्ति हो, अर्को पार्टीको व्यक्ति होइन । यो आन्दोलन सिंगो नेपाली कांग्रेसविरूद्ध तब मात्रै केन्द्रित हुनेछ, जब सिंगो नेपाली कांग्रेस भ्रष्टाचारको र भ्रष्ट प्र.म..को ढाल बनेर खडा हुन्छ ।

प्रतिपक्षले सडकमा आन्दोलन नै नचलाए पनि, नैतिकता छ भने प्र.मं. गिरिजाले अबिलम्ब राजीनामा दिनुपर्ने स्थिति अहिले देशमा विद्यमान छ । प्र.मं. गिरिजा शान्ति सुरक्षा, भ्रष्टाचार नियन्त्रण र सुशासन दिने सार्वजनिक बाचा गरेर एक वर्षअघि कृष्णप्रसाद भट्टराईलाई कुर्सीबाट जबर्दस्ती ओरालेर सत्तामा आउनु भएको थियो ।

परन्तु, नेपालमा शान्ति सुरक्षाको मामिलामा अहिलेजत्ति दयनीय हालत गएको १० वर्षमा कहिल्यै भएको थिएन । हाम्रो मुलुकमा अहिले सिंहदरवार र सदरमुकाम वरपरबाहेक अन्यत्र सरकार नै छैन भने पनि हुने स्थिति छ । प्रशासन र प्रहरीले जनताको सुरक्षा गर्ने होइन, अहिले जनताले उल्टो आफ्नो स्वयम् र प्रहरी प्रशासनको समेत सुरक्षा गरीदिनु पर्ने स्थिति पैदा भएको छ ।

सिंहदरवारले भ्रष्टाचार नियन्त्रण गर्ने होइन, भ्रष्टाचारको जड नै सिंहदरवार भएको छ । प्रधानमन्त्रीले आफू स्वच्छ र निष्कलंक भएर भ्रष्टाचार नियन्त्रण गर्ने कुरा त टाढाको कुरा रह्यो, प्रधानमन्त्री स्वयम् भ्रष्टाचारको प्रमुख उत्प्रेरक भएको स्थिति नेपालमा अहिले विद्यमान छ । भ्रष्ट जलस्रोत सचिवलाई पदबाट निकाल्न आफ्नै पार्टीको इमान्दार मन्त्रीले दवाब दिँदा बरू इमान्दार जलस्रोतमन्त्रीलाई पदबाट बाइबाइ गर्न तैयार, तर भ्रष्ट सचिवलाई हटाउन बेतयार भएबाट प्र.मं.ले प्रष्टै देखाउनुभएको छ- उहाँको वास्तविक प्रतिबद्धता भ्रष्टाचार उन्मूलनमा छ कि इमान उन्मूलनमा ।

ठीक त्यस्तै हालत सुशासन दिने मामिलामा पनि देखिन्छ । सुशासन दिनलाई देशमा सर्वप्रथम शासनको अस्तित्व देखिनु पर्‍यो । शासन जन-उत्तरदायी, स्वच्छ, छरितो र न्यायपूर्ण भएपछि नै सुशासन हुन्छ । नेपालमा पहिलो कुरो त, देशको अधिकांश भागमा सरकारको शासनको अस्तित्व नै देखिन्न । दोश्रो, जहाँ देखिन्छ, त्यहाँ पनि न त त्यो जन-उत्तरदायी छ, न स्वच्छ, न छरितो र न न्यायपूर्ण नै ।

यसरी सत्तामा आउँदाको आफ्नो बाचा पूरा गर्नमा प्र.म. कोइराला पूर्णतया विफल हुनुभएको छ । तसर्थ, लाउडा काण्ड नै नघटे पनि प्र.मं. कोइरालासित प्र.मं. भइराख्ने कुनै नैतिक हैसियत नै बाँकी रहेको देखिन्न ।

यति मात्रै होइन । बहुदल आएपछिको एघार वर्षमा तीन-तीनपटक दुईतिहाइ समय त देशको प्रधानमन्त्री खुद कोइराला नै हुनुहुन्छ । यस हिसाबले देश अहिले जुन चौतर्फी बर्बादी र संकटको स्थितिमा छ, त्यसको मुख्य जिम्मेवारी उहाँमाथि नै जान्छ ।

उहाँको नेतृत्वले देश जम्मामा उकालो लागिरहेको छैन, उल्टो झन् झन् ज्यादा अविकासोन्मुख हुँदै गइरहेछ । अर्थतन्त्र समग्रतामा ओरालो लाग्दैछ । जनसंख्या बृद्धिदरभन्दा कृषि उत्पादन बृद्धिदर कम्ता हुन लागिरहेछ । भएका साना मझौला उद्योगहरू पनि अन्ध-उदारीकरणको नीतिले भटाभट ढल्न लागिरहेछन् । गरीविको रेखामुनिका जनता घट्दै जानुपर्नेमा उल्टो बढ्दै गएर दश वर्षको बीचमा तीनमा एकजनाबाट दुईमा एकजना हुन पुगेको छ । विदेशी ऋण गएको एक दशकमा झण्डै पाँच गुणा बढेको छ । स्वदेशी ऋण तीन गुणा । नेपालको सम्पूर्ण बजेटको एक तिहाइभन्दा ज्यादा भाग विदेशी साहूकार संस्थाहरूको कृपामा आधारित हुन थालेको छ । अझ विकास बजेटको त दुई तिहाइ अंश नै विदेशी सहायतामा निर्भर हुन थालेको छ । अब त नेपालको बिजुली र पानीको महशूल समेत विदेशी बैंकले तोकेबमोजिम हुने भएको छ ।

यस प्रकार प्र.म. गिरिजाको अझ बढ्ता शासनको अर्थ- नेपाल र नेपाली जनताको गरीवि बढ्नु, बेरोजगारी बढ्नु, राष्ट्रको अर्थतन्त्रको लगाम विदेशीको कब्जामा जानु, देशको उद्योगधन्दा र अर्थतन्त्र ढल्नु, तल्लो तहका किसान र मजदूर स्वाहा हुनु भएको छ । प्र.मं. गिरिजा सत्तामा आएदेखि नेपालमा नागरिकहरूको हत्या यति ज्यादा भइरहेको छ कि त्यति नागरिक-हत्या त कोतपर्वदेखि पंचायतकालसम्म १४३ वर्षको कूल जोड्दा पनि भएको थिएन ।

यस्तो स्थितिमा नेपाली जनताले अब कति प्र.मं. गिरिजाको कुकृत्यको शिकार भइरहने ? कति हामीले देश र जनताको बर्बादी थेगेर बसिरहने ?

यही हुनाले, प्र.मं. गिरिजाले अविलम्ब राजीनामा गर्नुपर्छ । उहाँमाथिको भ्रष्टाचारको आरोपको छानवीन प्रक्रियालाई सहज बनाउन पनि, देश र जनतालाई अरू ज्यादा बर्बाद हुनबाट बचाउन पनि, कांग्रेसभित्रैबाट अर्को नयाँ र ठीक विकल्प आउनसक्ने संभावना छ भने त्यसको ढोका खोल्न पनि उहाँले अबिलम्ब राजीनामा गर्नुपर्छ । ❑




# वाम आन्दोलन र सत्ताको हठाग्रह

- समीर थापा -

फेरि आम-अड्तालको रूपमा नेपालबन्द भएको छ । यसपटक एक दिन होइन तीन दिन नेपालबन्द भयो । नेपालमा विगत एक दशकयतादेखि भएका बन्दहरूको परम्पराअनुसार यसपटकको नेपालबन्द पनि सफल हुने पूर्वानुमान नै गरिएको थियो । जसले आह्वान गरे पनि धेरथोर सफलै हुने नेपालबन्द यसपटक प्रमुख प्रतिपक्षी दल नेकपा एमालेलगायत ६ वामसमूहको आह्वानमा भएको हो । ६ वाम समूहको यो आह्वानलाई अन्य थप पाँच समूहले सहयोग र समर्थन जनाएका थिए । यसरी यस पटकको तीन दिने नेपालबन्दमा संभवतः पहिलोपटक एघारवटा वाम समूहको संलग्नता रहेको देखिएको थियो ।

लाउडा प्रकरणमा भएको ठूलो भ्रष्टाचारमा दोषी ठहऱ्याएर प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजीनामाको एक सूत्रीय माग गरेर आह्वान गरिएको यो नेपालबन्द यही जेठ १४, १५, र १६ गते सम्पन भयो । यो नेपालबन्दबाट मुलुकलाई हुने आर्थिक क्षति थुप्रै भए पनि एउटा भ्रष्ट व्यक्ति मुलुकको सर्वाधिक शक्तिशाली प्रधानमन्त्री-जस्तो पदमा बसिरहँदा झन् बढी क्षति हुने बताएर आयोजकहरूले नेपालबन्दको औचित्य बयान गरेका थिए ।

६ वामसमूहको विगत चारमहिनादेखि चलिरहेको आन्दोलन आन्दोलनका कार्यक्रमहरूअनुसार कहिले माथि र कहिले तल हुँदै अस्तित्व धानिरहेको छ । तर आन्दोलनको अस्तित्व सँगसँगै विवादहरू पनि अस्तित्वमा देखिएका छन् । वाम वुद्धिजीवी र अन्य वामवृत्तमा आन्दोलनको प्रभावकारिता र यसले राखेको मागबारे विवाद रहेको छ भने अन्य दक्षिणपन्थी समूहले आन्दोलनको प्रकृतिमाथि नै विवाद ल्याएका छन् ।


वाम वुद्धिजीवी र अन्य वामवृत्तमा यस आन्दोलनले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजीनामाको एक सूत्रीय मागमात्र राख्नु ठीक होइन भन्ने भनाइ अस्तित्वमा छ । यही मागमा सीमित रहँदा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सत्ताच्यूत भए पनि नेपाली कांग्रेस सत्ताच्यूत हुने स्थिति रहदैन । त्यसैले, मुलुकमा यतिबेला विद्यमान समस्याहरू गिरिजाप्रसाद कोइरालाको राजीनामापछि पनि कायमै रहने प्रबल संभावना छ । शान्ति सुरक्षाको समस्या, समानान्तर सरकार बनाउन थालिसकेको माओवादी जनयुद्धसँग सम्बन्धित प्रकरण, भ्रष्टाचारका अगणित समस्याहरू र राष्ट्रियतासँग प्रत्यक्षरूपले गाँसिएको नेपाल भारत सीमा क्षेत्रहरूमा भारतीय विस्तारवादले गरेको सीमा अतिक्रमणको समस्या र सबभन्दा पछिल्लो चरणमा मुद्दाको रूपमा विकसित भएको निजी विद्यालयहरूको शिक्षा शुल्कको समस्या अहिले मुलुकलाई चुनौति दिइरहेका गम्भीर मुद्दाहरू हुन् । वाम आन्दोलनले यी सबै मुद्दाहरूलाई आन्दोलनका मागहरूभित्र समेट्नुपर्थ्यो । त्यसो नगरेर शानेवानिले भाडामा लिएको लाउडा जहाज प्रकरणमा भएको भ्रष्टाचारलाई मात्रै आन्दोलनको मुद्दा बनाइएको छ र त्यही आधारमा प्रधामन्त्रीको राजीनामाको एकसूत्रीय माग गरिएको छ । ६ वाम समूहको सडक आन्दोलनको यो एक सूत्रीय माग अपूर्ण छ भन्नेमा कतिपय वाम वुद्धिजीवी तथा पर्यवेक्षकहरू सहमत छन् ।

६ वाम समूहको आन्दोलनको यस अवधिमा गत हिउँदे अधिवेशन एक दिन पनि चल्न सकेन । ६ वामसमूहलगायत सम्पूर्ण विपक्षीहरूले त्यस अवधिमा आन्दोलनलाई ऊर्जा दिए । त्यसपछि पनि आन्दोलनकारीहरूले साना ठूला कार्यक्रमहरू चलाउँदै आइरहेको छन् । ती कार्यक्रमहरूमा आन्दोलनकारी अगुवा कार्यकर्ता र नेताहरू मात्रै पूरा मनले सहभागी भएका छन् । यस क्रममा सरकारले नेता तथा कार्यकर्ताहरूलाई पक्रने, थुन्ने र छोड्ने क्रम पनि चल्यो । तैपनि आन्दोलनले जुन स्तरमा प्रभाव पार्नु पर्थ्यो, त्यो स्तरमा प्रभाव पार्न नसकेकोले एकातिर आमजनता आन्दोलित भएन भने अर्कोतिर प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आन्दोलनकारी शक्तिलाई टेरपुच्छर लागाएन । उल्टै, प्रधानमन्त्री कोइरालाले वैशाख ३ गते रेडियो तथा टेलिभिजनबाट आन्दोलनकारी वामसमूह र माओवादीविरूद्ध धम्कीको भाषामा आफ्ना उद्‌गारहरू व्यक्त गर्नुभयो । त्यसैले पनि प्रधानमन्त्री कोइरालाको हठाग्रहविरूद्ध ६ वाम समूहले आन्दोलनको सबभन्दा प्रभावकारी कार्यक्रमको रूपमा तीन दिने नेपालबन्दको आयोजना गरेका हुन् ।

वामपन्थीहरूका आन्दोलनको प्रकृतिमाथि दक्षिणपन्थी शक्तिहरू नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्‌भावना पार्टीले असहमति जनाएका छन् । उनीहरू शान्तिपूर्ण र वैधानिक आन्दोलनको कुरा गर्दै ६ वामसमूहको आन्दोलनलाई तोडफोडकारी, हिंसात्मक र अवैधानिक भएको विश्लेषण गर्दैछन् । तर शक्तिको भाषामात्र बुझ्ने अभ्यास भएको सरकारलाई दक्षिणपन्थीहरूले भनेझैं गान्धीवादी शैलीको आन्दोलनले झन् प्रभाव पार्ने छैन भन्नेमा आन्दोलनकारीहरूबीच मतैक्यता देखिएको छ ।

सुनिन्छ, अहिलेको अवस्थामा राजीनामा दिएमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको मात्र होइन, नेपाली कांग्रेसभित्र सबै कोइरालापन्थीहरूको वर्चस्व धराशायी हुने ठहर गरेर प्रधानमन्त्री कोइरालाका सल्लाहकार र अन्य प्रियपात्रहरू कोइरालालाई 'यत्तिकै राजीनामा नदिन' दवाव दिइरहेका छन् । कोइरालापन्थीको यो दवाव नेपाली कांग्रेसकै निम्ति प्रत्युत्पादक हुनसक्छ । तर वामपन्थीहरूका निम्ति एउटा शर्त के छ भने तीन दिने नेपालबन्दको क्रममा देखिएको एघार-वामको सहमतिलाई कार्यगत एकताको रूपमा विकसित गरेर उनीहरूले अब आन्दोलनलाई प्रधानमन्त्री कोइरालाको राजीनामाको एकसूत्रीय मागबाट माथि उठाएर मुलुकका प्रमुख ज्वलन्त समस्याहरूलाई आन्दोलनको माग बनाउनुपर्छ र यो आन्दोलनले सत्तामा नेपाली कांग्रेसकै विकल्प तयार गर्ने ढंगले रणनीति तयार गर्नुपर्छ । आन्दोलनले त्यसरी जनताका समस्याहरूलाई प्रत्यक्ष रूपमा संबोधन गर्न सक्यो भने अहिलेको आन्दोलन एउटा निर्णायक उँचाईमा पुग्नेछ र त्यसले सबै हठाग्रहीहरूलाई सजायँ दिनेछ । ❑

*नेपालबन्दको क्रममा देखिएको एघार-वामको सहमतिलाई कार्यगत एकताको रूपमा विकसित गरेर उनीहरूले अब आन्दोलनलाई प्रधानमन्त्री कोइरालाको राजीनामाको एकसूत्रीय मागबाट माथि उठाएर मुलुकका प्रमुख ज्वलन्त समस्याहरूलाई आन्दोलनको माग बनाउनुपर्छ*



शिक्षा मन्त्रालयमा गत वैशाखको अन्त्यमा अखिल क्रान्तिकारीको मागका सम्बन्धमा भएको वार्ता

# विद्यार्थी आन्दोलनको चक्रभित्र शिक्षा

◆ हरिगोविन्द लुइँटेल ◆

अहिले मुलुकमा एकातिर गिरिजाप्रसाद कोइरालालाई प्र.म. पदबाट हट्न बाध्य गराउने सडक-संघर्षले राजनीतिक क्षेत्र तातेको छ भने अर्कोतिर विद्यार्थी संगठनहरूले थालेका शैक्षिक मागहरूसँग जोडिएका आन्दोलनहरूले समाजका समस्त अंगहरूलाई छुन थालेका छन् । दुई वर्षयता चार वाम विद्यार्थी समूहहरूको आन्दोलनको क्रम अघिबढ्दै गएर, पछि आन्दोलनको मैदानमा एमालेनिकट विद्यार्थी संगठन पनि ओर्लिन थालेपछि पछिल्लो समय त यस्तो रह्यो, आन्दोलनमा नउत्रने विद्यार्थी संगठनले आफ्नो अस्तित्व धान्न पनि मुश्किल पर्ने जस्तो स्थिति पैदा भयो । गत साल मंसीर २३ गतेदेखि २९ गतेसम्म एकहप्ते विद्यालय हड्ताल ब्यापक रूपमा सफल गराएको ने.क.पा. माओवादी समर्थक अनेरास्ववियुसँग त्यतिखेर सरकारले औपचारिक र अनौपचारिक गरी दुई चरणमा वार्ता गऱ्यो । तर मागहरू पूरा हुने दिशामा स्थिति पटक्कै अघि बढेन ।

यसैबीच ने.क.पा. माले समर्थक अखिलले गत केही महिनाअघि विद्यार्थीहरूलाई यातायात तथा अन्य सेवाहरूमा ५० प्रतिशत छुटको माग राखी दवाबमूलक कार्यक्रम गरी यातायात क्षेत्रमा ३३ प्रतिशत छुट दिने अन्तरिम निर्णय गराई बाँकी कुराका लागि सुझाव दिन 'अध्ययन दल' गठन गराइछाड्यो । उता, अखिल क्रान्तिकारीले पनि आफ्ना थाँती रहेका १५ सूत्रीय मागहरूलाई फेरि उठायो । एमाले अखिल, अखिल छैठौं र अखिल (२०२२) पनि आ-आफ्ना ठाउँबाट संघर्षरत रहन थाले । अखिल (क्रान्तिकारी)ले वैशाख ६ गते सरकारलाई माग-पत्र दियो र १ महिने अल्टिमेटम पनि दियो । माग पूरा नभए पन्ध्र दिने वा अनिश्चितकालीन विद्यालय हड्तालमा उत्रने चेतावनी पनि माग-पत्रमा उल्लेख गऱ्यो । पछि उसले जेठ १ देखि ७ सम्म निजी स्कूलहरू बन्द गराउने घोषणा गऱ्यो । सरकार लामो समयसम्म मौन नै रह्यो ।

गत साल मंसीरमा अखिल (क्रान्तिकारी)ले देशभर विद्यालय बन्द गराएको देखेका निजी स्कूलहरू त्यत्तिकै तर्सिए । त्यसमाथि अखिल (क्रान्तिकारी)ले केही दिनअघि मात्र राजधानीका दुई स्कूलहरूमा आगलागी गराएको घटना पनि उनीहरूको सातो लियो । समस्या समाधानार्थ प्रकृया बढाउन उनीहरूको संगठन 'प्याब्सन'को तर्फबाट शिक्षामन्त्रीलाई वैशाख १७ गते ज्ञापन-पत्र दिइयो । सरकारको बाक्लो कानभित्र बल्ल केही कुरा पसेछ । उसले वैशाख २५ मा विद्यार्थीहरूका मागहरूबारे छलफल गर्न शिक्षा मन्त्रालयका पदाधिकारीहरू सम्मिलित एक कार्यटोली गठन गऱ्यो । विद्यालय शिक्षाको प्रभावशाली व्यवस्थापनसंबन्धी अध्ययन गर्न राष्ट्रिय योजना आयोगका सदस्य डा. निर्मल प्र. पाण्डेको संयोजकत्वमा एक उच्चस्तरीय समिति पनि गठन गऱ्यो ।

> **ने.वि.संघ स्वयं पनि सरकारमा ने.का. रहनुको कारण मात्र मौन बसीरहेको छ, नत्र ऊ पनि मैदानमै हुनु पर्ने बाध्यता आज 'विद्यार्थी राजनीति'को विशेष स्थिति बन्न पुगेको छ**

अखिल क्रान्तिकारी, शिक्षक संगठन, प्याब्सन र अभिभावक संघ समेतको प्रतिनिधित्वमा शिक्षा मन्त्रालयस्तरीय वार्ता थालियो । वार्ता निर्णयमा पुग्न सकेन । यसैबीच वैशाख ३० गतेका दिन सरकारले वार्ता परिसरबाटै अखिल क्रान्तिकारीका वार्ता-प्रतिनिधिहरू महासचिव पूर्ण पौडेल र काठमाण्डौ जिल्ला कोषाध्याक्ष राजु नेपाललाई गिरिफ्तार गरी दुई दिनपछि हुने भनिएको ७ दिने 'बोर्डिङ्ग स्कूल बन्द' स्थगित हुनसक्ने झिनो संभावना पनि बाँकी राखेन । सरकारका गृहमन्त्री विद्यार्थी-प्रतिनिधिलाई थुन्ने पक्षमा र प्रधानमन्त्री थुन्नु हुन्नथ्यो भन्ने पक्षमा रहेको पनि देखियो ।

आखिर जेठ १ देखि जेठ ७ सम्म निजी स्कूल 'बन्द' ब्यापक रूपमा सफल भयो ।

त्यसपछि अखिल क्रान्तिकारीको सक्रियता झन बढेको छ । यसले थप 'सशक्त' कार्यक्रम ल्याउने भएको छ । आफ्ना १५ सूत्रीय मागहरूमध्ये निजी विद्यालयसंग संबन्धित मागहरूलाई यसले यसपटक जोड दिएको पाइए पनि सबै मागहरूप्रति यो संगठन सजग रहेको जनाइएको छ । यसैबीच अखिल छैठौंले बेरोजगार सर्टिफिकेट प्रदर्शन गर्ने काम थालेको छ । जेठ १ को विद्यार्थी दिवसका दिन अखिल (२०२२)ले पनि आफू चूप नरहने घोषणा गरेको छ भने ने.म.कि.पा. निकटको 'नेपाल क्रान्तिकारी विद्यार्थी संगठन' पनि आफ्नै ढंगमा संवदेशनशील रहेको उसको आफ्नो दावी छ ।

यस स्थितिमा माले अखिलले जेठ २५ गते 'काठमाण्डौ जाऔं' र बृहद विरोध प्रदर्शन आयोजना गरी प्र.म.लाई २० लाख हस्ताक्षर बुझाउने हदको कार्यक्रम गर्दैछ । यो बीचमा उसले आफ्नो आन्दोलन अन्तरगत वैशाख ३ गते पत्रकार संम्मलेन गरी २१ गतेसम्म मन्त्री, प्रधानमन्त्री, शिक्षण संस्था, जि.शि.अ. कार्यालय आदिमा माग-पत्र पुऱ्याइसकेको छ । गोष्ठी र मन्त्रालय घेराउ, २४ घण्टे अनसन हुँदै यो आफ्नो घोषित अमूर्त कार्यक्रम 'क्रियात्मक आन्दोलन र कार्वाहीहरू संचालन' अन्तर्गत परीआए जे पनि गर्न पछिनपर्ने खालका मुडमा रहेको छ ।

एमाले अखिल आफ्ना वर्षौं पुरामा ४६ सूत्रीय मागहरूको पुनः उल्लेख गर्दै सरकारी र निजी क्षेत्रका शैक्षिक मागहरूलाई अध्यावधिक गरेर आफ्नो पहिलो चरणको आन्दोलनका

## कस्ता हुन् विद्यार्थीका मागहरू ? ती कसरी पूरा होलान् ?

-डा. विद्यानाथ कोइराला

## शिक्षामा सरकारी नीति र व्यवहार कस्ता रहे ?

-डा. मीनबहादुर विष्ट

## शिक्षामा राष्ट्रियकरणले बर्बादी ल्याउँछ

-डा. कमलप्रकाश मल्ल

## माग पूरा नभए संघर्षका अझ सशक्त कार्यक्रम ल्याउनेछौं

-देवेन्द्र पराजुली, अध्यक्ष अ.ने.रा.स्व.वि.यु. (क्रान्तिकारी)

कार्यक्रमहरूलाई व्यवहारमा लागू गर्दैछ । यस अन्तर्गत जि.शि.अ. र बदमास प्रिन्सिपल, प्राध्यापकहरूको कुर्सी जलाउने मूर्त कार्यक्रम र छनौट गरी निजी स्कूलहरूलाई विशेष कारवाही गर्ने भन्ने अमूर्त कार्यक्रम यसको पनि रहेको छ । संभवतः यसभित्र 'परिआउँदा जे पनि गर्न पछि नपर्ने' कोटीका कामहरू नै हुनेछन् ।

यसरी हेर्दा के देखिन्छ भने हाल मुलुकका प्रायः सबै वाम विद्यार्थी संगठनहरू संघर्षको मैदानमा छन् । ने.वि.संघ स्वयं पनि सरकारमा ने.का. हुनुको कारण मात्र मौन बसीरहेको छ. नत्र ऊ पनि मैदानमै हुनु पर्ने बाध्यता आज 'विद्यार्थी राजनीति'को विशेष स्थिति बन्न पुगेको छ ।

वास्तवमा शिक्षा क्षेत्रमा ब्यापक विसंगति र विरोधाभासहरू रहेका छन् । २०४६ सालको जन-अपेक्षाको एक अंश पनि पूरा गर्ने काम यसबीचमा नभएको हुनाले, थुप्रिंदै गएका समस्याहरूले पैदा गरेको उकुसमुकुस आज विष्फोटक बनेर बाहिर निस्कन खोज्दैछ । यस स्थितिमा 'विद्यार्थीहरूका मागहरू त उचितै हुन् नि ।' भन्ने आवाज आम-जनताको रहेको छ । 'संघर्षको तरीका चाहिं ठीक भएन' भनेर सत्तापक्षकै मानिसहरू पनि आन्दोलनलाई 'आधा समर्थन' गरिरहेछन् । यस स्थितिमा अहिले मुलुकको शिक्षा क्षेत्र आन्दोलनको चक्रभित्र गम्भीर रूपमा फसिरहेछ । समस्याको डुगुर छ, यसलाई हल गर्न चाहनेहरू पनि मैदानमा छन्, हल गर्न नचाहनेहरू पनि 'आफू पछि परिएला' भन्ने पीरले मैदानमा ओर्लन बाध्य छन् ।

विद्यार्थीहरूबाट प्रस्तुत मागहरू हेर्दा उनीहरू शिक्षाको उपलब्धता सर्वशुलभ होस् भन्नेमा बढी जोड गरिरहेका पाइन्छन् । सरकारी स्कूललाई निःशुल्क भनेर विद्यालयहरूलाई विभिन्न शीर्षकहरूमा एकमुष्ट पैसा उठाउन लगाउने सरकारी पाखण्डी व्यवहार र निजी स्कूलहरूलाई पाठ्यक्रम, भौतिक सुविधा, शुल्क, शिक्षक सुविधा आदि कुनै पनि पक्षमा बिना रेखदेख, बिना नियन्त्रण छाडा छोड्ने लाचार र दलाल प्रवृत्तिमाथि उनीहरू प्रहार गरिरहेछन् । निजी स्कूललाई अन्ततः सरकारीकरण गर्ने कि, नियन्त्रण मात्र गर्ने भन्ने कुरामा र नियन्त्रणमा के के कुरा पर्दछन् भन्ने विषयमा उनीहरूमा मतैक्यता छैन, तर पनि उनीहरू समस्याको क्षेत्र कुन हो भन्नेमा भने एक मतमा छन् ।

शिक्षाको अन्तरवस्तु र गुणस्तरमा उनीहरूको दोस्रो सरोकार रहेको देखिन्छ । अनिवार्य संस्कृत, स्तुतीवादी राष्ट्रिय गानको खारेजी र बैज्ञानिक एवं जीवनोपयोगी गुणस्तरीय शिक्षा उनीहरू मागिरहेछन् । विद्यार्थीलाई विविध सेवाहरूमा विशेष सहुलियत उनीहरूको साझा चासो रहेको छ । मातृभाषामा शिक्षा, पाश्चात्य छाडा संस्कृतिको विरोध, शिक्षा क्षेत्रको भ्रष्टाचारको अन्त लगायत अ.ने.रा.स्व.वि.यु. (क्रान्तिकारी)ले 'ठूलाबडा'का छोराछोरीले पनि सरकारी स्कूलमै पढ्नु पर्ने अनिवार्यताको माग पनि गरिरहेको छ ।

निश्चय नै यी मागहरू छलफल र छानवीनका विषय हुन् । विद्यार्थीहरू नै पनि आफ्ना कतिपय मागहरूबारे प्रष्ट नहुन पनि सक्छन्, कारण शिक्षाका बारेमा हाम्रो मुलुकमा अत्यन्त कम मात्र 'गृहकार्य' भैरहेको छ, सरकार, पार्टीहरू, संगठनहरू वा बौद्धिक वर्गमै पनि ।

तर पनि के कुरा साँचो हो भने विद्यार्थीहरूका वर्तमान माग र आन्दोलहरूले यो 'गृहकार्य'को ढोकालाई जोडले घच्घच्याएको छ । सरकारले उनीहरूका जायज मागहरूलाई तत्काल र दीर्घकाल गरी पूरा गर्न थालीहाल्नु जरूरी छ । अन्यथा स्थिति अनियन्त्रित हुने सभावना प्रबल छ । साथै, विद्यार्थी संगठनहरूले पनि साझा मागहरू खडा गरी संयुक्त आन्दोलन गर्नु बढी प्रभावकारी हुनेछ । 'जस'को मानसिकताले अलग-अलग कुद्नु ठीक हैन ।

त्यसैगरी, आन्दोलनलाई अराजकतातिर धकेलिन नदिन पनि उनीहरूले बढी नै सजगता अप्नाउनु जरूरी छ । ❑

## अ.ने.रा.स्व.वि.यु. क्रान्तिकारीले प्रस्तुत गरेका मागहरू

१. एकमुष्ट शुल्क लिने काम बन्द गरियोस् ।
२. विद्यार्थी अनुपातमा शिक्षक, कर्मचारीहरूको व्यवस्था गरियोस् । भौतिक तथा शैक्षिक सुविधा बढाइयोस् ।
३. प्रस्तावित मा.वि.हरूलाई स्थायी स्वीकृति प्रदान गरियोस् ।
४. संबैधानिक निकायका प्रमुखहरू, प्रधानमन्त्री तथा मन्त्रीहरू, सांसदहरू, राजनैतिक दलका नेताहरू, जिल्लास्तरसम्मका सरकारी अधिकारीहरू तथा शिक्षकका छोराछोरीहरूलाई सार्वजनिक विद्यालयमा पढ्न अनिवार्य गराइयोस् ।
५. ५० प्रतिशत शुल्क घटाइयोस्, शुल्क सीमा निर्धारण गरियोस् ।
६. भर्ना शुल्क, मर्मत शुल्क तथा अन्य अनावश्यक र अनुचित शुल्क नलिइयोस् ।
७. विद्यार्थीहरूलाई मानसिक तथा शारीरिक यातना नदिइयोस् ।
८. पाश्चात्य छाडा संस्कृतिमाथि रोक लगाइयोस् ।
९. शिक्षक तथा कर्मचारीहरूको तलब सुविधा र पेशागत अधिकार सुनिश्चित गरियोस् ।
१०. अनिवार्य संस्कृत शिक्षा खारेज गरियोस् ।
११. मातृभाषामा पठन-पाठनको व्यवस्था गरियोस् ।
१२. स्तुतिवादी राष्ट्रिय गान खारेज गरी देशभक्तिपूर्ण राष्ट्रिय गानको व्यवस्था गरियोस् ।
१३. शिक्षा मन्त्रालय, परीक्षा नियन्त्रण कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालयदेखि विद्यालयसम्म भइरहेको भ्रष्टाचार र अनियमितताको अन्त्य गरियोस् ।
१४. शिक्षक विद्यार्थीहरूको हत्या, यातना, गिरफ्तारी र बेपत्ता पार्ने काम बन्द गरियोस् । बन्दी तथा बेपत्ता पारिएकाहरूलाई बिनाशर्त रिहा गरियोस् ।
१५. सार्वजनिक क्षेत्र (यातायात, स्वास्थ्य, मनोरञ्जन आदि) मा ५० प्रतिशत सहुलियत प्रदान गरियोस् । ❑

## अनेरास्ववियु (एमाले)का मागहरू

१. सरकारी स्कूलको शुल्क पुरै हटाऊ,
निजी स्कूलको चर्को शुल्क घटाऊ ।
२. अनिवार्य संस्कृत खारेज गर,
कथित राष्ट्रिय-गान बन्द गर ।
३. प्रस्तावित मा.वि.लाई स्वीकृत गर,
शिक्षामा सरकारी लगानी बृद्धि गर ।
४. गुणस्तरीय शिक्षा लागु गर,
(विगतमा हामीले प्रस्तुत गरेका) ४६ सूत्रीय माग पूरा गर ।

## अनेरास्ववियु (माले) का मागहरू

१. सम्पूर्ण निजी शिक्षण संस्थाहरुलाई संस्थागत गर । सम्पूर्ण सम्पत्ति स्कूलको नाममा राख्ने र त्यसलाई बेच-बिखन गर्न नपाउने कुराको ग्यारेण्टी गर । नाफा कमाउने उद्देश्यले स्कूल खोल्न नपाइने व्यवस्था गर ।
२. शिक्षण संस्थाहरुको आम्दानी, खर्च र शुल्कलाई पारदर्शी बनाऊ; शिक्षकहरुको तलब सुविधा पारदर्शी गर र सेवा शर्तको ग्यारेन्टी गर ।
३. मनपरी शुल्क उठाउने कार्य अन्त्य गर । निजी शिक्षण संस्थाहरुले विद्यार्थी र शिक्षकलाई दिएको सेवा, सुविधा विद्यालयको परीक्षा परिणाम, स्तरीयता, भौतिक सुविधा आदिको गम्भीर अध्ययन गरी विद्यालयलाई वैज्ञानिक रुपमा वर्गीकरण गर्न विद्यार्थी प्रतिनिधिसमेत रहेको उच्चस्तरीय स्थायी आयोगको गठन गर । र, वर्गीकरणको आधारमा आयोगले शुल्क र तलब निर्धारण गर्ने व्यवस्था गर ।
४. निजी विद्यालयमा विद्यार्थी संख्याको कम्तिमा २५ प्रतिशत जेहन्दार गरीब र पिछडिएका क्षेत्र र जातिका विद्यार्थीहरुलाई छात्रवृत्ति दिने व्यवस्था गर ।
५. शिक्षामा भएको असमानतालाई अन्त्य गर्न सार्वजनिक शिक्षण संस्थालाई सुविधा सम्पन्न र प्रतिस्पर्धी बनाऊ ।
६. शिक्षक छनौट प्रक्रिया अत्यन्त अनियमित भएकोले नक्कली सर्टीफीकेटहरु छानविन गर, शिक्षक सेवा आयोगको संवैधानिक व्यवस्था गर ।
७. विद्यालय तहमा निजी र सार्वजनिक विद्यालयको एउटै पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर ।
८. राजनेता, उच्च पदस्थ अधिकारी, शिक्षकहरुका छोराछोरीलाई सार्वजनिक विद्यालय पढाउने ग्यारेन्टी गर । ❑



# कस्ता हुन् विद्यार्थीका मागहरू ? ती कसरी पूरा होलान् ?

- डा. विद्यानाथ कोइराला -

◆ *अहिले विद्यार्थीहरूले जुन मागहरू उठाइरहेका छन्, तिनीहरू पूरा हुन सक्लान् या नसक्लान् ?*

-हुन सक्छन्, तर यसको लागि सरकारले केही निर्णायक कदमहरू चाल्नुपर्ने हुन्छ । विद्यार्थीहरूले उठाएका मागहरूमध्येको निःशुल्क माध्यामिक शिक्षाबारेको माग त सरकारले नै प्रतिबद्धता जाहेर गरेको चीज हो । तर यसको कार्यान्वियनको क्षेत्रमा ठूला समस्याहरू रहे । निःशुल्क भन्ने तर विद्यार्थीसँग पैसा भने लिने विसंगतिपूर्ण व्यवहारमा कायम रह्यो । शुल्क नलिने तर सहयोग लिने । रसिदमा शुल्कको महलमा खाली छोड्ने, तर विद्यालयले यो सहयोग, ऊ सहयोग भन्ने नाममा विद्यार्थीबाट पैसा असुल्ने । यो बिडम्वनापूर्ण व्यवहार सरकारले गरिरहेछ । कारण, उसले आफूले जे गर्ने हो, जे गर्न सक्ने हो, म त्यतिमात्र गर्नसक्छु भनेर स्पष्टसँग भन्न सकेन । एउटा निश्चित रकमसम्म विद्यालयले विद्यार्थी-अभिभावकबाट उठाउन पाउने भनीदियो उसले, समुदायसँग सल्लाह गरेर 'आफैं यसबारे निर्णय गर' पनि भनेन । यसरी सरकारले आफ्नै बोली र व्यवहारबीच खाडल खडा गर्न पुग्यो ।

सरकारले यो यो कुरालाई म निःशुल्क गर्छु, यो योमा शुल्क लगाउँछु भनेर नढाँटी भनिदिनु पर्‍यो । अथवा, उसले भन्नु पर्‍यो- म सबै पैसा अभिभावकहरूबाट उठाउँछु । अथवा, त्यो पैसा मेरै ढुकुटीबाट हाल्छु, म गा.वि.स. वा न.पा.लाई अनुदान दिन्छु, त्यहीबाट स्कूल चलाउनुपर्छ भनी उसले प्रष्ट भन्नुपर्‍यो । यीमध्येको कुनै एउटा नीतिगत आधार उसले बनाइदिएमा र त्यसैअनुसार चलेमा यो विसंगति दूर हुन्छ ।

◆ *सरकारी स्कूलहरूले विभिन्न नाम र निहुँमा अघोषित फिहरू लिनुपर्ने बाध्यता पनि खडा भयो नि, हैन र ? यसको हल के ?*

-सरकारले अनुदान बढाउने । बस्, एउटा हल यही हो ।

अर्को उपाय भनेको स्थानीय निकायहरू गा.वि.स., नगरपालिकाहरूले आफ्नै स्रोतबाट शिक्षामा खर्च गरून् भन्ने हो ।

तेस्रो बाटो भनेको समुदायबाट घरधूरीका हिसाबले शिक्षा कर नै उठाएर पैसा जम्मा गरेर स्कूल चलाउने बाटो ।

◆ *के यो जनता झुक्याउने नियत नै हो त सरकारको ?*

-सन् १९७५ देखि नयाँ शिक्षा आयो । पंचायत थियो बहुदल आयो, त्यसमा पनि कांग्रेस सरकारमा आयो, एमाले आयो, राप्रपा आयो, माले आयो । यी सबै सरकारहरूले एउटै भाषालाई निरन्तरता दिए । सबैले आफूले आफूलाई लोकप्रिय देखाउनमात्र यो भाषा प्रयोग गरे होलान् भनेर कसरी भन्ने ? मलाई त के लाग्छ भने तिनीहरूले बुझे नै त्यतिमात्र, बुझाइको दायरा पनि सानो भएको हो तिनको ।

◆ *अहिले विद्यार्थीहरू विभिन्न विद्यार्थी संगठनहरूमार्फत् शैक्षिक क्षेत्रका विसंगतिहरूविरूद्ध आन्दोलनरत हुने क्रममा उनीहरूले निजी विद्यालयहरूको शुल्क चर्को भयो, घटाऊ भनिरहेछन् । के यो शुल्क चर्कै हो त ?*

-निश्चय नै चर्को छ, त्यसमा शंकै छैन ।

◆ *चर्को के मानेमा ?*

-यो के मानेमा भन्ने कुरा ती विद्यालयहरूमा पढ्न जाने विद्यार्थीहरूको आर्थिक हैसियत के छ भन्नेमा आधारित हुन्छ । पहिले निजी विद्यालयमा 'हुनेखाने'ले पढाउने चलन थियो । अहिले देखासिकी गरेर 'नहुने'हरूले पनि पढाउने वा पढाउनुपर्ने सामाजिक बाध्यता खडा भयो । सामाजिक स्तरको, इज्जतको सवाल बन्यो यो कुरा । सरकारी स्कूलको गिर्दो स्तर देखेर पनि निजी स्कूल जानुपर्ने बाध्यता बढ्यो । हुनेलाई त वर्तमान शुल्कले खासै अप्ठेरो पारेको छैन । तर नहुनेहरूलाई ठूलै मर्का परिरहेको छ । धनी र गरीवबीचको खाडल झन्झन् गहिरिँदै गएको वर्तमान स्थिति छ । यस स्थितिमा गरीवहरू र निश्चित आय भएका मध्यमवर्गसम्मलाई पनि शिक्षामा बढ्दो खर्च धान्न मुश्किल परिरहेछ ।

◆ *यो चर्को शुल्क घटाउने उपाय के त ?*

-खोल्नेले खोल्यो, पढ्न पठाउनेले पठायो : यसरी खुल्छ निजी विद्यालय । यसरी पढ्न पठाउनेहरूसँगै 'तिमी कतिसम्म तिर्न सक्छौ ?' भनी उपयुक्त तरीकाले सोधेर त्यहीअनुसार सक्नेसँग बढी रकम लिने र नसक्नेसँग कम रकम लिने अनि पटक्कै नसक्नेलाई निःशुल्क पनि पढाउने व्यवस्था गर्न सकिन्छ । अर्को तरीका हुनसक्छ- सरकारले नै निश्चित रकमभन्दा बढी लिन पाइन्न भनी सीमा तोकिदिने तरीका । चीनमा, कम्बोडियामा वा भियतनाममा समुदायले चलाउने स्कूलहरूलाई सरकारले यसैगरी यी यी शीर्षकमा यतिसम्ममात्र रकम उठाउन सकिने छ भनी तोकिदिएको छ ।

◆ *सक्नेसँग धेरै, नसक्नेसँग कम र पटक्कै नसक्नेलाई पटक्कै नलिने तपाईंले सुझाउनुभएको शुल्कप्रणाली लागु भएका ठाउँहरूको उदाहरण खोज्न सकिन्छ ?*

-हाम्रै देशभित्र पनि धेरै महँगा केही स्कूलहरूले केही सिटमा निःशुल्क पढाइरहेका छन् । तिनले जि.शि.अ. वा सांसदका छोराछोरीलाई पढाए वा अरूलाई पढाए, त्यसबारे कुरा अहिले नगरौं । जे होस्, निःशुल्क पढाएका छन् । लिटिल एन्जेल्स, ग्यालेक्सी वा सिद्धार्थ बनस्थली आदि स्कूलहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ । आधा शुल्क लिएर पढाउने अनुभव

**पहिले निजी विद्यालयमा 'हुनेखाने'ले पढाउने चलन थियो । अहिले देखासिकी गरेर 'नहुने'हरूले पनि पढाउने वा पढाउनुपर्ने सामाजिक बाध्यता खडा भयो ।**

*शिक्षा मन्त्रालय अगाडि २४ घण्टे अनसन गर्दै अनेरास्ववियु (माले)का विद्यार्थीहरू*



बुढानीलकण्ठ स्कूलसँगै छ । छरिएर रहेका यी हाम्रै देशभित्रका अनुभवहरूले समेत हामीलाई धारणा बनाउन मद्दत गर्छन् भन्ने मलाई लाग्छ ।

◆ *यसो गर्दा निःशुल्क वा कम शुल्कको फाइदा सोर्स-फोर्सवालाहरूले उठाउने र लक्षित विपन्नवर्ग चाहिँ हेरेको हेर्‍यै हुने हो भने त यसको पछि त के अर्थ रह्यो र ?*

-लक्षित विपन्नवर्गमै निःशुल्क वा कम शुल्कको सुविधा पुऱ्याउन जिल्ला-जिल्लामा गएर खुला रूपमा 'प्रतिभा चयन' गर्ने प्रणालीलाई बलियो बनाउनुपर्छ । अहिले स्कूल नजानेहरूमध्ये अधिकांश दलितहरू र जनजातिहरूका केटाकेटीहरू पर्छन् । अनि छोरीमान्छेहरू समग्रमै कम स्कूल जानेमा पर्छन् । तिनीहरूमा प्रतिभा छ, मूर्त रूपमा तिनीहरूबीचमै हामी गएर विद्यार्थी खोज्नुपर्छ ।

◆ *अधिकांश निजी स्कूलहरूको हालत कस्तो देखिन्छ भने, उनीहरूले समुदायका व्यक्तिहरूबाट चर्को शुल्क लिइरहेका छन्, तर शिक्षक शिक्षिकालाई अत्यन्त कम पारिश्रमिक दिइरहेका छन्, र पनि उनीहरूमध्ये अधिकांशले भनिरहेछन्- हामीलाई टिक्न नै धौ धौ परिरहेछ । यस्तो स्थिति कसरी आयो ?*

-पैसै कमाउने नियतले खुलेका स्कूलहरू वा रहर रहरमै खोलिएका स्कूलहरूबाहेक निजी स्कूहरू धेरैलाई कसरी टिक्ने भन्ने समस्या रहेको छ । मलाई लाग्छ, यस्तोमा सरकारले पनि तिनीहरूले कुन लक्षितवर्गलाई सेवा पुऱ्याइरहेका छन् भन्ने कुरा केलाएर तिनलाई सहुलियत वा सहयोग पुऱ्याउनुपर्छ । उदाहरणका लागि : श्रीलंका सरकारले खासखास निजी स्कूलले खासखास क्षेत्र र समुदायका जनतामा सेवा पुऱ्याउने हुनाले तिनलाई सरकारी सहयोग नै दिन्छ ।

◆ *आय र व्ययको क्षेत्रमा व्यापक अपारदर्शिता निजी स्कूलहरूको एउटा आम विशेषता हो, एउटै तहका दुई शिक्षकका तलबसमेत फरक फरक र गोप्य राख्ने यस्ता विद्यालयहरूले लक्षित विपन्न वर्गको नाममा अर्कै वर्गलाई सेवा पुऱ्याउने र सरकारी सहयोग पनि हडप्ने गर्न सक्छन् । सरकारी अनुगमन र नियन्त्रण यन्त्रको पक्षमा ध्यान नदिई यस्तो सहुलियत र सहयोगको कुरा गर्नु सान्दर्भिक हुन्छ र ?*

-अपारदर्शिताको स्थिति तोड्न सरकारी अनुगमन नै एकमात्र उपाय हो कि होइन भन्ने कुरालाई म विचारणीय प्रश्न मान्दछु । सबै कुरा सरकारले गर्ने हो भने यो केन्द्रियतासँग बढी टाँसिने प्रकृया भयो । सरकारले वातावरणसम्म बनाइदिने हो भनेचाहिँ यो बढी प्रजातान्त्रिक प्रकृया हुन्छ । सोचाइको यी दुई धाराहरूमध्ये कुनलाई रोज्ने भन्ने कुरा राजनीतिक क्षेत्रले छनौट गर्ने कुरा हुन् । एउटाले भन्छ- सरकारले सबैथोक गर्छ, अर्कोले भन्छ सरकारले त प्रतिस्पर्धाको वातावरणमात्र बनाइदिन्छ, बाँकी कुरा त्यही वातावरणले तय गर्छ, कति र कस्तो शुल्क र सुविधा लिनू वा दिनू भन्नेबारे सरकार खासै बोल्दैन ।

हैन, केही नियन्त्रण पनि गर्ने र बाँकी वातावरण बनाउने भन्ने अर्को धारा पनि तय गर्न सकिन्छ । यसबारे टुंगो गर्ने जिम्मा राजनीतिक क्षेत्रलाई नै दिऔं ।

◆ *अहिले शिक्षा क्षेत्रमा सरकारी लगानी कम छ भन्ने उनीहरूको विश्लेषण र यसमा बृद्धि गर्नुपर्छ भन्ने उनीहरूको निष्कर्षप्रति तपाईंको राय के छ ?*

-एशियन सन्दर्भको कुरा गर्नुहुन्छ भने तुलनात्मक रूपमा हाम्रो देशमा शिक्षा क्षेत्रमा गरिएको प्रतिशत लगानीमा हामी तल छैनौं । श्रीलंकाकै तुलना गर्ने हो भने पनि लगानीमा हामी माथि नै छौं । उच्चशिक्षामा भएको लगानी वा प्राथमिक शिक्षामा भएको लगानीमा पनि हामी अरू कतिपय देशको तुलनामा तल छैनौं ।

तर स्रोतै कम भएपछि परिमाणको रूपमा लगानी कमै भयो । त्यसैले, लगानी बढाउनुपर्छ, बढाएमा राम्रै हुन्छ । तर बढाउँदाखेरी सरकारी ढुकुटीबाटै मात्र लिएर बढाउने कि जनताको आफ्नै स्रोतबाट पनि लिएर बढाउने भन्ने कुरा भने टुंगो गर्नुपर्ने हुन्छ ।

◆ *सरकारी बजेटमै शिक्षामा लगानीको स्तर बृद्धि गरिनुपर्छ भन्ने माग हिजोदेखि आजसम्मै प्रायः सबै क्षेत्रले उठाउँदै आएका छन् । तर यो माग पूरा गर्न सधैं सरकार हिच्किचाइरहेको छ । के कारणले गर्दा यसो भएको हो ?*

-विश्वको जुनसुकै देशमा भएको चलनचल्ती हो- उच्च शिक्षामा धेरै लगानी नगर्ने । अमेरिकी, चिनियाँ, रशियन वा बेलायती समाज, जुनसुकै समाजमा पनि उच्चशिक्षा 'सबैलाई' हुँदैन, 'छानिएकालाई मात्र' हुन्छ । हाम्रोचाहिँ भर्ना हुन चाहनेजति जम्मैलाई हुने व्यवस्था छ । यसो भएपछि त्यसै नै हाम्रो लगानी यसमा बढ्ता हुने नै भयो । शिक्षा क्षेत्रमा लागेका व्यक्तिहरू प्रायःले भन्ने कुरा यो लगानीलाई घटाउनुपर्छ भन्ने नै हुन्छ । यसबाट आउने विरोधलाई हल गर्न सरकार तयार हुनुपर्छ ।

अनि प्रश्न उठ्छ- उच्चशिक्षाले आफ्नो पैसा बनाउँछ कहाँबाट ? यसको लागि एउटा ढंग हो- फि बढाउने, तर फि बढाएमा अर्को बबण्डर यहाँ पैदा भैहाल्छ ।

अर्को पक्ष हो- प्राथमिक क्षेत्रमा लगानी धेरै गर्नुपर्छ । हामीकहाँ ५५ प्रतिशत लगानी यसमा छ भनिन्छ । यसलाई बढाउनु पऱ्यो । बढाउने कुन स्रोतबाट ? यसको लागि रक्षा, स्वास्थ्य, खानेपानी वा कतै न कतै रकम घटाएर, त्यो रकम शिक्षामा ल्याउनु पऱ्यो । त्यो घटाउने कता हो भन्ने कुरा सरकारले सोच्ने कुरा हो । यसो नगर्ने हो भने अर्को डिजाइन हो- अन्तबाट पैसा ल्याउने । तेस्रो डिजाइन हो- जनताकहाँ प्रयोगमा नआइरहेको स्रोत-साधन प्रयोग गर्ने, गराउने डिजाइन ।

यी सबै कुरा सरकारले सोच्न उसलाई दबाव दिनु जरूरी हुन्छ । स्कूलका साना साना विद्यार्थीहरूले 'हाम्रो निम्ति पैसा बढाइ दे' भनेर उफ्रिन सकेमा पो यस्तो दबाव बढ्थ्यो कि ?

◆ *वर्तमान विद्यार्थी आन्दोलनले शिक्षाको उपलब्धताको पक्षका साथै शिक्षाको अन्तरबस्तुका बारेमा पनि केही मागहरू उठाएको पाइन्छ । जस्तो कि उनीहरूले अनिवार्य संस्कृत विषयलाई इच्छाधीन बनाइयोस् भनिरहेछन् । यसबारे तपाईंको धारणा के छ ?*

-इच्छाधीन बनाइनुपर्छ । संस्कृतमा अथाह ज्ञान छ, हो । तर म त भन्छु, अहिले यसलाई अनिवार्य गराएर विद्यार्थी र संस्कृत दुवैलाई अन्याय भएको छ । पंचतन्त्रको कथाले दिने ज्ञान विद्यार्थीलाई उपयोगी होला, तर यहाँ त त्यसको ज्ञान दिनुभन्दा ज्यादा 'राम रामौ रामा प्रथमा' घोकाउने कुरामा बढी जोड गएको छ । यो घोकन्ती विद्या विद्यार्थीको जीवनमा कतै पनि प्रयोगमा आउँदैन । नेपालीमा आएका संस्कृतका शब्दहरूका बारे जरूरी शिक्षा दिए राम्रै हुन्थ्यो । भाषाहरूबीचको 'नाता पत्ता लगाउने' खालका पाठ्यसामग्रीहरू दिंदा झनै राम्रो हुन्थ्यो ।

जम्मामा भन्नुपर्दा संस्कृतलाई अनिवार्य गर्नु हुँदैन, जरूरी पनि छैन । यसैमा केही गर्न चाहनेंले चाहिं अवसर पाओस् भनी यसलाई ऐच्छिक विषय बनाइनु एकदमै राम्रो कुरा हो ।

◆ *संस्कृत भाषालाई हाम्रो इतिहास, ज्ञानभण्डार आदि आदिसँग जोडेर यहाँ यस भाषाले विशेष तौल पाउनुपर्छ भन्ने वकालत भइरहेको छ नि ।*

-संस्कृत विषयमा आइ.ए.-बि.ए. पढाउनुलाई मैलेचाहिँ 'जात्रा गरेको' भन्ने गरेको छु । संस्कृतमा हामीसँग जे-जति ज्ञानहरू छन्, तिनलाई नेपालीमा रूपान्तरण गरेर आधुनिक ज्ञानसँग सान्दर्भिक बनाउनुपर्छ । यसो गर्न जरूरी अनुसन्धानमा जोड दिइएको भए र त्यही ज्ञानलाई तलसम्म ल्याइदिएको भए संस्कृतका 'दृढ' पक्षधरहरू स्वयंले आफैलाई पनि न्याय गरेको ठहरिन्थ्यो । बीचमा दुईवटा कक्षामा अनिवार्य रूपमा संस्कृत घोकाउनुको खासै अर्थ छैन । त्यसैले, 'विशेष तौल'को यो ढंग उपयुक्त छैन भन्ने मलाई लाग्छ ।

◆ *यो संस्कृत अनिवार्यको कडा माग गर्ने शहरबजारका टाठाबाठाहरू आफ्ना छोराछोरी पढ्ने निजी स्कूलहरूमा चाहिँ यो अनिवार्यताको माग गरिरहेका छैनन् । गरीव र प्रायः जनजातिहरूका छोराछोरी पढ्ने स्कूलहरूमा मात्रै उनीहरू यो अनिवार्यता लाद्न खोज्दैछन् । यो मानिसकता के को उपज होला ?*

-परीक्षण गर्दा अरूमाथि परीक्षण गर्ने प्रवृत्ति हो यो । आफैंमाथि परीक्षण गर्दा त आफू भष्म भइएला भन्ने डर हुन्छ नि !

हाम्रो समाजमा 'पण्डित'को संस्कारले जरो गाडेको छ । आफ्ना छोराछोरीलाई जहिले पनि अरूभन्दा भिन्न बनाउन चाहन्छ यो संस्कारले । त्यसैले बरू अन्तर्राष्ट्रिय सम्बन्धका लागि आफ्ना छोराछोरीलाई अंग्रेजीमा जोड गराउने, तर अरूहरूले भने पुराना परंपराहरूको रक्षा गरिदिऊन भन्ने चाहने । यस्तो अनौठो प्रवृत्ति पनि यसमा रहेको छ भन्ने म ठान्दछु ।

◆ *वर्तमान 'राष्ट्रिय गान' व्यक्तिपूजामा आधारित भयो, यसलाई खारेज गर्नुपर्छ भन्ने माग कस्तो माग हो ?*

-हामी स्कूल पढ्दा 'गाउँछ गीत नेपाली' भन्ने गीत गाउँथ्यौं । पछि 'श्रीमान गम्भीर' भन्ने गाना आयो । त्यतिखेर मैले पढ्ने किताबमा यो गानालाई 'श्री ५ महाराजाधिराजको प्रशस्ती' भनेर लेखिएको थियो । 'राष्ट्रिय गान' भनिएको थिएन । पछि यसैलाई 'राष्ट्रिय गान' भनेर ल्याइयो ।

वास्तवमा यो गाना प्रशस्ती नै हो । प्रशस्ती नै गाउन लगाउने कि नलगाउने भन्ने कुरा गाउन लगाउने र गाउनेहरूले छलफल गर्ने कुरा होला । तर 'राष्ट्रिय गान' भनेर चाहिँ यसलाई गाउन लगाउनु ठीक हुन्न । यो व्यक्तिकै प्रशंसा-गान हो, यसमा शंकै छैन ।

राजा वा अन्य जो कोहीकै पनि व्यक्ति-प्रशंसा गाउन लगाएर राष्ट्रियताको भावना बढ्छ भन्ने कुरा पनि गलत कुरा हो ।

*वास्तवमा यो गाना प्रशस्ती नै हो । प्रशस्ती नै गाउन लगाउने कि नलगाउने भन्ने कुरा गाउन लगाउने र गाउनेहरूले छलफल गर्ने कुरा होला । तर 'राष्ट्रिय गान' भनेर चाहिँ यसलाई गाउन लगाउनु ठीक हुन्न ।*

◆ *विद्यार्थी आन्दोलनको एउटा मोटो माग छ – गुणस्तरमा बृद्धि । यसलाई 'जीवनोपयोगी शिक्षा' हुनुपर्‍यो भन्ने अर्थमा पनि उनीहरू परिभाषित गरिरहेछन् । यो 'गुणस्तर बृद्धि' वा 'जीवनोपयोगी शिक्षा'भित्र के कुरा पर्न सक्ला ?*

-मलाई लाग्छ, शिक्षाले व्यक्तिलाई माछा खान सिकाउने कि माछा मार्न सिकाउने भन्ने सवालकै वरिपरि नै यो प्रश्न पर्दछ । अहिले हामीकहाँ मौजूद शिक्षाले मूलतः खान मात्रै सिकाउँछ, माछा मार्न सिकाउँदैन । यो भनेको सिर्जनात्मक र जीवनोपयोगी छैन यो शिक्षा । हामीले 'गाई' भनेको चारखुट्टे जनावर हो' भनेर लेख्न सिकाउँछौं, विद्यार्थीले त्यही कण्ठ गरेर लेख्नुपर्छ, नत्र ऊ पास हुन्न । उसले गाईको बारेमा आफैंले जानेर, विश्लेषण गरेर केही नयाँ कुरा लेख्ने क्षमता विकास गरोस् भन्ने चाहना यो शिक्षाको छैन । उल्टो, उसले त्यसो गर्‍यो भने, उसको नम्बर काटिन्छ ।

यो शिक्षा हाम्रो जीवनसँग जोडिएन, त्यसैले यो जीवनोपयोगी भएन । जीवनोपायोगी बनाउने एउटा ढंग हो- किताबमै जीवनोपयोगी सामग्रीहरू दिने । अर्को ढंग हो- पढाउने तरीकामा परिवर्तन गर्ने । तेस्रो ढंग हो- विद्यार्थीले पनि पढ्ने, दिमाग लगाउने बानी लगाउने । कारण, अहिले विद्यार्थीलाई नपढ्न पाए काइदा ठहरिने स्थिति छ, अभिभावक र शिक्षक स्वयं परीक्षामा चिट चोराउन जाने प्रवृत्ति छ । यस्तोमा पढ्नु-पढाउनु नै किन पर्‍यो ? जीवनसँग जोडेर, कामलाग्दो बनाएर विद्यार्थीले सिक्ने स्थिति भनेकै जीवनोपयोगी वा गुणस्तरयुक्त शिक्षाको एउटा महत्वपूर्ण पक्ष हो ।

गुणात्मकताको कुरा गर्दा अर्को पक्ष हेरिनुपर्छ- विद्यार्थीको सिकाइ वा बुझाइको क्षितिज फराकिलो हुनु । विदेशमै जाँदा पनि उसको यो क्षितिजको पर्याप्तता हुनुपर्‍यो, त्यहाँ जाँदा पनि उसको शिक्षा जीवनोपयोगी हुनुपर्‍यो ।

तेस्रो कुरा भनेको बदलिंदो राष्ट्रिय-अन्तर्राष्ट्रिय सामाजिक परिवेशसँग शिक्षालाई जोड्नु पर्छ । जसको जीवन कृषिसँग जोडिएको छ, उसलाई कृषिसँगै आबद्ध गरेर शिक्षा दिनुपर्‍यो । सानातिना व्यवसाय गर्नेभए त्यसैसँग जोडेर वा अन्तर्राष्ट्रिय संबन्धको आधारमा जीविका गर्नेभए त्यसैसँग जोडेर शिक्षालाई लैजानु पर्‍यो ।

जीवनोपयोगीपनालाई गुणात्मकताको आधार मान्ने बाहेक यसलाई हेर्ने अर्को आधारमा हुनुसक्छ, त्यो हो- हाम्रो देश र अरू देशको पढाइलाई तुलनात्मक रूपले हेर्नु । पाठ्यक्रम मात्र हेरेर भएन । पढाउने शैली र विद्यार्थीको पढ्ने शैलीसमेतलाई हेर्दा अहिले हाम्रो स्थिति कहालीलाग्दो छ । यी कुराहरूलाई अरू देशको समकक्षमा पुर्‍याउनुलाई पनि गुणात्मकताभित्रै पार्नुपर्छ भन्ने मलाई लाग्छ ।

यहाँनेर भुल्नै नहुने अर्को पक्ष पनि छ, त्यो हो- जे पढेको छ, त्यसको गहिराइमा जाने कि नजाने भन्ने पक्ष । हाम्रो पाठ्यक्रम, पढ्ने शैली र परीक्षा प्रणालीले एउटै कुरा माग्छन्- सतही ज्ञान । थोरै थोरै जाने पुग्छ, तर धेरैवटा विषय जान्नुपर्छ यहाँ । एउटै विषयमा गहन रूपमा जान्नु पर्दैन भन्ने नै यहाँको भित्री एजेण्डा भएको छ ।

जीवन सापेक्षता, अरू देशको सापेक्षता र विषयको गहिराइ : यी तीनवटै पक्षमा हाम्रो शिक्षाले धोका खाएको छ, यो असफल भएको छ ।

त्यसैले विद्यार्थीहरूले हाल उठाएको यो गुणस्तरको सवाल ठीक छ र समयसापेक्ष छ भन्ने म मान्दछु ।

◆ *यसको प्राप्ति चाहिँ कसरी हुन्छ त ?*

-हो, गुणात्मकताको प्राप्ति कसरी हुन्छ त, कति भयो भने गुणात्मक हुने त भन्ने कुरा नै यतिखेरको अहं सवाल हो । नेपालको मुस्ताङ्का केटाकेटीलाई अंग्रेजी सिक्नु गुणात्मक होला, कारण यसो भएमा उनीहरूले त्यहाँ आउने पर्यटकहरूलाई सेवा पुर्‍याएर जीविका गर्न सक्लान् । तर जहाँ पर्यटक जाँदैनन्, त्यहाँको लागि अंग्रेजी 'अनिवार्य संस्कृत' जस्तै बोझ पनि बन्न सक्छ । कुन ठाउँको लागि कस्तो शिक्षा गुणात्मक हुन्छ भन्ने सोचिनुपर्छ, समुदायलाई टुंगो गर्न दिइनुपर्छ । युरोपतिरका स्क्यान्डेभियन देशहरूमा यस्तो चलनचल्ती छ । आफ्नै ठाउँको निम्ति आफैंले शिक्षा कस्तो चाहिन्छ भनेर उनीहरूले टुंगो गर्ने गरेका छन् । यसअनुसार, जस्तो कि हामीकहाँ कीर्तिपुरको लागि गुणात्मक शिक्षा भनेको कस्तो हुन्छ, त्यो कीर्तिपुर नगरपालिकालाई निर्णय गर्न दिनुजस्तै हो यो ।

◆ *अबको मानव जीवनले विज्ञानसँग अभिन्न रूपमा जोडिएर बाँच्नुपर्ने हुन्छ । तर हाम्रो शिक्षाले जीवनलाई विज्ञानसँग जोड्ने, वैज्ञानिक दृष्टिकोणसँग जोड्ने कामलाई महत्व दिएको छैन । तपाईं यस भनाइसँग कत्तिको सहमत हुनुहुन्छ ?*

-हेर्नुस्, यस मामलामा म हाम्रा पुर्खाहरूलाई बाठा मान्दछु । उनीहरूले शिक्षालाई 'विद्या' र 'अविद्या' भनेर दुई भागमा बाँडे । 'विद्या' भनेको बौद्धिक कर्म, जीवन र जगतबारेका दार्शनिक चिन्तनहरू । 'अविद्या' भनेको गरीखाने वा पेटपूजा गर्ने शास्त्रहरू । हाम्रो शिक्षालाई विद्याले ज्यादा तान्यो, अविद्याले तानेन भन्ने मलाई लाग्छ ।

संस्कारले पनि यस्तै गरेको मेरो आफ्नै अनुभव छ । व्यवसायिक शिक्षाको नारा अगाडि आउँदा म शिक्षक थिएँ । विद्यार्थीलाई खेतीबारे खेतमै ज्ञान दिँदा, खन्न सिकाउँदा अभिभावकहरूले ठूलो असन्तोष पोखे- के हामीले त्यो जाबो खेत खन्नको लागि स्कूल पठाएका हौं ?



# हाम्रो माग पूरा भएन भने हामी अझ उच्च स्तरको संघर्ष गर्छौं

**- देवेन्द्र पराजुली,** *अध्यक्ष, अ.ने.रा.स्व.वि.यु. (क्रान्तिकारी)*

◆ तपाईंहरूको आन्दोलनको मूल्यांकन कसरी गर्नुहुन्छ ?

– हाम्रो यो आन्दोलनले शिक्षा क्षेत्रमा एउटा ठूलो भुँइचालो नै ल्यायो भन्ने हाम्रो मूल्यांकन छ । यो आन्दोलनले विद्यार्थी आन्दोलनमा हिजोदेखि रहिआएको यथास्थितिवादको पक्षपोषण गरिरहेको सुधारवादलाई तोड्ने काम गरेको छ । विद्यमान शिक्षा प्रणाली विरुद्ध नलड्ने वा लड्न हिच्चकिचाउने तथा कानूनी सीमा तोड्न हिच्चकिचाउनेजस्ता सुधारवादलाई जबर्जस्ती प्रहार गर्दै यो आन्दोलन अगाडि बढेको छ । अर्को, यो आन्दोलनको उपलब्धि भनेको वर्तमान शिक्षा प्रणालीलाई यथावत राखेर अगाडि बढ्न सकिँदैन भन्ने संकेत यो आन्दोलनले नीति निर्माताहरुलाई दिएको छ । यसको साथै, कुनै पनि कुरा प्राप्त गर्नको लागि धक्कापूर्ण संघर्षको एउटा वैज्ञानिक योजना, कार्यक्रम र नाराद्वारा आमूल परिवर्तनको दिशामा लैजान सकिन्छ भन्ने कुरा पनि यस आन्दोलनले देखाएको छ । शिक्षा मन्त्रालय संस्कृतलाई अनिवार्य होइन, ऐच्छिक गर्न र विद्यालयमा राष्ट्रिय गान हटाउन तयार देखिएकोछ ।

◆ तपाईंहरूका मागहरू पूरा होलान् जस्तो तपाईंलाई लागेको छ ?

-हाम्रो आधारभूत माग भनेको अहिले शिक्षा क्षेत्रमा भएको निजीकरण र व्यापारीकरणको अन्त्य गर्नु हो । शिक्षा क्षेत्रलाई निजीकरणको नाममा जथाभावी छोडेर शिक्षामा व्यापारीकरण गर्नुहुँदैन भन्ने हाम्रो मान्यता हो । शिक्षामा सरकारले लगानी गर्नुपर्छ र यो उसको दायित्व हो ।

हाम्रा यी मागहरु पूरा हुनुपर्छ । किनभने, सरकारी नीति निर्माताहरुले र हामीलाई फत्तुर आरोप लाउने अरु विद्यार्थी संगठनहरुले समेत हाम्रा मागहरु नाजायज छन् भन्न सकेका छैनन् ।

◆ तपाईंहरूका यी मागहरुप्रति प्याब्सनको भनाइ के रह्यो त ?

-प्याबसनले पनि हाम्रा मागहरु जायज नै भएको बताएको छ । उनीहरुले भनेका छन्- "अहिले विद्यमान असमान शिक्षा र समान प्रतिपर्धाको जिम्मेवार सरकार हो । यो शिक्षा प्रणाली समाप्त गर्ने हो भने सरकारसँगै लड्नुपर्छ । सरकार चाहन्छ भने हाम्रा स्कूलहरु सरकारीकरण गर्न हामी तयार छौं ।"

◆ सरकारको कस्तो रवैया रह्यो त ?

-सरकारी वार्ताकारहरुले पनि हाम्रा मागहरु जायज नै भएको कुरा बताए । तर अहिले बजेटको अभावले गर्दा हाम्रा मागहरु पूरा गर्न नसक्ने कुरा बताए । त्यसमा हाम्रो भनाइ के रह्यो भने, जनतालाई मार्नको लागि हातहतियार किन्न र सैनिक क्षेत्रमा लगानी गर्न छुट्याएको अनुत्पादक बजेट शिक्षामा लगानी गर्नु पर्छ । तर सरकारले हाम्रो यो मागलाई स्वीकार गरेन । दमनद्वारा समस्याको हल खोज्ने जनविरोधी शासकहरुको नीतिअनुरुप वार्तास्थलबाटै हाम्रो संगठनका महासचिव र एकजना कार्यकर्तालाई गिरफ्तार गर्‍यो । व्यापक विरोधका कारण हार खाएर उहाँहरुलाई छोड्न बाध्य भयो । भ्रम छर्न र भारा टार्न एउटा आयोग सरकारले बनाएको छ । यसप्रति हाम्रो कुनै विश्वास छैन ।

◆ सरकारले माग पूरा गरेन भने तपाईंहरू के गर्नुहुन्छ ?

-यदि सरकारले हाम्रो माग पूरा गरेन भने हामीहरु उच्चस्तरको आन्दोलन नै उठाउनेछौं । नीति निर्माणको तहमा रहेका मन्त्रीहरु, सांसदहरु, नेताहरु, जिल्ला शिक्षा अधिकारीहरुले आफ्ना छोराछोरीहरुलाई कहाँ कहाँ र कसरी शिक्षा दिलाइरहेका छन्, त्यो कुरा हामीले खोजी गरेर सार्वजनिक गर्छौं र त्यसलाई भण्डाफोर गर्छौं । अनि उनीहरुले आफ्ना छोराछोरीहरुलाई सार्वजनिक स्कूल

पढिसकेपछि छोराछोरी 'हाकिम' हुन्, मेचमा बसून् भनेर पो उनीहरूले स्कूल पठाएका भनेर भनियो ।

त्यसैले हामीले सन्तुलन गरेर लानुपर्ने स्थिति छ, संस्कारलाई पनि धोइपखाली गर्नुपर्ने स्थिति छ ।

हामीले 'विद्या' र 'अविद्या'मध्ये कुनको कुरा गरिरहेछौं । यसबारे हामी प्रष्ट हुनुपर्छ । दुवैलाई मिलाएर लाने वा अविद्यामै विद्या पो खोज्ने हो कि ? यसबारे पनि हामी प्रष्ट हुनुपर्छ । जर्मनहरू, अमेरिकनहरू, चाइनीज वा रसियनहरू शिक्षालाई हेर्दा प्रष्टै हामी देख्छौं, उनीहरूले अविद्यामै विद्यालाई वा चिन्तनलाई मिसाएर लगिरहेका छन् । दुईवर्ष वा तीनवर्ष व्यवसायिक शिक्षा पढेपछि अर्को एकवर्ष थप पढेमा मात्र माथ्लो प्राज्ञिक स्तरमा जान पाउने प्रावधान उनीहरूले राखेका छन् । हामीकहाँ त यसरी बुझ्ने पनि गरिन्न । व्यवसायिक शिक्षा पास गर्नुको अर्थ सामान्य शिक्षासँग बराबर हो भन्ने बुद्धिबाट हामी टाढा भएका छेनौं ।

◆ *यो 'विद्या' र 'अविद्या'बीच सन्तुलन कसरी ल्याउने ?*

-हाम्रो पाठ्यक्रमलाई प्रायोगिक रूपमा लिएर जानु जरूरी हुन्छ । प्रत्यक्ष काममा प्रयोग गर्दा के होला भन्ने चिन्तनको विकास गर्ने कुरा हो यो । यसको निम्ति पाठ्यक्रमलाई नै तदनुरूप ढाल्नुपर्छ । पढाउने ढंग नै पनि बदल्नुपर्छ । हालको ९-१० कक्षाको सामाजिक शिक्षाको किताव हेर्ने हो भने प्रायोगिक रूपमा लाने केही कोशिस भएको हामी पाउँछौं । तर जाँच भने प्रायोगिक ढंगको हुँदैन । परम्परागत ढंगमै हुन्छ । यो चाहिँ गलत भयो । पाठयक्रम, पढाउने ढंग र परीक्षा : यी तीनवटैलाई एकसाथ मिलाएर लानुपर्छ । परीक्षाको प्रश्नलाई नै पनि घोकन्तीमा आधारित हैन, मूर्त समस्यामा ज्ञानको सिर्जनात्मक प्रयोग गर्नेबारे केन्द्रित गर्दा मात्रै पनि केही राम्रो हुने थियो । यी सबैको लागि शिक्षकहरूलाई उपयुक्त तालिमको व्यवस्था हुनुपर्छ ।

अभिभावक वा शिक्षकहरू वा विद्यार्थीहरूकै पनि चिन्तनको ढर्रा बदल्नु जरूरी छ । खुराकमात्र दिने हैन, विद्यार्थीलाई चिन्तनशील पनि बनाउने शिक्षाको जरूरतबारे सबै प्रष्ट हुनु जरूरी छ । प्रष्ट भएर यसैअनुसार व्यवहार गर्ने शिक्षक वा व्यक्तिहरूलाई प्रोत्साहन वा सामाजिक सम्मान हुने वातावरण सिर्जना गर्नु पनि आवश्यक छ । दोसल्ला ओढाउनुस् वा तपाईंहरूको 'मूल्यांकन' मासिकले बेलाबेलामा गर्ने गरेको जस्तो अन्तर्क्रिया गराएर उनीहरूको अनुभव सुन्ने सुनाउने वातावरण मात्रै तयार गरेमा पनि प्रोत्साहनको वातावरण बन्न पुग्छ ।

◆ यातायातलगायतका क्षेत्रमा विद्यार्थी हुनुको नाताले केही प्रतिशत छुट पाउनुपर्छ भनी विद्यार्थीहरूले राख्दै आएको मागका बारेमा चाहिँ के भन्नुहुन्छ ?

-मैले विदेशतिर पनि देखेर आएको छु । प्रायः हरेक देशमा विद्यार्थीको लागि यस्तो सहुलियत दिइने गरेको छ । क्यानडामा र डेनमार्कमा मैले देखें- विद्यार्थीलाई छूट दरको छुट्टै टिकटको व्यवस्था छ । नेपालमै पनि यो चलन थियो । अन्तर्राष्ट्रिय तहमा हामी अन्तरसम्बन्धित छौं भन्ने कुरा मान्ने हो भने यो सहुलियत विद्यार्थीलाई दिइनुपर्छ । यो मागलाई म त्यति अनौठो मान्दिन । यसको निम्ति सरकार र व्यवसायीहरूले बचन दिएको पनि पाइएको छ, लागु हुनमा कठिनाइहरू देखिएका छन् । लागू गर्नुपर्छ उनीहरूले र सडक-सडकबाट असन्तोष जाहेर हुने स्थिति समाप्त गर्नुपर्छ ।

◆ *अन्तमा, तपाईंसँग एउटा थप प्रश्न : विद्यार्थी संगठनहरूले राजनीतिक संगठन वा मौन जनताको समर्थनमा अहिले मागहरू सरकारसमक्ष राखेका छन् । केही संगठनहरूसँग सरकारले वार्ता पनि गर्‍यो । सातदिने विद्यालय-बन्द पनि हालै भयो । तर समस्या भने यथावत छ । यो समस्याको उचित हल के ?*

-हेर्नुस्, यो बन्द र तोडफोडवाला प्रवृत्ति जुन अहिले केही विद्यार्थीहरूले अँगालेका छन्, यससँग म पटक्कै सहमत छैन । यो त जात्रा भयो । जनजीवन अस्तव्यस्त नपारीकनै उनीहरूले पालोपालो गरेर लगातार सरकारको ढोका ढकढक्याउने, उसको पछि लागिरहने खालका रचनात्मक तरीकाहरू अपनाउनु राम्रो हुन्छ ।

म परिपाटीमा बिश्वास राख्ने मान्छे हुँ । हरेक कुराको आफ्नै परिपाटी हुन्छ । विद्यार्थीले पनि परपाटीबाटै जानुपर्छ र सरकारले पनि परिपाटीभित्रबाटै आएका आवाजहरूलाई सुन्नुपर्छ । उसले नसुनेकोले यस्तो बाहिरबाट कराउने, चिच्याउने स्थिति पैदा भएको हो । परिपाटीले काम नगरेकोले थुनेको पानीले गर्ने बिगारजस्तो यहाँ हुन थालेको छ । विद्यार्थीले माग नगर्दा पनि कतिपय मागहरू सरकारले पूरा गरिदिने संवेदनशीलता देखाउनुपर्छ । एकजना प्रखर बौद्धिक मित्रले केही दिनअघि मलाई भन्नुभयो- "अब म गोष्ठी सेमिनारमा जान्न, यहाँ बोलेर कसले सुन्दोरहेछ र ?" यस्तो निराशा वा असन्तोषको स्थिति आउनै दिनुहुन्न । सरकारले महिना दिनभरिमा जनस्तरबाट उठेका चिन्तनहरूलाई जम्मा गरोस् र त्यसअनुसार आफ्नो व्यवहारलाई सुधार्ने र चनाखो पार्ने परिपाटी थालोस् त, धेरै कुराको हल सजिलै प्राप्त हुँदैजान्छ । निराशा र आक्रोशको वातावरण नै बन्दैन ।

❑ प्रस्तुतिः *हरिगोविन्द लुइँटेल*

कलेजहरुमा पढाउनुपर्छ र उनीहरुको ध्यान त्यहीँ जानुपर्छ भन्ने कुरा हामी उठाउँछौं । यति गरेर पनि नभए हामी सरकारी कामकाजमै अवरोध खडा गर्ने, सरकारी गाडीहरु चलाउन नदिने आदि कार्यक्रम ल्याउँछौं । र, शैक्षिक क्षेत्रमा लूट मच्चाउनको लागि लागिरहेका दलालहरु तथा व्यापारीहरुका विरुद्धमा समेत संघर्ष केन्द्रित गर्छौं । आवश्यकता अनुसार भौतिक कारवाही पनि गर्छौं । त्यसैगरी छिट्टै नै उच्चशिक्षा (१०+२, विश्वविद्यालय) मा भएको निजीकरण र व्यापारीकरणका विरुद्धसमेत संघर्षमा उत्रन्छौं ।

◆ सरकारी स्कूलहरूमा पढाइको स्तरमा भएको क्षयलाई उठाउन तपाईंहरूको कार्यक्रम के छ ?

-यसको लागि हामीले जिल्ला-जिल्लामा निरीक्षण गर्ने कार्यक्रम संचालन गरिराखेका छौं । त्यसलाई हामी निरन्तरता दिन्छौं र व्यवस्थित बनाउँछौं । जिल्लाका ती सरकारी स्कूलहरुमा कुन शिक्षकले राम्ररी पढाइराखेको छैन, हेडमास्टरले के कसो गरिरहेको छ, संचालक समिति कस्तो छ, यी सबै कुराहरुको निरीक्षण गर्छौं । स्कूलहरुमा भौतिक तथा अरु शैक्षिक सुविधा बृद्धिको लागि सरकारसँग माग गर्ने र संघर्ष गर्ने हाम्रो नीति छ ।

◆ सबै निजी स्कूलहरूले तपाईंहरूले भनेजस्तो ५० प्रतिशत शुल्क घटाउन सक्लान् ?

-५० प्रतिशत शुल्क घटाउनुको मतलब आर्थिक मारमा परेका अभिभावकहरुलाई आर्थिक मारबाट मुक्त गर्नु र स्कूलहरुले मच्चाइरहेको लूटको अन्त्य गर्नु हो । त्यसैले, सबै स्कूलहरुमा ५० प्रतिशत नै शुल्क घटाउने भन्ने कुरा हुँदैन । स्कूल हेरी हेरीकन कहीं ८० प्रतिशत पनि हुनसक्छ, कहीं ३० प्रतिशत पनि हुन सक्छ । स्कूलहरुको अवस्था हेरेर सामानुपातिक र न्यायोचित ढंगले शुल्क निर्धारण गर्छौं ।

◆ नाफामा भएका ठूलाठूला निजी स्कूलहरूबाहेक साना साना निजी स्कूलहरूले त ५० प्रतिशत शुल्क घटाइयो भने 'हामी डुब्छौं' भनिरहेका छन् नि ?

-ठूलाठूला नाफामा चलेका स्कूलहरुले त घटाउनुपर्छ नै । जो 'हामी डुब्छौं' भनिरहेका छन्, स्थितिअनुसार उनीहरुले पनि घटाउनुपर्छ । त्यसैले, हामीले सामानुपातिकताको कुरा उठाइरहेका हौं ।

◆ तपाईंहरूको संघर्ष शैलीलाई 'तालिवानपन्थ' पनि भनिदैछ नि ?

-यो कुरा उठाउनेहरुले आफ्नो वर्गीय दृष्टिकोणअनुसार यो कुरा भनेका हुन् । यसलाई हामी अन्यथा सोच्दैनौं । आम-अभिभावकहरुले हाम्रा मागहरु जायज छन् भनिरहेका छन् । तर यहाँ जनतामाथि लूट गर्न अघि बढिरहेको वर्ग पनि छ । त्यस्तालाई हाम्रो संघर्ष 'तालिवानपन्थी' लाग्नसक्छ ।

◆ तपाईंहरूले माध्यमिक तहमा देख्नुभएको मूलभूत समस्या के हो ?

-माध्यमिक शिक्षामा देखिएको मूलभूत समस्या भनेको नै सरकार त्यसमा लगानी गर्न पर भाग्ने, आफ्नो दायित्वबाट पन्छने, सरकारमा पुग्ने पार्टीले आफ्नो राजनैतिक खेलमैदान विद्यालयलाई बनाउने, शिक्षा मन्त्रालय, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय, विद्यालय तहसम्म भइरहेको भ्रष्टाचार र अनियमितता नै यसको मूल समस्या हो ।

◆ तपाईंहरूले अरू कुनै स्कूलहरूमा कारवाही नगरीकन काठमाडौं उपत्यकाका दुईवटा स्कूलहरूलाई चाहिँ किन कारवाही गर्नुभयो ?

-ती विद्यालयहरुले अहिले विद्यमान शिक्षा नियमावलीलाई समेत मिचेर क्रियाकलापहरु गरिरहेका छन् । त्यहाँ भारतीय राष्ट्रिय गान गाउन लगाउने, भारतीय पाठ्यक्रमअनुसार पढाइ गर्ने, त्यहाँको सार्वजनिक जग्गा हड्प्ने, नेपालीहरुलाई हेप्ने, कालोधनलाई सेतो धन बनाउने आदि काममा उनीहरु निर्लिप्त भएको कुरा त्यहाँका जनता, अभिभावक तथा विद्यार्थीहरुबाट हामीलाई रिपोर्ट आयो । त्यसपछि नै हामीले ती विद्यालयहरुलाई कारवाही गरेका हौं ।

◆ सम्पूर्ण निजी स्कूलहरु नै बन्द गराउने तपाईंहरूको योजना हो ?


-निजी स्कूलहरु बन्द गर्नेभन्दा पनि निजी विद्यालयहरु हुनुहुँदैन, यी सबै निजी विद्यालयहरुलाई सरकारीकरण गरिनुपर्छ, दुई प्रकारको शिक्षा हुनुहुँदैन, सम्पूर्ण नागरिकहरुको लागि राज्यले एकै प्रकारको गुणस्तरीय शिक्षाको उचित प्रबन्ध गर्नुपर्छ भन्ने हाम्रो धारणा हो । जनविरोधी सरकारको उदासीनता र गैर-जिम्मेवारीपनका कारण अव्यवस्थित र अन्यौलग्रस्त बन्दै गएका सार्वजनिक विद्यालयमा आफ्ना सन्तानको भविष्य सुरक्षित नदेखेका कारण अभिभावकहरु निजी विद्यालयतर्फ आकर्षित भएका हुन् । अभिभावकहरुको यो पवित्र चाहना र बाध्यताबाट निजी विद्यालयहरुले आर्थिक लुट मच्चाएका छन् । तसर्थ निजी विद्यालयहरुलाई सरकारीकरण गर्ने उद्देश्यका साथ तत्कालै शुल्कमा व्यापक कटौती गर्नुपर्ने, सांस्कृतिक विकृतिको अन्त्य गर्नुपर्ने लगायतका मागहरु उठाएका हौं ।

◆ अन्त्यमा तपाई के भन्न चाहनु हुन्छ ?

-शिक्षालाई उच्चवर्गको पेवा बनाउने र श्रमजीवी जनतालाई शिक्षाबाट बञ्चित गर्ने सरकार नै हो । तसर्थ, सबैले प्रहारको केन्द्र सरकारलाई बनाउनुपर्छ । सरकारलाई झुकाएर हाम्रा हक अधिकार प्राप्त गर्नका लागि संयुक्त संघर्षमा आउन सम्पूर्ण विद्यार्थी संगठन र अभिभावकहरुसँग म हार्दिक आग्रह गर्दछु ।

❑

# यो दश वर्षमा शिक्षामा सरकारी नीति र व्यवहार कस्ता रहे ?



- डा. मीनबहादुर विष्ट -

**◉ २०४६ सालपछि शिक्षामा राष्ट्रिय नीति र व्यवहारमा भएका परिवर्तनहरूलाई तपाईंले कति सकारात्मक पाउनुभएको छ र कति नकारात्मक ?**

-२०४६ पछि श्री ५ को सरकारले शिक्षा क्षेत्रमा गरेको लगानीमा प्रशस्त मात्रामा बृद्धि भएको छ । खासगरी, प्राथमिक शिक्षामा यसबीचमा लगानी प्रशस्त बढेको छ । वैदेशिक सहयोग र वैदेशिक ऋणको पनि परिचालनमा बृद्धि भएको छ । र, शिक्षालाई एउटा भिजन र दिशा दिनका लागि यो समयावधिभित्र दुईवटा आयोगहरू बने । प्राथमिक र माध्यामिक शिक्षामा करीब ७ वटा योजनाहरू बने । त्यसैले, केही गरौं, शिक्षा भनेको लगानीको एउटा महत्वपूर्ण क्षेत्र हो भन्ने भावनाको विकास यो अवधिमा भएको छ । गरीबी उन्मूलन र मानवीय संसाधन निर्माणको औजारको रूपमा शिक्षालाई अगाडि बढाउनुपर्छ भन्ने भावनाको विकास भएको छ । यो यस अवधिको सकारात्मक कुरा हो ।

अर्कातिर, यो अवधिको सबैभन्दा नकारात्मक पक्ष रह्यो- सार्वजनिक शिक्षालाई नेतृत्व दिने वा व्यवस्थित गर्ने क्षमता सरकारले प्रदर्शित गर्न नसक्नु । शिक्षामा यसबीचमा साह्रै नै विरोधाभासपूर्ण नीतिहरू पनि सरकारले ल्यायो र त्यसैले ती नीतिहरू व्यवहारमा लागू हुन सकेनन् ।

**◉ त्यस्ता विरोधाभासपूर्ण नीतिहरू के के हुन् ?**

-खासगरी कथित 'निःशुल्क शिक्षा'बारेको सरकारको विरोधाभासपूर्ण नीति एवं व्यवहार यस कालको सबैभन्दा उल्लेखनीय नकारात्मक कुरा हो । पहिले प्राथमिक स्तरलाई र पछि माध्यमिक स्तरलाई पनि निःशुल्क गर्ने भनियो, तर व्यवहारमा त्यस्तो गरिएन । यो निःशुल्क शिक्षाको शुरूवाती नारा सन् १९७१ मै आएको हो । सन् १९७५ मा प्राथमिक तहलाई निःशुल्क गरियो । बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि कक्षा तह बढाउने एक किसिमको घोडादौडजस्तै भयो । कांग्रेस र एमाले सरकारहरूले निःशुल्क कक्षा बढाउँदै लगे । हो, राजनैतिक दृष्टिचाहिं उहाँहरूमा रहेको देखियो । तर यो निःशुल्क शिक्षा नीति ल्याउँदा र लागू गर्दा जुन पक्षहरूको बिस्तृत विश्लेषण हुनुपर्थ्यो, त्यो भएन । मुलुकको आर्थिक स्थितिले थेग्छ कि थेग्दैन र यसले आर्थिक र अन्य असरहरू के के पार्छ भन्नेबारे गतिलो विश्लेषणचाहिँ भएको छैन । यो एउटा त्रुटी हो ।

अर्को कुरा हो- निःशुल्क शिक्षाको राजनीतिक प्रतिबद्धतालाई व्यवहारमा लागू गर्नको लागि जुन ऊर्जा, माध्यम र साधनहरू चाहिने हुन्, जुन सपोर्ट र अनुगमन चाहिने हुन्, ती कुराहरू पूरा गर्न सरकारले सकेन ।

यी कारणहरूले गर्दा सरकारको नीति र व्यवहारमा ठूलो खाडल पर्न गयो । यसले गर्दा खासगरी विपन्न वर्गलाई ठूलो असर परेको छ ।

असी र नब्बेका दुई दशकमा सरकारले एकातिर सार्वजनिक शिक्षालाई निःशुल्क गर्ने कुरा गऱ्यो भने ठीक त्यही नै समयमा विरोधाभासपूर्ण ढंगले शिक्षामा निजीकरणको पनि लहर चलाउन थाल्यो । अनियन्त्रित र अनुगमनरहित निंजी स्कूलहरू बढ्न थाले । अरू देशहरूको पनि अनुभव के छ भने टेवा नदिइएको, अनियन्त्रित र अनुगमनरहित निजी स्कूलहरूको बृद्धिले सार्वजनिक शिक्षालाई स्वाहा नै पार्छ । यहाँ पनि त्यस्तै भयो ।

वास्तवमा जनतालाई, खासगरी गरीब जनतालाई धोका भएको छ । प्राथमिक शिक्षामा श्री ५ को सरकारले मोटामोटी रू. बाह्रसय प्रतिवर्ष प्रतिबालक खर्च गर्छ, जब कि निजी स्कूलमा आठ हजारदेखि दश हजारसम्मको लागत पर्छ । यो अन्तर एकदमै ज्यादा भयो ।

चाहे त्यो नगरपालिकाले चलाएको स्कूल नै होस् वा सरकारी स्कूल होस् वा गैर-सरकारी संस्थाले चलाएकै स्कूल होस् वा त्यो निजी स्कूल नै होस्, हरेक स्कूलका विद्यार्थीले पाउने शिक्षाको गुणस्तर तुलनात्मक रूपले समान होस् भन्ने कुरा सरकारले चाहनुपर्ने कुरा हो, लिनुपर्ने नीति हो र यो उसको सामु रहेको दायित्व र चुनौती पनि हो ।

अन्य विभिन्न मुलुकहरूमा पनि चौध, सोह्र वा अठार वर्ष उमेरसम्मका नागरिकहरूलाई अनिवार्य र निःशुल्क शिक्षा दिने गरिन्छ । यहाँ यस्तै गर्न यसबीचमा आएका सरकारहरूले खोजेका भए, इमान्दारीपूर्वक यो भिजन नीति र व्यवहारमा आउनुपर्थ्यो । खाली 'निःशुल्क शिक्षा'ले सार्वजनिक स्कूलहरूका स्रोतसाधनका आधारहरू ध्वस्त मात्र भए । अनि निःशुल्क भनियो, तर पाँचसय रूपियाँसम्म प्रतिवर्ष उठाउन पाउँछौ भनेर स्कूलहरूलाई भनियो । र, केही सार्वजनिक स्कूलहरूले त पाँच, दश वा पन्ध्रहजार रूपियाँसम्म पनि उठाए । तर त्यसको लेखाजोखा वा अनुगमन गरेन सरकारले । त्यसरी उठाएको पैसाको सामाजिक रूपले लेखाजोखा पनि हुनसकेन । त्यो पैसाको कुनै उत्तरदायित्व नै भएन । उता, स्कूलमा पैसा तिर्न नसक्ने विद्यार्थीहरू स्कूलबाट निकालिएका पनि छन् । दुर्गम क्षेत्रतिर चाहिँ डेढ-दुईसय रूपियाँ उठाउन पनि नसकिने स्थिति हुँदा त्यस्ता ठाउँका स्कूलहरूले आफूलाई थेग्नै नसक्ने स्थिति पैदा भयो ।

निजीकरणका कारण उच्चवर्ग, मध्यम वा निम्न मध्यमवर्ग, शासकवर्ग, पेशागतवर्ग आदिले सार्वजनिक स्कूल छोडे । सार्वजनिक स्कूल नितान्त गरीबहरूका निम्ति छाडिए । उनीहरू तिर्न सक्दैनन्, उनीहरूलाई तिराउने व्यवहार भयो ।

त्यसैले निःशुल्क भनिएपछि व्यवहारमा समग्रमै सार्वजनिक शिक्षा क्षेत्रलाई माथि उठाउने प्रतिबद्धता अँगालिएन । हामी सबैले सार्वजनिक शिक्षा क्षेत्रलाई भत्काउने भूमिका खेल्यौं ।

**◉ निजी स्कूलहरूलाई अनियन्त्रित र अनुगमनविहीन राखिएको कुरा तपाईंले गर्नुभयो । यस्तो हुनुको कारण के हो ?**

-निजीस्कूलहरू भनेका आफैंमा खराब चीजहरू हैनन् ।

तर निजी स्कूलहरूले नेपालमा स्कूल मात्र चलाएनन्, ठूलो राजनीति पनि गरे । उनीहरूसँग स्रोतसाधन भएकाले उनीहरूले यहाँका नीति निर्माताहरूलाई किन्ने, राजनेताहरूलाई किन्ने, उनीहरूलाई डिनर खुवाउने वा रिझाउने गरेर आफू र आफ्नो

> कुनै पनि पार्टीमा शिक्षा नै मेरो क्षेत्र हो, म यसैको लागि लड्छु, भिड्छु भन्ने नेता मैले देखेको छैन

संजाललाई बलियो बनाउने काम गरी आफ्नो राजनीतिक पूँजी बढाउनतिर उनीहरू लागे । त्यसैले, तपाईं हेर्नुस्, यहाँ सरकारले, जिल्ला शिक्षा कार्यालयले वा अन्य सम्बन्धित प्रशासनयन्त्रले निजी स्कूलहरूलाई कहिल्यै पनि नियन्त्रण गर्ने खोजेन, सकेन ।

नियन्त्रण गर्नुपर्ने मुख्य क्षेत्र शुल्कको क्षेत्र हो । शुल्क कति लाउने र त्यसको संरचना के कस्तो हुनुपर्छ भन्नेबारेमा निजी स्कूलहरू पूर्ण रूपमा स्वतन्त्र रहे । पाठ्यक्रम र शिक्षणविधि कस्तो हुने भन्नेमा पनि उनीहरू स्वतन्त्र रहे । यसैगरी स्कूलमा दिइनुपर्ने भौतिक सुविधाहरू र शिक्षकहरूको सेवा र सेवाशर्तबारे पनि निजी स्कूलहरूले पूर्ण स्वतन्त्रताको उपभोग गरे । उनीहरूको सामाजिक दायित्व र देशप्रतिको दायित्व तोकेर त्यसप्रति उनीहरूलाई बाध्य पार्ने कामै भएन ।

**◉ नियन्त्रण वा अनुगमनको कमीले गर्दा शिक्षकहरूलाई तलब सुविधा बढाउँदा पनि सरकारी स्कूलमा शिक्षण गतिलो भैरहेको छैन । यसतर्फ चाहिँ के गर्ने नि ?**

-सार्वजनिक शिक्षाको एउटा ठूलो समस्या हो- शिक्षकहरूको व्यवस्थापन गर्ने काम । शिक्षकको छनौट, नियन्त्रण, तालिम, मूल्यांकन, बढुवा आदि सबैमा समस्याहरू छन् ।

निजी स्कूलका शिक्षकले कम पारिश्रमिक सुविधा पाएर पनि राम्रो काम गर्ने, तर सरकारी स्कूलका शिक्षकले राम्रोसंग काम नगर्ने हुनुको एउटा कारण अति केन्द्रिकरण पनि हो । जागीर स्थायी छ, जागीरदाता टाढा छ, राजनीतिको आड लिनुपर्ने बाध्यता छ, त्यसो गर्दा फाइदा पनि छ, हेडमास्टर जि.शि.अ.ले मनोनयन गरेर पठाउने हुनाले पहुँचवाला छ, तर अधिकारविहिन छ, स्थानीय निकायहरूको भूमिका कम छ । यस स्थितिमा शिक्षकबाट गतिलो कार्य संम्पादन हुन छाडेको हो । यस स्थितिलाई सुधार्न निगरानी र नियन्त्रणका लागि स्कूल संचालनमा स्थानीय समुदाय र निकायको सहभागिता बढाउनुपर्छ । उनीहरूलाई अधिकार सम्पन्न गर्नुपर्छ । यसमा अभिभावकहरूको प्रतिनिधित्व पनि बढाइनुपर्छ । गा.वि.स., जि.वि.स. लगायतका स्थानीय निकायहरूको भूमिका बढाइनुपर्छ र स्पष्ट पारिनुपर्छ ।

शिक्षण पेशा समग्रलाई बलियो बनाएर शिक्षकहरूलाई एउटा 'प्रोफेसनल'को नाताले उनीहरू स्वयंलाई स्कूल चलाउन निश्चित स्वायत्तता दिइनुपर्छ । केही देशहरूमा यसो गरिएको पनि पाइन्छ ।

**◉ आज आएर विद्यार्थी संगठनहरूमार्फत् विद्यार्थीहरूको आक्रोश र समस्या 'बिस्फोटक रूपमा बाहिर निस्किएका छन् । समस्याहरू यसरी बिस्फोटक हुने हदसम्म थुप्रिएर जानुमा मुख्य जिम्मेवार को हो ?**

-यसमा श्री ५ को सरकार नै प्रत्यक्ष रूपले दोषी र जिम्मेवार छ । उसले नीति बनायो, तर त्यसलाई लागू गर्ने राजनीतिक र प्रशासनिक प्रतिबद्धता विकास गर्न सकेन र नीतिलाई सुदृढ गर्ने माध्यम एवं संयन्त्र बनाएन ।

पछिल्लो यो दशकमा शिक्षा क्षेत्र चरम राजनीतिकरणको विषय बन्यो । राजनीति सरकारले खेल्यो, नेताहरूले खेले र शिक्षकहरूले पनि खेले, खेल्न बाध्य पनि भए । राजनीतिको यो तानातानीमा शिक्षा क्षेत्रका जरूरी मुद्दाहरू ओझेलमा परे ।

देशमा सार्वजनिक शिक्षा क्षेत्र बलियो हुनुपर्छ भनी दवाव दिएर लड्ने वर्ग पनि घट्यो । विपन्न वर्गका अभिभावकहरू निरिह स्रोताजस्ता भएका छन् । उनीहरूको आवाजै कम निस्कन्छ । मध्यमवर्ग, निम्न-मध्यमवर्ग, पेशागत व्यक्तिहरू र संचार जगतले बोल्नुपर्ने हो । तर यिनीहरूलाई पनि निजी क्षेत्रले आकर्षित गरेको छ । त्यसैले गतः दशकमा सार्वजनिक शिक्षा क्षेत्रले आफ्नो पक्षमा बोलीदिने मुख नै पाएन, यसले ठूलो पीडा भोग्नु पऱ्यो ।

तर गत दुईतीन वर्षयता भने केही सकारात्मक कुरा म देखिरहेको छु । राजनीतिक पार्टी र नागरिक समाजहरूले खासै भूमिका खेल्न नसकेको भए तापनि कम्तिमा पनि

*पछिल्लो यो दशकमा शिक्षा क्षेत्र चरम राजनीतिकरणको विषय बन्यो । राजनीति सरकारले खेल्यो, नेताहरूले खेले र शिक्षकहरूले पनि खेले, खेल्न बाध्य पनि भए ।*

यसबीचमा संचार क्षेत्रले सार्वजनिक शिक्षाप्रति राम्रो चासो लिइरहेको पाइएको छ । अधिकांश पत्र-पत्रिकाहरूले प्रायः हरेकजसो अंकमा यसबारे केही न केही लेखिरहेका पाइन्छन् । केही एफ. एम. रेडियोहरूले पनि यसतिर ध्यान दिएका छन् ।

जब संरक्षण दिनुपर्ने सरकारबाट संरक्षण प्राप्त हुन्न, तब जनस्तरबाटै, आफैंबाटै मान्छेले विकल्प खोज्न थाल्दोरहेछ । सडकमा ट्राफिक प्रहरी सेवारत छैन भने, बाटो काट्दा तपाईं आफैं गाडीलाई हातले इशारा गरेर 'रोक' भन्नुहुन्छ र अगाडि बढ्नुहुन्छ । अहिले नेपालको सार्वजनिक शिक्षाको सन्दर्भमा यस्तै हुन लागेको मैले अनुभव गरेको छु । विद्यार्थीहरूको अहिले उठेको आवाज त्यसैको एउटा संकेत हो जस्तो मलाई लाग्छ । प्रायः सबै विद्यार्थी संगठनहरू आवाज उठाउन अग्रसर हुँदैछन् ।

**◉ गुम्सिएका यतिविधि समस्याहरूबारे सरकारलाई ध्यानाकर्षण गराउने नैतिक दायित्व त, बौद्धिक वर्गको पनि हो । यसबीचमा उनीहरूको भूमिका तपाईंले कस्तो पाउनुभएको छ ? के नेपालमा शिक्षा सम्बन्धमा जागरूक चिन्तकहरू नै नभएका हुन् त ?**

-यो दशकमा सार्वजनिक शिक्षा सबैले 'बिर्सिएको' क्षेत्र नै बनेको छ । बोल्न सक्ने र बोल्न जान्नेहरूका लागि छोराछोरी पढाउने विकल्प निजी क्षेत्र छँदैछ । अरूको लागि उनीहरूले किन बोल्ने ? बौद्धिकवर्ग यसरी आफू र आफ्नो परिवारमा मात्र केन्द्रित हुनु राम्रो होइन । यो वर्ग जनतासँगको सम्वादमा छैन । केही अत्यन्त कम संख्याका बौद्धिकहरूले प्रयत्न गरिरहेछन्, तर उनीहरू पनि आफ्नै घेरोमा सीमित छन् । प्राज्ञिक खालका लेखहरू केही लेखिएका छन्, तर आम-जनताले बुझ्ने भाषामा ती लेखहरूका आशयहरूलाई प्रस्तुत गर्ने र जनतामा पुऱ्याउने काम बौद्धिकहरूबाट हुनसकेको छैन ।

इमान्दारीपूर्वक भन्ने हो भने यहाँको आजको बौद्धिक वर्गबारे एउटा थप कुरा भन्नुपर्ने हुन्छ, त्यो हो- गत एक दशकमा यहाँ विश्व बैंक, एशियाली विकास बैंक, अरू दातृ संस्थाहरू हावी भएका छन् । प्रशस्त ऋण र अनुदानहरू आएका छन् । बौद्धिकहरू तिनै दातृ संस्थाहरूको नून खाएर तिनकै कर्मचारी वा एजेन्ट भएर बसेका छन् । सार्वजनिक शिक्षाको निम्ति वकालत गर्नेतिर उनीहरूको ध्यान र फुर्सद दुवै छैन ।

**◉ राजनीतिक पार्टीहरूमा चाहिँ कत्तिको हुटहुटी देख्नुभएको छ ?**

-पछिल्लो समयमा संचार क्षेत्रले केही ध्यानाकर्षण गराउन थालेको हुनाले राजनीतिक नेता र पार्टीहरूले केही चिन्ता लिन थालेका हुन् । तर यसबाहेक चाहिं राजनीतिक नेताहरू सार्वजनिक शिक्षा क्षेत्रलाई सपार्नेतिर हैन, आफ्ना छोराछोरीका लागि राम्रो निजी स्कूलहरूको खोजीमा नै लागेको

*श्री ५ को सरकारले नीति बनायो, तर त्यसलाई लागू गर्ने राजनीतिक र प्रशासनिक प्रतिबद्धता विकास गर्न सकेन*



*गतसाल मंसीरमा पनि अखिल क्रान्तिकारीसँग सरकारले यस्तो वार्ता गरेको थियो*

मैले देखेको छु । राजनीतिक नेता वा पार्टीहरूले चिन्तन वा दिशाबोधको तहमा सोचेको मैले पाउन सकेको छैन ।

मैले सार्वजनिक शिक्षा भनेर सरकारले पैसा दिएर चल्ने स्कूलको मात्र कुरा गरेको हैन । मैले भन्न खोजेको देशभरका बच्चाहरूले तुलनात्मक रूपले समान गुणस्तरको शिक्षा पाउनु हो, चाहे त्यो शिक्षा जुनसुकै स्वामित्वको निकायले नै किन नदेओस् ।

कुनै पनि पार्टीमा शिक्षा नै मेरो क्षेत्र हो, म यसैको लागि लड्छु, भिड्छु भन्ने नेता मैले देखेको छैन । प्रश्न गर्दा जवाफ दिनुहुन्छ उहाँहरू । कुरा सुनाउँदा चाख पनि लिनु हुन्छ । तर, आफैं अग्रसर भएर अघि बढ्ने 'प्रो एक्टिभ' प्रवृत्ति उहाँहरूमा देखिएन ।

अनियन्त्रित निजीकृत शिक्षाले देशलाई झन् दरिद्र पार्न आँट्यो । जनतामा वर्ग विभाजन चर्काउन आँट्यो । त्यसैले 'सार्वजनिक शिक्षा'लाई म माथि उठाउछु भन्ने उत्प्रेरणा लिएर अघि बढ्ने राजनीतिक नेता कुनै पनि पार्टीमा देखिएका

*बजारको चाउचाउ, आलु आदिको पसलझैं शिक्षा पनि कुनै 'निजी वस्तु' हैन, शिक्षा त 'सार्वजनिक वस्तु' हो । मार्केट फोर्सले चल्ने कुराको रूपमा यसलाई लिनु हुन्न ।*

छैनन् ।

◉ **विविध विद्यार्थी संगठनहरूले अल्पकालीन र दीर्घकालीन दुवै प्रवृत्तिका मागहरू राखेर अहिले आन्दोलन गरिरहेका छन् । सातदिने बन्द सकिएको छ, प्र.जि.अ. का कुर्सी जलाउनेजस्ता घटनाहरू घटिरहेका छन् । फेरि पनि आन्दोलन चर्किने संभावनाको स्थिति पैदा भएको छ । यो स्थितिको हल के हो ?**

-केही समयअघिसम्म शिक्षा मन्त्रालय र विद्यार्थी नेताहरूका बीच छलफल, वार्ता भएको पाइयो । तर मलाई लाग्छ- शिक्षा क्षेत्रमा उठेका मागहरूमा ठूलो आर्थिक दायित्वको पक्ष पनि लुकेको छ । र, यो ठूलै सामाजिक, राजनीतिक समस्या हो । त्यसैले शिक्षा मन्त्रालयको स्तरबाट मात्र यो समस्या हल हुन्न । समग्रमा सरकार वा राजनैतिक तहबाटै हल खोजिनुपर्छ ।

सरकारले सार्वजनिक शिक्षालाई बलियो गर्ने, अर्थ, व्यवस्थापन, शिक्षक तालिम, पाठ्यक्रमलगायत जरूरी सबै पक्षमा बलियो सुधार गर्ने प्रावधान र प्रतिबद्धता जाहेर गरेर तदनुकूलको नीति र व्यवहार अवलम्बन गर्नुपर्छ ।

निजी स्कूलहरूको सन्दर्भमा चाहिं सरकारले तिनलाई 'रेगुलेटिङ्ग फ्रेमवर्क'भित्र ल्याउन सक्नुपर्छ, यसमा आउन नसक्नेहरूलाई चल्न दिनुहुन्न । हैन भने यसबाट ठूलो राजनीति र सामाजिक समस्या पैदा हुन्छ ।

नियन्त्रित गरिनुपर्ने क्षेत्रमा शुल्क, पाठ्यक्रम, भौतिक सुविधा र शिक्षकहरूको सेवा र सुविधा गरी चारै कुरालाई महत्व दिइनुपर्दछ ।

सार्वजनिक शिक्षा प्रदान गर्नका लागि सरकारले वा निजी क्षेत्रले खोलेका स्कूलहरूबाहेक अरू पनि विकल्प हुनसक्छन् । त्यसैले स्थानीय निकायहरू, गैर-सरकारी संस्थाहरू, शिक्षकहरू आफैं पेशागत व्यक्ति भएकाले उनीहरूका समूहहरू आदि विविध क्षेत्रलाई स्कूलहरू खोल्न प्रेरित गरेर विविध खालका प्रतिस्पर्धात्मक मोडेलहरू खडा गर्नु पर्दछ ।

सार्वजनिक स्कूलका आर्थिक दयनीयता र पूर्वाधारको कमी एवं व्यवस्थापनगत कमजोरीहरू हटाउन पनि सरकारको गम्भीर पहल हुनु जरूरी छ ।

यी पहलहरू गर्नु नै, यिनका निम्ति समझदारी बनाएर जानु नै अहिलेको राम्रो हल हो भन्ने मलाई लाग्छ ।

मुख्य कुरा हो, निश्चित उमेरसम्मका सबै बच्चाहरूले गुणस्तरीय शिक्षा पाउनु उसको अधिकार हो भन्ने अवधारणाअनुकूल चल्नु । निजी क्षेत्रमा एउटा बच्चालाई गरिने लगानीकै हाराहारीमा सरकारी स्कूलका बच्चालाई पनि लगानी जुटाइदिनु, उत्तिकै गुणस्तरका शिक्षकहरू र पाठ्यक्रमको व्यवस्था गर्नु सरकारको दायित्व हो । बजारको चाउचाउ, आलु आदिको पसलझैं शिक्षा पनि कुनै 'निजी वस्तु' हैन, शिक्षा त 'सार्वजनिक वस्तु' हो । मार्केट फोर्सले चल्ने कुराको रूपमा यसलाई लिनु हुन्न । शिक्षामा सरकारको टेवा, निगरानी, निर्देशन र नेतृत्व हुनुपर्छ । यसको सम्पूर्ण जिम्मेवारी उसले लिनुपर्छ । उसको नीति र व्यवहार यसै अवधारणाअनुकूल आउनुपर्छ । सार्वजनिक शिक्षा पहिलेभन्दा बढेको हो, तर त्यो पर्याप्त छैन, पर्याप्त गरिनुपर्छ ।

अन्तमा म भन्छु- हाल विद्यार्थीहरूले उठाएका मागहरूको विश्लेषण गर्दा ती धेरैजसो जायज छन् । राजनीतिक तहबाटै हल नगरी ती हल हुन्नन् । त्यसैले त्यही तहबाटै सरकारले सक्रियता देखाओस् ।

❑ प्रस्तुतिः *हरिगोविन्द लुइँटेल*

# शिक्षामा राष्ट्रियकरणले बर्बादी ल्याउँछ

- डा. कमलप्रकाश मल्ल -

विगत दशवर्षदेखि म शिक्षा क्षेत्रमा अध्ययन, मनन र चिन्तन गर्दै आइरहेको छु । शिक्षामा पटकपटक समस्याहरू आइरहेका छन् । राज्यले करदाताको खल्तीबाट लगानी उठाएर शिक्षामा राष्ट्रिय बजेटको १३.१७ प्रतिशत लगानी गरिरहेको छ । शिक्षाको संचालन र विकासको निम्ति गरेको यो लगानी रू. १० अरब १७ करोड ६० लाख हुनआउँछ । त्यो लगानीअनुसार समाजलाई प्रतिफल प्राप्त भएको छैन । राज्यले प्राथमिक स्कूलमा तीनजना शिक्षकको तलब-भत्ता, एउटा परिचर र प्रशासनिक खर्चको रूपमा मसलन्द खर्चमा लगानी गर्दछ । अरू तहमा पनि सार्वजनिक स्कूलमा राज्यले लगानी गर्ने भनेको त्यही तीन कुरामा हो ।

हामीकहाँ 'सरकारी स्कूल' भन्ने प्रचलन नै गलत हो । जसलाई सरकारी स्कूल भन्ने गरिएको छ, त्यसको वास्तविकता समुदायले स्थापना गरेको स्कूललाई श्री ५ को सरकारले अनुदान दिने मात्र हो । वास्तवमा त्यो सरकारी स्कूल किन होइन भने त्यस स्कूलको आर्थिक भार, ब्यबस्थापन आदिको पूर्ण जिम्मेवारी सरकारले लिएको छैन । अर्को कुरा के हो भने राज्यले अनुदान दिंदैमा कुनै स्कूल राम्ररी चल्छ र त्यो राम्रो हुन्छ भन्ने कुनै ग्यारेन्टी छैन । किन ग्यारेन्टी छैन भने, राज्यले स्कूलहरूलाई उनीहरूको कार्यदक्षताको आधारमा अनुदान दिंदैन । कुनै पनि तथाकथित सरकारी स्कूल यति अनुदानको भरमा चल्दै चल्दैन । त्यसकारण, ती स्कूलको सम्पूर्ण जिम्मेवारी राज्यले लियो भन्ने अवधारणा गलत हो । अर्को कुरा, ती स्कूलहरूमा सरकारले जति लगानी गरेको छ, त्यो लगानी ती स्कूलहरूको गुणात्मक शिक्षाको लागि अपर्याप्त छ । स्कूलहरूमा पूँजीगत तथा सञ्चालन खर्च थुप्रै हुन्छन् । ती खर्चहरूमध्ये अहिले राज्यले खाली निश्चित शिक्षक कोटा र दरबन्दीका शिक्षकहरूको तलब, मसलन्द र एकजना पिउनको खर्च दिएको छ । त्यतिले त पुग्दै पुग्दैन ।

शिक्षामा १३ प्रतिशतभन्दा बढी लगानी गरेर पनि राज्यले भ्याउन सकेको छैन, किनभने सामाजिक क्षेत्रभित्र सार्वजनिक स्रोतको लागि प्रतिस्पर्धी दावीहरू छन् । शिक्षामा लगानी गर्ने कि ? पिउने पानीमा लगानी गर्ने कि ? स्वास्थ्यमा लगानी गर्ने कि ? जनसंख्या नियन्त्रण गर्ने कि ? भन्ने समस्या छ । सामाजिक क्षेत्रभित्रै प्रतिस्पर्धी उपक्षेत्रहरू छन्, तीमध्ये कहाँ बढी लगानी गर्ने भन्ने प्रश्न छ । शिक्षा क्षेत्रभित्रै पनि उच्चशिक्षामा लगानी गर्ने कि, माध्यमिक शिक्षामा लगानी गर्ने कि, प्राथमिक शिक्षामा लगानी गर्ने भन्ने कुरामा पनि थुप्रै विवादहरू छन् ।

एकथरि विज्ञहरू उच्च शिक्षामा बढ्ता लगानी गरेमा दक्ष जनशक्ति तयार हुन्छ, राष्ट्रलाई चाहिने बौद्धिक शक्ति तयार हुन्छ, त्यसैले उच्च

**सन् १९९६ मा राष्ट्रिय योजना आयोगको लागि नवौं पञ्चबर्षीय योजनाको शिक्षाको सेक्टर पेपर लेख्दिदाखेरि मैले एउटा अध्ययन गरेको थिएँ । त्यसबेला....**

शिक्षामा बढ्ता लगानी गर्नुपर्दछ भन्छन् । अर्कोथरि, जस्तै विश्वबैंक, युनेस्कोजस्ता संस्थाको भनाइ छ– होइन, नेपालजस्तो गरीब देशले गरिबी निवारणका लागि सबभन्दा पहिला लगानी गर्नुपर्ने साक्षरतामा हो । महिला साक्षरता, प्रौढ साक्षरतामा लगानी गऱ्यो भने त्यसको परिणामले गरिबी निवारणलाई बढीभन्दा बढी सघाउँछ । तपाईंले एकजना डाक्टरलाई दक्ष बनाउन जति पैसा लाग्ने हो, त्यही पैसाले ५० जना महिलाहरूलाई शिक्षित तुल्याउन र स्नातक बनाउन पुग्छ । यदि ५० जना महिला शिक्षित भए भने ५० वटा परिवार साक्षर हुन्छ । त्यसको प्रभाव स्वास्थ्यमा, वातावरणमा, शिशु हेरचाहमा पर्छ । यस्तो प्रभाव महिला शिक्षा, प्रौढ शिक्षा, आधारभूत र प्राथमिक शिक्षाबाट बढ्ता हुन्छ । त्यसैले आधारभूत र प्राथमिक शिक्षामा नै बढ्ता लगानी गर्नुपर्छ भन्ने बलियो मत पनि छ । अवधारणाहरू थुप्रै छन् ।

मलाई कताकता के लाग्छ भने सरकारले तथाकथित निजी स्कूलहरूलाई राष्ट्रियकरण गर्नुपर्छ भन्ने सोचाइ गलत हो । यो सोचाइ किन गलत हो भने सबै कुरा राज्यले मात्रै गर्नुपर्छ भन्ने जरूरी छैन । राज्य भनेको एउटा खाली व्यवस्थापन प्रणाली मात्रै हो । निजी क्षेत्रले लगानी गर्ने कि, समुदायले गर्ने कि, राज्यले गर्ने भन्ने प्रश्न व्यवस्थापनको प्रश्न हो । यो प्रश्न को लगानीकर्ता हुने र को व्यवस्थापक हुने भन्ने कुरा मात्रै हो । तर, गुणात्मक शिक्षाचाहिं हुनुपऱ्यो । देशका स्रोतहरू देशभित्रै सदुपयोग हुनुपऱ्यो । सन् १९९६ मा राष्ट्रिय योजना आयोगको लागि नवौं पञ्चवर्षीय योजनाको शिक्षाको सेक्टर पेपर लेख्दिदाखेरि मैले एउटा अध्ययन गरेको थिएँ । त्यसबेला शिक्षा मन्त्रालयमा कति रेकर्ड रहेछ भनेर हेर्दा प्रत्येक बर्षमा १ करोड डलर पैसा नेपालबाट उच्च शिक्षाको निमित self finance मा भारतबाहेक तेस्रो मुलुकमा जाँदो रहेछ । त्यो भनेको सरकारले त्रिभुवन विश्वविद्यालयलाई दिने वार्षिक बजेट बराबरको पैसा बाहिर जानु हो । देहरादुन, बैंगलोर, दार्जिलिङको जस्तो राम्रो गुणस्तरयुक्त शिक्षणसंस्था देशभित्रै भएको भए पैसा तिर्न सक्नेले देशभित्रैका त्यस्ता संस्थामा पढ्थे र नेपालको संचित विदेशी मुद्रा र पूँजी बाहिर जाने थिएन ।

मेरो मुख्य भनाइ के हो भने हाम्रोजस्तो देशमा देशको पैसा देशभित्रै कायम राख्नु पनि एउटा ठूलो चुनौती हो । अभिभावकहरू गुणात्मक शिक्षा चाहन्छन् । खासगरी शहरी मध्यमवर्ग गुणात्मक शिक्षा चाहन्छ । उनीहरूसंग पैसा छ र उनीहरू गुणात्मक शिक्षाको लागि पैसा तिर्न इच्छुक छन् । उनीहरूको लागि देशभित्र गुणस्तरयुक्त निजी विद्यालयहरू खुले भने देशको पैसा बाहिर जादैन । हालैमात्र बाहिर आएको एक अध्ययनअनुसार काठमाण्डौ उपत्यकाका २६ वटा निजी विद्यालयहरूको वार्षिक आम्दानी रू. २ करोड ५० लाखदेखि रू ४ लाख ४ हजारसम्म रहेको छ । त्यसमध्ये १ करोडदेखि १ लाखसम्म खुद नाफा गर्ने स्कूलहरू देखिए । *(हेर्नुस् 'नेपाल समाचार पत्र' जेठ ४, २०५८)* त्यस्ता विद्यालयहरू सरकारले चलाउने भन्ने कुराचाहिं एक किसिमले असंभव नै छ । किनभने यी निजी विद्यालयहरूको आर्थिक कारोबारको अभिलेखसम्म पनि सरकारसँग छैन । सरकारले अहिले चलाइरहेका स्कूलहरूको अवस्था किन बिग्रियो भने मूलतः सरकारले विद्यालयलाई दिने जुन अनुदान हो त्यो अनुदानको आधार कार्यदक्षता र उत्पादकत्वसँग सम्बन्धित छैन । नतिजा र कामसँग अनुदानको कुनै सम्बन्ध छैन । श्री ५ को सरकारको ब्यूरोक्रेसीमा कर्मचारीहरूको जुन दरबन्दी हुन्छ, विद्यालयका शिक्षकहरूको पनि त्यस्तै कोटा र दरबन्दी छ । एकपल्ट नियुक्त भैसकेपछि त्यस शिक्षकको जिम्मेवारी खासै केही हुँदैन । शिक्षकले बर्षको २२० दिन कक्षा चलाउन परिरहेको छ भन्छ, तर १०० दिन पनि कक्षा चलेको छ कि छैन टुंगो हुँदैन । त्यसको अनुगमन गर्ने र सुपरीवेक्षण गर्ने संयन्त्र श्री ५ को सरकारसँग हुनुपर्ने हो, त्यो छैन । एकातिर श्री ५ को सरकारले भटाभट विद्यालयहरूलाई स्वीकृति दिँदैछ र शिक्षकहरू बर्षेनी हजारौंको संख्यामा नियुक्त हुँदैछन्, तर अर्कोतिर सार्वजनिक स्कूलको कार्यदक्षता र परीक्षाको नतिजा झन् झन् खराब हुँदैछ । त्यसो किन भयो भने त्यहाँ उत्तरदायित्वको प्रणाली नै छैन । ती स्कूलहरूमा शिक्षकहरू कोहीप्रति जवाफदेही छैनन् । स्कूलमा हेडमास्टरप्रति शिक्षकहरू जवाफदेही छैनन् । हेडमास्टर व्यवस्थापन समिति र सरकारप्रति जवाफदेही छैन ।


*डा. कमलप्रकाश मल्ल*

**निःशुल्क गर्दैमा सामाजिक न्याय हुँदैन । निःशुल्क होइन कि बरू छात्रवृत्ति दिनुपऱ्यो – टार्गेटेड छात्रवृत्ति**


हाम्रो गल्ती कहाँनेर भयो भने तथाकथित निःशुल्क शिक्षाको नारा एउटा राजनीतिक नारा मात्रै भयो । निःशुल्क शिक्षा निःशुल्क नै होइन । अफ्रिकामा एउटा उखान छ– मुफतमा पाइएको ओखती ओखती नै होइन । यदि कसैले तपाईंलाई निःशुल्क औषधि दियोभने त्यसबाट रोग निको हुँदैन भन्ने अफ्रीकीहरूको अवधारणा छ । यहाँ पनि त्यस्तै हो : मुफतको शिक्षा शिक्षा नै होइन । किनभने, त्यस्तो शिक्षामा जति विषयवस्तु दिनुपर्ने हो त्यो दिन सकिदैन ।

यहाँनेर, मूलतः शिक्षामा राज्यको भूमिका के हो भन्ने कुरामा अलमल देखिन्छ । निःशुल्क शिक्षाको कुरा गर्दा राज्य एउटा लगानीकर्ताको रूपमा रहने धारणा जुन छ, त्यो नै गलत छ । आखिर के हो भने अभिभावकले पैसा तिऱ्यो भने त्यो फि हुन्छ, राज्यले तिऱ्यो भने त्यो सब्सीडी हुन्छ । त्यतिमात्रै हो । तर मूल कुरा के हो भने शिक्षालाई चाहिने लगानी उपलब्ध हुनुपऱ्यो । शिक्षामा गुणस्तर पनि चाहियो भन्ने, अर्कोतिर लगानी गर्न पनि नचाहने स्थिति हामीकहाँ छ ।

'यो सरकारी स्कूल हो, यसमा हामीलाई के चासो' भन्ने समुदाय हामीकहाँ छ । समुदाय भन्नाले गाविस, नगरपालिका, जिविस आदि स्थानीय निकायहरू पनि पर्दछन् । उनीहरूले पनि शिक्षाक्षेत्रमा खास रूचि देखाएका छैनन् । यसरी समुदायले पनि शिक्षामा रूचि नलिने र अर्कोतिर बजार संयन्त्रलाई पनि काम गर्न नदिने स्थिति छ । शिक्षामा लगानी गर्नु परेपछि त कतै न कतैबाट स्रोत-साधन त आउँनै पऱ्यो नि ! कि तपाईंले बजार संयन्त्रलाई चल्न दिनुपऱ्यो – माग र आपूर्तिको आधारमा ।

यदि मध्यमवर्ग र शहरीया मध्यमवर्गले गुणात्मक शिक्षा चाहन्छ भने उसले त्यसको खर्च तिर्न

*अहिले निजी क्षेत्रमा ९६८८ वटा स्कूलहरू छन् । त्यसअनुसार देशका कूल विद्यालयहरूमध्ये प्राथमिकमा २५ प्रतिशत, माध्यमिकमा ३० प्रतिशत र उच्च शिक्षामा ४० प्रतिशत निजी क्षेत्रका स्कूलहरूले धानिरहेका छन् ।*



## निजी क्षेत्रका स्कूलको तथ्यांक

श्री ५ को सरकारले निजी स्कूलहरूलाई तह लगाउने कुरा कति पर छ भन्ने एक सूचक के छ भने सरकारसँग ती स्कूलहरूबारे सामान्य तथ्यांकसम्म पनि रहेको देखिँदैन । उदाहरण स्वरूप तल प्रस्तुत दुई श्रोत केलाएर हेर्दा त्यो कुरा अझै स्पष्ट हुन्छ ।

**अर्थ मन्त्रालयको तथ्यांक**

| | |
|---|---|
| १) स्कूल | १०,८८३ |
| २) शिक्षक | ३०,०४९ |
| ३) विद्यार्थी | ६,४९९७८ |

*श्रोत : Economic Survey (आर्थिक सर्वेक्षण २०५६/५७ अर्थमन्त्रालय पृ.१७३-१७४, मे. २०००*

**शिक्षा मन्त्रालयको तथ्यांक**

| | |
|---|---|
| १) स्कूल | ९,६८८ |
| २) शिक्षक | २६,९०२ |
| ३) विद्यार्थी | ५,९०, ४९६ |

*श्रोत : Education Information of Nepal 2000, Ministry of Education Planning Division Statistics Section April-2000,page 110*

चाहिरहेको हुनुपर्छ र बजार संयन्त्रले काम गर्नुपर्दछ । त्यसमा राज्यले हस्तक्षेप गर्नु हुँदैन राज्यले मुनाफामा चाहेको कर लगाउन सक्दछ, तर वस्तु र सेवाको मूल्य तोक्न संभव छैन । अभिभावकले निजी स्कूलको भौतिक सुविधा तथा शैक्षिक सेवाको आधारमा शुल्क तिर्ने विकल्प खोज्छ । यदि राज्यले हस्तक्षेप गर्ने हो भने राज्यले पैसा तिर्न चाहिरहेको हुनुपर्छ । यहाँ के भयो भने समुदायले पनि सरकारी स्कूल भनेर बेवास्ता गर्ने बजार संयन्त्रलाई पनि चल्न नदिने । यस्तो भएपछि शिक्षामा कसले लगानी गर्ने त ? स्रोत कहाँबाट आउँछ त ? यदि तपाईंले घरखेत बन्धक राखेर एक करोड रूपैयाँ लगानी गरेर स्कूल चलाउन लाग्नुभयो भने स्वभाविक रूपले तपाईं लगानीकर्ताको नाताले कल्याणकर्ता (Philanthropist) हुन सक्नुहुन्न । स्कूललाई तपाईंले सदावर्त गुठीजस्तो चलाउन त मिलेन । त्यो त गोल्छालाई पुण्य कमाउन, परत्र सुधार्न, मोक्ष प्राप्त गर्न उद्योगहरूलाई सदावर्त गुठीजस्तै चलाऊ भनेझैं हुन्छ । निजी स्कूल चलाउन राज्यले स्वीकृति दिएपछि शिक्षा बजारमा बेचबिखन हुने वस्तु वा सेवा हो कि होइन भनेर बहस गर्नु सार्थक हुँदैन । कसैले जोखिम उठाएर पूँजी लगानी गर्छ भने उसले नाफा कमायो भनेर रोष प्रकट गर्नुको पनि कुनै तुक रहँदैन । खास गरेर बजारमुखी अर्थतन्त्रमा शिक्षा फोकटमा उपलब्ध हुनुपर्ने 'सामाजिक सेवा' हो भन्नु एक विरोधाभाष मात्र हो ।

अहिले नेपालमा करीब १५० वटा उच्च तहका व्यापारिक प्रतिष्ठानहरू छन् । तिनीहरूको वार्षिक कारोवार १ अरबभन्दा बढ्ता छ । २ अरबभन्दा बढी कारोवार भएका करीब १२ वटाजति व्यापारिक प्रतिष्ठानहरू छन् । तिनीहरूमध्ये कतिले निजी स्तरका 'परोपकारी' संस्थाहरूमा लगानी गरिरहेका छन् ? उनीहरूलाई आह्वान गर्ने हो भने उनीहरू शिक्षा क्षेत्रमा पनि लगानी गर्न सक्लान् ? होइन भने तपाईंले भन्नुपर्‍यो "शिक्षाको क्षेत्र भनेको विशुद्ध Nonprofit Sector हो । यहाँ नाफाको ध्येयलाई कुनै ठाउँ छैन ।"

अहिले निजी क्षेत्रमा ९६८८ वटा स्कूलहरू छन् । त्यसअनुसार देशका कूल विद्यालयहरूमध्ये प्राथमिकमा २५ प्रतिशत, माध्यमिकमा ३० प्रतिशत र उच्च शिक्षामा ४० प्रतिशत निजी क्षेत्रका स्कूलहरूले धानिरहेका छन् । नेपालका करदाताहरूले ती स्कूलहरू धान्न सक्ने क्षमता छैन । अहिले शिक्षामा राष्ट्रिय बजेटको १० अरब रूपियाँ खर्च भइरहेकोछ । शिक्षामा थप ५ अरब रूपियाँ सार्वजनिक क्षेत्रले लगानी गर्न सक्ने क्षमता नेपालमा छैन । किनभने वार्षिक राजस्व पर्याप्त आउनु पर्‍यो । राजस्वको दायरा फराकिलो भएपछि मात्रै सरकारको वार्षिक आम्दानी ठूलो हुन्छ । तर नेपालको आर्थिक स्थिति त्यस्तो छैन ।

नेपालमा करीब ४२ प्रतिशत जनता निरपेक्ष गरीबीमुनी छ । सार्वजनिक स्रोतहरू जम्मा हुन सक्ने संभावना ज्यादै सिमित छ । त्यसैले यदि स्वास्थ्य सेवा, पिउनेपानी, शिक्षा आदि क्षेत्रमा निजी क्षेत्र आउन चाहन्छ भने ल्याउनु पर्दछ भन्ने मेरो धारणा छ । मेरो यो धारणा कुनै दर्शनबाट निर्देशित धारणा नभएर मैले १० वर्ष नीति, योजनामा काम गरेर र चालीस वर्ष विश्वविद्यालयमा पढाएर आर्जन गरेको ज्ञानले निर्माण गरेको धारणा हो ।


हामी पाँच जनाको एउटा टिम गत वर्ष चीन भ्रमण गएको थियो । त्यसमा त्रिविका उपकूलपति, रेक्टर, म, डा.गोविन्दराज अग्रवाल र डा. पुष्कर बज्राचार्य थियौं । हामीले पेकिङ विश्वविद्यालय र संघाई विश्वविद्यालय हेरेर आयौं । पेकिङ विश्वविद्यालयजस्तो ठाउँ जहाँ ८० को दशकसम्म राज्यले पूर्ण जिम्मेवारी लिन्थ्यो, विद्यार्थीको ट्यूसन फिबाट त्यो विश्वविद्यालयको सञ्चालन खर्चको २ प्रतिशतमात्र खर्च धान्थ्यो । तर, अहिले आएर त्यहाँ २५ प्रतिशत खर्च ट्यूसन फिबाट धान्न थालिएको छ । उनीहरूले अहिले त्यहाँ ३० प्रतिशत खर्च ट्यूसन फिबाट धान्ने लक्ष्य लिएका छन् ।

पेकिङ विश्वविद्यालयमा हामी बसेको होटेल पूर्णतया व्यापारिक होटल हो । तर त्यो होटेल विश्वविद्यालयले चलाइरहेको छ । त्यहाँ विश्वविद्यालयले औद्योगिक इकाईहरू चलाइरहेको छ । उद्योगहरूसँग मिलेर विश्वविद्यालयले धेरै संस्थाहरू चलाएको छ । भनाईको मतलब के हो भने उद्योग र विश्वविद्यालयको सह लगानी, विश्वविद्यालय र निजी क्षेत्रको सह लगानी त्यहाँ छ । त्यहाँ विश्वविद्यालयमा कुनै पनि शिक्षक स्थायी छैन । पेकिङ विश्वविद्यालयमा एउटै पनि स्थायी शिक्षक छैन । त्यहाँ शिक्षकहरूलाई १, २ या ३ वर्षको लागि 'हायर' गरिन्छ । यदि उसले विद्यार्थीहरू आकर्षित गर्न सक्यो भने उसको कार्यावधि जारी हुन्छ, सकेन भने ऊ निकालिन्छ । स्थायी नियुक्तिको प्रणालीलाई पेकिङ विश्वविद्यालयले खारेज गरेको छ । किन गर्‍यो त ? यसको मतलब हो– उनीहरू पूर्णतया बजार संयन्त्रमा गैसके । उच्च शिक्षालाई उनीहरूले बजारिकरण गरिसके ।

मलाई लाग्छ उच्च शिक्षामा राज्यले खुला अनुदान दिंदा सामाजिक न्याय हुँदैन । म तपाईंलाई एउटा उदाहरण दिन्छु । त्रिभुवन विश्वविद्यालयमा अहिले १ लाख २७ हजार विद्यार्थीहरू पढ्छन् । तपाईंलाई आश्चर्य लाग्ला कि सबभन्दा गरीब ६० प्रतिशत परिवार मध्येका ६ प्रतिशतभन्दा बढी विद्यार्थीहरू त्यहाँ पढ्दैनन् । भनाईको मतलब के भने poorest of the poor परिवारका ६ प्रतिशत विद्यार्थीहरू मात्रै त्रिभुवन विश्वविद्यालयमा पढिरहेका छन् । यदि त्रिभुवन विश्वविद्यालयमा इन्जिनियरिङ पढ्ने विद्यार्थीहरूलाई तपाईंले वर्षको ५ सय, ६ सयमा, या ७ सय रूपियाँमा पढाइ राख्नुहुन्छ भने बझाङ्ग र बाजुराका किसानबाट मालपोत उठाएर वार्षिक रू. ७५ हजार लाग्ने प्राविधिक पढाई गर्न काठमाण्डौ र बिराटनगरका धनाढ्यका पुत्र-पुत्रीहरूलाई महिनाको रू. ५०/६० मा पढाउन सरकारी अनुदान दिनु कुनै दृष्टिकोणले पनि समतामूलक नीति होइन । शहरी मध्यमवर्गको परिवारका केटाकेटीहरूलाई अहिले राज्यले अनुदान दिइरहेको छ । जुन देशमा ३० प्रतिशत विद्यार्थीहरू प्राथमिक शिक्षाबाट अहिले पनि बञ्चित छन्, जुन देशमा ६५ प्रतिशत महिलाहरू निरक्षर छन्, त्यस्तो देशमा साक्षरतामा लगानी गर्नु सट्टा विश्वविद्यालयको विद्यार्थीहरूलाई राज्यले लगानी गर्नु

बाँकी ४५ पेजमा

***...भनाइको मतलव के भने poorest of the poor परिवारका ६ प्रतिशत विद्यार्थीहरू मात्रै त्रिभुवन विश्वविद्यालयमा पढिरहेका छन्***



*शिक्षाको क्षेत्रको समस्या हल गर्ने उचित उपाय के ? ललितपुरस्थित द इलाइड को एड स्कूलको गाडी अखिल क्रान्तिकारीद्वारा जलाइएको दृष्य*

माओवादी छापामारहरू शहीदहरूको नाममा एक मिनेट मौनधारण गर्दै

फोटो : गुणराज लुइँटेल



# माओवादी छापामारहरूसँग केही दिन

- गुणराज लुइँटेल -

साढे ५ बजेतिरै पूर्वमा लाली छाइसकेछ । किसानको घरमा सुतेका हामीहरूको निद्रा पुगिसकेछ । चराहरूको चिरबिरले बिहानलाई सुमधुर र मायालु बनाइरहेको छ । राति ढिलो सुतेर पनि बिहान चाँडै निद्रा खुलेको छ । किसानको घरको आतिथ्य र वातावरण नै यस्तो छ कि जीवनमा केही गर्ने इच्छा पलाउँछ । जीउमा अनौठो फूर्ति सञ्चार भइरहेको छ । मैले आँखा खोल्दा छापामार कमाण्डर जीउ तन्काइवरि तयार हुन थालेका छन् । छापामार जिन्दगीप्रतिको उत्सुकताले मलाई सुतिरहन दिएन । कमाण्डर कम्ब्याट ड्रेसको सर्ट लगाउँछन् । सर्ट लगाएपछि लगत्तै पेस्तोल भिर्छन । पेस्तोल राति उनले आफ्नै शिरानी छेउमा राखेर सुतेका थिए । उनी पेस्तोल भिरेरै ट्वाइलेट जान्छन् । हातमुख धुन्छन्, दाँत माझ्छन् र हातमुख धोएर तयार हुन्छन । छापामारको जिन्दगीमा बन्दूक एउटा अनिवार्य आवश्यकता हुन्छ, जसरी लेखकका लागि कलम । शायद, यही अनिवार्य आवश्यकताकै परिणति हो, अचेल गाउँमा बन्दूक बोकेका मानिस देख्न पाउनु सामान्यजत्तिकै भइसकेको छ ।

'हाम्रा लागि बन्दूक अनिवार्यजस्तै हुन्छ', मेरो जिज्ञासामा उनी भन्छन् । 'हामी यसलाई सँधै साथमा राख्छौं ।'

पछिल्लो पटक मैले यो दृश्य यही बैशाखमा सिन्धुपाल्चोकमा देख्न पाएको थिएँ । भूमिगत नेकपा (माओवादी)का छापामारसँगको यस्तो भेट मेरा लागि नयाँ नभए पनि प्रत्येक भेटमा अनौठो लागिरहन्छ । यी छापामार कमाण्डरलाई भने अघिल्लो दिन आमसभामा नै पहिलो पटक देखेको हो । कार्यक्रम राति अबेरसम्म चलेको हुनाले त्यहाँबाट फर्कन गाह्रो थियो । मैले नै गाउँमा छापामारहरूसँगै बस्ने र उनीहरूसँग कुराकानी गर्ने प्रस्ताव राखेको थिएँ । छापामार कमाण्डरले पनि मेरो प्रस्तावलाई सहर्ष स्वीकार गरे ।

मलाई डर लागिरहेको थियो, तपाईहरू गाउँमै बस्नुहोला हामी चाहि जानु छ भनेर हिंडिदिने पो हुन् कि ? तर त्यस्तो भएन । उनीहरू खुशी पो भए । उनीहरू अतिथि सत्कारमा अत्यन्तै सिपालु छन् । मैले अहिलेसम्म भेटेका माओवादी सैनिकहरूले जहिले पनि उनीहरूसँग बस्न आग्रह गर्दै आएका छन् । तर, आफ्नै बेफुर्सदी र उनीहरूको कार्यक्रमको समाचार सम्प्रेषणको हतारोले छोड्ने होइन । मेरो साथमा अमेरिकाको 'क्रिस्चियन साइन्स मनिटर'का संवाददाता स्कट बालडाउफ र एकजना अर्को पत्रकार मित्र थिए । म भन्दा पनि छक्क त स्कट परेका थिए । अमेरिकी राजदूतावासले माओवादी प्रभावित क्षेत्रमा नजान आफ्ना नागरिकलाई सतर्क गराउन धुँवाधार प्रचार गराउँदै आएको छ । तर, माओवादी क्षेत्रमा जानका लागि स्कट निकै नै उत्साही भएका थिए । छापामारको यति ठूलो उपस्थितिमा आमसभा नै होला भन्ने उनले सोचेका पनि रहेनछन् । त्यसमा पनि दिनभरि माओवादी छापामारको पंक्ति, उनीहरूको शक्ति प्रदर्शन र राति उनीहरूसँगै बस्दा हुनसम्मको रोमाञ्चक अनुभव स्कटलाई भइरहेको थियो ।

नेपालीले सुत्ने छोटो खाट उनका लागि असजिलो थियो । त्यसमाथि हामी दुबैजनाले एउटा खाट प्रयोग गर्नुपर्ने भयो । उनीहरूका लागि यो असजिलो अवस्था भएकोले मैले भने, 'स्कट माफ गर, यस्तै अप्ठ्यारोमा सुत्नुपर्‍यो ।' स्कटले भने निकै सटिक उत्तर दिए, 'मलाई थाहा छ प्रचण्डपथ भनेको यही हो ।' अप्ठ्यारो भिरालो बाटो हिड्नु पर्दा पनि उनले टिप्पणी गर्ने गरेका थिए, 'प्रचण्डपथ ।'

त्यसमा पनि स्कटको सुविधाका लागि छापामारहरूले विशेष ध्यान दिएका थिए । अमेरिकी साम्राज्यवादप्रति माओवादी नेताहरूले आक्रामक भाषण गरेका थिए, त्यो कुरा मैले अनुवाद गरिदिएपछि उनले निकै रमाइलो मानेर डायरीमा सारेका थिए । पत्रकारहरूले एक दिन माओवादीहरूले गरेको आतिथ्यबाट अभिभूत भएर लेख्नुहुन्न भन्ने अन्तर्वार्ता पूर्व सूचना तथा सञ्चारमन्त्री जयप्रकाशप्रसाद गुप्ताले मलाई केही अघि दिनु भएको थियो । त्यो कुरा मलाई उचित पनि लागेको हो । तर, ती क्षेत्रमा गएर आएपछि भएको कुरा लेख्दा उनीहरूलाई हिरोका रूपमा प्रस्तुत गर्न खोजेको जस्तो हुने गरेको छ । अमेरिकी पत्रकार स्कटले कसरी यस्तो समाचारलाई लेख्लान् भनेर मैले बडो ब्याग्रतापूर्वक प्रतीक्षा गरें । नभन्दै उनले लेखेको समाचार पनि नेपाली पत्रकारले लेखेको भन्दा भिन्न रहेनछ । बरू उनको समाचारकै आधारमा भन्ने हो भने उनलाई त 'माओवादी' नै भनीदिए पनि हुन्छ । तर, अमेरिकी सरकारले पत्रकारलाई त्यो समाचार लेखेबापत नेपालमा माओवादी बढाएको आरोप लगाउँदैन । बरू स्कटले मलाई टेलिफोन गरेर भने कि त्यो समाचार प्रकाशित भएपछि सम्पादकबाट धन्यवाद मिल्यो ।

राति माओवादी क्षेत्रीय स्तरका नेता क. प्रतापसँग अन्तर्वार्ताको अवसर प्राप्त भयो । उनी निकै नै समझदार रहेछन् । साथसाथै राष्ट्रिय घटनाक्रमलाई आफू अनुकूल व्याख्या गर्न र तर्क गर्न पनि उत्तिकै सिपालु । उनले सिन्धुपाल्चोक-दोलखाजस्ता राजधानी काठमाडौंबाट नजिकका

*अहिले माओवादी 'जनसेना'को उपस्थिति गाउँमा अनौठो हुन छोडेको छ । माओवादी सेना चउरमा परेडमा ब्यस्त भइरहँदा नजिकै केटाकेटीहरू खेलिरहेका हुन्छन्, किसानहरू घरमा काम गरिरहेका हुन्छन् ।*



डाँडाको बाटोहुँदै माओवादी लस्कर सभास्थलतिर आउँदै

फोटो : गुणराज लुइँटेल

जिल्लालाई समेत सम्भावित आधार इलाकाको रूपमा लिएको र चाँडै नै यस क्षेत्रमा जनतालाई न्याय सम्पादन, स-साना विकास निर्माणका काममा सरिक गराउने योजना रहेको बताए ।

क. प्रतापले दिउँसोको आमसभामा स्थानीय जनतालाई आग्रह गरेका थिए, 'अब तपाईहरू आफैं स्थानीय सत्ता चलाउनका लागि तयार हुनुहोस् । कसैले अदालत चलाउनु पर्छ, कसैले विकास निर्माणको काम गर्नुपर्छ । यहाँ त तपाईहरू विभिन्न क्षेत्रका नेता हुनुहुन्छ । यी नेताहरूका बीचमा म भाषण गर्न होइन, हाम्रा आगामी योजनाबारे छलफल गर्न आएको छु ।' उनी जनतालाई भाषणमा बाँधेर राख्न निकै सिपालु भएको मैले पाएँ । त्यसो त उनलाई पहिलेदेखि चिन्नेहरूले कम आँक्ने गरेको सन्दर्भमा पनि खूबै विचार गरेर उनका कुरा सुनेको थिएँ । स्थानीय जनताका बीचमा समेत केही अघिसम्म प्रकट रूपमा काम नगर्ने वा क. प्रतापकै शब्दमा 'भागी भागी हिड्न बाध्य' छापामारहरू जनताका बीचमा प्रकट हुनु हालका लागि एउटा अर्कै मोड हो । जनताले बुझ्ने सजिलो भाषामा उनले भने, 'हलो जोत्दा फाली जमीनमुनि हुन्छ र एक छेउबाट जोतेर अर्को छेउतिरबाट गोरु फर्काउने बेलामा फेरि एकपटक फाली जमीनबाट बाहिर निस्कन्छ ।'

अहिले माओवादी 'जनसेना'को उपस्थिति गाउँमा अनौठो हुन छोडेको छ । माओवादी सेना चउरमा परेडमा व्यस्त भइरहँदा नजिकै केटाकेटीहरू खेलिरहेका हुन्छन्, किसानहरू घरमा काम गरिरहेका हुन्छन् । स्थानीय आमा, दिदी, बहिनीहरू आफ्ना भाइ छोराहरू सैनिक परिधानमा बन्दूक बोकेर अभ्यासमा लागेको देखेर पनि अनौठो मान्दैनन् । बरू मैले केही स्थानीय महिलालाई अन्तर्वार्ता लिंदा आफ्ना छोराछोरीलाई पनि लड्न पठाउन तयार भएको उनीहरूले बताए ।

सिन्धुपाल्चोकको माइखा गाउंका एक किसानले आफू कुनै पनि बेला भूमिगत भएर काम गर्न तयार रहेको बताए । उनले आफ्ना छोराछोरी हुर्किइसकेका हुनाले अब आफूलाई घर छोड्न कुनै गाह्रो नभएको बताए । उनकै घरमा माओवादीका सेना र कमाण्डर समेत बास बसेका थिए । किसानले भने, 'मलाई प्रहरी प्रशासनले समेत चिन्दैन, त्यसकारण दुश्मनको किल्लामा पुगेर समेत सूचना ल्याउँछु । गाह्रो भयो भने भूमिगत भइहाल्छु ।'

माओवादी इलाकामा स्थानीय गृहिणीहरू समेत निकै खुलेर कुरा

*स्थानीय अनपढ महिलाहरूले आफ्ना छोराछोरीलाई जनसेनामा पठाउन तयार भएको धारणा अन्तर्वार्ताका क्रममा थाहा पाइयो ।*



फोटो : गुणराज लुईंटेल

*परेडमा व्यस्त माओवादी जनसेना*

गर्छन् । गाउँमा माओवादी सेना आएपछि निकै परिवर्तन भएको उनीहरूलाई महसूस छ । पहिला पहिला आइमाईले बोलेको नसुन्ने समाजले अहिले उनीहरूलाई बैठकमा बोलाउन थालेको छ । अरू लोग्ने मानिसलाई छुन हुन्न भन्ने प्रचलन थियो, अहिले अपरिचित लोग्ने मानिससँग पनि हात मिलाउन सकिन्छ । गाउँमा आएको यो परिवर्तनबारे मैले स्कटलाई बताएको थिएँ । उनले आफ्नो समाचारमा दुई हात जोडेर नमस्कार गर्ने हिन्दू संस्कार परिवर्तन भएको र त्यसको ठाउँमा हात मिलाउने चलन शुरू भएको लेखेका छन् ।

स्थानीय अनपढ महिलाहरूले आफ्ना छोराछोरीलाई जनसेनामा पठाउन तयार भएको धारणा अन्तर्वार्ताका क्रममा थाहा पाइयो । 'जनसेनामा छोराछोरी पठाउँदा तपाईको मनले मान्छ ? मारिए भने नि ?' जस्ता प्रश्नको उनीहरूले सहज जवाफ दिए, 'हाम्रा छोराछोरी मात्र छैनन्, अरूका पनि गएका छन् । मरिन्छ भनेर डराउने होइन...।'

गाउँमा अहिले माओवादीका कारणले देखिने सबैभन्दा ठूलो परिवर्तन महिला सहभागिता नै हो । महिलाहरूको सेनामा मात्र होइन, आमसभा र दैनिक काममा उत्तिकै सक्रियता देखिन्छ । गाउँमा सामाजिक परिवर्तनका लक्षण पनि देखिएका छन् । जाँडरक्सी खाएर बरालिने जमात गाउँमा देखिन छोडेको छ । दुई/तीन श्रीमती विवाह गर्नेहरूले पनि अहिले सबैसँग राम्रो व्यहार गर्ने र अरूलाई एकभन्दा बढी श्रीमती नल्याउने सल्लाह दिने गरेको पाइएको छ । दोलखाको जुँगु गाउँमा घुम्दा दुई श्रीमती भएका केही पुरुषहरू भेटिएका थिए । तर, तिनीहरू अहिले धेरै श्रीमती ल्याउन नहुने सल्लाह दिन थालेका छन् । माओवादीका कारण गाउँले जनतामा आत्मविश्वासको पनि विकास भएको छ । गाउँको विकास र आफ्ना लागि आफैंले काम गर्नुपर्छ भन्ने भावना देखिन थालेको छ । हिजोका दिनमा माओवादी सेनाले आन्दोलन गरिदिने र जनताको शासन ल्याइदिने हो कि भन्ने जस्तो देखिएको थियो । तर, अहिले उनीहरू जनतालाई नै सहभागी हुन आग्रह गर्न थालेका छन् ।

*सिन्धुपाल्चोकको एक माओवादी जनसभामा विदेशी पत्रकारलाई टिका लगाइदिँदै माओवादी छापामार*



फोटो : गुणराज लुईंटेल

जन सेनाका पुरुष र महिला सदस्य दुबैथरी काममा उत्तिकै खट्छन् । आमसभास्थललाई मिलेर गार्ड गर्नु, सुरक्षा व्यवस्था मिलाउने लगायतका काम उनीहरूको हुन्छ । विकास निर्माणका काममा पनि उत्तिकै सक्रिय हुन्छन् । गाउँलेका जुनसुकै कामका लागि उनीहरू तयार हुन्छन् । खेतबारीमा काम गर्नेदेखि लिएर परिआएको जुनसुकै कामका लागि तयार हुने प्रवृत्तिले स्कटलाई निकै रमाइलो लागेको थियो । अब गाउँमा प्रहरी नआउँदा नै सुखको अनुभव हुने धारणा स्थानीय जनताको थियो । माओवादीको 'रविनहुड'प्रवृत्तिले स्थानीय गरीब जनताको समर्थन बढ्दै गएको धारणा स्कटले आफ्नो समाचारमा समेत लेखेका छन् ।

कतिपयलाई छापामारहरू भने अर्कै उपग्रहबाट आएका र हेर्दै डरलाग्दा हुन्छन् भन्ने लाग्न सक्छ । अझ यी गाउँमा कार्यक्रम गरी भाग्दै जंगलमा लुक्छन् भन्ने पनि लाग्छ । तर, मैले गाउँमा देखेको केही आमसभाका आधारमा उनीहरू त्यहाँ लामो समयसम्म पनि बस्छन् । आवश्यक तयारी गर्छन् । आमसभा गर्दा पनि निस्फिक्री भएर गर्छन्, जसरी कांग्रेस, एमालेले आमसभा गर्छन् । मञ्चको साजसज्जा, व्यवस्थापन, माइकिङ सम्पूर्ण काम स्वाभाविक रूपमा भइरहेको हुन्छ । स्थानीय जनताबाट जिल्ला प्रशासन पूरै अलग थलग भइसकेको कारण आमसभा हुने सुइको नै पाउँदैन । हामीले स्थानीय बाह्रबिसे बजारमा थाहा पाइसकेको कुरा बजारका धेरै

मानिसले थाहा पाइसके पनि प्रहरीको हस्तक्षेप हुन सकेन । त्यसो त माओवादी स्वयंले शंका गरेका केही व्यक्ति समेत आमसभामा आएका रहेछन् । छापामार कमाण्डरलाई यो कुरा थाहा पनि भएछ । तर, उनले कार्यक्रम हेरेर जान दिन आफ्ना कार्यकर्तालाई भनेछन् । आखिर यो खबर जिल्ला सदरमुकाम पठाउनु पनि त छ ।

छापामारहरू लेखपढ गर्न निकै रूचि राख्छन् । शहरबाट कुनै व्यक्ति आएको छ भने उसँग पत्रपत्रिका माग्छन् । एक दुई पटक गइसकेको व्यक्तिले पत्रिका पुस्तक कोसेली लगिदिन्छ । उनीहरू पत्रकारका सबैजसो समाचार र लेखका बारेमा कुरा गर्न सक्छन् । सिन्धुपाल्चोकका माओवादी छापामार नेताहरूले बीबीसी र कान्तिपुर एफएम आफूहरूले सुन्ने गरेको बताए । रेडियो नेपालका समाचारलाई भने उनीहरू उल्टो किसिमले बुझ्न प्रयास गर्दा रहेछन् ।

भोलिपल्ट बिहान हामी हिड्ने बेलामा माओवादी छापामार कमाण्डरले नास्ता खाएर जान आग्रह गरे । तर, बिहानै ओरालो झर्न पाए शीतल हुने हामीले बतायौं । तैपनि सँगै चिया खाएर झर्ने बेलासम्ममा बिहान घर्किसकेको थिएन । स्कट भने त्यहीं बसिरहन पाए हुन्थ्यो जस्तो गरिरहेका थिए । यी मान्छेहरूको सादापन र हार्दिकताले उनलाई पगालिरहेको थियो । फर्किने बेलामा छापामार कमाण्डरले हामीलाई बाटो खर्च दिन चाहे । मैले त्यसलाई अस्वीकार गरें । मैले स्कटलाई उनीहरूको कुरा सुनाएँ, उनले पैसा माग्लान् भन्ने सोच विपरीत दिन खोजेकोमा अनौठो मान्दै स्कटले प्रतिक्रिया गरे, 'सो सुइट ।'

हामी फर्कनै लागेको बेलामा फेरि हामीलाई एकछिन रोकिन पर्‍यो भन्ने कमाण्डरले बताए । दश मिनेटपछि हामी बाटो लाग्यौं । माओवादी छापामार, कमाण्डर सम्पूर्ण हामीसँगै आए । हामीप्रति पूरै भीआइपी व्यवहार भइरहेको थियो । चउरमा हरियो ड्रेस लगाएका तीन सयभन्दा बढी माओवादी सेनाहरू पंक्तिबद्ध भएर बसेको हामीले देख्यौं । हामी नजिकै पुगेपछि सेनाको अगाडि पंक्तिबद्ध भएर उभिन भनियो । त्यसै गरियो ।

माओवादी सैनिक कमाण्डरले प्लाटुनलाई आदेश दिए, 'प्लाटुन्स, समाचार संकलनका लागि आउनु भएका पत्रकारहरूलाई लाल सलाम अर्पण गर्ला ।' एकै चोटी बन्दूक झर्‍याप्प गरेको आवाज आयो । उनीहरूले मुठी उचालेर लाल सलाम गरे । हामीले बरू लाल सलामको जवाफ फर्काउन जानेनौं ।

त्यसपछि हाम्रो अघि पछि आठ-आठ जना छापामार सेनाका महिला तथा पुरूष सदस्य बन्दुक सहित निकै तलसम्म 'स्कोटिङ' गर्दै पुर्‍याउन आए । चौतारीनिर एक हुल महिलाहरू घाँस दाउराका भारी ल्याएर सुस्ताइरहेका थिए । उनीहरूको सिउँदोको सिन्दुर पसिनाले भिजेर गालासम्म आइपुगेको थियो ।

हामीले त्यहाँबाट बिदाइको हात हल्लायौं । फेरि उनीहरूले मुठी उठाएर हार्दिकतापूर्वक अभिभावदन गरे । स्कट भने खुशीले त्यसै त्यसै फुलिरहेको थियो । उसको अनुहारमा सन्तुष्टीको उज्यालो फैलिइरहेको थियो । एउटा अमेरिकी पत्रकारले पाएको यो भन्दा ठूलो सम्मान के हुन सक्थ्यो र ?

मैले पहिलो पटक ठूलो संख्यामा छापामार पंक्तिलाई भने रूकुमको गाउँमा देख्न पाएको थिएँ । रिपोर्टिङको सिलसिलामा त्यहाँ पुगेका बेला मैले नै स्थानीय व्यक्तिहरूसँग आफू काठमाडौंबाट आएको हुनाले भेटघाट गर्नका लागि माओवादी छापामार नेताहरूलाई भेट्ने इच्छा व्यक्त गरेको थिएँ । मैले राति स्थानीय किसानका घरमा सुत्दा राखेको आग्रह पूरा हुने विश्वास मलाई पनि थिएन । त्यसैले भोलिपल्ट मेरा साथीहरूसहित हामी धेरै, तीन घण्टाभन्दा टाढा पुगिसकेका थियौं । एकजना गाउँले हामीलाई निम्तो लिएर आए । हामी फेरि फर्क्यौं ।

हामीलाई कुनै एउटा गाउँसम्म ती गाउँलेले डोर्‍याए । हामी किसानको एउटा घरमा पुगेपछि त्यहाँ बस्न भनियो । ती अर्कै गाउँका व्यक्तिले त्यस घरको भैसीको रेखदेख गरे । घाँस पानी गरे । एकैछिन पनि खाली नबस्ने र आफ्नै सम्झेर अरूको घरमा पनि काम गर्ने संस्कृतिको विकास भएको अनुभव मलाई भयो ।

एउटा बैठक हलजस्तो घरमा हामी बसिरहेको बेला एक जना महिला मकै र मोइ लिएर आइन । नजिकै आएर उनले हामीप्रति टिठलाग्दो गरी हेरेर भनिन्, 'तपाईंहरूलाई यहाँ किन ल्याएको हो, केही गर्ने हुन् कि ?' मैले भनें, 'धन्दा मान्नु पर्दैन दिदी हामी आफैंले इच्छा राखेर भेट्न खोजेको हो ।' उनले फेरि भनिन, 'त्यसो भए मैले भनेको उनीहरूलाई नभन्नु है ।' उनले सोधेको कुरा भन्ने कुरा पनि थिएन ।

एकै छिनमा छापामार सेनाहरू आइपुगे । नेता तथा कार्यकर्ता र स्थानीय किसान सहितको त्यो सानो सानो आमसभाजत्तिकै थियो । तर, त्यो पत्रकार सम्मेलन थियो । सम्भवतः माओवादी क्षेत्रमा गरिएको त्यो पहिलो पत्रकार सम्मेलन थियो । त्यसअघि प्रेसका लागि भनेर त्यस्तो कार्यक्रम आयोजना गरेको मलाई थाहा छैन । त्यसकारण मैले कान्तिपुरमा लेखेको थिएँ- 'माओवादी लडाकुहरूको बीचमा एउटा पत्रकार सम्मेलन ।'

मैले चिनीयाँ र रूसी क्रान्तिकालीन साहित्य पढ्दा जनसेनाहरूको कामकारवाही बारेका रोमाञ्चक अनुभूति लिन पाएको भए पनि आफ्नै आँखाले बन्दूक बोकेर लडाइंका लागि तयार मानिस देख्न पाएको थिइँन । त्यहाँ उनीहरूले माला लगाएर हाम्रो स्वागत गरे । अनि नेताले भाषण गरे, 'काठमाडौंबाट खारा देखिँदैन, त्यसैले खारा हेर्न आउनु भएका तपाईंहरूलाई स्वागत छ ।'

फर्कने बेलामा उनीहरूले पंक्तिबद्ध भई हामीलाई बिदाई गरेका थिए । अझ उनीहरूले त्यहीं बस्न आग्रह समेत गरेका थिए । फर्कने बेलामा बाटो खर्च दिन समेत सेना कमाण्डर तयार भए । हामीले खर्च भने लिन अस्वीकार गर्‍यौं । हतियार सहितका सेना पुर्‍याउन पठाइदिने आदेश कमाण्डरले दिए । तर हामीले सेनासँग जाँदा खतरा हुने भएकोले आफूमात्रै जाने बतायौं । खाराबाट फर्केको पनि डेढ वर्ष हुन थालिसकेको छ । तर, त्यो सम्झना भने अझै ताजा छ ।

माओवादी सेना पनि मानवीय कमजोरीबाट मुक्त होला भन्ने मलाई लाग्दैन । तर, उनीहरूसँग छोटो समयका लागि भएको भेट र उनीहरूले प्रेससंग गरेको व्यवहार भने उल्लेखनीय छ । भोलि उनको शासन आयो भने कस्तो व्यवहार हुन्छ, अहिले भन्न सक्ने कुरा भएन । उनीहरूसँग लामो संगत नगरी सबै कुरा थाहा हुन सक्दैन । तर, उनीहरूमा 'गर या मर'को भावना पर्याप्त छ । टाउकोमा कात्रो बाँधेर उनीहरू हिँडिरहेका छन् । ❑



फोटो : गुणराज लुइँटेल

*मैले चिनीयाँ र रूसी क्रान्तिकालीन साहित्य पढ्दा जनसेनाहरूको कामकारवाही बारेका रोमाञ्चक अनुभूति लिन पाएको भए पनि आफ्नै आँखाले बन्दूक बोकेर लडाइँका लागि तयार मानिस देख्न पाएको थिइँन ।*



— सभास्थल : तयारीको क्रममा

# यस्तो छ सामुदायिक बन स्वाहा पार्ने संशोधन विधेयक




*राष्ट्रिय स्तरको विरोध कार्यक्रमअन्तर्गत अधिराज्यका विभिन्न जिल्लाका सामुदायिक बन उपभोक्ताहरू काठमाण्डौको सडकमा विरोध प्रदर्शन गर्दै*

डा. नारायणकाजी श्रेष्ठ/दिलराज खनाल

"टोनी हेगन जस्ता विद्वानले यति सम्म ठोकेर भने कि नेपालको सम्पूर्ण विकास प्रकृयामा सामुदायिक बनको जस्तो प्रकृया अपनाएमा नेपाल पनि स्वीट्जरल्याण्ड जस्तै बन्न सक्छ (हिमाल, आषाढ १-१५, २०५६)।

यस्तै नेपाल सामुदायिक बनको देश र सामुदायिक प्रकृयाको पाठशालाको रूपमा चिनिन थालेको कुरा धेरैजसो नेपालीहरू र झरीपानी नभनी दश नङ्ग्रा खियाएर मासिइसकेका उजाड बनहरूलाई हरिया बनाउने उपभोक्ताहरूको लागि गौरवकै कुरा हो।

## *बन बिनाश र संरक्षणको इतिहास*


नेपालको बन क्षेत्रले शाहकालदेखि नै विडम्बनापूर्ण इतिहास भोग्दै आउनुपरेको छ। स्थानीय उपभोक्तामा निहित स्थानीय स्रोतको व्यवस्थापन र उपभोगको अधिकार खोसेर आफ्ना आसेपासे, भाइ-भारदार, तथा विजित क्षेत्रका ठूलाबडालाई बिर्ता, जागीर, जमिन्दारी, किपट आदिको नाममा बन क्षेत्र बाँड्ने प्रकृया शुरूवात भयो। राणाकालमा आएर यस प्रकृयाले बढी उग्र रूप लियो। राणाका सन्ततिहरूले थुप्रै बन क्षेत्र बिर्ता र जमिन्दारीको रूपमा आफ्नो कब्जामा लिए, तराईका बनका बहुमूल्य काठलाई भारततर्फ निकासी गरेर आफ्नो ढुकुटी भरे। काठमाडौं उपत्यका वरिपरिका बनलाई सखाप पारेर आफ्ना दरवारहरू बनाएर र शिकारका नाममा बन्य जन्तुहरू पनि मासे।

२००७ सालमा राणा शासन खतम भएपनि प्रशासकहरूले बन क्षेत्रमा त्यसवेला बसेको नोकरशाह प्रणालीलाई जीवित मात्रै राखेनन्, बरू त्यसलाई निरन्तरता दिंदै राजनीतिज्ञ, ठेकेदार र गाउँका ठूलाबडाहरूको मिलोमतोमा बन मास्ने प्रकृया जारी नै राखे। तर चलाखीपूर्ण तरिकाले बन बिनाशका मुख्य कारकको रूपमा दोष जति सबै घाँस दाउरा गर्ने सामान्य जनतामाथि थोपरियो।

२०१३ सालमा गरिएको निजी बनको राष्ट्रियकरणले त देशको धेरै बन क्षेत्र आवादी जग्गाको रूपमा परिणत भयो। पछि पचायतकालमा तिनै व्यक्तिहरूले, जसको बन क्षेत्र राष्ट्रियकरण भएका थिए, पंचायती बन र पचायत संरक्षित बनको रूपमा केही अधिकार पाए। त्यसपछि बनमा बन कर्मचारी र पन्चहरूको द्वैध शासनको शुरूआत भयो। उनीहरूकै मिलिमतोमा बिकास निर्माणको आडमा, सुकुम्बासी र राजनैतिक पीडितहरूलाई बसोवास गराउने नाममा बनको बिनाश प्रकृयालाई निरन्तरता दिइयो। त्यसैले २०२१ सालसम्म ४५ प्रतिशत क्षेत्रमा बन रहेकोमा २०४१ तिर आएर यो ३७ प्रतिशतमा झर्न पुग्यो र हाल आएर २९ प्रतिशत मात्र बन क्षेत्र बाँकी रहेको छ। त्यसैले २०२४।२५ सालतिर बन क्षेत्रमा संलग्न पश्चिमी देशका विशेषज्ञहरूले सन् २००० सम्ममा हिमालयको देश नेपाल मरूभूमि बन्न सक्नेछ भन्ने चेतावनी दिन शुरू गरे। फलस्वरूप विभिन्न देशबाट रूख लगाउन, नर्सरी बनाउन, बेर्ना उत्पादन गर्न, तारबार गर्न थुप्रै ऋण तथा अनुदानहरू ओइरिन थाले। केही क्षेत्रहरूमा ती ऋण र अनुदानको केही हदसम्म उपयोग भए तापनि धेरै ठाउँमा कागजमा मात्र दुरूस्त राखियो भन्ने गुनासाहरू हालसम्म पनि सुन्न पाइन्छन् नै।


उपरोक्त प्रकृयाले बन र स्थानीय जनताहरू विच रहेको अन्योन्याश्रित सम्बन्ध र उपभोक्ताहरूको बन तथा वातावरण जोगाउने प्रतिवद्धतालाई कम गराएर स्थानीय उपभोक्तालाई आफ्नो श्रोतबाट टाढा गराउने र बन कर्मचारीलाई "बनको राजा" बनाउने काम शुरू गर्‍यो। भइरहेको स्थानीय संयन्त्र र संस्थालाई भताभुङ्ग पारेर केही व्यक्तिको मिलिमतोमा विकास गरेको जस्तो देखाउन खोजेको हुनाले नै थुप्रै किसिमका विसंगतिहरूको प्रवेश भयो र थुप्रै धनराशि खर्च भए तापनि त्यसबाट बन क्षेत्रको विकासमा खासै प्रगति हुन सकेनन्। २०३३ साल तिर आएर त जिल्ला बन अधिकृतहरू नै "जन सहभागिता बिना बन जोगाउन सकिदैन" भन्ने कुराको निश्कर्ष निकाल्न बाध्य भए।

२०३५ सालमा आएको पंचायती बन र पंचायत संरक्षित बन नियमावली तथा सामुदायिक बन विकास शाखाले पनि खासै गति लिन तथा उपलब्धि देखाउन सकेन। बन माथिको अधिकार कर्मचारीमा मात्र सीमित राखेर स्थानीय उपभोक्ताहरूलाई सहभागिताको नाममा श्रमदान मात्र गराउन खोजेको हुनाले नै सफलता हात लाग्न नसकेको कुरा त्यसवेला नै छर्लङ्ग भइसकेको थियो।



डा. नारायणकाजी श्रेष्ठ

**सामुदायिक बन र संरक्षण क्षेत्र आसपासका जनताहरूले आफ्ना गाई भैंसी र भेंडा बाख्रा खुवाएर भए पनि बाघ, भालु, चितुवा जस्ता जंगली जनावर बचाएका छन्**



दिलराज खनाल

**सामुदायिक बनको कोषमा आम्दानी बढेको र त्यस्ता आम्दानीबाट सामुदायिक विकासका कामहरू भएको कारणले बन र विकासका ठेकेदारहरूलाई जलन भयो**

त्यसैले २०४१/४२ तिर आएर हालसम्मका अनुभव र सिकाइलाई ध्यानमा राख्दा बनको विकास र व्यवस्थापन भन्दा उपभोक्ताहरू सबैको आम सहमतिबाट बन संरक्षणको काम गर्न सक्षम उपभोक्ताहरूको संस्था बनाउन जोड दिनु पर्ने कुरा टड्कारो रूपमा देखिन आयो । सबै उपभोक्तामा "यो बन हाम्रो हो" भन्ने धारणाको विकास हुनु पर्ने अवधारणामा जोड दिइयो । हाम्रो बन भएकोले नियम बनाउने र निर्णय गर्ने अधिकार हामीमा मात्र छ भन्ने अनुभूति जनतामा गराउनु पर्ने र कानूनमा त्यस किसिमको व्यवस्था छ भन्ने स्पष्ट हुनु पर्ने निष्कर्ष निकालियो ।

सामुदायिक बनको रूपमा काभ्रेको टुकुचाको पाण्डे बनमा सामुदायिक बन प्रकृयाको सिकाई शुरू गरेर दोलखाको बन कर्मचारीहरूले उपभोक्तामुखी प्रचार-प्रसार र अन्तकृयाको शुरूआत गरेर टेवा दिए । पछि धनकुटाको सिलढुङ्गा सामुदायिक बनमा पुगेर सामुदायिक बन विकास प्रकृयाले केही हदसम्म फैलने मौका पायो । त्यही प्रकृया र उपलब्धिको चर्चा परिचर्चाले नै २०४२।४३ सालतिर आयोजना गरिएको प्रथम सामुदायिक बन कार्यशाला गोष्ठीमा सामुदायिक बनको प्रकृयाले स्वीकृति पाएपछि बन विकास गुरु योजनामा (२०४५/४६) सामुदायिक बनको अवधारणा सामेल गरियो र सोही अनुरूप नियम कानून बनाउने प्रकृयाको शुरूवात गरियो । यो प्रकृयामा महत्वपूर्ण कुरा के थियो भने बनको सन्दर्भमा विस्तारै-विस्तारै बढी भन्दा बढी सरोकारवालाहरूलाई सामेल गराई छलफल तथा निर्णय गर्ने, जसबाट उनीहरू आफै त्यस्ता निर्णयहरू लागु गर्न प्रतिवद्ध होउन् । सहभागितामूलक बन विकास प्रकृया लागु गर्न र उपभोक्ताहरूको आम सहमतिबाट निर्णय गराउने प्रकृया शुरूआत गर्न त्यसवेलाका नियम कानूनले अप्ठ्यारो पार्ने भएकोले त्यसबाट निकास पाउन तथा आवश्यक व्यवस्था मिलाउन बन सचिवको अध्यक्षतामा बन क्षेत्र समन्वय समिति बनेको थियो । यसमा बनसम्बन्धी सबै सरोकारवालाहरू संलग्न थिए । तर हाल उक्त बन क्षेत्र समन्वय समितिबाट संस्थापक बन सरोकारवालाहरूलाई नै हटाएर बन प्रशासनले एकलौटी रूपमा त्यसको प्रयोग गर्दै आएको छ ।

बन विकास गुरु योजनाले नेपाली बन उपभोक्ताहरूको आधारभूत आवश्यकता परिपूर्ति गर्ने, बनको सतत व्यवस्थापन, फाइदा पाउने र निर्णय गर्ने प्रकृयामा आम सहभागिता र सामाजिक- आर्थिक विकासमा टेवा दिने आदिलाई बन विकासको आधार मानेको छ । २०५५ सालमा आयोजित तेस्रो सामुदायिक बन विकास गोष्ठीले सामुदायिक बनको माध्यमबाट नेपालको गरीबी निवारणमा टेवा पुऱ्याउन सकिने परिकल्पना गरेको छ । त्यतिमात्र होइन, बनसम्बन्धी सबै सरोकारवालाहरू संलग्न रहेर बनाइएको उक्त दूरदृष्टिमा सामुदायिक बनकै माध्यमबाट समुदायमा लैङ्गिक समानता र सामाजिक न्याय, सुशासन र न्यायोचित स्थापना गर्दै बन तथा वातावरण र जैविक विविधताको संरक्षण, समुदायको संस्थागत विकास, सामुदायिक स्रोत व्यवस्थापन, सामाजिक, राजनैतिक र सांस्कृतिक सुधार एवं ग्रामीण विकसका लागि सामुदायिक बनको दिगो व्यवस्थापन गर्ने अवधारणा अगाडि सारिएको थियो ।

तर बन विकास गुरुयोजना, सामुदायिक बनसम्बन्धी नीति, समय समयमा बनसम्बन्धी सरोकारवालाहरूको व्यापक सहभागितामा बनाइएको सामुदायिक बनको दूरदृष्टि र नियम कानूनका कुराहरूलाई बन प्रशासनले लत्याउँदै आएको छ । गरीब र विपन्न स्तरका जनताको हितमा भएका राम्रा नीति, कानून र कार्यक्रमलाई जसरी पनि असफल बनाउने निहित प्रशासनिक अवधारणाको केही चाप बन प्रशासनमा पनि रहेको छ । यसको असर अहिले सामुदायिक बनको प्रकृयाले खेप्नु परेको छ ।



*तराईमा सामुदायिक बन उपभोक्ता समूहले संरक्षण गरी हुर्काएको सामुदायिक बन (मकवानपुर)*

## समस्याको शुरुवात :

◆ पुरातन धङधङ्गी

सामुदायिक बन प्रकृयाको केन्द्रबिन्दु बन क्षेत्रभन्दा उपभोक्ताको संगठन भएको हुनाले प्राविधिक रूपमा बन व्यवस्थापन गर्न केही हदसम्म दक्ष भएका तर पुलिसको जस्तो व्यवहार गरेर र उपभोक्ता थर्काएर फाइदा उठाउन खोज्ने मानसिकता भएका बन कर्मचारीहरूबाट यो काम हुन नसक्ने हुँदा उनीहरूको पुनर्ताजगी तालिम साथै अभ्यासको लागि आवश्यक व्यवस्था हुनु पर्ने थियो । तर शुरूका पुनर्ताजगी तालिमले प्रकृयामा जोड दिएर केही परिवर्तन ल्याउन सकेको भए तापनि पछि पछि गएर विषयवस्तुमा मात्रै जोड दिन थालेकोले पुनर्ताजगी तालिम त भयो, तर ताजगी आएन र अपेक्षाकृत परिवर्तन हुन सकेन । तालिमका साथै तालिमपछि गरिनु पर्ने अभ्यास पनि "ब्राह्मण वचनात तिनकम् कुश" भनेजस्तै भयो । अर्कोतिर केही बन कर्मचारीको "रूख जति हाम्रै सम्पत्ति हो" भन्ने धारणाले पनि उपभोक्तालाई संगठित हुन र उपयुक्त तरिकाले व्यवस्थापन गर्ने कुरामा अप्ठ्यारो पार्दै आएका छन् ।

◆ बाधा-अड्चनको प्रारम्भ

सामुदायिक बनको प्रकृयाले अपेक्षाकृत सफलता पाउने कुरामा शुरूमा धेरैलाई शंकै थियो होला । त्यसैले प्रारम्भमा यसको प्रकृयामा त्यति अवरोध आएन । तर जब २००० भन्दा बढी पंजीकृत उपभोक्ता समूहहरू र थुप्रै पंजीकरणका लागि संघर्षरत समूहहरूले बन व्यवस्थापन गरेर हरियाली बढाए, उपभोक्ताहरूको आवश्यकता परिपूर्ति गरे, सामुदायिक बनको कोषमा आम्दानी बढेको र त्यस्ता आम्दानीबाट सामुदायिक विकासका कामहरू भएको कारणले बन र विकासका ठेकेदारहरूलाई जलन भयो । त्यसबाट भ्रष्ट बन नोकरशाहहरूले आफ्ना भूमिकाहरू गौण हुन सक्ने संभावनालाई देखेर अनेकौं बाधा-अड्चन हाल्ने काम भयो । उपभोक्ता समूहलाई चलखेल गर्न नदिने तथा आफ्नो मुठ्ठीको माखो बनाउने तारतम्य मिलाउने कामको शुरूवात हुन थाल्यो । यस प्रकृयाको शुरूवात तराईको बन उपभोक्तालाई नदिने षड्यन्त्रका साथ

अगाडि बढ्यो । बरू बन प्रशासकहरू विदेशी काठ कम्पनीलाई बन सुम्पेर "तर मार्ने" दाउतिर लागे । यसरी बारा जिल्लाको बन विदेशी कम्पनीलाई सुम्पन खोज्दा उपभोक्ताहरू र जनप्रतिनिधिहरूबाट ठूलो प्रतिरोध आएपछि जसरी भए पनि तराईका अमूल्य रूखहरू आफ्नो पकडबाट छोड्न नचाहने तत्वहरूले 'तराई बन व्यस्थापन कार्य योजना' तथा बन्य जन्तुहरूको उन्मुक्त विचरणको धारणा ल्याएर देश र जनतालाई भुक्याउने प्रयास गर्दै आएका छन् । त्यति मात्र नभई तराईको जंगल मास्ने "पहाडियाहरू" नै जंगल वरिपरि बसेका हुनाले सामुदायिक बन दिएमा स्थानीय तराइवासीहरू अधिकारविहीन हुन जाने लंगडो तर्क पनि अघि सारिदैछ । यस्ता तर्क निकाल्नेले हाल तराइवासीलाई अधिकार सम्पन्न गर्न के गर्दै आएका छन् त ?

> *बन प्रशासकहरूलाई अत्यन्त धेरै स्वविवेकीय अधिकारहरू प्राप्त हुनेछन् । स्थानीय सरकारहरूको अधिकार कटौती हुनेछन् । यसबाट बन संपदामाथि लूट मच्चाउने बाटो ती प्रशासकहरूलाई प्राप्त हुनेछ ।*

◆ **बन ऐनमा संशोधन :**

सामुदायिक बन सम्बन्धी कानूनमा भएका अधिकांश व्यवस्थाहरू समूहलाई शक्तिशाली बनाउने खालका भएकोले समूहले चोरलाई सजिलै शूली चढाउन सक्थे । प्राविधिक विद्या पढेर पनि त्यसलाई तिलान्जली दिई प्रशासनिक र कानूनी रबैया चलाउदै आएका बन प्रशासकहरूले आफ्नो खाईपाई आएको खानपीन र खानदानी अधिकारको पुनरूत्थान गर्न भरमग्दूर प्रयास गरेर बन ऐनमा २०५५ सालमै पहिलो संशोधन गराइछाडे । फलतः बन पैदावारका चोरहरू चौतारीमा रमाउन थालेका छन् । चौतारीमा भेला भई छलफल गर्ने साधु जस्ता सोभा साभा बन उपभोक्ताहरूलाई फेरि शूली चढाउन शुरू गरियो । त्यतिले मात्र नपुगी सिङ्गो बन ऐनमा नै संशोधन गरेर बनमाथि पुनः प्रशासकहरूकै एकलौटी अधिकार कायम राख्न अनेकौं तिगडम र जालभेलहरू अपनाइएका छन् । यस्ता रवैया र प्रवृत्तिहरूको फेहरिस्त निकै ठूलो छ ।

◆ **गाईमारी गधा पोषण :**

नेपालको बन सम्पदा जोगाउने एकमात्र शक्ति भनेका जनताका संगठित समुदायिक बन उपभोक्ता समूहहरू नै हुन् । त्यतिमात्र होइन, जनताले जंगल जोगाएकै कारण अब लोपोन्मुख बनस्पतिको पनि विकास भएको छ भने चराचुरूङ्गी र जंगली जीवजन्तुको पनि वृद्धि भएको छ । बन तस्करहरूले बिनाश गरेका जंगली जनवारहरूको वासस्थानको रक्षा पनि गाउलेले नै गरेका छन् । सामुदायिक बन र संरक्षण क्षेत्र आसपासका जनताहरूले आफ्ना गाई भैसी र भेडा बाखा खुवाएर भए पनि बाघ, भालु चितुवा जस्ता जंगली जनावर बचाएका छन् । आफ्नो खेत-बारीको बालीनाली र बगैचाका फलफूल खुवाएर जनताले नै हात्ती गैडा बचाएका छन् । यसरी जनताले हुर्काएका जंगली जनावारमाथि बन प्रशासकहरूको नै नियन्त्रण कायम गर्न अधिराज्यभरि जैविकमार्ग स्थापना गर्ने र हैकम चलाउने हल्ला मच्चाइएको छ । जनतालाई निराश गराइएको छ । पूर्वाधारबिना नै संरक्षण क्षेत्र स्थापना गर्ने हल्लाले ब्यापक बन बिनाश निम्त्याएको छ । यसरी बन, वातावरण र जैविक विविधता जोगाउने जनतालाई नै बेवास्ता गरेर आफ्नो निहित पक्ष पोषण गर्ने खालका नीति नियम र कार्य योजनाहरू निर्माण गर्ने प्रकृयालाई तीव्र पारिएको छ । देशी विदेशी धनीमानीलाई निकुन्जमा निर्वाध विचरण गर्न छुट छ । त्यहाँभित्र निकुन्ज प्रशासनको एकलौटी हालीमुहाली चल्छ तर निगुरो, साग र सिस्नो टिप्ने जनतालाई यातना हुन्छ । वास्तवमै नियालेर हेर्ने हो भने बन तथा निकुन्ज प्रशासनबाट अनाहकमा थुप्रै जनताको मानव अधिकारहरूको उलङ्घन भइरहेको छ । तर यसतर्फ किन कसैको चासो छैन ? यो एउटा यक्ष प्रश्न बनेको छ ।

◆ **भाजो हाल्ने प्रवृत्ति :**

नेपाली जनताहरू र खासगरी ग्रामीण समुदायले आ-आफ्ना गाउँबस्ती छेउका बनहरूलाई निरन्तर रूपमा सामुदायिक बन बनाउन चाहन्छन् । तर जनताको यो भाबनामा विभिन्न किसिमले भाँजो हाल्ने काम गरिदै आएको छ । वर्तमान विश्वका सबै मुलुकले स्वीकार गरेको सदाचार पद्धति (सु-शासन) र कानूनको शासनलाई बेवास्ता गर्ने प्रशासनिक मिचाहा प्रवृत्तिले सामुदायिक बनको प्रकृयामा नै प्रहार गरेको छ । यसका अलावा समय समयमा अनेकौं गैर कानूनी निर्णयहरू गरेर उपभोक्ता समूहहरूमाथि जबरजस्ती लादिएको छ । विकेन्द्रिकरण र सहभागितामूलक प्रजातन्त्रमा आधारित सामुदायिक बनको प्रकृयामा केन्द्रिकृत र व्यक्तिगत निर्णय थोपरेर सामुदायिक बनलाई नै विषाक्त बनाउने प्रयास भएको छ ।


यसै सिलसिलामा बन ऐन २०४९ मा दोस्रो संशोधन प्रस्ताव अगाडि सारिएको छ । यद्यपि यो प्रस्ताव एक्कासी आएको चाहिँ होइन । यस प्रस्तावमा उल्लिखित व्यवस्थाहरू सामुदायिक बनलाई विषाक्त किसिमले कुरूप बनाउने सिलसिलामा यस भन्दा अगाडि गरिएका कैयौं प्रशासनिक निर्णयहरूलाई जबरजस्ती वैधानिकता दिलाउने प्रयासका नमूना हुन् ।

## प्रस्तावित बन ऐन संशोधन विधेयक

नेपालको बन सम्बन्धी वर्तमान नीति र कानूनले बन सम्पदामा स्थानीय जनताको अधिकार हुने गरी सामुदायिक बनको व्यवस्था गरेको छ । यो कुरा यस क्षेत्रमा काम गर्ने सर्वसाधारण बन उपभोक्ताहरूदेखि उच्च स्तरका बन विशेषज्ञहरूलाई समेत थाहा छ । तर बन सम्पदाहरूमाथि जनताको अधिकार रहने यस्ता कानूनी व्यवस्थाहरूसँग हाल बन प्रशासनको उच्च ओहदामा रहेका केही व्यक्तिहरू असहमत छन् । किनकि बनमा सामुदायको स्वामित्व र अधिकार रहँदा भ्रष्ट प्रशासकहरूले मनपरी गर्न पाउँदैनन् । सामुदायिक बनबाट स्थानीय जनताहरूले उनीहरूको भ्रष्ट क्रियाकलापमा नियन्त्रण गर्न पाउँछन् । तसर्थ उनीहरू हालको बनसम्बन्धी कानूनमा संशोधन गरेर बन सम्पदामाथिको समुदाय र जनताको अधिकारलाई कटौती गर्दै आफ्नो गुमेको पुरानो स्वविवेकीय अधिकारको पुनर्स्थापन गर्न चाहन्छन् । त्यसैले केही बन प्रशासकहरूले आफ्नो हित अनुकूल वर्तमान बन ऐन २०४९ मा दोस्रो संशोधन प्रस्ताव ल्याउन तयारी गरिरहेका छन् । यसका लागि २०५५ सालमा बन ऐनमा पहिलो संशोधन गर्दाजस्तै जनतालाई भुक्याउने प्रकृयाहरू अपनाईएको छ । संसद समक्ष ल्याउन खोजिएको उक्त संशोधन प्रस्ताव पारित भएमा निम्न अवस्थाको सृजना हुने कुरा प्रायः निश्चित नै छ ।

१. प्रस्तावित संशोधन विधेयकमा तराई, चुरे र भित्री मधेशमा रहेका बनलाई "चक्ला बन"को रूपमा परिभाषित गरिएको छ । यस्ता चक्ला बन क्षेत्रहरू श्री ५ को सरकारले व्यवस्थापनका नाममा आफ्नो नियन्त्रणमा राख्नेछ । तराई, चुरे र भित्री मधेशमा रहेका बनहरू सामुदायिक बनको रूपमा

> *चौतारीमा भेला भई छलफल गर्ने साधु जस्ता सोभा साभा बन उपभोक्ताहरूलाई फेरि शूली चढाउन शुरू गरियो । त्यतिले मात्र नपुगी सिङ्गो बन ऐनमा नै संशोधन गरेर...*



*बनमाथिको जनताको अधिकार कटौती गर्न लागिएकोमा विरोध जनाई जिल्ला बन कार्यलयमा उपभोक्ता समूहहरूको धर्ना (झापा)*

हस्तान्तरण हुने छैनन् । यस क्षेत्रमा रहेको बन र बस पैदावारका परिचालनसम्बन्धी सम्पूर्ण प्रकृयाहरूमा बन प्रशासकहरूलाई अत्यन्त धेरै स्वविवेकीय अधिकारहरू प्राप्त हुनेछन् । स्थानीय सरकारहरूको अधिकार कटौती हुनेछन् । यसबाट बन संपदामाथि लूट मच्चाउने बाटो ती प्रशासकहरूलाई प्राप्त हुनेछ । परन्तु, सर्वसाधारण जनताहरू आफ्ना आवश्यक बन पैदावारका लागि बन कार्यालयको निगाहमा भर पर्नु पर्नेछ । यसले जनतालाई अवैध र गैन कानूनी कार्य गर्न बाध्य तुल्याउने छ । *(हेर्नुहोस् दफा २, २२४, २२५ र २२६ थप)*

२. अब उप्रान्त तराई, चुरे र भित्री मधेशको हकमा चक्ला बनबाट छुट्टै रहेका खाली, पर्ति, बुट्टयान तथा टुक्राटुकी बनमात्र सामुदायिक बनको रूपमा हस्तान्तरण हुनेछन् । यस्ता बनका काठ-दाउराहरूको पनि उपभोक्ता समूहरूले स्वतन्त्र रूपमा मूल्य निर्धारण गर्न पाउने छैनन् । काठ-दाउरा विक्रीबाट प्राप्त रकम मध्येको ४० प्रतिशत रकम स्थानीय निकायका नाममा बन कार्यालयलाई बुझाउनु पर्नेछ । ४० प्रतिशत रकम स्थानीय निकायका नाममा बन कार्यालयलाई बुझाउँदा स्थानीय उपभोक्ता समूहमा ५-१० प्रतिशत सम्म पनि बचत रहने छैन । यसले गर्दा उपभोक्ता समूहहरूमा बन व्यवस्थापन गर्ने उत्साह हराउने छ र सामुदायिक बनको माध्यमबाट हुँदै आएका सामुदायिक विकासका कामहरू पूर्ण रूपमा अवरूद्ध हुनेछन् । *(हेर्नुहोस् दफा २५.३ र २५.४ थप)*

३. बन तथा भू-संरक्षण मन्त्रालयद्वारा सामुदायिक बनप्रति पूर्वाग्रही भएर बनाइएको नेपाल जैविक विविधता कार्ययोजना (Nepal Biodiversity Action Plan–NBAP) अनुसार नेपालका राष्ट्रिय निकुन्ज, बन्यजन्तु/शिकार आरक्ष र संरक्षण क्षेत्रहरूलाई एक आपसमा जोडी जैविक मार्ग (Cooridor) बनाउने योजना अगाडि ल्याई त्यसलाई जबरजस्ती कार्यान्वयन गर्न लागिएको छ । यसरी निकुन्ज, आरक्ष र संरक्षण क्षेत्रहरूको विस्तार गर्दा अधिकांश सामुदायिक बनहरू त्यस्ता निकुन्ज, आरक्ष र संरक्षण क्षेत्रहरूमा पर्न जानेछन् । त्यस्तै यी क्षेत्रहरूमा यसभन्दा अगाडि हस्तान्तरण भएका सामुदायिक बनहरू पनि निकुन्ज, आरक्ष र संरक्षण क्षेत्र घोषणा भएपछि स्वतः निकुन्ज, आरक्ष र संरक्षण क्षेत्रमा परिणत हुनेछन् । जनताले हुर्काएको बनमा निकुन्ज र बन प्रशासनको एक्लौटी हालिमुहाली चल्नेछ र संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली २०५७ अनुसार जनता अनिवार्य श्रमिक बन्नु पर्ने र कर्मचारी मालिक बन्नेछन् । *(हेर्नुहोस् दफा २५.५ थप)*

४. प्रस्तावित संशोधन विधेयकमुताविक अधिराज्यभरका सामुदायिक बनको दर्ता, निरीक्षण, मूल्यांकन, नविकरण, संशोधन र बन फिर्ता लिने वा नलिने भन्ने जस्ता कुराहरू अब जिल्ला बन अधिकृत र क्षेत्रीय बन निर्देशकको स्वविवेकमा निर्भर रहनेछन् । यसले सामुदायिक बनमा समेत अदृश्य शोषण र समूहलाई हतोत्साहित गर्ने परिपाटी बस्नेछ । बन हस्तान्तरण भएको ५ वर्षसम्म कार्ययोजनामा संशोधन गर्न पाइने छैन । कार्य योजना संशोधनका लागि क्षेत्रीय बन निर्देशकको अनुमति लिनुपर्ने छ । यसले गर्दा दुर्गम क्षेत्रका स्थानीय उपभोक्ता समूहहरूले आवश्यकतानुसार र समयानुकुल बन कार्ययोजना संशोधन गर्न नसकी सामुदायिक बन विकास प्रकृया नै अवरूद्ध हुनेछ । *(हेर्नुहोस् दफा २५.६ थप र २६ मा संशोधन)*

५. सामुदायिक बनका सबै प्रकृयाहरू कबुलियती बनको हकमा पनि लागु हुनेछन् । यसले गर्दा कबुलियत बनको प्रकृयामा गरिव, असहाय र असाक्षरहरूको पहुँच हुनेछैन, तर ठूलाबडा र पहुँचवालाहरूको मात्र बोलवाला चल्नेछ । *(हेर्नुहोस् दफा ३१, ३२, ३४, ४२, ४४, ४५ संशोधन)*

६. जिल्ला बन अधिकृतले स्थानीय जनतालाई बनसम्बन्धी मुद्दामा ५ लाख रूपैया वा ४ वर्षसम्म कैद वा दुवै सजायँ गर्न पाउने छन् । यसप्रकार दण्डको भयद्वारा बन संरक्षण गर्न सकिन्छ भन्ने पुरातनवादी धारणाको पुनरावृत्ति गरी गरीव उपभोक्ताहरूलाई त्रासको वातावरणमा जकडिराख्ने कुटिलता प्रस्तावित विधेयकमा अपनाइएको छ । *(हेर्नुहोस् दफा ५० मा संशोधन)*

७. प्रस्तावित विधेयकमा पानी पनि बन पैदावारको परिभाषाभित्र पारिएको छ । फलस्वरूप अब जि.वि.स. र गा.वि.स.को स्वीकृतिबाट सोझै उपभोक्ताहरूले पाइरहेको पानीको उपभोग गर्न पनि बन कर्मचारीसँगै खुसामत गर्न पर्ने बाध्यता सृजना हुनेछ । *(हेर्नुहोस् दफा २. ग ३. संशोधन)*

> *जिल्ला बन अधिकृतले स्थानीय जनतालाई बनसम्बन्धी मुद्दामा ५ लाख रूपैया वा ४ वर्षसम्म कैद वा दुवै सजायँ गर्न पाउने छन् । यसप्रकार दण्डको भयद्वारा बन संरक्षण गर्न सकिन्छ भन्ने पुरातनवादी धारणाको पुनरावृत्ति गरी.....*

## *विचारणीय पक्षः*

बन प्रशासकहरूद्वारा तयार गरिएको उक्त संशोधन प्रस्तावलाई कानूनको रूपमा परिणत गरिएमा नेपालले विश्वमा सामुदायिक बनको देश भनेर कमाएको ख्याति समाप्त हुनेछ । नेपालको दिगो बन व्यवस्थापनका सन्दर्भमा स्थानीय समुदायले शुरू गरेको प्रजातान्तिक अभ्यास, राज्यले अवलम्बन गरेको विकेन्द्रिकरण र सुशासनको सिद्धान्त, स्थानीय स्वायत्त शासनको अवधारणा, विकास प्रकृयामा अधिकारसहितको जनसहभागिता जस्ता कुराहरू अर्थहीन मात्र होइन कि नामेट नै हुनेछन् । यसले गर्दा नेपालमा बन बिनासको प्रकृया पुनः शुरू हुनेछ । यसबाट निस्कने परिणाम के हुन सक्छ ? - हामी सबैले सोच्नु पर्ने भएको छ ।

## *निष्कर्ष :*

जुनसुकै विषयको पनि नीति, कानून र कार्यक्रमहरू समयानूकुल र आवश्यकताअनुसार संशोधन हुनुपर्छ भन्ने कुरा स्वभाविक हो । तर यसका पनि खास प्रकृयाहरू छन् । यस्ता बिभिन्न प्रकृयाहरूमध्ये प्रजातान्त्रिक प्रक्रिया भनेको प्रस्तावित व्यवस्थाहरू उपर सार्वजनिक बहस चलाउनु नै हो । जस्तो कि नारीहरूको सम्पत्तिको सवालमा मुलुकी ऐन संशोधन गर्नका लागि प्रस्ताव गरिएको विधेयकमा त वर्षौंसम्म सार्वजनिक बहस चलिरहेको छ भने बन-जगंल, पानी तथा जमिन जस्ता सार्वजनिक चासो र सरोकारका विषयमा नयाँ कानून बनाउँदा त्यस उपर सार्वजनिक छलफल र बहस चलाउन किन कन्जुस्याइँ ?

सार्वजनिक छलफल नचलाई सुटुक्क संसदमा पारित गराउन ल्याइने विधेयकहरू बढी खतरनाक हुन्छन् । त्यस्ता विधेयकहरूमा जनताको र देशको हितमा भन्दा पनि सिमित प्रशासनिक कर्मचारी र व्यक्ति विशेषलाई फाइदा हुने व्यवस्थाहरू गरिएका हुन्छन्, जुन प्रस्ताव/विधेयक पारित भएमा जनता र राष्ट्रलाई ठूलो नोक्सानी हुन पुग्छ । त्यसैले, प्रत्येक विधेयकलाई संसदमा पारित गर्नु भन्दा अगाडि सार्वजनिक बहसमा ल्याउनु जरूरी हुन्छ । त्यसमा पनि जल, जमीन र जंगलसम्बन्धी विधेयकहरू त विशेष महत्वका हुन्छन् । यस्ता बिषयका कानूनहरू पारित गर्दा नीति निर्माताहरूको विशेष रूपमा ध्यान आकार्षित हुनै पर्ने हुन्छ ।

जुनसुकै सवालमा पनि संभव भएसम्म सहयोग गर्ने र असंभव भएमा त्यसलाई संभव बनाउन संघर्ष गर्नु पर्ने हुन्छ । यो कुरा बन ऐन संशोधनको सवालमा पनि लागु हुन्छ । केही समय अगाडिसम्म बन प्रशासनको उच्च ओहदामा वस्ने केही बन प्रशासकहरू, सर्वसाधारण बन उपभोक्ता समूह र त्यसका प्रतिनिधिहरूसँग वार्ता गर्न त परै जावस्, भेट्न र बोल्न समेत चाहदैनथे । तर जनताले जगंलमाथिको आफ्नो अधिकार नछाड्ने देखेपछि उनीहरू केही हदसम्म नरम बन्दै आएका छन् । बन प्रशासन र बन उपभोक्ता समूहका प्रतिनिधिहरू सँगै बसेर छलफल गर्न सक्ने संभाबनाहरू बढेर गएका छन् । यसलाई सकारात्मक रूपमा लिनुपर्छ र संभव भएसम्म सहयोग गर्नु पर्ने पनि हुनसक्छ । यदी बन प्रशासनभित्र बेइमानीको नियत छैन भने बन उपभोक्ता समूहका प्रतिनिधिहरू सहयोग गर्न तयारै छन् । ❑


लेखक परिचयः

*१. डा. नारायण काजी श्रेष्ठ बिगत झण्डै २० वर्ष देखि नेपालको सामुदायिक बन विकाश प्रकृयामा संलग्न रहदैं आउनु भएको छ ।*

*२. दिलराज खनाल समूदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापन समुहहरूका लागि कानून सहयोगीको रूपमा काम गर्नुहुन्छ ।*

# केन्द्रीय न्यूक्लसको संयोजकमा मनमोहन अधिकारी छानिए



- निर्मल लामा -

वि. सं. २०२७ सालतिर म जेलबाट कसरी छुटें, अहिले सम्झना छैन । तर सम्भावना बढी के छ भने जसरी पहिले 'शान्तिपूर्वक नागरिक भएर बस्छु, उपत्यकाबाट बाहिर जान्न' भन्ने कागज गरेर छुटेको थिएँ, सम्भवतः त्यसरी नै छुटें हुँला । त्यसै त अवश्य नै छोड्दैनथ्यो । मैले त्यस्तो कागज पहिले नै गरिसकेको हुनाले पछि पनि त्यही हिसाबले म छुटें हुँला ।

त्यसपछि प्रायः सबै राजबन्दीहरू जेलबाट छुटे । सबैभन्दा अन्त्यमा कमरेड मोहनबिक्रम सिंह छुट्नु भयो । जेलभित्र कमरेड मोहनबिक्रम सिंह र मैले पार्टी संगठनको विषयमा एउटा योजना बनाएका थियौं । त्यो योजना बनाउनुअघि कमरेड मोहनबिक्रम सिंह र मेरो बीचमा नेपाली कांग्रेसका सम्बन्धमा ठूलो मतभेद भयो ।

म नेपाली कांग्रेसलाई प्रजातान्त्रिक पार्टी, राष्ट्रिय पूँजीपतिको पार्टी भन्थें । तर, कमरेड मोहनबिक्रम सिंह त्यसलाई दलाल पूँजीपतिहरू र सामन्तहरूको पार्टी भन्नुहुन्थ्यो । यस विषयमा हामीबीच महिनौं छलफल भइसकेपछि अन्त्यमा गएर कमरेड मोहनबिक्रम सिंहको विचार मलाई चित्त बुझ्यो । वास्तवमा नेपाली कांग्रेस साम्राज्यवाद र भारतीय बिस्तारवादीहरूको दलाली गर्ने पार्टी हो । त्यस्तै, त्यो पार्टी देशमा राजतन्त्रको दलाल, पूँजीपतिवर्गको र सामन्तीवर्गको प्रतिनिधित्व गर्ने पार्टी हो । तसर्थ नेपाली कांग्रेससित संयुक्त मोर्चाको प्रश्नै उठेन । यस अघिसम्म म 'नेपाली कांग्रेससित संयुक्त मोर्चा नगरिकन पंचायती व्यवस्थालाई समाप्त गर्न सकिन्न' भन्ने पक्षमा थिएँ ।

पछिआएर, पंचायती व्यवस्था खत्तम गर्नु केही समयअगाडि संयुक्त मोर्चासम्बन्धी हाम्रो त्यो पहिलेको धारणा गलत थियो भन्ने कुरा महशुस हुन आयो । मैले त्यो पहिलेको गलत धारणालाई सच्याएँ । तर कमरेड मोहनबिक्रम सिंहले भने सच्याउनु भएन ।

जेहोस्, त्यसबेलामा कांग्रेसको सम्बन्धमा गरिएको वर्ग विश्लेषणलाई लिएर हाम्रो मत एउटै भएपछि जेलभित्रैबाट कमरेड मोहनबिक्रम सिंहले लेखेको तथा मेरो सम्मति भएको एउटा दस्तावेज हामीले कमरेड पुष्पलालकहाँ पुग्ने गरी जेलबाहिर पठायौं । त्यो दस्तावेज पछि छापाखानाबाट प्रकाशित पनि भयो ।

त्यस दस्तावेजका अनुसार, पार्टी एकता गर्ने विचार कमरेड मोहनबिक्रम सिंह र मेरो थियो । म जेलबाट छुटेको केही समयपछि नै कमरेड मोहनबिक्रम सिंह पनि छुट्नुभयो । त्यस बेलामा कम्युनिष्ट पार्टीको केन्द्र बनारसमा र पुष्पलाल र तुल्सीलाल नेता भए पनि पार्टी छिन्नभिन्न अवस्थामा थियो । यथार्थमा केन्द्र थिएन । पार्टी जिल्ला-जिल्लामा बाँडिएको थियो ।

त्यतिखेर कमरेड मोहनबिक्रम सिंह र मैले पुष्पलाल, तुल्सीलाल, पार्टी केन्द्र र जिल्ला-जिल्लाका सबै प्रतिनिधिहरू लिएर एउटा संयुक्त शक्तिशाली कम्युनिष्ट पार्टीको गठन गर्ने प्रयत्न गर्‍यौं । दुर्भाग्यवस पुष्पलालहरूलाई हामीले संयुक्त पार्टीको गठन प्रक्रियामा ल्याउन सकेनौं । तर, मनमोहन अधिकारी, भरतमोहन अधिकारी, कमल कोइराला, शम्भुराम श्रेष्ठलगायत धेरै जिल्लाहरूबाट प्रतिनिधित्व हुनेगरी अन्य कैयौं कार्यकर्ताहरूसँग समेत हामीले पटक-पटक गरी भिन्न भिन्न रूपमा बसेर वार्ताहरू गर्‍यौं । परिणामस्वरूप संयुक्त कम्युनिष्ट पार्टीको केन्द्रीय न्यूक्लस गठन हुनपुग्यो । त्यसको संयोजकमा मनमोहन अधिकारी छानिए । भरतमोहन अधिकारी, कमल कोइराला, मोहनबिक्रम सिंह, शम्भुराम श्रेष्ठ, सिद्धिलाल सिंह, जिल्लाका अन्य प्रतिनिधिहरू र म त्यस केन्द्रीय न्यूक्लसमा बस्यौं ।

हामीले केन्द्रीय न्यूक्लसको बैठक बसेर निर्णय गरी त्यसमा पुष्पलाललाई पनि संलग्न गराउने भरमग्दूर प्रयत्न गर्‍यौं । त्यस कार्यको निम्ति नै हामीले कमरेड मनमोहन अधिकारीलाई पुष्पलालसँग भेट गराउने व्यवस्था मिलायौं । र, त्यसरी नै मनमोहन अधिकारी र पुष्पलालबीच भेटघाट पनि भयो । त्यो भेटघाटको कार्यक्रम बिराटनगरबाट उँता भारत सीमाभित्र फारबेजगञ्जमा सम्पन्न भएको थियो ।


मनमोहन अधिकारी र पुष्पलालबीच आपसमा भेटघाट र वार्तापछि बिस्तारै मनमोहनले केन्द्रीय न्यूक्लससित भिन्न मत राख्न थाले । केन्द्रीय न्यूक्लसको बैठकमा कमरेड मोहनबिक्रम सिंहले पार्टी कार्यक्रम, कार्यनीति र बिधान लिखित रूपमा पेश गर्नुभयो । बैठकमा त्यसबारे धेरै लामो छलफल-बहस भयो ।

छलफलको क्रममा नयाँ जनवादी सरकारको स्वरूपको विषयमा लामो बहस भयो । त्यस बहसमा खासगरी मोहनबिक्रम र मैले नयाँ जनवादी सरकारको गठन 'कम्युष्निट पार्टीको मातहत र नेतृत्वमा किसान मजदूर एकताको आधारमा हुनेछ' भन्यौं । तर, अर्कोतर्फ शम्भुराम र मनमोहनहरूले 'देशभक्त र जनतान्त्रिकहरूको प्रजातान्त्रिक सरकार'को कुरा ल्याएर मजदूर वर्गको कम्युनिष्ट पार्टीको भूमिकालाई शून्यमा पुर्‍याउने प्रयत्न गरे । यही छलफलको आधारमा हामीहरू एकमत हुन सकेनौं । र, मनमोहनहरू बिस्तारै अलग्गिन थाले । अन्ततः हामीले फेरि आपसमा बसेर छलफल गर्‍यौं र नयाँ जनवादी सरकारलाई रणनीतिक रूपमा मानेर कम्युनिष्ट पार्टी सम्मिलित भएको सरकार अथवा कम्युनिष्ट पार्टीको नेतृत्वमा गठन भएको सरकार 'देशभक्त र जनतान्त्रिकहरूको सरकार' हुनेछ भन्ने कुरामा हामी एकमत भयौं । र, हामी ने.क.पा.को चौथो महाधिवेशनको तयारीमा लाग्यौं । हामीले त्यस महाधिवेशनमा कमरेड मनमोहन अधिकारी, भरतमोहन अधिकारी र शम्भुराम श्रेष्ठलाई ल्याउने भरमग्दूर प्रयत्न गर्‍यौं ।



मनमोहन अधिकारी

**म नेपाली कांग्रेसलाई प्रजातान्त्रिक पार्टी, राष्ट्रिय पूँजीपतिको पार्टी भन्थें । तर, कमरेड मोहनबिक्रम सिंह त्यसलाई दलाल पूँजीपतिहरू र सामन्तहरूको पार्टी भन्नुहुन्थ्यो ।**




जयगोविन्द शाह

एउटा दुर्भाग्यपूर्ण घटना घट्यो

चौथो महाधिवेशनले क्रान्तिकारी दिशा समात्दैछ । यसले विदेशमा होइन, स्वदेशमै जरा गाड्दैछ । त्यसकारण पार्टीको महाधिवेशन स्वदेशी भूमिमै हुनुपर्छ भन्ने सोच लिई जनकपुर अञ्चलको तराईतिरको कुनै एक जिल्लालाई महाधिवेशनस्थल बनाउने निर्णय भयो । त्यो निर्णयपछि त्यतातिर चारैतर्फबाट प्रतिनिधिहरू हिंडन थाले ।

ठीक त्यही बेलामा मनमोहनहरूको वक्तव्य निक्ल्यो । चौथो महाधिवेशन अथवा कुनै कम्युनिष्टहरूको सम्मेलन वा भेला फलाना जिल्लामा फलाना मितिमा हुँदैछ भनेर बाहिर प्रकाशित गरियो । हामीहरू आश्चर्यचकित भयौं । भण्डै क. मोहनबिक्रम सिंह र म सल्लाह गरी हिँडिसकेका थियौं । हामीले त्यो खबर बाहिर आउनासाथ तत्काल प्रतिनिधिहरूलाई महाधिवेशन स्थलमा जान रोक्यौं । गइसकेकाहरूलाई पनि फिर्ता गऱ्यौं ।

पंचायती व्यवस्थाको क्रूर दमनको त्यस अवस्थामा र सीमित खर्चबाट काम चलाउनुपर्ने त्यस समयमा त्यस घटनाले हामीलाई धेरै गाह्रो पाऱ्यो । त्यसपछि हामीले केन्द्रीय न्यूक्लसको बैठक तुरुन्त बस्ने निर्णय गऱ्यौं । र, त्यस बैठकबाट चौथो महाधिवेशन नेपाली भूमिमा नगरी भारतको कुनै एक प्रान्तमा गर्ने निर्णय गऱ्यौं । त्यस्तैगरी, महाधिवेशनको नयाँ मिति र स्थानबारे जानकारी दिन पुनः जिल्ला जिल्लामा प्रतिनिधिहरूलाई पत्र पठायौं ।



भक्तबहादुर श्रेष्ठ

त्यसपछि निर्धारित स्थानमा निर्धारित मिति र समयमा चौथो महाधिवेशन गर्न हामीहरू भेला भयौं । अब त त्यसको मिति र स्थान बताउन कुनै अप्ठेरो नपर्ला । चौथो महाधिवेशन भएको स्थान थियो - बनारसको धर्मशाला, रेलवे स्टेशनको नजिक । धर्मशालाको नामचाहिं बिर्सें । गर्मीको बेला थियो । गर्मीले भत्भती पोल्थ्यो । पहाडबाट गएका कमरेडहरूलाई बढी नै गर्मी हुन्थ्यो । उनीहरू एउटा कट्टु मात्र लगाएर बस्थे । हिमाल, लेक र पहाडबाट गएका कमरेडहरू सबै नै गर्मीबाट असिनपसिन भए ।

तर 'पार्टी एकता हुँदैछ, अनुशासित पार्टी बन्दैछ, केन्द्रिकृत पार्टी बन्दैछ, यो पार्टीले अवश्य नै नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दछ' भन्ने कुरामा सबै कमरेडहरूको आत्मविश्वास, उत्साह, जोश र जाँगर थियो । महाधिवेशनमा कमरेड मोहनबिक्रम सिंहले आफैले लेखेको राजनैतिक प्रतिवेदन, पार्टीको सामान्य कार्यदिशा, रणनीति, कार्यनीति, पार्टीको विधान आदि पढेर सुनाउनुभयो । उहाँ यति चाँडो बोल्नुहुन्थ्यो कि त्यो हलभित्र रहेकाहरूमध्ये बानी परेकाहरू म र अन्य दुईचारजनाबाहेक अरूले बुझ्दैनथे । तर ताली लाग्थ्यो । त्यस महाधिवेशनमा त्यसरी ताली लागेर नै कमरेड मोहनबिक्रम सिंहले तयार गरेका सबै दस्तावेजहरू पारित भए । केही मात्रामा कमरेड मोहनबिक्रम सिंह स्वयंले, केही मैले र केही उहाँको कुरा बुझ्ने अन्य दुईचारजना कमरेडहरूले संशोधन र सुधार गरे । आधारभूत रूपमा उहाँका सबै दस्तावेजहरू महाधिवेशनमा एक मतले पास भए । र, यसरी नेकपाको (चौथो महाधिवेशन) गठन भयो ।

महाधिवेशनले नव गठित नेकपा (चौम)को महामन्त्रीमा कमरेड मोहनबिक्रम सिंहलाई चुन्यो । म, जयगोविन्द शाह, भक्तबहादुर श्रेष्ठ र चितवनका खम्बासिंह (काजी साहेव) गरी हामी चारजना पोलिटब्यूरोका सदस्यमा चुनियौं । त्यतिखेर भक्तबहादुर श्रेष्ठ महाधिवेशनमा उपस्थित हुनुहुन्नथ्यो । उहाँ हेटौंडामा हुनुहुन्थ्यो । त्यसैले हामीले उहाँलाई महाधिवेशन स्थलमा बोलायौं । तर उहाँ आउनु भएन । त्यसपछि कमरेड मोहनबिक्रम सिंह र म दुवै भूमिगत रूपमा खतराको सामना गर्दै हेटौंडा गयौं र भक्तबहादुर श्रेष्ठलाई भेट्यौं । भक्तबहादुर श्रेष्ठसँग हामीलाई भेट गराउन हेटौंडाका गोविन्दजीले व्यवस्था मिलाउनुभएको थियो ।

कुराकानीपछि भक्तबहादुर श्रेष्ठले उहाँ आफू चौथो महाधिवेशनको पोलिटब्यूरोमा बस्न राजी भएको बताउनुभयो । तर, त्यसको लागि उहाँकी श्रीमतीलाई मनाउन उहाँले हामीलाई अनुरोध गर्नुभयो । उहाँकी श्रीमतीलाई मनाउन हामीलाई दिनभरि नै लाग्यो । मनाउन लगाउने क्रममा भक्तबहादुरकी श्रीमतीलाई एकातिरबाट कमरेड मोहनबिक्रम सिंहले दवाव दिने र अर्कोतिर मैले दवाव दिने गऱ्यौं । कमरेड मोहनबिक्रम सिंह छिटो बोल्नुहुन्थ्यो । त्यसैले, उहाँ मोहनबिक्रमका कुरा आधामात्र बुझ्नुहुन्थ्यो । तर मेरो कुरा भने उहाँ पूरै बुझ्नुहुन्थ्यो । अन्तमा उहाँ भक्तबहादुर श्रेष्ठलाई पार्टी काममा पठाउन राजी हुनुभयो । उहाँले हामीलाई 'त्यसोभए हुन्छ, लग्नुहोला' भन्नुभयो ।

त्यसपछि हामीले भक्तबहादुर श्रेष्ठलाई बनारसमा लिएर गयौं । त्यहाँ उहाँलाई हामीले क्यासिएर तथा कार्यालय इन्चार्ज बनाएर राख्यौं । अनि मोहनजी, म, खम्बासिंह र जयगोविन्द शाह गरी पोलिटब्यूरोका हामी चारजना सदस्यहरू अलगअलग रूपमा जिल्ला-जिल्लामा खटिएर गयौं । मोहनजी विशेषगरी पश्चिमतिर खट्नु हुन्थ्यो । पूर्वतिर उहाँ कममात्र खट्नु हुन्थ्यो । सबै ठाउँमा उहाँको आवश्यकता बढी थियो ।

तर छिटो बोल्ने हुनाले उहाँको कुरा कम मात्र बुझिन्थ्यो । त्यसो भएको हुनाले म चाहिं पूर्व-पश्चिम चारैतिर सबै ठाउँमा 'बिक्ने' भएँ ।

मोहनजीले मैलेभन्दा खँदिलो कुरा राख्नुहुन्थ्यो । तर माथि उल्लेखित कारणले उहाँको कुरा मानिसहरू बुझ्दैनथे । त्यस्तो अवस्थामा मचाहिं प्रायशः उहाँको क्षेत्र पश्चिमतिर पनि जान्थें । उपत्यकामा त म छँदै थिएँ । पूर्वतिर पनि जयगोविन्दजीलाई सहयोगको लागि जान्थें । त्यस्तैगरी, अन्य केन्द्रीय सदस्यहरूमध्ये सिन्धुलीका ऋषि देवकोटा (आजाद) र सिराहा गोलबजारका इन्द्रलाललाई पनि मद्दत गर्न म जान्थें ।

इन्द्रलालको कुरा आउँदा उहाँको विषयमा एउटा कुरा भनिहालौं । इन्द्रलालको कुरालाई लिएर पार्टीभित्र मोहनजी र मेरो पहिलो मतभेद शुरू भयो । मतभेद कसरी शुरू भयो भने, गोलबजारमा एउटी 'झापाली' महिला कमरेड र एकजना पुरूष कमरेड प्रचार गर्न आए ।

इन्द्रलाल राजनैतिक र सैद्धान्तिक स्तर कम भएका कमरेड थिए । उनले पंचहरूसँग मिलेर 'यिनीहरू त झापालीहरू हुन्' भनेर गिरफ्तार गराउन पुगे । त्यस घटनापछि झापालीहरूले 'चौथो महाधिवेशन पोशाकविनाको प्रहरी हो' भनेर व्यापक प्रचार गरे ।

त्यसपछि पार्टीको केन्द्रीय समितिको बैठकमा त्यस घटनाबारे छलफल भयो । इन्द्रलालले बैठकमा आफूले उल्लिखित घटना घटाएको कुरा इमान्दारीताका साथ स्वीकारे । उनले "हो, मैले मार्क्सवाद र कम्युनिष्ट पार्टीलाई बचाउनको लागि उनीहरूलाई पक्राएर ठीक काम गरेको हुँ' भने । हामीले 'होइन, गलत भएको छ' भन्यौं । र, उनलाई हामीले केही समयको लागि वैकल्पिक केन्द्रीय सदस्यबाट हटायौं ।"

यस बारेमा बाहिर कसरी जाने ? मोहनजीले भन्नुभयो । - 'होइन भनेर जानुपर्छ' । तर मैले भनें- 'हो भनेर जानुपर्छ' । 'हो हाम्रो एकजना कमरेडले गल्ती गरेको छ । उसले आत्मालोचना गरेको छ । पार्टीले उसलाई कारवाही गरेको छ । हामीले उसलाई पार्टी केन्द्रबाट हटाइदिएका छौं ।' भनेर बाहिर जानुपर्छ भन्ने कुरा मैले गरें । तर मोहनजीले मान्नु भएन ।



शम्भुराम श्रेष्ठ

केन्द्रीय कमिटीमा मेरो कुरा मान्ने मै मात्र भएँ । अरूहरूले मोहनजीको कुरा नमान्ने प्रश्नै थिएन । मैले 'नोट अफ डिसेन्ट' लेखें । पार्टीले 'इन्द्रलालले झापालीहरूलाई पक्राएको होइन' भनेर बाहिर प्रचार गऱ्यो ।

पछिआएर पार्टी फुटिसकेपछि कुनै एउटा अन्तर्वार्तामा सन्दर्भवश मैले 'त्यतिखेर इन्द्रलालको विषयलाई लिएर पार्टीभित्र मतभेद भएको थियो । मैले 'नोट अफ डिसेन्ट' लेखेको थिएँ । पार्टीले त्यतिखेर इन्द्रलाललाई अनुशासनको कार्वाही गरेको थियो । तर, "पार्टीको केन्द्रीय कमिटीको बहुमतले बाहिर 'होइन' भनेर जाने टुङ्गो लगायो ।"भनेर मोहनजीको नाम उल्लेख नै नगरी बोल्दिएँ । त्यसपछि मोहनजीले पनि 'हो' नै भनेर बोल्नुभयो । मलाई खुशी लाग्यो । मोहनजी जस्तो कट्टर व्यक्तिले "होइन, निर्मल लामाले झूठ बोल्यो" भनेर बोल्नु पर्नेमा कुनै प्रसंगमा "त्यतिखेर पार्टीले गल्ती गरेको हो" भनेर साँचो बोल्नुभयो । *क्रमशः*

प्रस्तुति : तुल्सीदास महर्जन

◀ अन्तर्क्रिया

# पूँजीवादको बदलिंदो स्वरूप

## नाशवान पूँजीवादका विशेषताहरु के हुन् ?

**मूल्यांकनले आयोजना गरेको प्रत्यक्ष अन्तर्क्रियामा कसले के भने ?**

- सि.पी मैनाली
- परी थापा
- गंगाप्रसाद चौधरी
- डा. डिल्लीराज खनाल
- सीताराम तामाङ्ग
- विमल फुयाँल
- गोविन्द न्यौपाने
- महेश्वरमान श्रेष्ठ

*मूल्यांकनको अंक ७९,८०,८१ मा प्रकाशित डा. चैतन्य मिश्रको लेखमाथि भएको विचार अन्तर्क्रियाको दोस्रो अंश*

### क. सि.पि. मैनाली

सबभन्दा पहिले त यो अन्तर्क्रिया कार्यक्रम गरेकोमा **मूल्यांकन**लाई धन्यवाद । त्यसपछि व्यक्तिगत ढंगले भए पनि नयाँ कुराको शुरूवात गर्नुभएकोमा डा. चैतन्य मिश्रलाई पनि धन्यवाद ।

पहिलो कुरा, उहाँले लेखमार्फत् जे विचार प्रस्तुत गर्नुभयो, त्यसले समाज र नेपाली समाजलाई बुझ्नको लागि द्वन्द्वात्मक र मार्क्सवादी ढंगले नै जानुपर्छ भन्ने सन्देश दिनुभएको छ । उहाँले लेखमा पूँजीवादको बारेमा जेजति व्याख्या गर्नुभएको छ, त्यो मार्क्सवादी दृष्टिकोण अनुसारकै व्याख्या हो । वास्तवमा उहाँको लेखले हामीलाई अरू बढी सृजनात्मक मार्क्सवादी भएर र मार्क्सवादी कोणबाट समाजव्यवस्थाको अध्ययन गर्नुपर्छ भन्ने उत्प्रेरणा दिएको छ । साथै, यो लेखले अहिले नेपालमा विशेष गरेर पूँजीवादी प्रणाली नै रहेको र यसबाट नै मानिसहरू बढी पीडित भैरहेका छन् भन्ने नयाँ कुरा ल्याएको छ । अहिले यस पूँजीवादको स्वरूप गति र विकास कसरी अगाडि बढ्दैछ, यो कसरी नासिन्छ भन्ने नै ठूलो चिन्ता र चिन्तनको विषय भएको छ । त्यसकारण निश्चित निर्क्यौलमा पुग्न पूँजीवादको उद्‌भव कसरी भयो, यसको मूल प्राण कहाँ छ भन्ने कुरालाई अझ बृहद ढंगले सोच्नु पर्छ भन्ने कुरालाई पनि उहाँको लेखले अघि सारेको छ ।

*डा. चैतन्यको लेखले हामीलाई अरू बढी सृजनात्मक मार्क्सवादी भएर र मार्क्सवादी कोणबाट समाजव्यवस्थाको अध्ययन गर्नुपर्छ भन्ने उत्प्रेरणा दिएको छ*

वास्तवमा हाम्रा पूर्वी समाजहरूमै पूँजीवादको विकास कसरी भयो ? र, अहिले पश्चिममा पूँजीवादको प्रभावमा हाम्रो समाज अघि बढिरहनु पर्दा त्यसको विकास कुन स्तरमा पुगिसकेको छ भन्ने कुरालाई पनि पूर्वीय कम्युनिष्टहरूले बढी ध्यान दिनुपर्छ भन्ने कुरालाई यस लेखले उल्लेख गरेको छ । साथसाथै, पूँजीवादका उपचरणहरूको विकास हुने क्रमको विषयमा पनि लेखले चर्चा गरेको छ । र, अहिले संसारमा बुद्धि, सूचना र सञ्चारप्रविधिको रूपमा पूँजीवादमा नयाँ चरणको रूपमा विकास भइरहेको समयमा हामी नेपालीहरूले त्यसको गहिराइमा अध्ययन गरौं भन्ने कुरा पनि उहाँको लेखले उठाएको छ । यी कुराहरू उहाँको लेखका सकारात्मक पक्षहरु हुन् ।

यो लेखले उठाएको अर्को नयाँ पाटो के हो भने अहिले नेपालका कम्युनिष्टहरूले नेपाललाई अर्द्धसामन्ती र अर्द्धऔपनिवेशिक देश भनिरहेकोमा उहाँ गम्भीर रूपमा असहमत हुनुहुन्छ । त्यो असहमितलाई उजागर गर्न र त्यसमा अरूलाई पनि सहमत गराउन नै यो लेख लेख्नुभएको जस्तो मलाई लाग्छ । किनभने यसमा उहाँका जति बुलन्द प्रश्नहरू छन्, त्यति धेरै अरू विषयमा छैन । यसरी नेपाली कम्युनिष्टहरूले नेपाल अर्द्धसामन्ती र अर्द्धऔपनिवेशिक भनेर भनेकोमा उहाँले उनीहरूलाई जति आलोचना गर्नुभएको छ, गाली गर्नुभएको छ, त्यो नै यो लेखेको बलियो पाटो हो । नेपाली समाज अर्द्धसामन्ती र अर्द्धऔपनिवेशिक देश होइन र मूर्खतापूर्वक यसलाई अर्द्धसामन्ती र अर्द्धऔपनिवेशिक देश भनिँदैछ, यसले हामीलाई अघि बढ्न दिँदैन भनेर जनाउनको निम्ति यो लेख लेखिएको हो । तर यो लेखको कमजोरी के रह्यो भने यो लेखमार्फत् त्यस मूल विषयमा नै उहाँ गहिराइमा पुग्नु भएको छैन । त्यसको चित्तबुझ्दो व्याख्या विश्लेषण यसमा गर्न सक्नुभएको छैन । त्यसलाई घुमाइफिराई मात्र भन्ने प्रयत्न भएको देखियो । अघि जे.एन.जी. र माधव कुमारजीले उल्लेख गर्नुभएजस्तै ठोस रूपमा र पर्याप्त व्याख्यासहित त्यो कुराहरू उठे राम्रो हुन्थ्यो ।

उहाँको लेखले हामी पूँजीवादी युगमा छौं भन्ने कुरालाई धेरै जोड दिएको छ । गत शताब्दीदेखि नै विश्वव्यापी रूपमै पूँजीवादकै विरूद्धमा विकसित र पिछडिएका देशहरूमा पनि आन्दोलनहरू भइरहेका छन् । खास खास ठाउँमा जन-आन्दोलनले उसलाई पराजित पनि गरेको छ । खास ठाउँमा आन्दोलनमा ओरालीहरू पनि आए होलान्, त्यो बेग्लै कुरा होला । अहिले पनि विश्वव्यापी रूपमा पूँजीवादकै विरोधमा जुन लडाई लडिँदैछ, त्यो पक्ष यो लेखमा कमजोर हुन गएको छ । अहिलेको युग पूँजीवादी युग मात्रै भन्ने हो भन्ने जोड यो लेखले एकतर्फी रूपमा दिन खोजेको जस्तो छ । यस्तो एकतर्फीपनबाट हामी बच्नुपर्छ । यथार्थमा यो पूँजीवाद र पूँजीवादको विरोधको युग हो । यो पूँजीवाद र समाजवादी क्रान्तिको



*क. सि.पी मैनाली*

युग अथवा समाजवादी संक्रमणको युग वा पूँजीवादविरोधी जन-आन्दोलनकै युग हो । यीमध्ये जे भाषाको प्रयोग गरेता पनि पूँजीवादको अर्को विपरीत पक्ष यसले दिनुपर्ने, जोड यसमा दिइएको छैन । यसले भ्रम पार्न सक्छ र निराशा ल्याउन सक्छ । यस लेखको अन्त्यतिर पनि पूँजीवाद झन् शक्तिशाली भएको, केन्द्रिकृत भएको, आक्रामक भएको, विनाशकारी हतियारहरू भण्डारण गरेको आशय झल्किने चित्रण गरिएको छ । लेखकको आशय त अवश्य यस्तो होइन होला । शुरूमा पूँजीवादलाई बढी जोड दिनुभयो, त्यसको विरोधी पक्षलाई त्यति जोड दिनुभएन । आखिरमा पूँजीवादको

केन्द्रिकरण र उसको सशक्तिकरण र उसको सैनिकीकरणलाई यति ज्यादा जोड दिनुभयो, त्यसको विपक्ष वा विरोधमा रहेको जुन पक्ष छ, त्यो पक्षको यसमा चर्चा नै गरिएको छैन । यो भएन, यसमा उचित जोड हुनुपर्छ भन्ने मलाई लाग्छ ।

दोस्रो, उहाँले पूँजीवादी युगका उप-चरणहरू उल्लेख गर्दा पूँजीवादको एउटा विशेषताबारे यस ढंगले विचार ल्याउनु भयो कि दासप्रथा नै पूँजीवादले ल्याएको हो कि भन्ने भ्रम हुन्छ । वास्तवमा मानव समाज दास युगलाई पार गरेर जाने क्रममा पूँजीवादले त्यसलाई प्रयोग गरेको मात्र हो । खास गरीकन अमेरिकामा हब्सीहरूलाई दास बनाउने र त्यसबाट पूँजीवादलाई बलियो बनाउने काम भएको हो ।

विभिन्न बेलामा आएका संकटहरूलाई पार गर्नको लागि पूँजीवादले जेजस्ता रूपहरू र तरीकाहरूमा परिवर्तन गऱ्यो, ती कुराहरूलाई उहाँले उल्लेख गर्नुभएको छ, यद्यपि उहाँले त्यसलाई उप-चरणहरू भन्नुभयो । एकपटक यसले राज्य नियन्त्रित अर्थतन्त्र ल्यायो । अर्को, अहिले निजीकरणको नाममा बजार अर्थतन्त्र र विश्वव्यापीकरण ल्याइरहेको छ भन्ने कुरा उहाँले उठाउनुभएको छ । एक किसिमले पूँजीवाद एउटा प्राथमिक ढाँचाबाट, जस्तो, पहिले पूँजीवादी गील्ड र श्रम विभाजनबाट बढ्दै र ब्यापारिक र वित्तीय पूँजी हुँदै अगाडि बढ्यो भन्ने विश्लेषणमा केही थप उपकुराहरू उहाँले आफ्नो लेखमा जोड्नुभएको छ । ती कुरा उचित पनि हुन् । समय समयमा पूँजीवादले अपनाएका नयाँ नयाँ रणनीतितर्फ पनि उहाँले ध्यान आकृष्ट गर्नु भएको छ । ती पनि उचित नै कुरा हुन् ।

अर्को, समाजलाई गतिशील ढंगले हेर्नुपर्छ र हरेक व्यवस्थामा त्यसको स्वरूपमा लगातार आउने परिवर्तनहरूको विषयमा उहाँले पूँजीवादलाई उदाहरणको रूपमा अगाडि सारेर चर्चा गर्नुभयो । यो कुरा सामन्तवाद तथा समाजवादमा पनि लागु हुन्छ । उहाँले त्यस व्यवस्था अन्तर्गत पनि यसबारे चर्चा गर्नुभएको भए राम्रो हुन्थ्यो । नेपालको सामन्तवाद यूरोपको जस्तो होइन र भारतकै जस्तो पनि होइन । यहाँको सामन्तवाद आफ्नै किसिमको छ । नेपालकै सामन्तवाद पनि ५० वर्षअघिको जस्तो आजको हुनसक्दैन भन्ने कुरा उहाँको दृष्टिकोणले नै बताउँछ । नेपालमा सामन्तवाद छैन भन्ने कुरा देखाउनको लागि लेखिएको लेख हो यो । त्यसकारण, सामन्तवाद पनि बाँच्नको लागि उसले पनि स्वरूप बदलेर र पूँजीवादसँग सहकार्य गरेर बाँच्न खोजिरहेको छ । यसपट्टि त्यो लेखले ध्यान पुऱ्याएको छैन । सामन्तवाद शेष भइसक्यो भन्ने उहाँको आग्रह भएको हुनाले सामन्तवादले पनि पूँजीवादले जस्तै चोला फेरेर रूप फेरेर, बाँच्ने कोशिस गरिरहेको छ भन्ने कुरामा उहाँको जोड रहेन ।

सोभियत संघको पतनपछि धेरै समाजवादी मुलुकहरू नयाँ ढंगले गइरहेका छन् । चीनले पनि भनिरहेको छ कि 'अहिले हामी समाजवादको प्राथमिक चरणमा छौं ।' यसरी समाजवादको पनि उप-चरणको परिकल्पना गरिसकिएको छ । यतापट्टि अलि बढी चर्चा गरीदिनु भएदेखि राम्रो हुन्थ्यो भन्ने लाग्छ ।

नयाँ जनवादलाई कसरी परिचालन गर्ने वा यो कसरी समाजवादमा संक्रमण हुन्छ भन्ने सम्बन्धमा एउटा बृहदलीय जनवादी राजनैतिक चिन्तन पनि आएको छ । त्यसले नयाँ जनवादलाई नकार्दैन । वास्तवमा हामी अहिले पूँजीवादमा छौं र समाजवादी चरणमा जानुपर्ने हो कि अथवा बीचको चरणमा छौं र संक्रमणकालीन समाजबाट गुज्रिनुपर्ने हो कि भन्ने प्रश्न छ । यदि अहिले हामी नेपाललाई अर्ध औपनिवेशिक र अर्द्धसामन्ती भन्न सक्दैनौं भने नेपालले समाजवादमा जानुपर्ने चरणको व्याख्या उहाँले ल्याउनु होला, त्यसबेला छलफल गरौंला । तर अहिलेको हाम्रो जीवन परिस्थितिलाई हेर्ने हो भने हामी अहिले संक्रमणकालीन व्यवस्था ल्याएरै समाजवादमा जान सक्छौं । त्यसलाई हामीले नयाँ जनवाद भन्न सक्छौं वा राष्ट्रिय जनवाद । जे भने पनि यो एउटा यस्तो पूँजीवादी नयाँ स्वरूपको जनवादी समाज बनोस्, जसमा मजदूरवर्गको नेतृत्वमा समाजवादतर्फ संक्रमण गर्न सकियोस् । यो किसिमको संक्रमणकालीन समाज व्यवस्था अहिले पनि नेपालमा आवश्यक भएको छ । होइन, त्यो विचार ठीक छैन भने, लेखकको अरू बैकल्पिक विचार आओस् । त्यसमा छलफल गरौं । यदि अघि चर्चा भएको कुरा हो भने राष्ट्रिय पूँजीको पनि आफ्नै भूमिका रहन्छ । झन् यो विश्वव्यापीकरणको सन्दर्भमा त राष्ट्रिय पूँजीले पनि कसरी विश्वव्यापी पूँजीसँग र परिस्थितिसंग जुधेर र सम्बन्ध राखेर बाँच्ने हो, ती तरिकाहरू अवश्य खोज्नुपर्छ । ❑

## - क. परि थापा -

यस प्रकारको महत्वपूर्ण विषयमा अन्तर्क्रिया कार्यक्रम चलाउनुभएकोमा **मूल्यांकन**लाई धन्यवाद ! अहिले नेपालमा के भनाइ चलिरहेको छ भने पंचायतकालमा कम्युनिष्टहरूले निकै पढ्थे, तर अहिले पढ्न लेख्न छोडे र हावाको तालमा हिंड्न लागे । त्यस सन्दर्भमा डा. चैतन्यजीले बेला-बेलामा यसप्रकारका कुराहरू उठाउने गर्नुभएको छ । त्यसको लागि उहाँलाई धन्यवाद !

अहिले नेपालमा अर्द्ध-सामन्ती र अर्द्ध-औपनिवेशिक स्थिति छ भन्ने कुरामा माओवादीदेखि लिएर सबैजसो कम्युनिष्टहरूको एउटै सोच रहेको छ । तर यस्तो होइन, नेपाललाई पूँजीवादले धेरै गाँजिसकेको छ, यस्तो अवधारणालाई फेर्नुपर्छ, नत्रभने ठोस परिस्थितिको ठोस मूल्यांकन हुँदैन, यसो भएन भने त्यो मार्क्सवादसम्मत पनि हुँदैन भन्ने कुरा डाक्टर साहेबले अगाडि सार्नुभएको छ ।

यसमा म एउटा अनुभव राख्न चाहन्छु । आजभन्दा २/३ महिनाअगाडि एउटा मित्रपार्टीको कमरेडसंग छलफल भएको थियो । उहाँले- "नेपालको आर्थिक र सामाजिक स्थिति अर्द्ध-औपनिवेशिक र अर्द्ध-सामन्ती छ भन्ने तपाईंहरूको सोच छ, तर त्यो होइन, अब त्यो स्थिति पूरै परिवर्तन भइसकेको छ । सामन्ती, अर्द्ध-सामन्ती स्थितिमा कृषि उपजहरूले मालको रूप लिन सक्दैन । तर अहिले नेपालमा यातायात र कृषिमा आएको परिवर्तनले गर्दा कृषि उपजहरूले मालको रूप लिएका छन् । कृषि उपज राष्ट्रिय स्तरमा मात्र नभएर अन्तर्राष्ट्रियस्तरमा पनि मालको रूपमा गइरहेको छ । जूट, दाल, चामल, तेलहन, जडीबूटी आदि वस्तुहरू मालको रूपमा नै विश्व बजारमा गइरहेका छन् । एक किसिमले यो व्यापारको विश्वव्यापीकरण भएको छ । त्यसकारण नेपालमा पूँजीवादीकरण भएको छ ।"

यसप्रकारका तर्कहरू अरू ज्यादा प्रमाणका साथ आयो भने छलफललाई अझै तीखो बनाउँन सजिलो हुन्छ । डाक्टरसाहेबको अबको लेखमा यस प्रकारका तर्कहरू आओस् । अघि माधव कमरेडले भन्नुभएजस्तै पूँजीवाद र समाजवादको तुलनात्मक रूप आए हुन्थ्यो । वास्तवमा सारमा भन्दा पूँजीवाद ध्वंशात्मक हो । हामीले



क. परी थापा

त्यही शब्द प्रयोग गर्नुपर्छ । समाजवाद निर्माणात्मक अर्थात् कन्स्ट्रक्टिभ हो ।

सोभियत संघ ढलेपछि पूँजीवादमा धेरै राम्रो हुन्छ भन्ने कुरा आएको थियो । तर सोभियत नागरिकहरूले इलेक्ट्रोनिक घडीहरू हामीकहाँ बेचिरहेको पनि हामीले देख्यौं ।

*अहिले नेपालमा अर्द्ध-सामन्ती र अर्द्ध-औपनिवेशिक स्थिति छ भन्ने कुरामा माओवादीदेखि लिएर सबैजसो कम्युनिष्टहरूको एउटै सोच रहेको छ*

## ◄ अन्तर्क्रिया

*विभिन्न धारणाहरूको अध्ययन गर्दा पूँजीवादको जन्म त यूरोपबाट नभएर भारतीय उपमहाद्वीपबाट भएको देखिन्छ*

'कुन देशबाट आएका हौं' ? भनेर सोध्दा उनीहरू रिसाउने स्थिति आयो । त्यसकारण पूँजीवादमाथि समाजवादको श्रेष्ठता कायम छ । पूँजीवादले आफ्नो अस्तित्व र विकासको लागि केही व्यवस्था गरेको छ । त्यसैले पूँजीवादको विकासका केही पक्षहरूलाई चाहिं हामीले लिनुपर्छ । मेरो व्यक्तिगत विचारमा आफूलाई दार्शनिक रूपले मार्क्सवादी ठान्नेहरूले पनि एकपटक आफू पूँजीवादी भएर विचार गर्नुपर्छ भन्ने मलाई लाग्छ । पूँजीवादले मान्छेको सोचाइ, चलायमानता आदिमा जुन किसिमको परिवर्तन ल्याएको छ, त्यसले हामीलाई पनि त्यस्तै ढंगले विचार गर्न सिकाएको छ । 'हामी मार्क्सवादी हौं' भन्ने, तर पूँजीवादीजत्तिको पनि विचार नगर्ने' प्रवृत्ति हामीकहाँ धेरै मानिसहरूको छ ।

अन्त्यमा म के भन्न चाहन्छु भने यस लेखमा पूँजीवादको खण्डन अलिकति पुगेको छैन । कार्ल मार्क्सको पूँजीको पहिलो खण्डमा पूँजीवादको गूढ कुरो भनेको निर्दयिता हो भन्ने कुरा उल्लेख गर्नुभएको छ । जसरी पनि शोषण गर्ने उसको ध्येय हो । अर्को, डाक्टरसाहेवले आइ.टि.आर.को कुरा पनि उठाउनुभएको छ । यो पनि पूँजीवादीहरूले तेस्रो विश्वका देशहरूलाई दास बनाउने एउटा उपाय हो । आइ.टि.आर.को सिद्धान्त, विश्वव्यापीकरणका कुराहरू सबै यही कुराभित्र पर्छ । त्यसैले अब हामीले सोच्नुपर्ने कुरा के हो भने विश्वव्यापीकरणको स्थितिमा पनि समाजवादी क्रान्तिलाई कसरी अघि लाने ? यो कुरा सोच्नुपर्छ र यसबारे बहस चलाउनु आवश्यक छ ।

### - गंगाप्रसाद चौधरी -

तीनवटा लेखहरू पढ्दा मलाई कस्तो लाग्यो भने यस लेखमा चार सय वर्षदेखिको इतिहासको प्रसंग खोतलखातल गरेर उठाइएको छ । यसमा पूँजीवादको जन्म वा उद्भव र विकास यूरोपबाट भयो भनिएको छ । मलाई यो निष्कर्ष एकांगी जस्तो लाग्यो । विभिन्न धारणाहरूको अध्ययन गर्दा पूँजीवादको जन्म त यूरोपबाट नभएर भारतीय उपमहाद्वीपबाट भएको देखिन्छ । यूरोपको पुनर्जागरण काल वा १६/१७ औं शताब्दीसम्म पनि विश्वबजारको आधारस्तम्भ भनेको भारतीय उपमहाद्वीप थियो । पूँजीवादको विकासका विशेषताहरूमध्ये एउटा सामाजिक श्रम विभाजन र कृषि एवं उद्योगबीचको अलगाव हो । यो कृषि र उद्योगबीचको अलगाव सर्वप्रथम भारतीय उपमहाद्वीपमा नै भएको थियो । उत्तर-वैद्धिक कालमा नै भारतमा कृषि र उद्योगबीच अलगाव भइसकेको थियो ।



गंगाप्रसाद चौधरी

त्यसैले यो दस्तावेज एकांगी र अधुरो खालको लाग्यो । मेरो मूल प्रश्न यही हो ।

अर्को, यस लेखमा लेखकले नेपाल अर्द्ध-सामन्ती र अर्द्ध-औपनिवेशिक देश हो कि होइन भन्ने प्रश्न उठाउनुभएको छ । तर जुन रूपमा प्रश्न उठाइएको छ, त्यसको यसमा चियोचर्चा पनि छैन । ५० वर्षको दौरानमा नेपालमा के के परिवर्तनहरू भएका छन् र अहिले कुन रूपमा वा कति डिग्रीमा परिवर्तन आएको छ, त्यसको चर्चा आओस् न ! अस्ति मैले कान्तिपुरमा डाक्टर चैतन्य मिश्रकै एउटा लेख पढेको थिएँ । त्यसमा उहाँले ग्रामीण समाज यथास्थितिमा गुज्रिरहेको छ भन्ने कुरा उल्लेख गर्नुभएको छ । पूँजीवादको स्थितिलाई हामीले यही शहरको चमकदमककै आधारमा विश्लेषण गरेका छौं कि रोल्पाको गाउँमा गएर त्यहाँको पूँजीवादको स्थितिको विश्लेषण गरेका छौं ? यस्ता कुराहरूलाई गहनतापूर्वक उठाउनुपर्छ जस्तो मलाई लाग्छ ।

### डा. डिल्लीराज खनाल

पूँजीवाद र साम्राज्यवाद अहिले कसरी परिवर्तित भइरहेको छ भन्ने बारेमा डा. मिश्रले थुप्रै कुरा चर्चा गर्नुभयो । र, अघि उठेका कुराहरूमा पनि केही पुष्ट्याइं गर्नुभयो । यो ज्यादै नै योगदानपूर्ण काम हो । तर पनि यो लेखमा भएका सबै व्याख्याहरू अलि बढी आत्मगत लाग्यो । यो बस्तुगत व्याख्या नभएको कारणले पनि अलि स्पष्टसंग कुराहरू आउनमा समस्याहरू रहेको देखिन्छ ।

अर्को समस्या हो- यस लेखमा धेरै विषयहरू एउटै शीर्षकअन्तर्गत छरपष्ट छरेर प्रस्तुत गरिएको छ । यसले पनि थप समस्या जन्मायो । त्यसैले, मेरो पहिलो सुझाव हो- विषयमा केन्द्रित भएर बस्तुगत व्याख्यासहित कुराहरू आउनु पर्‍यो ।

दोस्रो पक्ष, यहाँ सैद्धान्तिक पक्षमा थुप्रै चर्चा परिचर्चाहरू भएका छन् । खासगरिकन हाम्रो अहिलेको विद्यमान समाजवादी आन्दोलनको सन्दर्भमा र भोलिको समाजवादी आन्दोलनलाई कसरी अगाडि बढाउने भन्ने सन्दर्भमा । यो बीसौं शताब्दीमा पूँजीवादको स्वरूपमा कसरी एकपछि अर्को परिवर्तन हुँदै आयो भन्ने कुरालाई, खास एउटा ऐतिहासिक मोडलाई, खास मोडका रूपमा रहेका घटनाहरूलाई र कुन शक्तिहरूले त्यस किसिमको परिवर्तनतिर प्रेरित गर्‍यो भन्ने कुरालाई ब्याख्या गरेर हेरिनुपर्छ भन्ने मलाई लाग्छ । त्यसो भयो भने मात्रै हामी अलि बढी ठोस निचोडमा पुग्न सक्छौं ।

अघि पनि चर्चा उठ्यो, सन् १९३० को महामन्दीको । त्यसपछि विश्वपूँजीवादले संस्थागत रूपमा पूँजीवादलाई अगाडि बढाउनको निम्ति के-कस्ता पहलहरू गर्‍यो भन्ने कुरा पनि सँगै चर्चा गरिनु पर्दछ । त्यसपछि पनि सन् १९३० देखि १९६० सम्म र १९७० को पहिलो चरणमा एक पछि अर्को उल्लेखनीय मोड आएको छ । विश्वमै अहिले नयाँ किसिमको आर्थिक उपनिवेशवाद आएको छ, चाहे त्यो विश्वव्यापीकरणको नाममा होस् वा उदारीकरणको नाममा, चाहे त्यो निजीकरणको



डा. डिल्लीराज खनाल

नाममा होस्, वा अन्य नाममा । पूँजीवाद निरन्तर अगाडि बढिरहेको छ । त्यसो भएको हुनाले सन् १९७० पछि के कस्ता संस्थागत, नीतिगत, कार्यक्रमिक वा अरू हिसावले पूँजीवाद विश्वव्यापी रूपमा हावी भएर आयो भन्ने कुरालाई ब्याख्या गरिनुपर्छ ।

अझ मलाई लागेको एउटा कुरा के हो भने त्यसमा चर्चा गरिँदा खासखास कालमा खासखास संकटहरूलाई विश्वपूँजीवादले कसरी बहिष्कार गर्दैछ अथवा ती

*नेपाल अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक देश हो कि होइन भन्नेबारे कुरा गर्दा सबभन्दा पहिले हाम्रो अर्थतन्त्रको स्वरूपबारे बुझ्नुपर्छ*

# ◄ अन्तर्क्रिया

*हाम्रो देशको सन्दर्भमा भन्ने हो भने हाम्रो देशको सामन्तवाद अरू देशको सामन्तवादभन्दा फरक छ । नेपालमा सामन्तवादले पूरै रूपमा विकासै हुन पाएन ।*

समस्याहरूलाई पहिचान गर्दै कसरी समाधान गर्दै आयो भन्ने कुरालाई हामीले व्याख्या गरेनौं भने त्यसको कूल व्याख्या अधुरो हुन्छ ।

हुन त डा. मिश्रले थुप्रै ठाउँमा विनिमय व्यापारको बारेमा चर्चा गर्नुभएको छ । खासगरी हामीले अमेरिकाकै सन्दर्भमा हेर्‍यौं भने यो अहिलेको सूचना प्रविधिको क्रान्तिले मात्र होइन, सन् १९७० को दशकदेखि १९९० को शुरू अवस्थासम्म श्रमको उत्पादनशीलता र पूँजीको उत्पादनशीलता ज्यादै बढेर गएको पाइन्छ । यही कारणले पूँजीलाई टिकाउने र विश्व पूँजीवादी व्यवस्थालाई दिगो पार्ने काममा अमेरिकाले पहल गरिरहेको पाइन्छ । के कारणले गर्दा उनीहरूले पूँजीवादमा बारम्बार आएको संकटलाई टार्न सके त ? यसको कारण खोज्नु पर्‍यो ।

अर्को, यस्तो महत्वपूर्ण दस्तावेजमा पूँजीवादभित्रका वंशानुगत अन्तरविरोध के हुन् ? पूँजी र श्रमबीचको अन्तरविरोध के हुन् भन्ने कुरा र नीतिगत तहमा भएका थुप्रै अन्तरविरोध पनि उल्लेख गरिनुपर्दछ । जस्तो अहिले अमेरिकामा ठूलो संकट आउँदैछ । यसकारणले अहिले अमेरिकाले ब्याजको रेट घटाउने नीतिदेखि थुप्रै उपायहरू अपनाउन लागिरहेको छ । यसरी त्यहाँ आएको संटकलाई कसरी पन्छाउन सकिन्छ र समस्या समाधान गर्न सकिन्छ भन्ने कुरामा अमेरिकाले अहिलेदेखि विभिन्न पाइलाहरू चालिरहेको छ । यी सबै कुरालाई लिएर अहिले आफ्नै अन्तरविरोधले पूँजीवादलाई कसरी नाशवान अवस्थातिर डोर्‍याइरहेको छ भन्ने कुरालाई विश्लेषण गर्‍यो भने त्यो अलि सर्वांगीण हुन्छ ।

नेपाल अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक देश हो कि होइन भन्नेबारे कुरा गर्दा सबभन्दा पहिले हाम्रो अर्थतन्त्रको स्वरूपबारे बुझ्नुपर्छ । हाम्रो अर्थतन्त्रको स्वरूप पूरै एउटै छ भनेर मात्र हुँदैन, त्यसको व्याख्या गर्नुपर्दछ । गयल जमिन्दारी कम हुने अथवा हिजो ठूलो जमिन्दारी थियो, आज जमिन्दारीको स्वरूप कम भयो भन्ने कारणले मात्र अर्ध-सामन्ती भन्ने कुरा होइन । त्यसमा ८/१० वटा विशेष खालका विशेषताहरू छन् । अर्ध-बेरोजगार, बेरोजगारहरूको स्थिति, मजदूरहरूले पाउने न्यूनतम ज्याला, कृषकहरूले तिर्ने ब्याजदर ज्यादै बढी भएको आदि कुराहरू र पूँजीको प्रवेश तथा उत्पादन सम्बन्धहरूको सामूहिक स्वरूपले अर्ध-सामन्ती देश हो होइन भन्नेबारे स्पष्ट पार्छ । मेरो ठम्याइमा नेपालमा अझै पनि त्यसको स्वरूप र विशेषता अर्ध-सामन्ती अवस्थामा छन् ।


जहाँसम्म अर्ध-औपनिवेशिक अवस्थाको कुरा हो । विश्वव्यापीकरण, निजीकरणले नव-औपनिवेशिकरणको प्रक्रियातिर देशलाई अगाडि बढाइरहेको छ भन्ने कुराको व्याख्या गर्दा बढी यथार्थपरक र वस्तुपरक हुन्छ भन्ने मलाई लाग्छ ।

## - सीताराम तामाङ -

लेखको शीर्षक पूँजीवाद भनेर दिइयो, तर पूँजीवादकै व्याख्या भएन जस्तो लाग्यो मलाई । पूँजीवादको परिभाषा दिएर अहिलेको बदलिँदो स्वरूपमा आएको भए राम्रो हुन्थ्यो ।

अर्को, कार्यपत्र भनेको शिक्षकले विद्यार्थीहरूलाई पढाउँदा गरिने व्याख्या मात्र नभएर भनिएका, दावी गरिएका कुराहरूका आधारहरू र स्रोतहरूको पनि उल्लेख भएको भए हामीले पनि त्यसबाट ज्ञान लिन पाउने थियौं । पूँजीवाद नाशवान छ त भन्छौं हामी, तर यो अहिलेसम्म ज्यूँदो रहनाको कारण यसभित्र समयलाई पचाउँदै जाने उर्जा पनि छ । र, यसको विपक्षमा उभिने शक्ति कमजोर भएकोले पनि यो बाँचिरहेको हो ।

हाम्रो देशको सन्दर्भमा भन्ने हो भने हाम्रो देशको सामन्तवाद अरू देशको सामन्तवादभन्दा फरक छ । नेपालमा सामन्तवादले पूरै रूपमा विकासै हुन पाएन । त्यसैले यहाँको सामन्तवादबारे आफ्नै ढंगले व्याख्या गर्नुपर्ने स्थिति छ । हाम्रो कम्युनिष्ट पार्टीले सन् १९५० अगाडि नेपाललाई अर्ध-सामन्ती भनेर भनेको थिएन । पार्टीको पहिलो डकुमेण्टमा 'नेपाल सामन्ती तथा अर्ध-औपनिवेशिक मुलुक' भनिएको छ । त्यसपछि मात्र यो अर्ध-सामन्ती भयो भनेर भनेका हौं हामीले । अहिले पनि नेपाल त्यही चरणमा छ । मात्र त्यसमा उतारचढाव आए होलान् । हामीले नेपाललाई अर्ध-औपनिवेशिक होइन भन्यौं भने सन् १९५० को भारतसँगको सन्धिलाई के भन्ने त ? हाम्रो अर्थतन्त्रमा भएको भारतीय दवाबलाई हामी के भन्छौं ? यहाँ भूमिसुधार थालिसकेपछि सामन्ती स्वरूपमा परिवर्तन भएर सामन्तीभन्दा



*सीताराम तामाङ*

एक कदम अघिको स्थिति आएको छ । तर पूर्ण रूपमा पूँजीवादमा पुगेको पनि छैन । त्यसैले, हामीले नेपाललाई अर्द्ध-सामन्ती स्थिति भनेका हौं । अब यस विषयमा सबैले चिन्तन गर्नुपर्‍यो । तर यस विषयमा छुट्टै पेपर तयार गर्नुपर्दछ । एउटै पेपरमा सबै विषयवस्तु उठाउँदा डाक्टर साहेबलाई पनि अप्ठ्यारो, हामी कमेन्ट गर्नेलाई पनि अप्ठ्यारो भएको छ । त्यसैले, यस विषयलाई उठाउँदा त्यसको ऐतिहासिक रूपले विकासका चरणहरू र त्यसका सबै आधारको व्याख्यासहित पेपर तयार गरियो भने धेरै राम्रो हुन्छ ।

## - विमल फुँयाल -

यहाँ डाक्टरसाहेबको लेखमा टिप्पणीभन्दा पनि मेरो आफ्नो सानो विचार



*विमल फुँयाल*

राख्न चाहन्छु । अहिले सबैको कुरा सुन्दा र विभिन्न कुराहरू पढ्दा मलाई के लाग्यो भने पहिले माओले चीनमा गर्नुभएको समाजको वर्ग विश्लेषणमा त्यहाँको समाजलाई अर्द्ध-सामन्ती नभनीकन चौथाई वा पौने-सामन्ती भनीदिनुभएको भए हामी पनि त्यही भन्थ्यौं कि ? त्यसकारण यो प्रश्न अर्ध-औपनिवेशिक वा ५०/५० प्रतिशतको हो कि होइन भन्नुभन्दा पनि पूँजीवादी अर्थ-राजनीति, सामाजिक तथा सांस्कृतिक प्रणालीको रूपमा युरोपमा जुन अन्तरराष्ट्रिय प्रक्रियाको रूपमा विकास भयो, त्यो संसारका समाजहरूमा विभिन्न चरणहरूमा विभिन्न किसिमले फैलिन पुगेको छ । हाम्रो नेपाल र नेपाली समाज त्यो पूँजीवादी प्रणालीसँग शुरूमा कस्तो किसिमसँग एकीकृत भएर अहिले त्यो कहाँ पुगेको छ भन्ने प्रश्न मुख्य हो ।

त्यो एकीकरणको प्रक्रिया विभिन्न देशमा विभिन्न किसिमले भएको छ । कुनै देश जबर्जस्त सैनिक राखेर उपनिवेश भएको छ । कुनै देशमा स्वागत गरेर पनि डाकिएको छ । कुनै देशहरूमा अन्तर्राष्ट्रिय मंचहरूमार्फत्

*माओले चीनमा गर्नुभएको समाजको वर्ग विश्लेषणमा त्यहाँको समाजलाई अर्द्ध-सामन्ती नभनीकन चौथाई वा पौने-सामन्ती भनीदिनुभएको भए हामी पनि त्यही भन्थ्यौं कि ?*

*नेपालको कृषि समाजलाई हेरेर यसलाई अर्द्ध-सामन्ती भनिन्छ । त्यसलाई हेर्दा मैले ५ वटा विशेषताहरू पाएको छु ।*


बाध्यतामा परेर वा अनेक मोलतोल गरेर पूँजीवाद प्रवेश भएको छ । अर्को महत्वपूर्ण रूपमा उठेको कुरा के हो – लेखमा पूँजीवादको मात्र कुरा नगरीकन पूँजीवादविरोधी आन्दोलनका कुराहरू पनि उल्लेख हुनुपर्छ । विशेष गरेर मैले जोड दिन खोजेको कुरा के हो भने चीनमा नौलो जनवादको धारणा जुन आएको हो, त्यो बेलायत र अरू केही मुलुकहरूमा आएको साम्राज्यवादी पूँजीवादको बदला प्रगतिशील पूँजीवादको रूपमा आएको हो कि ? यो कति व्यवहारमा आयो, कति आएन, यो अर्को छलफलको विषय हो जस्तो लाग्छ मलाई ।

नेपालको सन्दर्भमा भन्ने हो भने गणितीय ढंगले आदिम साम्यवाद हुँदैआएर सामन्तवाद त्यसपछि पूँजीवाद अनि समाजवाद ल्याउने कुरा गर्नु ठीक हुँदैन होला । मूल प्रश्न आजको विश्वपूँजीवादको फैलावटमा हामी कसरी निर्भर भइरहेका छौं भन्ने हो । अहिलेको पूँजीवादको विश्व संरचनामा हामी कहाँ छौं ? त्यसप्रतिको हाम्रो विरोध र प्रतिरोध कस्तो हुनुपर्छ ? र, विकल्प के हो ? भन्ने नै हाम्रो मुद्दा होजस्तो लाग्छ ।

**- गोविन्द न्यौपाने -**

'तमसोमा ज्योतिर्गमय' भन्ने उक्तिले अँध्यारोबाट उज्यालोतिर जाऊ भन्छ । तर मलाई चाहिँ यहाँ उज्यालोबाट अँध्यारोतिर गइरहेकोजस्तो लाग्यो । नेताहरूलाई पनि म आग्रह गर्छु- तपाईंहरू पनि एकपटक अँध्यारोको अनुभव गरेर हेर्नुस् । नेपाललाई अर्द्ध-सामन्ती, अर्ध-सामन्ती भनेर धेरै समय भनियो, त्यही नै उज्यालोजस्तो लाग्यो । जब अध्ययन गर्न शुरू गरियो, अब नेपाल अर्द्ध-सामन्ती होइन कि जस्तो लाग्यो । शास्त्रीय आधारमा जाँदा चाहिँ हामी त्यही बिन्दुमा पुग्ने रहेछौं । त्यसकारण द्वन्दवादलाई लिएर शास्त्रीय आधारलाई स्रोतको रूपमा राखेर अध्ययन गर्नु उचित हुन्छ जस्तो मलाई लागेको छ ।

नेपालको कृषि समाजलाई हेरेर यसलाई अर्द्ध-सामन्ती भनिन्छ । त्यसलाई हेर्दा मैले ५ वटा विशेषताहरू पाएको छु । एउटा, नेपालमा अब ठूला मौजाहरू छैनन्, दोस्रो, कृषिमा पूँजीवादीकरणका विशेषताहरू देखिन थालेको छ, तेस्रो, नेपालमा कृषि पूँजीपतिहरू अस्तित्वमा आएका छन्, चौथो, अहिले उपभोक्ताको लागि उत्पादन गरिने कृषि प्रणालीमा विविधिकरण आएको छ, पाँचौं कृषिमा श्रंम सम्बन्धको अधार अब लगान रहेन, अहिले त्यसको आधार ज्याला हुन थाल्यो । यी ५ वटा विशेषताहरूलाई हेर्दा अहिले नेपालमा अर्ध-सामन्ती अथवा सामन्ती जे भनिन्छ, त्यो पक्ष प्रभुत्वशाली छ जस्तो लागेको छैन । तर प्रभुत्वशाली छैन अब समाप्त भयो भन्न पनि मैले सकिरहेको छैन । नोकरशाही पूँजीवाद, दलाल पूँजीवाद र सीमित स्वतन्त्र पूँजीवाद, तीनवटैको मिश्रण भएको, तर प्रभुत्वशाली विशेषता चाहिँ पराश्रयी पूँजीवाद अहिले नेपालको विशेषता हो । तर यो पराश्रयी पूँजीवाद स्वतन्त्र पूँजीवाद नभएको हुनाले यसले नेपालमा पूँजीवादको निर्माणको अभियानलाई रोक्दैन ।



*गोविन्द न्यौपाने*

त्यसलाई फेरबदल गर्नुपर्ने र नौलो जनवादी क्रान्तिबाट बाहिरिनु पर्ने आवश्यकताचाहिँ रहँदैन । त्यसकारण अहिले पनि क्रान्तिको चरित्र नौलो जनवादी नै हो र हामीले निर्माण गर्नुपर्ने समाज पूँजीवादी नै हो । यति भएर पनि नेपाल अर्ध-सामन्ती नै हो भनेर रट्नु पर्ने औचित्य अनुभव भएको छैन मलाई ।

**- महेश्वरमान श्रेष्ठ -**

चैतन्य सरले अहिले विश्वपूँजीवादका विशेषताहरू के के हुन् र विश्व पूँजीवादका विशेषताहरू चरणबद्ध तरिकाले विकास भएको छ भन्ने कुरा राम्ररी नै कोट्याउनुभएको छ । त्यो कोट्याउँदाखेरि स्वाभाविक रूपले परिवर्तनहरू देखा परेका छन् । पूँजीवादको विकास चरणबद्ध रूपमा भएर अहिले विश्वव्यापी पूँजीवादको रूपमा विकास भएको छ भन्ने कुरामा विमति छैन । तर उहाँले राख्नुभएको एउटा कुरामा म प्रश्न राख्न चाहन्छु । हामीले कुनै एउटा प्रणालीलाई हेर्दा उत्पादन सम्बन्धको आधारमा मात्र हेर्ने होइन, अरू कुरामा पनि हेर्नुपर्छ भन्ने प्रश्न उहाँले उठाउनुभएको छ । मार्क्सवादीहरूले द्वन्दात्मक भौतिकवाद तथा ऐतिहासिक भौतिकवादलाई विश्लेषण गर्दा मार्क्सले प्रतिस्थापन गर्नुभएका केही चीजहरूमा दृढ अडान राख्नैपर्छ । कतिपय साथीहरूले यसलाई जडसूत्रवाद पनि भन्छन् । तर पनि हामीले मार्क्सवादमुताविक पूँजीवादका केही आधारभूत विशेषताहरू छन्, तिनलाई मान्नुपर्छ । र, ती विशेषताहरू उजागर गर्नु जरूरी छ । जहाँसम्म हाम्रो देशको कुरा छ, अघि डिल्लीजीले भन्नुभए जस्तै हाम्रो अर्थतन्त्रलाई हामीले नेपालकै सन्दर्भमा हेर्नुपर्छ । हाम्रो अर्थतन्त्र भनेको द्वैत अर्थतन्त्र नै हो । हाम्रो एउटा ठूलो सेक्टर, ९० प्रतिशतभन्दा बढी जनसंख्या, गाउँले क्षेत्रमा बस्छन् र १० प्रतिशत मात्रै शहरी क्षेत्रमा बस्छन् । त्यसैले यी दुई क्षेत्रको अर्थतन्त्रलाई हामीले बेग्लाबेग्लै रूपले



*महेश्वरमान श्रेष्ठ*

आँकलन गर्नसक्नु पर्दछ । त्यो अनुसार चैतन्य सरको विश्लेषणमा केही सत्यता पनि छ । त्यसको साथसाथै सामन्ती चरित्र पनि पूरै गएको छ कि छैन त्यो पनि हेर्नु पर्दछ । ५० वर्षको अवधिलाई हेर्ने कुरा होइन । यहाँ उत्पादन प्रणालीमा परिवर्तन आयो कि आएन भनेर हेरिनुपर्छ । कमैया प्रथा, हली प्रथा अझै उन्मूलन भएको छैन । २०२१ सालमा भूमिसुधार ऐन लागु भएर भूमिपतिहरूबाट जुन जग्गाजमीन जफत गरियो, त्यो अहिले त्यही परिवारको हातमा गइसक्यो । यसरी अहिले एकातिर सामन्ती संस्कार गइसकेको छैन भने, अर्कोतिर नेपालमा औद्योगिकरणको विकास भइरहेको छैन । यस्तो अवस्थामा हामी नेपालमा यही स्थिति कायम छ भनेर ठोकेर भन्न सक्दैनौ । यही नै हो भनेर भन्न हामीले धेरै कुराहरू कोट्याउनुपर्छ ।

*क्रमश :*

❑ ❑

*कतिपय साथीहरूले यसलाई जडसूत्रवाद पनि भन्छन् । तर पनि हामीले मार्क्सवादमुताविक पूँजीवादका केही आधारभूत विशेषताहरू छन्, तिनलाई मान्नुपर्छ । र, ती विशेषताहरू उजागर गर्नु जरूरी छ ।*

# के हो Categories भनेको ?

- प्रज्ञानरत्न

दर्शनशास्त्रमा Categories शब्द निकै चलन-चल्तीमा छ । के हो त Categories भनेको ? के हो यसको नेपालीमा अर्थ ? नेपालीमा यसैलाई बुझाउने अर्को पर्यायवाची शब्द छ कि ? आउनुहोस्, एकछिन यसलाई चर्चा गरौं ।

केही दर्शनशास्त्रीहरूले Categories को निम्ति नेपालीमा 'प्रवर्ग' शब्द प्रयोगमा ल्याउनुभएको छ । Categories को एउटा अर्थ 'प्रवर्ग' पनि हुनसक्छ, तर दर्शनशास्त्रमा प्रवर्ग शब्दले Categories लाई ठीक-ठीकसित प्रतिनिधित्व गर्दैन । त्यसैले, दार्शनिक रूपमा Categories लाई नै बुझाउनको लागि 'प्रवर्ग' शब्द मलाई उचित लागेन ।

दर्शनशास्त्रमा categories को अर्थ सबैभन्दा आधारभूत अवधारणाहरू हो । यसलाई सबैभन्दा आमअवधारणाहरू भने पनि हुन्छ ।

यथार्थ हमेशा गतिशील हुन्छ । यो जहिले पनि बदलिरहेको र विकसित भइरहेको हुन्छ । categories ले गतिशील यथार्थका अति जरूरी वा विपरीत पक्षहरूबीचको सम्बन्ध-साइनोलाई व्यक्त गर्ने काम गर्छ ।

हाम्रो चेतनाभन्दा बाहिर अनगिन्ती वस्तुहरू छन् । प्रत्येक वस्तु लगातार परिवर्तनको प्रक्रियामा छ । हरेक वस्तुमा परिवर्तन एउटा खास नियममुताविक भइरहेछ । दर्शनले categories को सहायताबाट परिवर्तनशील वस्तुहरूबीचको सम्बन्ध र परिवतर्नका नियमहरूबीचको सम्बन्धबारे अध्ययन गर्ने काम गर्छ ।

यस सम्बन्धमा फ्रेडरिक ऐंगेल्सको भनाइ एकदम सटिक र स्पष्ट देखिन्छ । उहाँको भनाइ छ - "categories भनेका विकासशील वस्तुहरूका र परिघटनाहरूका जरूरी सिलसिलाहरू, गुणधर्महरू र सम्बन्धहरू प्रतिविम्बित गर्ने सबैभन्दा आमअवधारणाहरू हुन् ।"

यस हिसावले हेर्दा categories लाई नेपालीमा "सबैभन्दा आम अवधारणा" भन्नु ज्यादा उपयुक्त हुन्छ ।

भौतिक विज्ञान (Physics) मा पिण्ड, उर्जा, विद्युतीय चार्जजस्ता कुराहरू सबैभन्दा आमअवधारणाहरू हुन् । त्यस्तै, अर्थशास्त्रमा माल, मूल्य, श्रम, श्रमशक्ति, उत्पादनका साधनहरू, उत्पादनसम्बन्ध जस्ता कुराहरू सबैभन्दा आमअवधारणाहरू हुन् । दर्शनशास्त्रमा पनि यस हिसावले पदार्थ र गति, स्थान र समय, गुण र परिमाण, कारण र कार्य, सार र आकृति, विषयवस्तु र रूप, व्यक्ति, विशेष र आम, आवश्यकता र संयोग, सम्भावना र वास्तविकता- सबैभन्दा आम अवधारणाहरू हुन् ।

अधिभूतवादले निश्चित र स्थिर आमअवधारणाको वकालत गर्छ । किनभने, अधिभूतवादी दृष्टिकोणमा वस्तुहरू गतिशील हुँदैनन् । वस्तुहरू स्थिर भएपछि स्वभाविक रूपले त्यससम्बन्धी अवधारणा पनि निश्चित र स्थिर हुने नै भयो । त्यसमा लगातार



**लेनिन भन्नुहुन्छ- "यदि सबैथोक विकसित हुन्छ भने के त्यो सबैभन्दा आमअवधारणा र विचारसम्बन्धी categories हरुमा लागु हुँदैन ? यदि हुँदैन भने, चिन्तन अस्तित्वसित जोडिएको छैन ।**

**एंगेल्सको भनाइ छ - "categories भनेका विकासशील वस्तुहरुका र परिघटनाहरुका जरुरी सिलसिलाहरु, गुणधर्महरु र सम्बन्धहरु प्रतिविम्वित गर्ने सबैभन्दा आमअवधारणाहरु हुन् ।"**

परिवर्तन आउने कुरै भएन । तर द्वन्दवादले भने तरल आमअवधारणाको वकालत गर्छ । द्वन्दवादका अनुसार, यदि सबैथोक विकसित हुन्छ भने- अवधारणाचाहिं स्थिर रहने सवाल नै हुँदैन । त्यो पनि लगातार विकसित भइरहन्छ, परिवर्तित भइरहन्छ । मानव जातिले सामाजिक व्यवहार र प्रयोगका दौरानमा जति जति नयाँ ज्ञान र अनुभव हासिल गर्दै जान्छ, आम अवधारणा पनि त्यति त्यति नै परिष्कृत वा परिवर्तित हुँदै जान्छ, नयाँ नयाँ अवधारणा पनि पैदा हुँदै जान्छ ।

लेनिनले यस सम्बन्धमा घतलाग्दो कुरो भन्नुभएको छ । उहाँ भन्नुहुन्छ- "यदि सबैथोक विकसित हुन्छ भने के त्यो सबैभन्दा आमअवधारणा र विचारसम्बन्धी categories हरूमा लागु हुँदैन ? यदि हुँदैन भने, चिन्तन अस्तित्वसित जोडिएको छैन । यदि हुन्छ भने, यसको मतलब हो- अवधारणाहरूको पनि द्वन्दवाद हुन्छ र ज्ञानको पनि हुन्छ, जसको वस्तुगत महत्व रहने गर्छ ।"

*(हेर्नुहोस्, लेनिन, Conspectus of Hegle's Book "Lectures on" the History of Philosophy, सग्रहित रचनाहरू, अंग्रेजी ग्रन्थ ३८, पृष्ठ २५६)*

अवधारणाहरू र ज्ञानको पनि द्वन्दवाद हुन्छ भन्नुको मतलब तिनीहरू अन्तरविरोधका कारणले लगातार बदलिरहन्छन्, बिकसित भइरहन्छन् । मान्छेले आफ्नो उत्पादनशील क्रियाकलापबाट हमेशा प्रकृति र समाजको यथार्थसित द्वन्द गरिरहन्छ । यही द्वन्दबाट उसले प्रकृति र समाज दुवैलाई बदलिरहन्छ, सारा संसारलाई बदलिरहन्छ । यही द्वन्द र बदलाहटको दौरानमा मान्छेले प्रकृति र समाजका अहिलेसम्म थाहा नभएका थुप्रै रहस्यहरू पत्ता लाउँदै जान्छ, आफ्नो ज्ञानको भण्डार बढाउँदै जान्छ । यो क्रिया सँगसँगै categores को नयाँ संख्या पनि थपिँदै जान्छ, पहिलेकै categories मा पनि थुप्रै नयाँ पक्ष र आयामहरू थपिँदै जान्छन् ।

यही हुनाले द्वन्दवादी भौतिकवादले स्थिर आमअवधारणाको विचारलाई अस्वीकार गर्छ । यसले तरल आम अवधारणाको वकालत गर्छ । प्रकृति र समाज निरन्तर गतिशील छ, तसर्थ मान्छेको विचार र ज्ञान पनि गतिशील हुनुपर्छ । ठीक त्यस्तै, आम अवधारणा पनि, - द्वन्दवादले यस्तो भन्छ ।

यति मात्र होइन, अर्को कारणले पनि द्वन्दवादले स्थिर अवधारणाको विचारलाई अस्वीकार गर्छ । ऐंगेल्सका अनुसार, विपरीत पक्षहरू- जस्तो कि कारण र कार्य, सार र आकृति, सामान्य र विशेष आदि जहिले पनि स्थिर विपरीत पक्षहरू हुँदैनन् । गहीरिएर हेर्दा विपरीत पक्षको एउटा ध्रुवमा अर्को पक्ष पनि रहिरहेकै हुन्छ र एउटा खास बिन्दुमा एउटा ध्रुव अर्को ध्रुवमा बदलिन्छ र सबै तर्कहरू यिनै विकासमान अन्तरविरोधहरूको कारणले गर्दा मात्र बिकसित भइरहेका हुन्छन् ।

*(हेर्नुहोस् - Marxist Leninist Philosophy Diagrams, Tables, Progress Publishers, Moscow, १९८७ पृष्ठ ६९)*

यसप्रकार स्थायी र स्थिर विपरीत पक्ष भनेको हुँदैन । एउटा विपरीत पक्ष अर्को विपरीत पक्षसित बिल्कुलै अन्तर्सम्बन्धित हुन्छ । विपरीत पक्षबीचको द्वन्द निरपेक्ष हुँदैन, सापेक्ष हुन्छ । एउटा विपरीत पक्ष, विकासको एउटा खास बिन्दुमा, अर्को पक्षमा रूपान्तरित हुन्छ । जस्तो, यहाँ जो कार्य छ, त्यो एउटा खास बिन्दुमा, कारणमा बदलिन्छ र यसको ठीक उल्टो पनि हुन्छ । यही हुनाले स्थिर अवधारणाको विचार यथार्थसित मेल खाँदैन । यथार्थमा स्थिर अवधारणा भन्ने कुरा नै हुँदैन, किनकि अवधारणा भनेको यथार्थको प्रतिविम्ब हो र यथार्थ कहिल्यै स्थिर हुँदैन ।

categories सम्बन्धी विचार मानव समाजमा धेरै पुरानो हो । ईशापूर्व नै दार्शनिकहरूले यो विचार ल्याइसकेका थिए । पश्चिममा categories सम्बन्धी विचारको मुख्य श्रेय अरिस्टोटललाई दिइन्छ । पूर्वमा यसका प्रणेता को हुन्, - खोजीकै विषय छ । ❑

◀ नीति संस्कृति

# तिमी छौ, तर तिमी छौ भन्ने कुरा हामी मान्दैनौं !

**एमालेले मालेलाई निम्ता गऱ्यो, मालेले स्वीकाऱ्यो**

- चन्द्रदेव नेपाली -



फोटो साभार : स्पेसटाइम

*६ वामको आन्दोलनमा संयोगवश पुग्नुभएका क. सी. पी. मैनालीसँग एमालेका नेताहरू हात मिलाउँदै*

यही बैशाखको दोस्रो साताको अन्ततिर ने.क.पा. एमालले एक पत्र लेखी, ने.क.पा. मालेलाई एउटा कार्यक्रममा निम्ता गरेको प्रसंगलाई केही अखबारहरूले राम्रै चर्चामा ल्याए । ने.क.पा. एमालेले गठन गरेको "माओवादी तथा राज्यद्वारा सिर्जित समस्या अध्ययन कार्यदल"द्वारा आयोजित एक राष्ट्रिय कार्यशाला गोष्ठीमा ने.क.पा. मालेको अधिकारिक वक्ता पठाइदिन एमालेका तर्फबाट सो कार्यदलका संयोजक क. झलनाथ खनालले सो पत्र लेख्नुभएको थियो । पत्रको व्यहोरामा उल्लेख भएअनुसारको 'समस्या र समाधानसम्बन्धी लिखित सुझाव'सहित सो कार्यशाला गोष्ठीमा ने.क.पा. मालेको तर्फबाट क. सी.पी. मैनालीले भाग लिनु भयो । क. मैनालीले यसरी सो कार्यक्रममा भाग लिएको प्रसंग पनि उत्तिकै चर्चाको विषय बन्यो । केही दिनअघि एमालेलगायतको ६ वामको "गिरिजा हटाऊ आन्दोलन"को क्रममा आयोजित एक जुलूसमा क. मैनाली संयोगवश एकछिन सामेल हुनुभएको प्रसंग पनि यसरी नै चर्चित बनेको थियो ।

यी दुवै प्रसंगका चर्चाहरूमा आम-वामएकताप्रेमी नेपाली जनताले खुसीको अनुभूति नै गरे । हुन पनि यो खुसीकै कुरा हो ।

यो घटनामा खुसी हुनुपर्ने पक्ष दुईवटा छन् भन्ने मलाई लाग्छ । एक, आम सांस्कृतिक पक्ष र दुई, राजनैतिक पक्ष ।

ने.क.पा. एमाले नफुट्नु पर्थ्यो, फुट्यो । दुवैथरिका अधैर्यता र कमजोरी यसमा रहे । जति नै गर्दा पनि फुटलाई रोक्न नसकिएपछि फुटेका दुई घटकहरूले आपसमा कार्यगत एकताको बाटो खोज्नु जरूरी थियो । तर यो बीचमा यसरी फुटेका एमाले र माले पार्टीबीच 'पानी-बाराबार" नै भयो । कार्यगत एकताको त कुरै छाडौं, उनीहरू एकै ठाउँमा उभिन पनि तयार भएनन् । एउटा गएको कार्यक्रममा अर्को नजाने प्रवृत्ति पनि हावी भयो, एउटा संलग्न कार्यक्रममा अर्कोले खोटैखोट देख्ने प्रवृत्ति पनि देखापऱ्यो । नानाभाँतीका गाली-गलौज र फत्तुरहरूको वर्षा गरिए । नौ वाममा एमाले समावेश नहुने, चार वा छ वाममा माले समावेश नहुने घटना पनि घटित भए ।

वस्तुत: संगठन फुट्दा त्यसमा संलग्न मानिसहरूलाई विशेष चोट अनुभव हुनु स्वाभाविकै हो । फुटेका घटकहरूका तल्लो स्तरका कार्यकर्ताहरूमा तीक्तताको मात्र विद्यमान हुनु पनि स्वाभाविकै हो । तर माथिल्ला स्तरका नेताहरूमा पनि र लामो समय बितिसक्दा पनि तीक्तता नघट्नु अत्यन्तै अस्वाभाविक कुरा हो । संगठन भनेको प्रगतिशील सामाजिक परिवर्तनको निम्ति माध्यम मात्र हो । यो माध्यम स्वयं साध्य हैन, साधन मात्र हो । सामाजिक परिवर्तनरूपी साध्यका निम्ति साधनहरूलाई सके एकै ढिका पार्नु राम्रो हो, नसके एकैसाथ प्रयोग गर्नु पनि नराम्रो हैन । तर व्यवहारमा एमाले-मालेले यसो गरेनन् ।

"हुन त हो, देशको लागि त त्यसो गर्नु जरूरी थियो, तर हामी भने बरू ज्यान जाला, तर एकै ठाउँमा बस्दैनौं ।"

-व्यवहारले यसो भनेर एमाले-मालेले आफूलाई प्रस्तुत गरे । उनीहरूमध्ये पनि को अलि नरम रह्यो, को ज्यादा कडा रह्यो भन्ने चर्चातिर नजाऔं । जम्मामा उनीहरूको प्रस्तुति यस्तै रह्यो । साध्य नै बरवाद हुने शर्तमा पनि उनीहरू साधनसँगको आफ्नो 'अह'लाई त्याग्न तयार भएनन् ।

> **यो बीचमा यसरी फुटेका एमाले र माले पार्टीबीच 'पानी-बाराबार" नै भयो । कार्यगत एकताको त कुरै छाडौं, उनीहरू एकै ठाउँमा उभिन पनि तयार भएनन् ।**

एमाले-माले टक्करको घटनामा निहित यो सांस्कृतिक पक्ष हो । यो पक्षले असहिष्णुता र संकुचितताको अराजनीतिक द्वैषलाई अभिव्यक्त गर्छ ।

यसमा निहित राजनैतिक पक्ष भनेको तत्कालको राजनीतिक फाइदा-बेफाइदाको पक्ष हो । आम संस्कृतिको हिसावले 'पानी बाराबर' गलत हो भनेझैं मुलुकको राजनीतिक भाग्य निर्धारणको हिसावले पनि यो गलत हो । कार्यगत एकता गरी नौ वामको सट्टा एमालेसहितको 'दश वाम' वा छ वामको सट्टा मालेसहितको 'सात वाम' बनेर काम गर्दा नै प्रतिकृयावादी राजनीतिलाई बलियो चोट पुग्थ्यो । कारण यस्तो एकता गर्दा बल नै बढ्थ्यो र अनावश्यक दोहोरो-कार्यभार पनि बोकी रहनु जरूरी हुन्थेन । अनावश्यक प्रतिस्पर्धा पनि घट्थ्यो । यसले आगामी चुनावलगायतका ठूला राजनैतिक अवसरहरूका निम्ति पनि एकताको मनोविज्ञान निर्माण गर्नमा मद्दत गर्दथ्यो ।

एउटा कुरा के प्रष्ट पार्नु जरूरी छ भने, एमाले र मालेका बीच चुनावी एकता नहुने हो भने आगामी

कार्यकालमा पनि कुख्यात गिरिजाप्रसाद कोइरालाकै रजाई चल्ने निश्चित प्रायः छ । यो तीतो सत्यलाई नेकपा एमाले-मालेले अहिलेदेखि नै गम्भीर ढंगले बुझे हुन्छ । यो कुरा प्रतिकृयावादी खेमाले भने खुब राम्ररी नै बुझेको छ । त्यसैले, यी दुईलाई एकतामा आउन नदिन, मिल्न नदिन र यिनीहरूबीचको फूटलाई गहिऱ्याइरहन प्रतिकृयावादीहरू सचेत ढंगले लागिपरिरहेका छन् । गुप्त रूपले भैरहेका प्रतिकृयावादी षड्यन्त्रहरूलाई त्यसै छोडेर प्रकट रूपमा भएका मात्र षड्यन्त्रहरूलाई हेर्ने हो भने पनि यो कुरा सहजै प्रष्ट हुन्छ । प्रतिकृयावादीहरूको ठूलो इच्छा र प्रयत्न रहेको छ- एमाले-मालेबीचको 'पानी बाराबार' कम नहोस्, झन् गहिरियोस् ।

घामजस्तै छर्लङ्ग रहेको यो कुरा बुझेर पनि जब एमाले-मालेका नेताहरू आपसमा अराजनीतिक र अलगाववादी व्यवहार गर्छन्, तब उनीहरूलाई भन्नैपर्ने हुन्छ- के तिमीहरू साँच्चै गिरिजाप्रसाद कोइराला प्रवृत्तिका विरोधी नै हौ त ? सडकमा जुलूस र धर्ना, सभा र नाराबाजी गरिरहेछौ, सदनमा पनि प्रखरविरोधी मुद्रा दर्शाइरहेका छौ, तर आपसी 'पानी बाराबार'लाई गहिऱ्याएर पुनः किन तिमीहरू अन्ततः गिरिजाप्रसादकै सेवा गरिरहेका छौ ?

अहिले भएको सडक संघर्षले देखाइरहेको छ - मुलुकको नेतृत्वबाट गिरिजाप्रसादमात्र हट्नुको पनि ठूलो अर्थ रहेछ, महत्व रहेछ । गिरिजालाई काँध थाप्ने समग्र कांग्रेस नै नेतृत्वबाट हट्नुको त भनै ठूलो अर्थ र महत्व होला नि ! किन एमाले-मालेहरू विगतको फूटको मानसिकतामा मात्र अल्झिएर आज कांग्रेसलाई यसरी हटाउने उपायप्रति भने उदासीन छन् ? किन उनीहरू यस कुरामा जानीजानी उल्टो व्यवहार गरिरहेछन् ? के उनीहरूको अहं भनेको देशभन्दा पनि माथ्लो दर्जाको कुरा हो ? के उनीहरूको संकीर्ण मनोदशा भनेको उनीहरू आफ्नै उद्देश्यभन्दा पनि महान कुरा हो ?

-यी ज्वलन्त प्रश्नहरू आज तमाम निस्वार्थ वाम कार्यकर्ताहरू र आमजनताको दिमागमा पैदा भैरहेका छन् ।

यसै स्थितिमा, ने.क.पा. एमालेले मालेलाई पहिलो पटक राजनीतिक पार्टीको दर्जा दिएर कार्यक्रममा निम्ता गरेर एउटा सकारात्मक शुरूवात गरेको छ । मालेले यसअघि नै नौ-वाममा एमाले सामेल भएमा आफूलाई आपत्ति नहुने विचार व्यक्त गरेर पनि यस्तै सकारात्मक लक्षण देखाएको थियो । एमालेले बोलाउनु र मालेका तर्फबाट क. सि. पि. मैनालीलाई समारोहमा भाग लिन पठाइनु दुवै राजनीतिक संस्कारयुक्त कदमहरू हुन् । यस्तो राजनीतिक संस्कृतिको निर्माण क्रमलाई तीव्रता दिनु जरूरी छ ।

*फलानो राम्रो प्रगतिशील साहित्यकार त हो, तर केही कुरामा निजसँग मेरो विचार नमिल्ने हुनाले मेरो समालोचना-लेखमा साहित्यकारको रूपमा निजको नाम नै उल्लेख गर्न म चाहन्न*

तर यसैबीच, यो घटनालाई कतिपय कांग्रेसीलगायत अरू केही वामपक्षधर पत्र-पत्रिकाहरूले पनि गलत ढंगले अर्थ्याउने कोशीस गरेको पाइयो । एकले अर्कोसँग अन्ततः घुँडा टेकेको अर्थमा खिसीट्यूरी गर्ने काम पनि भए, एकताको हैन फूटको पक्षमा रहेका संकीर्ण दिमागी नेताहरूलाई उक्स्याउने कोशीसहरू पनि भए । कांग्रेसीहरूले यसो गर्नु बुझ्न सकिने कुरा हो, वामपन्थीहरूले नै पनि यसो गर्नुचाहिं बुझ्न नसकिने कुरा हो, र यो सरासर घातक प्रवृत्ति पनि हो ।

❑ नेपाली वाम आन्दोलनमा आफ्नो उद्देश्यलाई नै घात हुने शर्तमा पनि एक अर्कोलाई होच्याउने वा एक अर्कोको अस्तित्व नै नस्वीकार्ने प्रवृत्ति अन्यत्र पनि र अरू सन्दर्भहरूमा पनि पटक-पटक देखा पर्ने गरेको छ ।

- "तिमी छन् त छौ, यो सत्य हो, तर म तिम्रो अस्तित्वलाई स्वीकार्दिनँ !"

उनीहरूको व्यवहारले यसो भन्ने गर्छ । 'सत्य त हो, तर म स्वीकार्दिन' भनेको के हो ? आफूलाई सत्यभन्दा पनि माथि राख्ने यो संकीर्णता र यो अहंकारले के हामीलाई 'सत्यको पक्षधर हुँ' भनी दावी गर्ने नैतिक अधिकार दिन्छ ?

- माले एउटा राजनीतिक पार्टी त हो, तर म एमाले यो कुरा स्वीकार्दिन ।

- फलानोको व्यक्तित्व प्रसंशनीय त छ, तर म निजको प्रसंशा हुन जाने दुईवटा 'लवज' बोल्न पनि कंजुसी गर्छु ।

- फलानो राम्रो प्रगतिशील साहित्यकार त हो, तर केही कुरामा निजसँग मेरो विचार नमिल्ने हुनाले मेरो समालोचना-लेखमा साहित्यकारको रूपमा निजको नाम नै उल्लेख गर्न म चाहन्न । बरू, म निजभन्दा कम सृजनशील र कनिष्ट प्रतिकृयावादी लेखकहरूको नाम भने दोहोऱ्याई-तेहऱ्याई उल्लेख गर्न चाहन्छु ।

- तिमी समूहमा छौ, तर म तिम्रो समूहको नामै लिन चाहन्न । समूहको संयोजकको हैसियतले तिमीलाई बोल्न आउन निम्ता गर्छु म, तर मंचमा बोलाउँदा भने यो हैसियत नदिइकन म तिमीलाई संबोधन गर्छु । तिम्रोभन्दा सानो समूहलाई पनि ऊ मेरो पार्टीको नजिक आएमा चाहिं 'विशाल समूह' मान्न म पछि पर्दिनँ ।

- फलानो महत्वपूर्ण काम गर्न तिमीले राम्ररी सक्छौ, तर तिमी मेरो मतमा पूर्ण सहमत नभैसकेकोले म तिमीलाई निम्ता नै गर्दिनँ ।

- म तिमीलाई मेरो पार्टीमा तान्न रातभर कोशीस गर्छु, तिमी मान्दैनौ त्यसैले, म तिमीलाई मेरो पार्टीले आयोजना गरेको तिम्रो दक्षता-क्षेत्रकै विचार-गोष्ठीमा पनि सामान्य निम्तो पनि दिन्न, र तिमी 'अयोग्य' भएकोले निम्ता नगरिएको प्रचार गर्छु ।

- तिमी समग्रमा प्रगतिशील लेखक हौ, तिम्रो कुनै कृतिमा तिमीले मेरो पार्टीको खुला विरोध गरेकोले हामीहरू तिमीविरूद्ध खनिन्छौं । प्रतिकृयावादी खुंखार साहित्यकारहरूको बिगबिगीप्रति भने हामीलाई मतलबै छैन ।

यी खालका अभिव्यक्तिहरू हाम्रो वाम-आन्दोलनका व्यवहारमा ठूलै रोगको रूपमा विद्यमान रहेका छन् ।


यो रोग अलिकति त 'असभ्यताको लक्षण' पनि हैन र ? 'स्तरहीनताको लक्षण' पनि हैन र ?

❑

# रू. १ को अभियान पुरस्कार दुर्गालाललाई

*नेपाली साहित्यका क्षेत्रमा नैतिक निष्ठाको ह्रास, प्रतिभाको किनबेच, पुरस्कारको लोभमा भएको प्रतिवद्धताको पलायन तथा साहित्यिक मर्यादा र पुरस्कारको अवमूल्यनजस्ता साहित्यिक प्रदूषण र विकृतिहरू बढ्न थालेका छन् । यो प्रवृत्तिको विरूद्ध र साहित्यिक गरिमा एवं मूल्य-रक्षाको पक्षमा अभियान संचालन गर्ने उद्देश्यले गत साल (२०५७) मा अभियान साहित्य प्रतिष्ठानले रू '१' को 'अभियान पुरस्कार' घोषणा गरेको थियो । २/२ वर्षको अन्तरालमा प्रदान गरिने यो पुरस्कार पहिलो पटक कवि दुर्गालाल श्रेष्ठलाई दिइएको छ ।*

*गत जेठ ७ गते काठमाण्डौंमा आयोजित एक समारोहकाबीच कवि दुर्गालाल श्रेष्ठलाई एक बालक र एक बालिकाका हातबाट सो पुरस्कार हस्तान्तरण गरियो ।*



कवि दुर्गालाल श्रेष्ठ

*पुरस्कार कसलाई दिने भन्ने टुंगो गर्न गठित प्रा. ठाकुरप्रसाद पराजुली र साहित्यकारहरू खगेन्द्र संग्रौला, अशेष मल्ल, हरिगोविन्द लुइँटेल एवं रामप्रसाद ज्ञवाली सम्मिलित प्रतिभा चयन समितिले कवि दुर्गालाललाई सो पुरस्कारका लागि चयन गरेको थियो ।* ❑

# ◀ किताब

नेपाली लघुकथालाई आजको अवस्थासम्म ल्याइपुऱ्याउन टेवा प्रदान गर्नेमध्येका एक उल्लेखनीय प्रतिभा हुन् - विनयकुमार कसजू । २०३३ र २०३४ सालमा क्रमशः 'चौतारो' नामक संयुक्त लघुकथा संग्रह भाग-१ र २ प्रकाशन गरेर कसजूले लघुकथाका क्षेत्रमा कृतिकारका रूपमा प्रवेश गरेका हुन् । उनका 'पशुतन्त्र' (२०३८) र 'लिस्नो' (२०५३) जस्ता लघुकथा संग्रहहरू यसअघि नै प्रकाशित भइसकेका छन् ।

'थोपाथोपा' कथाकार कसजूद्वारा लिखित र २०५७ को उत्तरार्धमा प्रकाशित नवीनतम लघुकथासंग्रह हो । हालसम्मका लागि यो उनको कान्छो लघुकथाहरूको सँगालो हो । यस सँगालोमा असीवटा लघुकथाहरू संकलित छन् । यीमध्ये ४८ वटा कथाहरू कुनै न

## मानव अनुभवको कलात्मक सागर




कुनै रूपमा पहिले नै प्रकाशित भइसकेका देखिन्छन् भने ३२ वटा कथाहरूमात्र सर्वप्रथम यसै संग्रहमा प्रकाशित भएका पाइन्छन् ।

लघुकथामा सूक्तिमय कथात्मकता, सांकेतिकता, नाटकीयता, प्रतीकात्मकता, मिथकीय प्रभावान्विति र कलात्मक व्यंग्यजस्ता विशेषताहरू अपरिहार्य हुन्छन् । कसजूका लघुकथामा यी सबै विशेषता सन्निहित छन् । यस संग्रहका कथामा थोरैमा धेरै भन्न सक्ने कलात्मक खुबी प्रदर्शित छ । यहाँ ऐतिहासिक, पौराणिक र प्राकृतिक बिम्बका सहायताले विद्यमान समाजका विभिन्न क्षेत्रमा व्याप्त बेथितिहरूलाई उदाङ्ग पार्दै घुमाउरो पाराले आक्रोश व्यक्त गरिएको छ । दन्त्यकथाको शैलीमा विषयवस्तु, पात्र र घटना-परिघटनाहरूलाई प्रस्तुत गर्ने सहज कलाले यी लघुकथालाई रोचक तुल्याएको छ । मानवीय पात्र मात्र होइन, मानवेत्तर पात्र, त्यसमा पनि पशुपन्छी, वनस्पति तथा निर्जीव र यान्त्रिक वस्तुहरूको समेत सजीव प्रयोगले कथात्मक प्रस्तुतिलाई सार्थक बनाएको छ ।

आजको युग विज्ञान र प्रविधिका दृष्टिले जतिसुकै उन्नत कहलिएको भए पनि व्यापकतम् मानव समुदायको हितको पक्षपोषण हुनसकेको छैन । वर्ग विभेदका गहिरा खाल्डाहरू पुरिएका छैनन्, बरू गहिरिँदै गएका छन् । सामन्ती र चरम उपभोक्तावादप्रेरित पूँजीवादी सभ्यताले विकास गरेको व्यक्तिगत स्वार्थको कुहिरोले मानवीय मूल्य, मान्यता र विवेकको उज्यालोलाई ढपक्कै ढाकेको छ । समाजमा दिनप्रतिदिन शोषण-उत्पीडन र अन्याय-अत्याचार बढ्दो छ । सांस्कृतिक अपचलनले विकृति - विसङ्गति जन्माएको छ र समाजमा विद्रुपता व्याप्त छ । यो वर्तमानको राष्ट्रिय-अन्तर्राष्ट्रिय यथार्थ हो । यस यथार्थलाई कथाकार कसजूले यी लघुकथाहरूमा विभिन्न मिथकीय प्रयोगद्वारा कलात्मक पारामा उतारेका छन् र मर्मस्पर्शी ढंगले परिवर्तनको स्वर मुखरित गरेका छन् । विद्यमान सामाजिक-राजनीतिक विद्रुपता, इमान खस्कँदै गएको स्वार्थी नेतृत्व, दिशाहीनता, पुरातनपन्थी अवैज्ञानिक संस्कृति र विकासका नाउँमा भित्रिएको एनजिओ-आइएनजिओको डलरमुखी दुष्प्रवृत्तिलाई उदांग पार्न यी कथाहरू सफल छन् । 'एकादशी', 'एउटा प्रेमकथा', 'कानूनको मर्म', 'चाकरी गाथा', 'अनर्थ', 'चारजना चरित्रवान्', 'झुलभित्र-झुलबाहिर', 'भकुण्डो', 'मानिसलाई कसरी चिन्ने ?', 'मुखियाको गाउँ', 'रक्षक', राजधानीका साँढेहरू', 'सिपी र मोती', 'सुनको हल्लो', 'स्याललाई स्लिपिङ्ग ब्याग' लगायतका कथाहरू सापेक्षिक रूपमा धेरै उत्कृष्ट अनुभव हुन्छन् । तर भाव, विचार र कलाका दृष्टिले दुर्बल कथा कुनै पनि छैनन् । अन्योक्तिमूलक ढंगले युगीन सामाजिक परिवेशलाई कलात्मक अंकन गर्न सफल यी कथाहरू जति छोटा छन्‌ह्य त्यति नै औधी मीठा र सुरुचिपूर्ण छन् । यहाँ प्रस्तुत स्याल, सर्प, सिंह, बिरालो, माकुरा, भकुण्डो, बाघ, मृग, कछुवा, खसी, कुकुर झुल, क्यारेमका गोटीहरू आदिजस्ता मानवेत्तर सजीव-निर्जीव पात्रहरूले कुनै न कुनै रूपमा मानवीय चरित्रको प्रतिनिधित्व गरेका छन् र प्रतीकात्मक वा ध्वन्यात्मक अर्थ वहन गरेका छन् ।

दन्त्यकथा र प्रचलित चुट्किलालाई समेत आधार बनाएर लेखिएका यी लघुकथाहरू कलिला मन-मस्तिष्कका बाल-बालिकाहरूका लागि पनि प्रभावोत्तेजक र आकर्षक देखिन्छन् । मनोरम संवादले युक्त यी कथाहरूलाई बालकथा पनि भन्न सकिन्छ । आधुनिक विज्ञान र प्रविधिको तीव्रतम विकासले मानव संस्कृतिमा पारेको प्रभावको चित्रण गरिएका कतिपय कथाहरू विज्ञानकथा पनि भन्न मिल्ने खालका छन् । प्रथम र तृतीय पुरुष कथन ढाँचाको सुन्दर प्रयोग भएका यी कथाहरू मनोरम हास्य व्यंग्यले भरिएका छन् ।

सामाजिक यथार्थवादको पृष्ठभूमिमा अडिएका यी कथाहरूको भावसीमा प्रगतिवाद उन्मुखतासम्म व्याप्त छ । साधारणदेखि विशिष्ट बौद्धिक स्तरसम्मका पाठकहरूका लागि समेत यी कथाहरू त्यत्तिकै प्रभावकारी, रोचक, मनोरञ्जक र सन्देशमूलक छन् । सरल, सरस र सहज भईकन पनि गम्भीर चिन्तनले पूर्ण हुनु यी कथाको विशेषता हो । विषय र भावअनुरूपको चित्राअंकनले कथाहरू झनै सम्प्रेष्य बन्न पुगेका छन् । १५६ पृष्ठमा विस्तारित र स्तरीय छपाइ तथा साज-सज्जाले युक्त यस्तो महनीय र अमूल्य कृतिका लागि ५० रुपियाँ मूल्य सामान्य नै हो । ☐

- जगत् प्रेक्षित

# ◀ उल्लेख्य

कृति : नेपाल मानव अधिकार वर्ष पुस्तक
विधा : घटनाहरूको संकलन
संयोजक : किरण माली
प्रकाशक : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पृष्ठ : ४४६
मूल्य : रू. २००/-






कृति : सम्झनाका बाछिटाहरू
विधा : लेख संग्रह
कृतिकार : झमक घिमिरे
प्रकाशक : साहित्य सेवा सदन, काठमाण्डौ
पृष्ठ : ३६

कृति : जीवन यात्रा
विधा : लघु उपन्यास
कृतिकार : पुन्य कार्की
प्रकाशक : सहयात्री परिवार
पृष्ठ : ३२
मूल्य : रू. ३०/-






कृति : युद्धभित्र उभिएका बुद्धहरू
विधा : कविता संग्रह
कृतिकार : टंक सम्बाहाम्फे
प्रकाशक : नेपाली साहित्य प्रतिष्ठान, हङ्गकङ्ग
पृष्ठ : ७७
मूल्य : रू. ४०/-

कृति : रहर
विधा : बाल कविता संग्रह
कृतिकार : मञ्चन तिवारी
प्रकाशक : वाणी प्रकाशन सहकारी संस्था लि., बिराटनगर
पृष्ठ : २४
मूल्य : रू. २५/-







कृति : मितेरी
विधा : लेखहरूको संकलन
कृतिकार : यमबहादुर पौडेल क्षेत्री
प्रकाशक : सुश्री श्रृजना पौड्याल, लाँकुरी सेती दोभान- ८, स्याङ्जा
पृष्ठ : ११२/
मूल्य : रू. ५०/-



*दर्शकहरू "देशभक्त जनतान्त्रिक शक्तिहरू उठ, नेपाललाई माया गर्ने नेपाली हो उठ" भन्ने बोलको गीत गुन्गुनाउँदै हलबाट बाहिर फर्केका थिए ।*

# रायनको एकल प्रस्तुति सम्पन्न

वरिष्ठ जनपक्षीय गायक, संगीतकार रायनको एकल सांगीतिक प्रस्तुति 'अविरल यात्रा' गत वैशाख ९ गते काठमाण्डौंको प्रज्ञा भवनको हलमा भव्य रूपमा संपन्न हुनुले जनपक्षीय कला क्षेत्रमा थप उत्साह पैदा भएको छ । ४० वर्ष अघिदेखि गीत, संगीत र लेखन कर्ममा संलग्न रायनले आफ्नो ५७ वर्षको उमेरमा एकैथलोमा बसेर सयौं दर्शकहरूसामु लगातार १६ वटा गीतहरू सो एकल कार्यक्रममा प्रस्तुत गर्नसक्नुलाई पनि उल्लेख्य मान्न सकिन्छ । अन्तिम गीत दर्शकहरूको अनुरोधमा पुनः प्रस्तुत गरेपछि दर्शकहरू उत्साह र जोशका साथ "देशभक्त जनतान्त्रिक शक्तिहरू उठ, नेपाललाई माया गर्ने नेपाली हो उठ" भन्ने बोलको गीत गुन्गुनाउँदै हलबाट बाहिर फर्केका थिए । कार्यक्रमलाई काठमाण्डौं उपत्यका र वरपरसम्म फैलाउने काम स्थानीय एफ. एम. रेडियोहरू- मेट्रो एफ. एम. र सगरमाथा एफ. एम.ले गरेका थिए ।

रायनको यो एकल प्रस्तुति राम्रो प्रचारप्रसारका साथ र राम्रो व्यवस्थापनका साथ सम्पन्न हुनसक्नुमा यस कार्यक्रमको आयोजनाका निम्ति प्रायः सबैथरि जनपक्षीय कला-घटकहरू र स्वतन्त्र व्यक्तिहरूको साथ-सहयोग रहनु मुख्य कारण रहेको थियो । कार्यक्रमले 'प्रगतिशील कलाकार संघ' निर्माणको वातावरण बनाउन जरूरी 'सँगै काम गरौं'को भावना निर्माणमा पनि महत्वपूर्ण भूमिका खेलेको अनुभव भएको छ । यस कार्यक्रमको तयारीदेखिका दैनिक व्यवस्थापकीय कामहरूको जिम्मेवारी स्वतन्त्र कला संस्था : इन्द्रेणी सांस्कृतिक समाज (इसास) कीर्तिपुरले लिएको थियो ।

'अविरल यात्रा'मा गायक रायनलाई समूह र द्वैत गायनमा साथ दिने गायिकाहरूमा सुसन मास्के, मधु गुरूङ्ग, मिङ्गमा शेर्पा, रानीशोभा महर्जन र अनुपमा कायस्थ हुनुहुन्थ्यो भने गायकहरूमा रामकृष्ण दुवाल, उदय श्रेष्ठ, वीरप्रसाद भन्सारी, गुजे मालाकार र आकाश थापा हुनुहुन्थ्यो । वाद्य-वाधकहरू रोशन शाक्य र दिलीप महर्जन (दुकी तबला), भरत बुढाथोकी (मादल), अमृतहिरा योगी (सितार), ईश्वर जोशी, सूर्यमान महर्जन, मनोज महर्जन (गितार), संन्तोष महर्जन (बेस गितार), गुजे मालाकार (हार्मोनियम) कालीप्रसाद बास्कोटा, सरोज परियार (कि-बोर्ड), मनोहर सुनाम, केशव सुनाम, विजय सुनाम, शिवशरण दर्नाल, विकासनाथ योगी (भ्वायलिन) रमन महर्जन, रूबिन श्रेष्ठ (बाँसुरी) र दुर्गा डंगोल (ड्रम प्याड)ले मंच र सभालाई संगीतमय बनाउन राम्रो भूमिका खेलेका थिए ।

यस कार्यक्रमको अर्को विशेषता के पनि रहेको थियो भने, यसमा प्रस्तुत सबै गीतहरूको संगीत र रचना स्वयं रायनले गर्नुभएको थियो । रायनको जन्मथलो ओखलढुंगाको स्मृतिमा रचित गीतबाट शुरू भएको सो प्रस्तुतिमा माग्ने केटोबारेको गीत, चेलीबेटी जागरणको गीतलगायत ठेलावाल, भरिया र मजदूरका दुःखका गीतहरू पनि गाइएका थिए । प्रसिद्ध गीति-नाटक 'सिम्मा'बाट 'भर्ती जाउँला' र 'भाउजू राम राम छ' भन्ने दुई गीतहरू यसमा समावेश भएका थिए । र तिनले विशेष आकर्षण पनि पैदा गरेका थिए । सिमानामा डट्नु पर्ने, नेपाली पुलिस-सिपाहीले न्याय माग्ने नेपालीको छातीमा गोली प्रहार गरेको भावलेयुक्त गीत पनि कार्यक्रमको विशेष आकर्षण बन्न पुगेको थियो ।

रायनको समग्र प्रस्तुति औसतभन्दा माथिल्लो स्तरकै भएपनि केही गीतहरूमा अझै स्वर केही प्रष्ट नबुझिएको गुनासो भने दर्शकहरूले गरेका थिए । गीतहरू छान्दा आफ्ना रचना र संगीतका मात्र नछानी अरूका रचना र संगीतसमेत छानेको भए लय र भावको विविधता बढ्थ्यो भन्ने राय पनि कतिपय दर्शकहरूले व्यक्त गरेका थिए ।

कार्यक्रमबाट उठेको नाफा रकमले सबैथरि वरिष्ठ जनपक्षीय गायक-गायिकाहरूको लोकप्रिय गीति एल्बम निकालिने भएको छ र छिट्टै सोका लागि गीतहरूको छनौट हुने भएको छ । साथै, सो कार्यक्रमको श्रव्य क्यासेट र श्रव्यदृश्य क्यासेटको पनि संपादन कार्य भैरहेको बुझिएको छ । संपादनपछि तिनलाई छिट्टै नै बजारमा ल्याउने तयारी भइरहेको छ ।

वैशाख ९ गते काठमाण्डौंको प्रज्ञा भवनमा वरिष्ठ गायक रामेश र वरिष्ठ नृत्य निर्देशक हरिकृष्ण दर्शनधारीले कलाकार रायनलाई माला लगाइदिएर र पुष्पगुच्छा अर्पण गरेर शुरू भएको एकल प्रस्तुतिको अन्तमा काठमाण्डौं महानगरपालिकाका मेयर केशव स्थापितले रायन र अन्य कलाकारहरू सबैलाई प्रशंसा-पत्र प्रदान गर्नुभएको थियो । ❑

## 'अविरल यात्रा' आयोजक समितिमा को को थिए ?

रामेश
दुर्गालाल श्रेष्ठ
पद्मरत्न तुलाधर
रामकृष्ण दुवाल
माधव प्रधान
कृष्ण अर्याल
ईश्वरचन्द्र ज्ञवाली
हरिकृष्ण दर्शनधारी
वीरप्रसाद भन्सारी
सुकन्या वाइवा
खगेन्द्र संग्रौला
उदय श्रेष्ठ
विजय सुब्बा
रमेश लामा
उमेश स्थापित
राजेन्द्र महर्जन
मुकेश शाही
पुष्प तिमिला
राजेन्द्रप्रसाद अधिकारी
सुवास श्रेष्ठ
दिलबरदान श्रेष्ठ
बखानसिंह लामा
रामकृष्ण धिना
गोविन्द वर्तमान
स्नेह सायमि

शुभरत्न बज्राचार्य
जीवन शर्मा
मनोज गजुरेल
शान्त राई
डा. कविताराम श्रेष्ठ
हरिगोविन्द लुइँटेल
ईश्वर जोशी
तुल्सीदास महर्जन
दिलिप महर्जन
अशोक भन्सारी
प्रदीप महर्जन
गुजे मालाकार
रमन महर्जन
रश्मी श्रेष्ठ

### संयोजन समिति

हरिकृष्ण दर्शनधारी
(संयोजक)
हरिगोविन्द लुइँटेल
(सदस्य-सचिव)
वीरप्रसाद भन्सारी
उदय श्रेष्ठ
कृष्ण अर्याल
राजेन्द्र महर्जन
पुष्प तिमिला

कृष्णलाल श्रेष्ठ
सूर्य लामा
रानीशोभा महर्जन
शिलकुमारी महर्जन
मनोज महर्जन
कालीप्रसाद बास्कोटा
समयनन्द बज्राचार्य
सूर्यबज्र बज्राचार्य
कृष्ण ब. महर्जन
कृष्ण आचार्य
दिल ब. महर्जन 'चिरी'
हिरा ब. महर्जन
कर्मलाल महर्जन
प्रकाश तण्डुकार
नारायण महर्जन
अर्जुन महर्जन
आशारत्न बज्राचार्य
बालकृष्ण महर्जन
अमर बज्राचार्य
बालकृष्ण प्रजापति
कमलेश महर्जन
समीर महर्जन
प्रतिभा महर्जन
बोधिरत्न महर्जन
रामचन्द्र महर्जन

# प्रश्नचिन्हको घेरोमा पिपुल्स वार ग्रुप



◆ राजेन्द्र महर्जन ◆



भारतका उत्पीडित जनताको मुक्तिको लागि 'जनयुद्ध' चलाइरहेको माओवादी पार्टी भाकपा (माले)- पिपुल्स वार ग्रुप अहिले प्रश्नचिन्ह नै प्रश्नचिन्हहरूको घेरोबीच उभिइरहेको छ । सशस्त्र क्रान्तिद्वारा भारतको अनुहार बदल्ने घोषणाका साथ क्रियाशील पिपुल्स वार ग्रुपको राजनीतिक चिन्तन र व्यवहारको बारेमा अनेकौ सवालहरू उठिरहेका छन् ।

पिपुल्स वार ग्रुपका संस्थापक नेता क. कोण्डापल्ली सीतारमैया र वर्तमान महासचिव क. गणपतिवीच सन् १९९२ को आधाआधीतिर नराम्ररी फूट भएको थियो । त्यो फूटको धक्का सहेर सम्हालिन नपाउँदै डेढ वर्षअगाडि मात्रै त्यसका तीनजना केन्द्रीय नेताहरू क. श्याम (नल्लाआदि रेड्डी), क. महेश (एर्रम रेड्डी सन्तोष रेड्डी) र क. मुरली (सीलम नरेश) भूठो मुठभेडमा नृशंसतापूर्वक मारिएका थिए । केन्द्रीय कमिटीको 'डेन' (सुरक्षित रूपमा लुक्ने घर)को सुरक्षाको जिम्मेवारी दिइएको पार्टीको कार्यकर्ता नै भ्रष्ट र अनैतिक भएको कारणले ती नेताहरू मारिएपछि त्यसका नेता-कार्यकर्ताहरूको सर्वहारा वर्गीय उन्नत नैतिकता र संस्कृति निर्माणको महत्वपूर्ण पाटोबारे गम्भीर सवाल उठेको थियो । *(हेर्नुस् अर्को पृष्ठको बक्समा गद्दारीको कथा)*

पिपुल्स वार ग्रुपले आफ्ना नेताहरूको हत्याबाट पाठ सिकी आफ्ना नेता-कार्यकर्ताहरूलाई उन्नत नैतिकता र उच्च संस्कृतिले लैश पार्ने सांस्कृतिक अभियान सँगसँगै राजनैतिक संघर्षलाई अगाडि बढाउनुको सट्टा प्रतिशोधपूर्ण छापामार कारवाहीमाथि नै अत्याधिक जोड दियो । आफ्ना नेताहरूको हत्याको बदला लिने प्रतिशोधपूर्ण घोषणाका साथ त्यसले सन् १९९९ को डिसेम्बर १६ मा मध्यप्रदेशका मन्त्री लिखिराम कांवरेको हत्या गऱ्यो । र, डिसेम्बरपछि आन्ध्रप्रदेशको विशाखापट्नम र मध्यप्रदेशको बस्तरमा ठूलठूला भूमिबमहरू (Landmines) बिस्फोट गरी त्यस समूहले थुप्रै पुलिसहरूको ज्यान लियो । त्यसका छापामार दस्ताहरू (दलमहरू)ले महाराष्ट्र, कर्नाटक, मध्यप्रदेश, उडीसामा विशेषतः आन्ध्रप्रदेशमा पुलिस चौकीहरूमाथि व्यापक रूपमा आक्रमण गरेका थिए । र, प्रहरी तथा दलमहरूबीचको आक्रमण-प्रत्याक्रमको क्रममा दर्जनौंदर्जन कार्यकर्ता र प्रहरीहरूको मृत्यु भएको थियो ।

प्रतिशोधपूर्ण कारवाहीकै क्रममा सन् २०००, मार्च ७ मा दलमहरूले आन्ध्रप्रदेशका मन्त्री माधव रेड्डीलाई बम बिस्फोट गराई हत्या गरेका थिए । आफ्ना तीनजना नेताहरूको हत्याको बदला लिने क्रममा छापामारहरूले आन्ध्रप्रदेशका मन्त्रीको ज्यान लिएर आफ्नो प्रतिशोधको भावनालाई व्यवहारमा उतारेर त देखाए । तर यस प्रतिशोधपूर्ण कारवाही निकै महँगो सावित भयो । विभिन्न अलग-अलग राज्यमा विभाजित भई तुच्छ स्वार्थका लागि केही हदसम्म अन्तर-संघर्ष गरिरहँदा पिपुल्स वार ग्रुपका छापामारहरूलाई आन्ध्रप्रदेशमा आक्रमण गरेर मध्यप्रदेश, उडीसा, महाराष्ट्र वा कर्नाटकमा भागेर गई लुक्न संभव भइरहेको थियो । तर मन्त्री माधव रेड्डीको हत्यापछि केन्द्रीय गृहमन्त्री लालकृष्ण आडवाणीको नेतृत्वमा भएको आन्ध्रप्रदेश, विहार, मध्यप्रदेश, उडीसा र महाराष्ट्रका मुख्यमन्त्रीहरूको विशेष बैठकले 'वामपन्थी अतिवाद' विरूद्ध, विशेषगरी पिपुल्स वार ग्रुपविरूद्ध 'ज्वाइन्ट अपरेशनल कमाण्ड' स्थापना गरी लड्ने घोषणा गरेपछि पिपुल्स वार ग्रुप अप्ठ्यारोमा परेको छ । पिपुल्स वार ग्रुपविरूद्ध संयुक्त रूपमा केन्द्रीय स्तरमा कारवाही चलाउनका लागि जोड दिँदै आएका गृहमन्त्री आडवाणीको नेतृत्वमा हुने अपरेशनका लागि अचेल व्यापक तयारी चलिरहेको छ ।

यसै सिलसिलामा पहिले राज्य र पिपुल्स वार ग्रुपबीच मात्रै चलिरहेको उच्चस्तरको 'प्रचार युद्ध'मा अब केन्द्रीय सरकार पनि सामेल भएको छ । आडवाणीले पिपुल्स वार ग्रुपलाई देशव्यापी रूपमा प्रतिबन्ध लगाउने संभाव्यता व्यक्त गर्दै त्यसका बिरूद्ध राष्ट्रव्यापी रूपमा संघर्ष छेड्ने घोषणा गरेका छन् । विगतमा श्रीलंकाका ➲

# कसरी मारिए पिपुल्स वार ग्रुपका तीन नेताहरू ?



क. श्याम



क. महेश



क. मुरली

*पिपुल्स वार ग्रुपको केन्द्रीय कमिटीमा दोस्रो नम्बरका वरिष्ठ नेता क. श्याम, आन्ध्र प्रदेश कमिटीका महासचिव क. महेश, उत्तरी तेलंगाना गुरिल्ला जोनका सचिव क. मुरली र क. अरुणको पाशविक हत्याको वृत्तान्त*

२ डिसेम्बर १९९९ को साँझसम्म आन्ध्रप्रदेशभरि जंगलको आगोसरी एउटा दुःखद् समाचार फैलियो 'क. श्याम, क. महेश, क. मुरली अन्य कमरेडहरूसँगै कोययूरको जंगलमा मुठभेडको क्रममा मारिए ।'

अँध्यारो जति छिप्पिँदै गयो, आन्ध्रप्रदेश सरकारका टि.भि. तथा रेडियोहरूले समाचार दिइरहे– 'अहिले पनि मुठभेड जारी छ, जंगलमा जबर्जस्त ढंगले युद्ध भइरहेको छ ।'

समाचार प्रसारणकै बीचमा मानिसहरूले प्रश्न उठाए– "कोययूरमा साँच्चै नै मुठभेड भइरहेकै हो भने नेताहरू मात्रै कसरी मारिए होलान् त ? कार्यकर्ता र पुलिसहरू कसरी सकुशल रहे त ? कहीं उनीहरू भूठो मुठभेडमा मारिएका त होइनन् ? र त्यसमा कसैले गद्दारी गरेको पो होइन ?"

पछि खोजतलाशको क्रममा थाहा भयो– तिनीहरूलाई आफ्नै पार्टीका कार्यकर्ताको गद्दारीको क्रममा गिरफ्तार गरेर मारिएको रहेछ । साँच्चै त्यो भूठो मुठभेड काण्ड कसरी भयो त ?

आफ्नै पार्टीका नेताहरूविरूद्ध गद्दारी गर्ने अरू कोही होइन, पिपुल्स वार ग्रुपका केन्द्रीय कमिटीको डेनको रक्षाको जिम्मा दिइएको रक्षक गोविन्द रेड्डी रहेछ । 'कन्ट्राक्टर' (ठेकेदार) बनेर बेंगलोर शहरको सारकी गेट नजिकै बस्ने रेड्डी पिपुल्स वार ग्रुपकै सक्रिय कार्यकर्ता थियो । नालगोण्डा जिल्लाको एउटा गाउँको मध्यम किसान परिवारमा जन्मेको रेड्डीले सन् १९७० मा विद्यार्थी जीवनमै नक्सलवादी आन्दोलनबाट प्रभावित भई छापामारको जीवन बिताएको थियो । उसले छापामार कारवाहीहरूमा अत्यन्त सक्रिय भूमिका खेलेका उदाहरणहरू पिपुल्स वार ग्रुपका छापामारहरू अहिले पनि झल्झली सम्झन्छन् । चलाकी र सक्रियताकै भरमा ऊ कैयौं पार्टी कमिटीको नेता भएको थियो र नेतृत्वको विश्वास प्राप्त गर्नमा समेत सफलता पाएको थियो ।

चलाकी र सक्रियताकै भरमा नेतृत्वका पदहरूमा सजिलै चढ्न सकिने र नेताहरूको विश्वास हासिल गर्न सकिने संभावना पिपुल्स वार ग्रुपको भूमिगत कार्यशैलीमा धेरै नै थियो र यद्यपि छ पनि ! कम्युनिष्ट छापामार कार्यकर्ता र नेता हुनका लागि सर्वहारावर्गीय उन्नत संस्कृति, उच्च नैतिकता र गहन चिन्तनको जरूरत नभएपछि सक्रियतापूर्वक कर्म मात्रै गर्ने चलाख (धूर्त) व्यक्ति सक्रियताकै भरमा माथि माथिसम्म चढ्न सफल हुनु स्वभाविक हुन्छ । यही प्रक्रियाबाट माथि चढेको गोविन्द रेड्डीले विगतमा राज्य र केन्द्रको पार्टीले दिएका विभिन्न जिम्मेवारीहरू सफलतापूर्वक पूरा गरेका उदाहरणहरू त थुप्रै भेटिन्छन् । तर व्यक्तिलाई सर्वहारा वर्गीय उन्नत संस्कारमा ढाल्ने प्रक्रिया भने निकै कममात्रामा मात्रै भएको भेटियो ।

गोविन्द रेड्डीले केही वर्षसम्म पिपुल्स वार ग्रुपको नगरसमितिको सदस्यको रूपमा पनि कैयौं छापामार कारवाहीहरूमा सफलतापूर्वक भाग लिने र नेतृत्व सम्हाल्ने काम गरेको थियो ।

त्यसैबीच उसलाई 'एपीलेप्सी'को रोगले च्याप्यो । अनि उसलाई डेन हेर्ने र त्यसको रक्षा गर्ने जिम्मेवारी सुम्पिइयो । त्यहीबेला उसले झुप्रेहरूको बस्तीमा बस्ने केटी–विजयासँग बिहे गर्‍यो । बिहेपछि पनि उसले कैयौं वर्षसम्म अनेकौं जोखिम मोलेर आफ्ना नेताहरूको डेनको सफलतापूर्वक रक्षा गरेको थियो ।

पिपुल्स वार ग्रुपका नेताहरूले सपनामा पनि चिताएका थिएनन्– आफ्नै डेनको सुरक्षा गर्ने सक्रिय कार्यकर्ता गोविन्द रेड्डी गद्दार बन्न सक्छ भनेर ! हरेक नेता–कार्यकर्ताको चिन्तन र कर्मबीचको सामञ्जस्यता, सर्वहारावर्गीय नीति–नैतिकता र संस्कृति अनि क्रियाशील व्यवहारबीचको तालमेलका बारेमा आलोचनात्मक ढंगले नहेर्ने अन्धताको रोग पिपुल्स वार ग्रुपका नेताहरूमा पनि रहेछ । यही अन्धविश्वासबाट फाइदा लिने काम राज्यसत्ताले गर्‍यो । पुलिस र जासूसी दस्तालाई एउटा विशाल जालमा संगठित गरी राज्यसत्ताले पिपुल्स वार ग्रुपका नेताहरूलाई फसाउन लाखौंलाख रकम लगानी गर्न, थालिसकेको थियो । विशेषगरी सूचनाहरू संकलन गर्न, भूमिगत कार्यकर्ताहरूका नातेदारहरूलाई 'काउन्सिलिंग'को नाममा भ्रष्टाचारी बनाउन र 'कभर्ट अपरेशन' गर्नमा राज्यसत्ताले सफलता हासिल गर्न थालिसकेको थियो । र, गोविन्द रेड्डी र उसकी पत्नी विजया न्यून चेतनास्तर, तल्लोस्तरको नैतिकता र कमसल संस्कृतिका कारण राज्यसत्ताको नयाँ षड्यन्त्रको जालमा फसे !

प्रसिद्ध जनकलाकार तथा पिपुल्स वार ग्रुपका संस्कृतिकर्मी गदरकाअनुसार, राज्यसत्ताले सर्वप्रथम गोविन्द रेड्डीकी पत्नी विजयाका नातेदारहरूमार्फत् षड्यन्त्रका हातहरू फैलाएको थियो । विजयाका नातेदारहरूलाई ठूलो रकम दिएर भ्रष्ट पारेपछि षड्यन्त्रका हातहरू गोविन्द रेड्डीसम्म फैलिएका थिए । लाखौं रूपियाँको लोभवश विजया र गोविन्द रेड्डी पनि राज्यसत्ताको षड्यन्त्रकारी योजनामा सामेल भए । अन्ततः पिपुल्स वार ग्रुपको सक्रिय कार्यकर्ता र नेता गोविन्द रेड्डी नै

*"कोययूरमा साँच्चै नै मुठभेड भइरहेकै हो भने नेताहरू मात्रै कसरी मारिए होलान् त ? कार्यकर्ता र पुलिसहरू कसरी सकुशल रहे त ? कहीं उनीहरू भूठो मुठभेडमा मारिएका त होइनन् ? र, त्यसमा कसैले गद्दारी गरेको पो होइन ?"*

➲ तामिल टाइगर्सहरूसँग सम्बन्धित भनी प्रचारित त्यस समूहलाई अचेल केन्द्रीय सरकारले पाकिस्तानको गुप्तचर विभाग– आईएसआईसँग जोडेर दुस्प्रचार गर्न थालेको छ । त्यसका साथै भारतभित्रै आ–आफ्नो जाति र क्षेत्रको स्वतन्त्रताका लागि संघर्षरत समूहहरूका साथै नेपालका माओवादीहरूसँग जोडेर पनि त्यसका विरूद्ध प्रचार युद्ध छेडिएको छ । नेपालको रोल्पादेखि छोटा नागपुर–दण्डकारण्य हुँदै आन्ध्रप्रदेशको तेलंगानासम्म नेपाल–भारतका माओवादीहरूको सम्पर्क सूत्र जोडिन लागेको प्रचार अब तात्तिन थालेको छ । ❑ *(बाँकी अर्को अंकमा)*

त्यस ग्रुपका केन्द्रीय नेताहरूलाई गिरफ्तार गर्ने षड्यन्त्रमा एक नम्बरको गद्दार बन्यो ।

आन्ध्रप्रदेशको नक्सलवादविरोधी कारवाहीका लागि गठित 'स्पेशल इन्टेलिजेन्स ब्यूरो'ले यस षड्यन्त्र सफल पार्न चार करोड बीस लाख रूपियाँ खर्च गरेको तथ्य अहिले बाहिर आइरहेको छ । र, त्यो षड्यन्त्रको मूल अड्डा थियो : पिपुल्स वार ग्रुपको केन्द्रीय कमिटीले आफ्ना केन्द्रीय नेताहरूको सुरक्षित आवासका लागि लिइएको 'कमरेड' गोविन्द रेड्डीको डेरा !

'कमरेड' गोविन्द रेड्डी उर्फ कामेश्वर राव पार्टीको नीति-निर्देशनअनुरूप ठेकेदारको भूमिका खेल्दाखेल्दै आन्ध्रप्रदेशको सरकारका लागि क्रान्तिकारी नेताहरूलाई षड्यन्त्रको जालमा फसाउने 'भाइ ठेकेदार' हुन पुग्यो । यो ठेक्का उसले सफलतापूर्वक पूरा गऱ्यो ।

एक डिसेम्बरको राति साढे बाह्र बजे सिभिल ड्रेसमा रहेका बन्दूकधारी पुलिसहरू एउटा सेतो मारुति भ्यानसहित बेंगलोरको सारकी गेट नजिकै रहेको दुई तल्ले भवनको गेट खोलेर अचानक भित्र पसे, जुन घरको तल्लो तल्लामा रहेका दुईवटा कोठाहरूमा गद्दार गोविन्द रेड्डीको डेरा थियो र पिपुल्सवार ग्रुपका केन्द्रीय नेताहरूको डेन ! त्यही डेनमा रहेका पिपुल्सवार ग्रुपको केन्द्रीय कमिटीमा दोस्रो नम्बरका वरिष्ठ नेता क. श्याम, आन्ध्रप्रदेश कमिटीका महासचिव क. महेश, उत्तरी तेलंगाना गुरिल्ला जोनका सचिव क. मुरलीलगायत क. अरूणलाई क्षणभरमै गिरफ्तार गरियो र केही मिनेटमै ती सबै बन्दूकधारीहरू आफ्ना शिकारहरू लिएर मारुति कारतिर दौडेर गए ।

यो रहस्य तब सार्वजनिक भयो, जब प्रख्यात जनकलाकार गदर र विख्यात क्रान्तिकारी कवि वरवर रावजस्ता व्यक्तित्वहरू सम्मिलित आन्ध्रप्रदेश सिभिल लिबर्टी कमिटी (एपीसीएलसी)को टोलीले लामो अध्ययन-अनुसन्धान गऱ्यो । अनुसन्धान टोलीका सदस्यहरूले गद्दार गोविन्द रेड्डीले डेरा लिइरहेको घरमा गएर लामो सोधपुछ गर्दा यो रहस्यको पर्दा खुलेको थियो । सदस्यहरू त्यस घरमा जाँदा गोविन्द रेड्डीको डेरा रहेका दुईवटै कोठाहरूमा ताल्चा मारिएको थियो, तर भ्याल भने खुलै थिए । भयालबाट कोठाभित्र हेर्दा अनुसन्धानकर्मीहरू छक्क परे- त्यहाँ केही सामानहरू यताउता छरिएका थिए, एउटा कुनामा दुई-तीन जोडी चप्पल त्यत्तिकै परिरहेका थिए, कहिंकतै मुठभेडका चिन्हहरू देखिँदैनथे ।



*पिपुल्स वार ग्रुपका महिला छापामारहरू*

घरपति तायप्पा बैंकका जागिरे हुन् र उनको परिवार माथिल्लो तल्लामा बस्छ । उनका छोरा राजु तल्लो तल्लामा गेटसँगै रहेको वेल्डिङ वर्कशप चलाउँछन् । अनुसन्धान-कर्ताहरूको लामो सोधपुछको क्रममा तायप्पाले सत्य कुरा बोल्न खोज्दा प्रहरीहरूले खुलेआम रूपमा चेतावनी दिए- "मुख नखोल्नुस् है, केही भन्नुभयो भने न जागीर रहन्छ, न घर रहन्छ, न त ज्यान नै रहनेछ ।" यस्तो खुलेआम धम्कीपछि तायप्पा र उनकी श्रीमतीको आँखामा भय र विषाद फैलिएको देखियो । अर्को टोलीका सदस्यहरूले उनका छोरा राजु र वर्कशपका कर्मचारीहरूबाट सत्य कुरा थाहा पाइछाडे । राजुले कुराकानीको क्रममा भने- १ डिसेम्बरको राति एउटा सेतो मारुति भ्यान गेट खोलेर घरभित्र पस्यो । मिनेटभरमै बन्दूकधारीहरू केही काम फटाफट सक्याएर फर्कन थाले । हामीले टाउको उठाएर हेदर्हिदै मारुतिकार भाग्न थाल्यो । डेरावालनी विजया डराएकीजस्ती देखिन्थी । मैले भनें- पुलिसलाई खबर गरूँ कि ? के भएको बुझ्ने कि ? विजयाले जवाफ दिई- "पर्दैन, यो हाम्रो पारिवारिक मामिला हो ।"

विजयाले पारिवारिक मामिलाको रूपमा लुकाउन खोजिएको यस षड्यन्त्रको क्रममा तीनजना पार्टी नेताहरूको गिरफ्तारी भएको थियो । भारतको केन्द्रमा रहेको भारतीय जनता पार्टीको सरकार, कर्नाटकको कांग्रेसी सरकार र आन्ध्रप्रदेशको तेलुगुदेशम सरकारको मिलोमतोमा ती नेताहरूलाई जिउँदै गिरफ्तार गरिएको थियो । बेंगलोरबाट मारुति भ्यानमा राखी हैदराबाद लगिएपछि ती नेताहरूलाई अन्तिम सास रहेसम्म यातना दिएर पाशविक रूपमा हत्या गरिएको थियो । र, अन्ततः ती लाशहरू करीम नगरको कोयुयूरको जंगलमा लगेर 'मुठभेडमा मारिएको हल्ला'सहित प्रचारबाजी गरिएको थियो ।

भुठो मुठभेडमा मारिएका ती नेताहरूको लाशहरू पुलिसबाट प्राप्त गर्न र क्रान्तिकारी श्रद्धाञ्जलीसहित शवयात्रा गर्न निकै साहसिक र धैर्यपूर्ण सडक सघर्ष गर्नुपरेको थियो । अन्ततः जनताले संघर्षको क्रममा नेताहरूको लाश प्राप्त गरी, विशाल शवयात्राहरू आयोजना गरी अन्तिम श्रद्धाञ्जली व्यक्त गरी छाडे, जुन संघर्षलाई मुठभेडको इतिहासमा एउटा मोड-बिन्दु (टर्निङ प्वाइन्ट)को रूपमा लिइन्छ ।

पिपुल्स वार ग्रुपले आफ्ना प्रिय नेताहरूको हत्याका विरूद्ध १४ र १५ डिसेम्बरमा दुई दिने आन्ध्रबन्दको आयोजना गरेको थियो । सबैजसो मार्क्सवादी-लेनिनवादी पार्टीहरूको समर्थन, सहयोग र कैयौं जन-संगठनहरूको नैतिक समर्थनमा बन्द निकै राम्ररी सम्पन्न भएको थियो, जसमा आन्ध्रका जनता सडकमै उत्रेर सम्भवतः पहिलोपटक पिपुल्सवार ग्रुपका नेताहरूप्रति श्रद्धा र समर्थन जाहेर गरेका थिए । सडक संघर्षको क्रममा विभिन्न पार्टी, जन-संगठन, जनवादी व्यक्तिहरूले आ-आफ्ना विचार पोख्ने क्रममा अमेरिकाको पिछलग्गु बनेका चन्द्रबाबु नायडू र उनको तेलुगुदेशम सरकार, पुलिस प्रमुख एच.जे.दोराको षड्यन्त्रको पर्दाफास गरेका थिए ।☐

## पिपुल्स वार ग्रुप र माओवादी कम्युनिष्ट केन्द्रका आक्रमण-प्रत्याक्रमणबारे दक्षिण एशियाली माओवादी पार्टीहरूको आह्वान

आफूलाई 'माओवादी' वा 'माओ विचारका' अनुयायी भन्न र भनाउन रूचाउने भारतका दुईवटा नक्सलवादी सशस्त्र समूहहरू आपसमै यदुवंशी शैलीमा निरन्तर रूपमा मारकाट गर्न थालेको देखेर माओवादी पार्टीहरूको अन्तर्राष्ट्रिय केन्द्र 'रिम'सँग सम्बन्धित दक्षिण एशियाली माओवादी पार्टीहरूलाई समेत आच्छुआच्छु पर्न थालेको छ । भारतका गरिब जनताका लागि साम्यवादी स्वर्ग निमार्ण गर्ने सपनासहित, माओको नेतृत्वमा भएको चिनियाँ क्रान्तिको अन्ध-नक्कल गर्ने भाकपा (माले) पिपुल्स वार ग्रुप र माओवादी कम्युनिष्ट केन्द्र एमसीसीबीच विगत दुईदशकभन्दा बेसी समयदेखि हिंस्रक भडप गर्दै काटाकाट-मारामार गर्दै आइरहेको तथ्य त सर्वविदितै छ । 'वर्गशत्रु खत्तम गर्ने' नाममा आफ्नै वर्गका कार्यकर्ताहरूको जथाभावी मारकाट गर्दै आइरहेका यी दुवै अति वामपन्थी नक्सलवादी समूहहरूले एक अर्काका नेता कार्यकर्ताहरूदेखि लिएर भाकपा माले, लिवरेशन समूह र एसयूसीआईका नेता कार्यकर्ताहरूका समेत हत्या गरेका उदाहरणहरू थुप्रै छन् ।

यस्तो स्थितिमा माओको नाम जप्दै आपसी मारकाट गरिरहेका दुवै समूहहरूलाई सम्बोधन गर्दै 'क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलनः रिम'का दक्षिण एशियाली पार्टीहरू र संगठनहरूले अपील प्रकाशित गर्दै गम्भीर सवालहरू उठाएका छन् । दुईवटा तथाकथित माओवादी सशस्त्र समूहहरूका आपसी हिंसात्मक संघर्षहरूले विश्वका क्रान्तिकारीको मन-मस्तिष्कमा गम्भीर सवालहरू उठाएको प्रसंग राख्दै वक्तव्यमा भडपको कारणले उद्वेलित भएका माओवादी पार्टी र संगठनहरूले भनेका छन्- 'हामीले मान्नै पर्दछ, यस्ता भडपहरूले यति धेरै गम्भीर सवालहरू उठाएका छन्, जसको गहिरो सम्बन्ध नयाँ संसारको बारेमा कम्युनिष्ट दृष्टिको सैद्धान्तिक र राजनैतिक प्रभावसँग जोडिएको छ । व्यापक

# जब दुईवटा माओवादी पार्टीहरू आपसमा सशस्त्र झडप गर्छन् ....

जनसमूहद्वारा साँच्चैको जनवादको उपयोग गर्ने तथा केवल प्रतिक्रियावादीहरूमाथि मात्रै तानाशाही लागू गर्नका लागि एउटा नयाँ जनवादी समाजको स्थापना हेतु ब्यापक जनसमुदायलाई एकजूट गर्नमा अगुवाको भूमिका खेल्ने हाम्रो क्षमतामाथि यी झडपहरूले सवाल उठाइरहेका छन् ।'

'यी झडपहरू हाम्रो सिंगो आम कम्युनिष्ट क्रान्तिकारी उद्देश्यको ठूलो नोक्सानीको कारण भइरहेका छन् । त्यसैले, यी झडपहरू तुरुन्तै बन्द गर्नुपर्दछ ।' भन्दै वक्तव्यमा भनिएको छ- 'जनताको बीचमा रहेका अन्तरविरोधहरूको समाधानमा बल प्रयोग गर्नु भनेको कहिले पनि सही वा उचित हुनसक्दैन । माओ त्से तुङले हामीलाई यही सिकाउनुभएको छ, केवल सल्लाह साहुतिबाट र राजनीतिक संघर्षबाट मात्रै जनताका बीचमा रहेका अन्तरविरोधहरूको समाधान गर्नुपर्छ, बल प्रयोगबाट त कदापि हुनुहुँदैन ।'

झडप र जवाबी-झडपहरूको भयंकर सिलसिलालाई गहन जिम्मेवारीका साथ तोड्नका लागि आफ्ना असुविधा र दवाबहरूलाई पन्छाएर अगाडि बढ्न अपील गर्दै वक्तव्यमा भनिएको छ- 'मूल्यवान जीवनहरूको बलिदानका बावजूद यी झडपहरू विनाशर्त र एकतर्फी रूपमा बन्द गरेर, बदला लिने कामलाई इन्कार गरेर तथा यी झडपहरू समाप्त गर्ने विषयमा आ-आफ्ना इच्छाहरू अलग-अलग रूपमा सार्वजनिक घोषणा गर्नका लागि हामी आह्वान गर्दछौं । अतः सर्वहारा दृढता तथा जनताका लागि आत्मत्यागको यो एउटा गौरवपूर्ण उदाहरण बन्नेछ । यसले क्रान्तिकारी जनमतहरूको एउटा त्यस्तो विशाल शक्तिलाई उन्मुक्त गर्नेछ, जसलाई कसैले पनि नकार्न सक्नेछैन । एउटा खराब चीजलाई असल चीजमा फेर्ने काममा यसले एउटा शक्तिशाली जोश पैदा गर्नेछ र यसले यसरी फेरि एकपटक हाम्रो सिद्धान्तको क्षमतालाई प्रमाणित गर्नेछ ।'

'जब विभिन्न क्रान्तिकारी पार्टीहरू एउटै इलाकामा सक्रिय हुन्छन्, तब कार्यकर्ता र जनताबीच गलत रूझानहरूका कारणले आपसी सम्बन्धमा तनाव पैदा हुनसक्छ र राजनैतिक भिन्नताहरू शत्रुतामा फेरिन सक्छन् । र, सधैंझैं केही अवसरवादी मानिसहरूले यस्ता झै-झगडाहरूबाट फाइदा लुट्न खोज्छन् । यस्तो स्थितिमा, आपसी संयम र व्यवहारिक ज्ञानलाई प्रयोग गर्नु जरूरत हुन्छ । इलाकाहरू फैलाउने बेला यस्तो प्रयोग अरू बेसी जरूरत हुन्छ । तर, इलाकाहरूको फैलावटको सवाल पनि समाविष्ट भएका यस्ता सवालहरूको समाधानका लागि सैद्धान्तिक र राजनैतिक संघर्षहरूलाई, आवश्यक परेमा विरोधी राजनीतिक मतहरूविरूद्ध वैचारिक संघर्षलाई बिस्तृत र गहिरो गर्नु नै एकमात्र मजबूत र दिगो तरिका हो ।'

'इतिहासका सच्चा निर्माता क्रान्तिकारी जनसमुदायको थाहा पाउने, परीक्षण गर्ने, विभिन्न मतहरूसँग संवाद र टक्कर लिने र आफ्ना निजी निर्णयहरूतिर पुग्ने अधिकारलाई कसैले पनि नकार्न सक्दैन । यसबाहेक, एउटा क्रान्तिकारी



*उत्तरी तेलंगनामा पिपुल्स वार ग्रुपका लडाकुहरू अभ्यास गर्दै*

*(फोटो सामार : Frontline)*

दिशाको जोड अवश्य पनि उनीहरूको त्यस क्षमतामाथि आश्रित रहन्छ, जसको परिणामस्वरूप चुनौतीहरू, यहाँसम्म कि भड्काउहरूको मुखेञ्जी पनि उनीहरूले आफ्नो समर्थनलाई यथावत रूपमा कायम राख्न सकून् । सैद्धान्तिक र राजनैतिक संघर्षबाहेक अरू कुनै पनि तरिकाले यसलाई 'सुरक्षित' राख्न सकिंदैन । यी झडपहरूको एउटा साँच्चैको नकारात्मक परिणाम के हो भने जुनबेला भारतको कम्युनिष्ट आन्दोलनलाई राजनैतिक र सैद्धान्तिक दिशाको सन्दर्भमा प्रमुख सवालहरूमाथि संघर्षहरूलाई सकेसम्म धेरै गहिराइमा लैजानु आवश्यक भइरहेको छ, ठीक त्यहीबेला यी झडपहरूले यस्ता संघर्षहरूमा बाधा पुऱ्याइरहेका छन् र यस्तो अत्यावश्यक संघर्षलाई अस्पष्ट पारिरहेका छन् ।'

'कमरेडहरू, फेरि एकपटक कम्युनिष्ट भाइचाराको भावनाका साथ र तपाईहरूको क्रान्तिकारी परम्पराको क्षमतामाथि उँचो आशा र विश्वासका साथ हामी तपाईहरूका दुवै संगठनहरूको तर्फबाट यी झडपहरूलाई विनाशर्त र एकतर्फी रूपमा बन्द गर्न र यसलाई कार्यान्वयन गर्नका लागि आम-घोषणा गर्नका लागि अपील गरिरहेका छौं । यो समयको माग हो । हाम्रोतर्फबाट, 'रिम'का दक्षिण एशियाली पार्टीहरू र संगठनहरू यी झडपहरू बन्द गर्ने सवालमा मद्दत गर्ने बचन दिन्छौं ।

वक्तव्यमा श्रीलंकाको कम्युनिष्ट पार्टी (माओवादी) बाग्लादेश समाजवादी दल (माले), भारतको कम्युनिष्ट पार्टी (माले) - नक्सलवाडी, पूर्व बांग्लार सर्वहारा पार्टी (बाग्लादेश), भारतको क्रान्तिकारी कम्युनिष्ट केन्द्र (माओवादी) [RCCI-M], भारतको क्रान्तिकारी कम्युनिष्ट केन्द्र (मार्क्सवादी-लेनिनवादी-माओवादी) (RCCI-MLM) र नेपालको नेकपा (माओवादी)ले हस्ताक्षर गरेका छन् ।

सन् १९९९, डिसेम्बर २० मा रिमका दक्षिण एशियाली पार्टीहरू र संगठनहरूको चौथो क्षेत्रीय सम्मेलनमा दिइएको यस वक्तव्यले पिपुल्स वार ग्रुप र माओवादी कम्युनिष्ट केन्द्रलाई खासै धेरै प्रभावित गरेको जस्तो आभास अहिलेसम्म देखिएको छैन । यस बीचमा पनि झडप र प्रति-झडपहरूको क्रममा दुवै खेमाले एक-अर्काका कार्यकर्ता र समर्थकहरूलाई मार्ने, गाउँ-गाउँमा नर-संहार गर्ने सिलसिला बन्द गरेको सुखद् दृश्य देख्न पाइएको छैन । त्यस्तै, सशक्त झडप गरिरहेका भारतका दुईवटा माओवादी पार्टीहरूलाई सल्लाह-सुझाव दिने र आवश्यक परे मद्दत नै दिने बचन दिइरहेका दक्षिण एशियाली देशका माओवादी पार्टी र संगठनहरू आफैले पनि यी सही विचारहरूको सही ढंगले पालना गरिरहेको प्रेरक तस्वीर पनि देख्न पाइएको छैन भन्ने कुरा दुःखका साथ भन्नु परिरहेको छ । नेपाल र बाग्लादेशका माओवादीहरूबाट आफ्ना नजिकका वामपन्थी पार्टीहरूविरुद्ध भएका झडपहरू हेर्दा अरूलाई सल्लाह दिने पार्टीहरूले सर्वप्रथमतः आफैले आफूलाई सुधारेर मात्रै अरूलाई उपदेश दिनुपर्ने हो कि भन्ने प्रश्नलाई पनि यहाँ नजरअन्दाज गर्न मिल्दैन । ❑

*यस्तो स्थितिमा माओको नाम जप्दै आपसी मारकाट गरिरहेका दुवै समूहहरूलाई सम्वोधन गर्दै 'क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलनः रिम'का दक्षिण एशियाली पार्टीहरू र संगठनहरूले अपील प्रकाशित गर्दै गम्भीर सवालहरू उठाएका छन् ।*

# अखिल नेपाल जनवादी युवा लीगले तेस्रो सम्मेलन गऱ्यो

युवाहरूका विशिष्ट र राष्ट्रिय समस्यालाई अलि फरक र भौतिक ढंगले उठाइरहेको अखिल नेपाल जनवादी युवा लीगले गत वैशाख २२ गतेदेखि २५ गतेसम्म झापाको बिर्तामोड र कलबलगुडीमा आफ्नो तेस्रो राष्ट्रिय सम्मेलन संपन्न गरेको छ । सो सम्मेलनले लीगका हालसम्मका नीति तथा कार्यहरूको मूल्यांकन गरी भावी नीति तथा कार्यक्रम तय गर्नुका साथै सभालाई संबोधन गर्नुभएको थियो ।

भोलिपल्ट २३ गतेदेखि कलबलगुडीमा संपन्न बन्द सत्रले तात्कालीन अध्यक्ष ईश्वरी भट्टराईद्वारा प्रस्तुत प्रतिवेदन, महासचिव राजु खड्काद्वारा प्रस्तुत विधान संशोधन प्रस्ताव र सचिव सन्देश पौडेलद्वारा प्रस्तुत सांगठनिक प्रस्तावमाथि छलफल गरी तिनलाई पारित गरेको थियो । सोही सत्रमा सो लीगका सल्लाहकार तथा युवा वामपन्थी नेता गिरिराजमणि पोखरेलले आयोजक समितिको तर्फबाट साम्राज्यवाद, भारतीय विस्तारवाद र देशीय प्रतिकृयावादका सन्दर्भमा छुट्टाछुट्टै प्रस्तावहरू प्रस्तुत गर्नुभएको थियो । यी प्रस्तावका साथै सो सत्रले राष्ट्रिय-अन्तर्राष्ट्रिय महत्वका २३ वटा प्रस्तावहरू पारित गरेको छ ।

बन्द सत्रको शुरूमा सो लीगले



*अखिल नेपाल जनवादी युवा लीगको तेस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुहुँदै क. अमिक शेरचन (बीचमा)। अगाडि लीगका केन्द्रीय सल्लाहकार गिरिराजमणि पोखरेल (दायाँ) र संजमोका केन्द्रीय सदस्य विश्वनाथ शाह (बायाँ)*

माधव कोइरालाको अध्यक्षतामा २५ सदस्यीय केन्द्रीय समितिको निर्माण पनि गरेको छ । सो समितिका उपाध्यक्षमा गणेश बुढाथोकी, महासचिवमा राजु खड्का र सचिवमा सन्देश पौडेल एवं नन्द गोपाल महर्जन चुनिनु भएको छ ।

वितर्मोडमा करीब पन्ध्र हजार सहभागीहरूको विशाल जुलूसले नगर परिक्रमा गरी सभामा परिणत भएपछि सम्मेलनको उद्घाटन संजमो नेपालका अध्यक्ष अमिक शेरचनले गर्नुभएको थियो । संस्थापक नेताहरू क. नरबहादुर कर्माचार्य र क. निरञ्जनगोविन्द वैद्यका अतिरिक्त वाम नेताहरू चित्र ब. के.सी., भक्त ब. श्रेष्ठ, लिलामणि पोखरेल र शशि श्रेष्ठलगायतका वक्ताहरूले सो एक प्रवचन गोष्ठीको पनि आयोजना गरेको थियो । निरंजनगोविन्द वैद्य, नर ब. कर्माचार्य, चित्र ब. के.सीं, हरिगोविन्द लुईटेल, पेशल खतिवडा र भरत दाहालले सो विचार गोष्ठीमा सहभागी प्रतिनिधि र पर्यवेक्षक युवाहरूका निम्ति उपयोगी विविध विषयमा बोल्नुभएको थियो ।

> *समग्रमा राष्ट्रको मूल समस्या नै सचेत युवाहरूको पनि मूल समस्या हो नै, तर त्यसबाहेक युवा नै हुनुको नाताले युवाहरूले भोग्नु परेका विशिष्ट समस्याहरूलाई समेत नारामा समावेश गर्न सके युवा आन्दोलनले विशिष्ट र मौलिक रूप लिने अवसर पनि पाउने थियो*

पहिलो राष्ट्रिय सम्मेलनले विषाक्त संस्कृति र बेरोजगारीको विरोधलाई युवाहरूको प्रमुख नाराको रूपमा प्रस्तुत गरेको यस युवा लीगले गत दोस्रो राष्ट्रिय सम्मेलनमा राष्ट्रिय स्वाधीनता र मातृभूमिको रक्षालाई मूल नाराको रूपमा स्वीकारेको थियो भने यसको वर्तमान तेस्रो राष्ट्रिय सम्मेलन "सिक्कीमीकरण, प्रतिगामीकरण र फासिष्टीकरणको विरूद्ध" को मूल नारामा उभिएको छ ।

देशका ६१ जिल्लाका करीब ४०० जना प्रतिनिधि पर्यवेक्षकका बीच "आमूल परिवर्तनका लागि व्यापक युवा शक्ति परिचालन"को घोषित ध्येयका बारेमा पनि छलफल भएको सो सम्मेलनमा अन्तिम दिन कलबलगुडीमा एक संक्षिप्त समापन कार्यक्रम पनि सम्पन भएको थियो ।

अखिल नेपाल जनवादी युवालीगको यो तेस्रो राष्ट्रिय सम्मेलनको उल्लेख्य पक्ष यसमा अधिकांशतः नव-युवाहरूको सहभागिता रहनु पनि एक थियो । ८० प्रतिशत सहभागी युवाहरू नयाँ अनुहार भएको कुरा आयोजकहरूले बताएका छन् । उद्घाटन सत्रको सैनिक पोशाक सहितको मार्चपासमा युवा महिलाहरूको बाहुल्यता पनि उल्लेख्य थियो । साथै, पहिले आफ्नो जनाधार त्यति बलियो नभएको जिल्ला झापामा यसले यसरी सम्मेलन गर्नु, गर्नसक्नु अर्को उल्लेख्य पक्ष थियो । सहभागी युवाहरूको केही गरौं, केही बुझौं भन्ने भावना पनि अर्को विशेष पक्षको रूपमा देखापरेको थियो ।

युवा लीगको यो सम्मेलनको मूल ध्येय देशमा बढ्दैगएको भारतीय विस्तारवादी हस्तक्षेप, देशमा बढ्न थालेको पुनरूत्थानवाद र दमनतन्त्रप्रति युवाहरूलाई सचेत गराउने र गोलबद्ध गर्ने कुरा आफैंमा अत्यन्त सकारात्मक कुरा हुँदाहुँदै पनि यसमा युवाहरूसँग मात्र सम्बन्धित विशिष्ट कार्यक्रम र नाराको भने अभाव महसूस हुन्थ्यो । समग्रमा राष्ट्रको मूल समस्या नै सचेत युवाहरूको पनि मूल समस्या हो नै, तर त्यसबाहेक युवा नै हुनुको नाताले युवाहरूले भोग्नु परेका विशिष्ट समस्याहरूलाई समेत नारामा समावेश गर्न सके युवा आन्दोलनले विशिष्ट र मौलिक रूप लिने अवसर पनि पाउने थियो । युवाहरूका ती विशिष्ठ समस्याहरू पहिचान गर्ने र तिनका सम्बन्धमा समाधानमूलक कार्यक्रमहरू तय गर्ने दिशामा लीगको नयाँ नेतृत्वको ध्यान जाओस् भन्ने कामना गर्नु सान्दर्भिक हुनेछ ।

लीगले तय गरेका यस सम्मेलनका मूल नाराहरू र विगतका पनि सान्दर्भिक नाराहरूलाई समावेश गरी तिनका शब्दार्थदेखि लिएर तिनका आशय र अभिप्रायसम्मका विषयहरू सामेल गरी पुस्तिका प्रकाशन गर्ने जस्ता दिगो प्रकारका प्रशिक्षण सामग्रीहरू उत्पादनतर्फ पनि नयाँ कार्यसमितिको ध्यान पुग्नु उपयोगी हुने देखिन्छ । साथै, हाल जिज्ञासु रहेका युवाहरूका निम्ति नियमित अध्ययन-छलफलका सामग्रीहरूको पहिचान र प्राप्तितर्फ ध्यान दिनु जरूरी देखिन्छ ।


**- हरिगोविन्द लुईटेल**
*(कलबलगुडीबाट फर्केर)*

# कस्तो सम्बन्ध राख्नु पर्ने हो नेपालले चीनसित ?

■ दीपेश उपाध्याय ■

प्रधानमन्त्री गिरिजाको निमन्त्रणामा भएको चिनीयाँ प्रधानमन्त्री भु रोङ्जीको तीनदिने औपचारिक नेपाल भ्रमण नेपालको पक्षमा थुप्रै महत्वपूर्ण उपलब्धिसहित जेठ ३ गते सकिएको छ । ५६ जनाको विशेष दलबलसहित दक्षिण एशियाली मुलुकहरुको भ्रमणाको क्रममा पाकिस्तानको भ्रमण सकेर नेपाल आउनुभएका चिनीयाँ प्र.म.को स्वागत गिरिजा सरकारले त्यति भव्यतापूर्वक गरेन, जति भारतीय प्रधानमन्त्रीको गर्ने गरेको छ । परन्तु यो भ्रमणले नेपालको विकासको लागि पूर्वाधार निर्माण गर्न अत्यन्त भव्य उपलब्धिहरु प्रदान गरेको छ । दुई देशका प्र.म.को उपस्थितिमा भ्रमणको पहिलो दिन सम्पन्न दुवै देशका विदेशमन्त्रीद्वारा हस्ताक्षरित ६ बूँदे सम्झौताअनुसार चीनले काठमाण्डौलाई तिब्वतसित जोड्ने १२ किलोमिटर लामो दोस्रो वैकल्पिक मार्ग-स्याफ्रुबेसी रसुवागढी सडक- आफ्नो खर्चमा बनाइदिने भएको छ । बनेपामा चीनले पोलिटेक्निक इन्स्टिच्यूट निर्माण गरिदिने भएको छ भने काठमाण्डौंमा निजामती कर्मचारीहरुको लागि अस्पताल । यसैगरी नेपालको कृषि क्षेत्रको विकासको लागि आर्थिक एवंम् प्राविधिक सहयोगअन्तर्गत चीनले ८ करोड युआन् (करिब ७२ करोड रुपैयाँ) अनुदान सहयोग प्रदान गर्नेभएको छ । नेपाल चीनबीचको दुईपक्षीय ब्यापारमा विद्यमान दोहोरो कर-प्रणाली पनि अब उप्रान्त खारेज हुनेभएको छ र त्यसको बदलामा एकोहोरो कर-प्रणाली लागु हुनेभएको छ ।

नेपाल भ्रमण गर्ने चिनियाँ पर्यटकहरुको सुविधाको लागि भीसा प्राप्त गर्न सजिलो होस् भनेर चीनको एक महानतम नगर सांघाइमा कन्सुलेट स्थापना गर्न पनि चीन सिद्धान्ततः सहमत भएको छ । साथसाथै, स्याफ्रुबेसी-रसुवागढी सडकको निर्माणपछि नेपाललाई चीनसित जोड्ने तेस्रो बैकल्पिक मार्गको रुपमा बाग्लुङ जोमसोम मार्ग निर्माण गरिदिन पनि चिनियाँ पक्षले आश्वासन दिएको छ । नेपालको चीनसँगको दुईपक्षीय व्यापारमा वार्षिक करिब १२ अरब रुपैयाँको ब्यापार घाटा छ । त्यो घाटा कम्ती गर्दै लैजान नेपाली तैयारी वस्तु बढ्दो मात्रामा चीनमा आयात गर्न पनि उसले सहमति जनाएको छ । यसका लागि मूर्त उपायहरु सुल्झाउन चीनले बैदेशिक ब्यापार र आर्थिक सहयोग मन्त्रालयको एउटा प्रतिनिधिमण्डल नेपाल पठाइदिने बचन दिएको छ । चीनको विशेष प्रशासनिक क्षेत्र हङकङमा नेपालीहरुको प्रवेशको निम्ति बाधा बनिरहेको भीसा प्रदान गर्न नेपालले चिनियाँ प्र.म.सित आग्रह गरेकोमा त्यसलाई चिनीयाँ प्र.म.ले सकारात्मक रुपमा लिएर यो समस्यालाई हङकङ प्रशासनसमक्ष पुऱ्याइदिने बचन पनि दिनुभएको छ ।



चिनियाँ प्रधानमन्त्रीको नेपाल भ्रमण

यसप्रकार, चिनियाँ प्रधानमन्त्री झुको नेपाल भ्रमण नेपालको हकमा उपलब्धिनै उपलब्धिमूलक देखिएको छ । चीन भारतभन्दा तीनगुणा ठूलो र अत्यन्त शक्तिशाली छिमेकी राष्ट्र हो । तर चिनियाँ प्रधानमन्त्रीको भ्रमणदलको सुन्दरता के देखियो भने उसले नेपालमाथि भारतीय सरकारले जस्तो ठूलो दाजुको दादागिरी र मिचाहापन पटक्कै थोपरेन । जति सहयोग दियो, विनाशर्त सौहार्दतापूर्वक दियो, भारत सरकारले कोशी, गण्डक, टनकपुर र महाकाली सम्झौतामा गरेजस्तो नाजायज शर्तहरु उसले लादेन । नेपालको चीनसित १४०० किलो मिटर लामो सीमा छ । परन्तु, त्यत्रो लामो सीमानामा भारतीय पक्षले मेची, सुस्ता, महेशपुर र कालापानीमा मिचेझैं- एक इन्च पनि नेपाली भूमि मिच्ने र खाने काम चिनियाँ पक्षले गरेको छैन । तसर्थ, सीमा सम्बन्धमा कुनै विवाद चिनियाँ पाहुनाहरुसित नेपालले यसपटक पनि गर्नुपरेन । ठूलो र उदार छाती भएको असल छिमेकीपनको नमूना चिनीयाँपक्षले यो पटकको भ्रमणमा पनि प्रस्तुत गऱ्यो, जुन भारतीय पक्षमा हम्मेसी देख्नै पाइँदैन ।

नेपाल पिछडिएको भूपरिवेष्टित मुलुक भएर होइन, भारत परिवेष्टित मुलुक भएर हो । नेपालजस्तो सानो मुलुकसित पनि भारत सरकार एउटा सानो कुर्सी दिएर बदलामा यामानको विशाल दराज लिने व्यवहार हमेशा गरिरहेछ । विश्वमा जहीतहीं भूपरिवेष्टित मुलुकले पाउने पारवहन अधिकार भारतबाट प्राप्त गर्नसमेत नेपालले व्यापारमा आफ्ना सारा राष्ट्रिय उद्योगहरु डुब्ने शर्तहरु भारतको तर्फबाट व्यहोर्नु परिरहेको छ । ठूलो लगानीमा ठूला पैमानामा निकालिने भारतीय तैयारी माललाई ज्यादै सस्तो भन्सार महशुल लाउन बाध्य हुनुपरेकैले साना लगानीका नेपालका साना मझौला उद्योग-धन्दाहरु भटाभट ढले । कहिल्यै नेपालमा उद्योगधन्दा फष्टाएनन् ।

यो स्थिति अन्त्य गर्ने हो भने नेपालले चीनसितको व्यापारलाई विशेष ध्यान दिनैपर्छ । नेपालको भारतसितको मोलतोल गर्ने क्षमता र अडान लिने सामर्थ्य बढाउने हो भने नेपालको तिब्बतसित बढीभन्दा बढी व्यापार नाकाहरु बनाउन मरिहत्ते गर्नुपर्छ । ५/६ वर्षभित्रै तिब्बतको ल्हासामा पेकिङसित जोडिने रेलमार्ग आइपुग्दैछ । यस परिप्रेक्ष्यमा चीनमा नेपाली तैयारी सामान निर्यात गर्ने र चिनियाँ पर्यटक नेपाल भित्र्याउने ठूलो संभावना छ । तिब्बतको ल्हासामा चीनको ठूलो तेल प्रशोधन केन्द्र छ । नेपालको निम्ति त्यो प्रशोधन केन्द्र अहिले पाइरहेभन्दा निकै सस्तोमा तेल पाउने स्रोत हुनसक्छ । यसतर्फ नेपालले अहिले नै एउटा दीर्घकालीन रणनीति बनाएर काम थाल्नु जरुरी छ । चीन नेपालको लागि ज्यादै ठूलो सुविधाजनक अन्तर्राष्ट्रिय बजार हुनसक्छ । चीनको सीमावर्ती क्षेत्रसँग जोडिएको नेपालको उत्तरी पहाडी क्षेत्रमा उलटपुलट परिवर्तनका दिन ल्याउनका लागि चीनसित बढीभन्दा बढी प्रवेश मार्ग बनाइनु अत्यन्त सहायक हुनसक्छ ।

नेपालले चीनसित जोडिने बैकल्पिक राजमार्ग बनाउन लाग्दा हरेक पटक भारतीय सरकारको दवावबाट अन्तर्राष्ट्रिय सम्झौताहरु तुहिने गरेको छ । नेपालका सरकारहरुको अडानहीनता र आत्मसमर्पनमुखी लुते प्रवृत्तिले गर्दा भारतीय दबाव हमेशा प्रभावकारी हुने गरिरहेछ । चीनले आफ्नै खर्चमा बनाइदिने भएको पोखरा-मुस्ताङ राजमार्ग यही कारणले सम्झौता भइसकेर पनि तुहिएको उदाहरण हाम्रो सामुन्ने ज्यूँदै छ । चीनसित सीमा नजोडिएको पोखरा-सुर्खेत राजमार्ग बनाउने चीनसितको सम्झौतासमेत यही कारणले तुहियो । अब आइन्दा यस्तो पटक्कै नहोस् । नेपाल स्वतन्त्र र सार्वभौम मुलुक हो भने नेपालले कहाँ बाटो बनाउने, कहाँ सडक जोड्ने, त्यो नेपालको खुशीको कुरो हो । त्यसमा हस्तक्षेप गर्ने कुनै विदेशी सरकारलाई अधिकार छैन । तर यसको लागि सिंहदरवारको घुम्ने मेचमा बस्ने मान्छेहरु दरो र अडानयुक्त हुनुपऱ्यो ।

भारतीय शासकवर्गको दादागिरी, मिचाहापन र बिस्तारवादबाट नेपाल मुक्त हुने हो भने चीनसितको अत्यन्त घनिष्ट सम्बन्ध र चिनियाँ बजारमा प्रवेश गर्न अधिकतम प्रवेश मार्गहरु अनिवार्य शर्त हुन् । काराकोरम राजमार्गसम्म नेपाललाई जोड्ने बाटो बनाएर नेपालले चीन र पाकिस्तान भएर समुद्रसम्म पुग्ने बैकल्पिक पारवहन मार्ग प्राप्त गर्न कसरी सम्भव छ, त्योतिर समेत अहिलेदेखि ध्यान दिनु जरुरी छ । ❑


*नेपालको भारतसितको मोलतोल गर्ने क्षमता र अडान लिने सामर्थ्य बढाउने हो भने नेपालको तिब्बतसित बढीभन्दा बढी व्यापार नाकाहरू बनाउन मरिहत्ते गर्नुपर्छ*

◀ घटना र प्रवृत्ति

# माओवादी, सरकार र एमाले राजी

## सेना परिचालन र गृहयुद्ध रोक्न सर्वपक्षीय सम्मेलनको तैयारी





माओवादी विद्रोहमाथि दमन गर्न सशस्त्र प्रहरी र सेना परिचालन गर्न काग्रेस सरकार उद्यत भइरहेको परिप्रेक्ष्यमा गृहयुद्ध र प्रशासनिक दमनद्वारा होइन, सर्वपक्षीय संवाद र वार्ताद्वारा समस्याको निकास खोज्न सुपरिचित प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलनले सर्वपक्षीय सम्मेलन गर्नका लागि आवश्यक प्रारम्भिक तैयारी पूरा गरेको थाहा भएको छ ।

आन्दोलनको प्रतिनिधि मण्डलले सम्मेलनका निम्ति माओवादी र सरकार दुवैथरिलाई आधिकारिक रूपमा भेटेर दुवैको सहमति प्राप्त गरेको बताएको छ ।

"हामीले सर्वप्रथम माओवादीको आधिकारिक प्रतिनिधिलाई भेट्यौं । उहाँहरूले सर्वपक्षीय सम्मेलनमा आफ्नो हार्दिक समर्थन रहेको र सरकारले सुरक्षाको प्रत्याभूति दिए त्यसमा सहभागी हुन आफ्नो उच्चस्तरीय प्रतिनिधि पठाउन तैयार रहेको बताउनुभयो । सरकारले सुरक्षाको प्रत्याभूति नदिए पनि सम्मेलन महत्वपूर्ण हुने लाग्यो भने हामी गिरफ्तारीको शर्तमा पनि आफ्नो प्रतिनिधि पठाउन तैयार छौं भन्ने आश्वासन उहाँहरूले दिनुभएको छ" -आन्दोलनका दुईमध्ये एक संयोजक पद्मरत्न तुलाधरले मूल्यांकनलाई बताउनुभयो ।

"प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पनि हाम्रो सम्मेलनको प्रस्तावलाई सकारात्मक रूपमा लिनुभएको छ" -आन्दोलनका अर्का संयोजक प्रतिनिधिसभाका भू.पू. सभामुख दमननाथ ढुंगानाले मूल्यांकनलाई बताउनुभयो । "हामीले त प्रधानमन्त्रीसित मात्रै भेट गर्ने समय मागेका थियौं, तर हाम्रो प्रतिनिधि मण्डल प्रधानमन्त्रीको कार्यकक्षमा पुग्दा त्यहाँ उहाँले गृहमन्त्री तथा उपप्रधानमन्त्री रामचन्द्र पौडेल, रक्षामन्त्री महेश आचार्य, पार्टी प्रवक्ता नरहरि आचार्य र पार्टी नेता सुशिल कोइरालालाई पनि डाकिराख्नुभएको रहेछ । यसलाई हामीले प्रधानमन्त्रीले हाम्रो सम्मेलनको प्रस्तावप्रति दिनुभएको महत्वका रूपमा बुझेका छौं ।"

"प्रधानमन्त्रीले हामीलाई एउटा सुझाव पनि दिनुभयो- सम्मेलनअगाडि राष्ट्रिय पार्टीहरूको एउटा बैठक आयोजना गर्ने । हामीले त्यो सुझावलाई सकारात्मक रूपमा लिएका छौं । हाम्रो फोरममा यसबारे छलफल गरेर छिट्टै एउटा टुंगो गर्नेवाला छौं" श्री दमननाथ ढुंगानाले बताउनुभयो ।

प्रधानमन्त्रीसितको भेटघाटपछि प्रधानमन्त्री कार्यालयबाट यसबारे एउटा प्रेस-विज्ञप्तिसमेत प्रकाशित भएको छ ।

"परन्तु गृहमन्त्री रामचन्द्र पौडेलले त 'सरकार सर्वपक्षीय सम्मेलनको लफडामा नफँस्ने' भनेर लगत्तै प्रतिक्रिया जनाउनुभयो नि ?" भनेर मूल्यांकनले जिज्ञासा राख्दा- प्रतिनिधि मण्डलमा सामेल रहनुभएका अर्का संयोजक पद्मरत्न तुलाधरले भन्नुभयो- "यो उहाँको नितान्त व्यक्तिगत विचार होला । सरकारको मुख्य आधिकारिक प्रवक्ता त प्रधानमन्त्री नै हुनेगर्छ । प्रधानमन्त्रीले त 'तपाईंहरूको सम्मेलनको प्रयत्न सकारात्मक छ, यसलाई अगाडि बढाउनुस्' भनेर स्पष्ट शब्दमा हामीलाई उत्प्रेरित गर्नुभएको हो । अनि यो कुरा भन्दा गृहमन्त्री पनि त साथैमा हुनुहुन्थ्यो । उहाँले त्यहाँ त कुनै प्रतिवाद गर्नुभएन ।"

आन्दोलनको प्रतिनिधि मण्डलले प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपालसित पनि भेटघाट गरिसकेको बताएको छ । उहाँले प्रारम्भमा अहिले चलिरहेको भ्रष्ट प्रधानमन्त्री हटाउने आन्दोलनमा सम्मेलनले आँच नपुऱ्याओस् भनेर सजग गराउनुभएको र अन्तमा सम्मेलनको उद्देश्य सही भएकाले यो काम अगाडि बढाइयोस् भनेर सकारात्मक जवाफ दिनुभएको - प्रतिनिधि मण्डलका सदस्यहरूबाट थाहा भएको छ । आन्दोलनको प्रतिनिधि मण्डलमा पद्मरत्न तुलाधर, दमननाथ ढुंगाना, सुशीलचन्द्र अमात्य र गोपाल शिवाकोटी 'चिन्तन' रहनुभएको र एमाले पक्षमा प्रमुख प्रतिपक्ष दलका नेताको अलावा एमाले पोलिट्ब्यूरो सदस्य अमृत बोहोरा र केन्द्रीय सदस्य युवराज ज्ञवाली रहनुभएको कुरा थाहा भएको छ ।

प्रतिनिधि मण्डलले संसदमा रहेका सबैजसो राजनीतिक पार्टीहरूका आधिकारिक नेताहरूलाई भेटिसकेको र सबैबाट सम्मेलनबारे सहमति र

*सरकारले सुरक्षाको प्रत्याभूति नदिए पनि सम्मेलन महत्वपूर्ण हुने लाग्यो भने हामी गिरफ्तारीको शर्तमा पनि आफ्नो प्रतिनिधि पठाउन तैयार छौं भन्ने आश्वासन माओवादीहरूले दिनुभएको छ" - पद्मरत्न तुलाधर*

सहभागिता सम्बन्धमा सकारात्मक जवाफ प्राप्त गरेको छ । अहिलेसम्म प्रतिनिधि मण्डलले आधिकारिक तवरले त्यसरी भेटिसकेका पार्टीहरूमा नेपाल सद्भावना पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, संयुक्त जनमोर्चा नेपाल, राष्ट्रिय जनमोर्चा, नेकपा (माले) र ने.म.कि.पा. हुन् ।

"आन्दोलनले चाँडै सम्मेलनको मिति र स्थान किटान गर्नेछ, पत्रकार सम्मेलन गर्नेछ, सम्मेलनसम्बन्धी अवधारण-पत्रलाई अन्तिम रूप दिनेछ र सम्मेलनको तैयारीको निम्ति विस्तृत कार्य गर्नेछ" आन्दोलनका सचिव श्याम श्रेष्ठबाट थाहा भएको छ ।

"यो सर्वपक्षीय सम्मेलनको उद्देश्य सशस्त्र प्रहरी र सेना परिचालनको परिप्रेक्ष्यमा देशलाई संभावित गृहयुद्धको भुमरीमा पर्नबाट रोक्नु र माओवादी विद्रोह तथा देशको वर्तमान संकटसम्बन्धमा सर्वसम्मत निकास खोज्नु रहेको छ" -सचिव श्याम श्रेष्ठको भनाइ छ ।

सम्मेलनमा प्रमुख रूपमा संसदमा रहेका सबै राजनीतिक पार्टीहरू, केही मानव अधिकारवादी संघ-संस्थाहरू र केही निश्चित व्यक्ति र व्यक्तित्वहरू सहभागी हुने कुरा आन्दोलनको सचिवालयबाट थाहा भएको छ । छिटोमा जेठको अन्त्यसम्म र ढिलोमा असार महिनासम्ममा सम्मेलन भइसक्ने प्रारम्भिक अनुमान छ ।

"सरकारको अस्थिरता र राजनीतिक स्थितिको तरलताले सम्मेलनको मिति किटान गर्न अप्ठेरो परिरहेछ । परन्तु यो स्थितिको अन्त हुनासाथ सम्मेलन सकेसम्म छिटो आयोजना गरिनेछ । सरकार गम्भीर र जिम्मेवार भयो भने यो सम्मेलनले वर्तमान राजनीतिक संकटको सर्वमान्य निकास निकाल्न सक्छ भन्ने कुरामा हामी विश्वस्त छौं" -संयोजक तुलाधरले मूल्यांकनलाई बताउनुभयो । ❑

# आगामी बजेट र सरकारको भविष्य

हरि रोका

वार्षिक बजेट एउटा राजनीतिक दस्तावेज हो । जसमा सरकारले आफ्ना मूल्य-मान्यता र प्राथमिकता सूचीहरू योजनाबद्ध ढंगले प्रस्तुत गर्ने गर्दछ । आर्थिक वर्ष २०५७/५८ को अवधि समाप्ततर्फ उन्मुख छ, र ५८/५९ का लागि आर्थिक बजेट प्रस्तुत गर्ने अवधि नजिकिँदैछ । तर, आर्थिक-सामाजिक र राजनैतिक रूपमा नैतिक धरातल गुमाउँदै गैरहेको वर्तमान सरकारले आगामी बजेट कसरी प्रस्तुत गर्ला भन्ने कुरामा प्रशस्त अन्यौलता देखा परिरहेका छन् ।

## *चालु आर्थिक वर्ष र मूल्यांकन*

स्रोत र साधन भएर मात्र वा जुटाएर मात्र पनि मुलुकको अर्थतन्त्र चल्न सक्दैन । स्रोत र साधनको परिचालनभित्र इमान्दारिता, नैतिकता र साहस भएन भने त्यो चल्न सक्तैन । बजेट-मनचिन्ते भोला पनि होइन, बजेट मनपरी पोको पारेर फ्याँक्ने कागजको खोस्टो पनि होइन । तर यो चालु आर्थिक वर्षको बजेट एक मानेमा कागजको खोस्टो, हचुवा र अराजनीतिक दस्तावेज बन्न पुग्यो । यो वर्षको बजेटले अन्य थुप्रै वर्षहरूलाई अव्यवस्थित र अन्यौलतातर्फ धकेलिदिनेछ र सामाजिक-राजनीतिक एवं सांस्कृतिक अन्यौलसँगै आर्थिक अराजकतातर्फ लम्कने छ भन्ने कुरालाई नकार्न सकिन्न ।

चालु आर्थिक वर्षलाई हेर्ने हो भने, विकास बजेटमा ठ्याम्मै काम हुनसकिरहेको छैन । भएका र भैरहने विकासहरू समयावधिमा नसकिने हुनाले बढ्ता खर्चालु हुन्छन् नै । साधारण खर्च अनुमान गरिएको भन्दा झण्डै १२ अर्बले बढ्ने स्थिति छ । अर्थात् ४१ अर्ब ८३ करोडबाट बढेर ५२ अर्ब पुग्ने अनुमान गरिएको छ । चालु आर्थिक वर्षको ९ महिनामा बजेट घाटा ८ अर्ब ४५ करोड रूपैयाँ पुगेको छ भने बाँकी ३ महिनामा लगभग १० अर्ब पुग्न सक्दछ । तर राजस्व लक्ष्यभन्दा धेरैले कम उठेको छ । अर्थात् लक्ष्यको ६२ प्रतिशतमात्र । ५३ अर्ब उठ्ने लक्ष्य राखिएको राजस्व पहिलो ९ महिनामा जम्मा ३२ अर्ब ५९ करोड मात्र उठेको छ र अबको ३ महिनामा धेरै उठ्यो भने ६ अर्बसम्म उठ्ला । त्यसो गर्दा झण्डै १५ अर्बले राजस्व घाटा बेहोर्नु पर्नेछ ।

निर्यातका लागि ठेक्का पाएका तीन उद्यमहरूमध्ये पहिलो तयारी पोशाकको निर्यातमा पहिलेको आठ महिनाको तुलनामा यसवर्ष ३३ प्रतिशतले ह्रास आएको छ । गलैंचा निर्यात यो वर्षको पहिलो ९ महिनामा गतः वर्षको त्यही अवधिको तुलनामा १४.५ प्रतिशतले कम हुनपुगेको छ भने, अर्को फष्टाउदै गएको भनिएको पश्मिनाको क्वालिटीमा आएको गिरावटले गर्दा त्यसको पनि निर्यात गत वर्षको तुलनामा नघटे पनि बढ्नेवाला छैन ।

असारको अन्तिममा बजेट प्रस्तुत हुँदा बजेट विनियोजन गर्दा विनियोजित रकम समयमा कार्यक्षेत्रमा पुग्न ढिलाई हुने भएकोले जेठमै बजेट भाषण थालिँदा स्वागत गरिए तापनि यो आ.व.को आठ महिना बितिसक्दा पनि कतिपय विकास र अन्य आयोजनाहरूमा रकम नपुगेका थुप्रै गुनासाहरू सुनिएका छन् । यसै चालु आर्थिक वर्षमा सबैभन्दा ठूलो मार निर्माण उद्योगहरूमाथि परेको छ । देशमा संचालित (चालु वर्षसम्म) २८ वटा फलाम उद्योगहरूमध्ये २२ वटा उद्योगहरू पूर्णरूपमा बन्द भएका छन् । यसैवर्ष मुलुकको सबैभन्दा ठूलो कपडा उद्योग- हेटौडा कपडा उद्योग पनि बन्द हुन पुगेको छ । सयौंको संख्यामा साना घरेलु तथा मझौला उद्योगहरू बन्द भैसकेका छन् । अरू धेरै हुनेवाला छन् । पर्यटन उद्योग आशालाग्दो अवस्थामा छैन । मजदूर र होटल मालिकहरूबीचको सेवाशुल्कमा परेको खिचलो, मौसम, बेमौसममा हुनेगरेको नेपाल-बन्दको श्रृंखला, माओवादी जनयुद्धको कारण छाएको आतंक र त्यसको भन्दा बढ्ता प्रचार-प्रसार, भारतीय विमान अपहरणपछि भारतीय संचार माध्यमहरूले नेपालविरूद्ध गरेको प्रचार-प्रसारले झण्डैभण्डै पर्यटन उद्योगको कम्मर भाँच्चिन पुगेको छ ।



अर्थमन्त्री रामशरण महत

बितेको ९ महिनाको हिसाब वर्तमान अर्थमन्त्रीले निकाल्नुभएको छ । उहाँको राय छ- समग्र अर्थतन्त्र ५.५ प्रतिशतले बढ्ने छ । यो वर्ष ७ प्रतिशतले औद्योगिक क्षेत्रमा र १८ प्रतिशतले राजस्वमा बृद्धि हुनेछ । तर बितेका ३ वर्षमा जनसंख्याको सबैभन्दा ठूलो भाग ओगटेको कृषिक्षेत्र झनझन् कमजोर हुँदैछ । कृषि क्षेत्रमा नवौं पञ्चवर्षीय आयोजनामा तोकिएको लक्ष्यअनुसारको ५ प्रतिशतले कृषि उत्पादन बृद्धि हुने भनिएकोमा हालसम्म २.९ प्रतिशतले मात्र बृद्धि भएको छ, अर्थात् लक्ष्यभन्दा झण्डै आधा मात्र । त्यो पनि अनुकूल मौसम भैदिएकाले । मूल्यांकन अवधिमा नगदे बाली, दलहन, बागबानी र पशुपक्षीमध्ये कुनैले पनि लक्ष्य हासिल गर्नसक्ने संभावना रहेको छैन । योजनाको मूल्यांकन गर्नेहरू र योजना अघि सार्नेहरू नै भनिरहेका छन्- योजना अवधिमा (५ वर्षका लागि) कृषि क्षेत्रका लागि २१ अर्ब ५२ करोड रूपैयाँ विनियोजन गर्ने लक्ष्य लिइएकोमा बितेका ३ वर्षमा मात्र ७ अर्ब १६ करोड रूपैयाँ विनियोजन भयो । त्यसबाट काम कति भयो होला अनुमान गर्न सकिन्छ ।

यी तीन वर्षमै किसानलाई सहुलियतमा दिइआएको ऋणको ब्याजदरको सहुलियतमा पूर्ण रूपमा बन्देज लगाइएको छ । अत्यावश्यक कृषि सामाग्रीहरू सहुलियत दरमा उपलब्ध नगराउने मात्र होइन, समयमा उपलब्ध पनि गराइएनन् । रासायनिक मल, स्यालो ट्यूवेल र कृषि सामग्रीहरूमा सरकारले दिँदै आएको अनुदान भसक्कै घटाइएकाले तिनीहरूमा चर्को मूल्यदर र मूल्य बृद्धिको भारलाई कृषकहरूले बेहोर्नु परेको छ । त्यतिमात्र होइन, मौसम अनुकूल भएर प्रशस्त उत्पादन भएको धान, दलहन आदिको समर्थन मूल्य सरकारले नतोकिदिनाले र भारतबाट उक्त वस्तुहरूको खुला आयातले गर्दा, ती वस्तुको उत्पादनको लागत मूल्यसम्म पनि उठ्न सकेन । यसले आगामी दिनहरूमा बढी उत्पादन गर्ने किसानहरूको मानसिकता धर्मराएको छ । वास्तवमा आगामी वर्षहरूमा कृषि क्षेत्रलाई किसानहरू आफैंले उपयोगी नठान्ने संभावना बढेको छ । साग, सब्जी, जौ, मकै, कोदोजस्ता अन्य बालीहरू, सुर्ती, उखु, सुठो, कुचो, अलैंचीजस्ता नगदे बालीहरू लक्ष्यअनुरूप उत्पादन भएका छैनन् । यसरी ठूलो जनसंख्या आश्रीत रहेको कृषिक्षेत्रको विकास धिमा मात्र होइन जनसंख्या बृद्धिदरको हाराहारीमा पनि पुग्न सकेको छैन ।

कृषिक्षेत्र उपेक्षित हुन पुग्नु र गुजाराका लागिसमेत समस्या बन्न पुग्नु, उद्योगहरू धमाधम बन्द हुँदै जानु, अन्य निर्माण उद्योगहरू खासगरी संरचनाका पूर्वाधारहरू व्यवस्थित हुन नसक्नु आदिले प्रतिवर्ष ३ लाखको दरले थपिने नयाँ कामदार शक्तिहरू अझ बेरोजगार हुने संभावना टड्कारो भएको छ । नेपालमा अहिले बितेका दश वर्षदेखियताको हिसाब गर्ने हो भने कूल जनसंख्याको ठूलो हिस्सा बेरोजगार बन्दै गैरहेको छ । राष्ट्रिय योजना आयोगका अनुसार अहिले १४ प्रतिशत जनसंख्या पूर्ण बेरोजगार छन् ।

> प्रहरी, विशेष प्रहरी दस्ता र सैनिक आदिलाई पुरापुर संचालन गर्ने नाममा आगामी बजेटमा अहिलेको भन्दा दोब्बरले सुरक्षा बजेट बढ्ने संभावनालाई नकार्न सकिन्न ।

## पहिलो ९ महीनामा नेपालको अर्थतन्त्र

| शीर्षक | कूल रकम रू. अरबमा | बृद्धि प्रतिशत |
|---|---|---|
| ◆ निर्यात | ४३.४४ | २१.५ |
| ◆ आयात | ८५.१२ | ६.९ |
| ◆ कुल वैदेशिक ब्यापार | १२८.५६ | २८.४ |
| ◆ ब्यापार घाटा | ४१.६८ | -५.० |
| ◆ राजस्व | ३२.५९ | १७.७ |
| ◆ सरकारी खर्च | ४३.८७ | २३.३ |
| ◆ आन्तरिक ऋण | १६.५७ | १०.५ |
| ◆ कुल विदेशी विनीमय संचिति | १०२.८७ | १४.१❑ |

❑(११ महीनाको आयात धान्ने)

*स्रोत : नेपाल राष्ट्र बैंक*

बित्तीय संस्थाहरू मुलुकमा हाल ४८ वटा छन् । अधिकांश ज्वाइन्ट भेन्चर अर्थात् संयुक्त लगानीमा । दीर्घकालिन ऋण, ब्यापारमा केन्द्रित लगानी र विदेशी मुद्रामै निक्षेप गर्ने परिपाटीले नाफा आर्जन गर्ने र विदेशमा पूंजी पलायन गर्नमा सहयोग पुऱ्याइरहेका छन् यी बित्तीय संस्थाहरूले । सरकारी स्वामित्वमा रहेका ठूला बैंकहरूको हालत निकै गम्भीर भएको र तिनको स्वामित्व बाहिरीयालाई बेच्ने तरखरले आगामी दिनमा लगानी र व्यवस्थापनमा ठूलो असर पर्ने स्वतः देखिन्छ ।

समाजमा खासगरी क्षेत्रीय, जातीय सन्तुलनमा देखिएको भारी भिन्नतालाई कम गर्ने नाममा सरकारले उस्तै-उस्तै खालका १९ वटा कार्यक्रमहरू लागू गर्ने कुरा विगतको आर्थिक वर्षहरूमा बनायो । गरीबी घटाउने नामका कार्यक्रमहरूकै कुरा गर्ने हो भने गरीबसंग विश्वेश्वर, कमैया ऋणमोचन कार्यक्रम, उपेक्षित उत्पीडित, दलित, जनजाती, प्रजा एवं अन्य आदिवासीको सामाजिक-आर्थिक सुधार ल्याउने कार्यक्रम, महिला उत्थान कार्यक्रम, कर्णाली विशेष कृषि विकास कार्यक्रम र 'सबैको लागि शिक्षा' को कार्यक्रम हावा सावित भए । यी सारा कार्यक्रममा अधिकांशमा बजेट विनियोजन नै गरिएन, गरिएको रकम माओवादी जनयुद्धका कारण गाउँबाट बेदखल भएका र सदरमुकाम बसेका कांग्रेसी शरणार्थीहरू पोस्नका लागि मात्र खर्चिएको अनुमान गरिएको छ । शिक्षा, स्वास्थ्य र अन्य आवश्यकीय विषयहरूमा सरकारी लगानी खस्कन थालेको प्रष्टै छ । निजीकरण र निजी क्षेत्रमा व्यवसायका रूपमा सामाजिक सेवालाई प्राथमिकता दिने नीतिले अत्यन्त महंगा र निश्चित नागरिकहरूका लागि मात्र सेवा पुऱ्याउने अवस्था सृजना भएका छन् ।

वैदेशिक ब्यापारमै यो वर्षको पहिलो ९ महीनामा कुल ब्यापारमा ३४ प्रतिशत निर्यात र ६६ प्रतिशत आयातको अवस्था हो । बितेका ९ महिनामा लगभग ४२ अर्बको ब्यापार घाटा पुगिसकेको छ भने आगामी दिनमा अझ बढ्ने कुरालाई कसैले नकार्न सक्तैन ।

बजेटको अर्को पक्ष सुरक्षा खर्चमा बढोत्तरी हो । बितेका दुई वर्षमा सुरक्षा खर्च तेज भएको छ । गएको वर्ष ११ अर्ब रूपैयां प्रहरी र सेनाका लागि भिन्नाभिन्नै शीर्षकमा छुट्याइएको थियो । खासगरी ७ अर्ब रूपैयां एकमुष्ट प्रहरीका लागि । माओवादी जनयुद्ध दबाउन र हतियार खरीद गर्न छुट्याइएको यो रकम सम्बन्धित निकायले त्यसो गर्न असफल भएपछि अहिले सेनालाई विशेष विकास अवधारणाअन्तर्गत परिचालन गर्नेभएको छ । प्रहरी, विशेष प्रहरी दस्ता र सैनिक आदिलाई पुरापुर संचालन गर्ने नाममा आगामी बजेटमा अहिलेको भन्दा दोब्बरले सुरक्षा बजेट बढ्ने संभावनालाई नकार्न सकिन्न ।

### *आगामी बजेट र सरकारको भविष्य :*

सरकार विदेशी आर्थिक ऋण तथा सहयोगमा निर्भर छ । बिस्तारै अब ऊ माओवादी जनयुद्धलाई दबाउने नाममा पनि ऋण लिनेछ, अत्याधुनिक हतियारको खरिद गर्ने भन्दै । परनिर्भरता ऋण लिने मात्रमा सीमित हिजो पनि थिएन र अब पनि हुनेछैन । अहिले पनि कूल विकास बजेटको ६५ प्रतिशत अंश विदेशीहरूको सहायतामा आधारित छ । आगामी वर्ष त्यसमा अझ बढोत्तरी हुनेछ । अहिले कूल बजेटको १४ प्रतिशत विदेशी ऋणको ब्याज र किस्ताबन्दी साँवा तिरिरहेकोमा यो वर्ष मुद्राको अबमूल्यन र थप ऋणका कारण त्यो बृद्धि भएर २० प्रतिशतको हाराहारीमा पुग्नेछ ।

आर्थिक रूपमा धरासायी हुने, पूंजीको पलायनका लागि सत्ताका महत्वपूर्ण पदमा बसेकैहरू लाग्ने, भारतीय शासकहरूको खुला नीतिका कारण तस्करीबाट हुने तरलतामा पनि कमी आउने, भएको तरल रकमको उत्पादन बृद्धि हुने क्षेत्रमा लगानी नहुने, तस्करी, कालोबजारी र भ्रष्टाचारलाई प्रश्रय दिइरहने र त्यसमा सत्ताधारी प्रतिपक्षहरूसमेत सामेल भैरहने, भएका उद्योगहरू बन्द हुने, संगसंगै महँगीमा बृद्धि हुने, सरकारी लगानी आवश्यक कृषि क्षेत्रमा नगर्ने परिपाटीले मुलुकमा ठूलो अविश्वास र आर्थिक संकट निम्तिने छ । विदेशी लगानीको कुरा छोडौं, स्वदेशी लगानीका लागि सुरक्षाको ग्यारेन्टीको कुनै प्रत्याभूति दिन सरकार सक्षम छैन । अतःएव विश्वासको ठूलो संकट देखा परिसकेको छ ।

अविश्वासको यस वातावरणमा जुन बजेट जतिसुकै रकमको बढाएर आएता पनि त्यसले आम-जनतालाई उत्साहित तुल्याउन, भाग लिन र विकासको मूलधारमा ल्याउन सक्ने वातावरण छैन । जतिसक्दो चाँडो सरकारको बहिरगमन र आगामी दिनका लागि सहमतिको राजनीति खोज्ने वातावरण नबनेमा बजेटको आगामी बिनियोजन यस चालु आर्थिक वर्षको जस्तै हुनेछ । त्यसले अस्थिरता, अराजकता र अन्यौल सृजना गर्ने निश्चित छ । ❑


राष्ट्रिय जनगणना २०५८



*जेष्ठ २८ गतेदेखि आषाढ ७ गतेसम्म जनगणना लगत लेखन गणकहरू घरपरिवारहरूको दैलो-दैलोमा आउँदैछन् । ठीक ठीक विवरण दिई जनगणना कार्यमा सहयोग गरौं ।*

*तथ्यांक ऐन २०१५ अनुसार संकलित विवरणहरू गोप्य रहनेछन् ।*


**जनगणना हामी सबैको गणना हो**
**सबै मिली सफल पारौं ।**

**बाल-बालिका, महिला-पुरुष, बृद्ध-बृद्धा**
**कोही नछुटौं, कोही नदोहोरिऔं ।**

**केन्द्रीय तथ्याङ्क विभाग**

# प्रकाशित भयो

सिम्पानी उच्च मा.वि. सिम्पानी खोटाङ्ग (१०+२) संचालन सहयोग समिति काठमाण्डौद्वारा प्रकाशित विविध ऐतिहासिक, ज्ञानबर्द्धक र रोचक सामग्रीसहितको पुस्तक **'अभियान'** प्रकाशित भयो ।




व्यक्तिगत मूल्य रु. २००/-
संस्थागत मूल्य रु. ६००/-

१६ पेजको बाँकी

सामाजिक न्याय हो कि होइन ?

मैले के कुरा स्पष्ट गर्न खोजेको हुँ भने निःशुल्क गर्दैमा सामाजिक न्याय हुँदैन । *निःशुल्क होइन कि बरू छात्रवृत्ति दिनुपर्‍यो ।* टार्गेटेड छात्रवृत्ति । साँच्चै गरीब परिवारबाट आएको जेहेन्दार विद्यार्थीले पढ्न पाउनुपर्‍यो । त्यसको लागि certified poor होइन कि Genuine poor विद्यार्थी चिन्नु पर्‍यो र उनीहरूलाई छात्रवृत्ति दिएर पढाउनु पर्‍यो । मेरो परिभाषामा सर्वसुलभ शिक्षा भनेको त्यही हो । निःशुल्क शिक्षाले सामाजिक न्याय हुँदैन भन्ने अर्को उदाहरण पनि छ । हाम्रो विद्यार्थी भर्ना नीति पूर्णतया खुला छ । निःशुल्क भनेपछि कि हामीले कोटा निर्धारण गर्नुपर्‍यो : दुर्गम जिल्लाका, दलित, महिला, जनजाति, आदिवासीलाई यति सिट दिने भन्ने स्पष्ट किटान हुनुपर्‍यो । अन्यथा अहिलेको विश्वविद्यालयमा प्रवेश गर्ने खुला नीतिले गर्दा त जल्ले पनि निःशुल्क पाउने हुन्छ । त्यसमाथि २० प्रतिशत विद्यार्थीले अहिले नै शुल्क तिर्नै पर्दैन ।

स्याङ्जाको वा तनहुँको वा रसुवाको विद्यार्थीलाई काठमाण्डौं आएर पढ्दा डेरामा बस्नुपर्छ । डेरा भाडा तिर्नुपर्छ, यातायातको खर्च तिर्नु पर्छ, काठमाण्डौंको महँगी धान्नुपर्छ । रसुवामा भन्दा काठमाण्डौंमा शतप्रतिशतभन्दा बढी जीविका खर्च पर्दछ । यदि रसुवामा क्याम्पस भएको भए त्यो विद्यार्थी आफ्नो घरमै बस्थ्यो । घरबाटै खाएर आउँथ्यो, उसले बसभाडा तिर्नु पर्दैनथ्यो र अहिलेभन्दा धेरै सस्तोमा उसले शिक्षा प्राप्त गर्दथ्यो । यसरी विविध आयामबाट हामीले हेर्नु पर्दछ । यो जुन निःशुल्क शिक्षाको एक आयामिक अवधारणा (One dimensional concept) छ, त्यो अवधारणा नेपालजस्तो मुलुकमा काम लाग्दैन भन्छु म ।

योजनाकार र नीति निर्माताहरूले सोच्ने कुरा के हो भने शिक्षामा पहुँच कसरी पुर्‍याउने ? सर्वोत्तम पहुँच के हो भने घरदैलोमा शिक्षण संस्थालाई पुर्‍याउने । त्यो पनि सकिएन भने जिल्लामा पुर्‍याउने । जिल्लामा पनि सकिएन भने क्षेत्रमा पुर्‍याउने । विभिन्न विषयका क्याम्पसहरू स्थानीय तहमा खोल्नु पर्‍यो । सर्वसुलभ शिक्षाको एउटा उपाय यो हुन सक्दछ । अहिले त 'सर्वसुलभ शिक्षा' भन्ने कुरालाई नै राम्ररी परिभाषित गर्नु जरूरी छ ।

जनवादी शिक्षा, जनमुखी शिक्षा, वैज्ञानिक शिक्षा, व्यावसायिक शिक्षा, शिपमूलक, रोजगारमूलक शिक्षा भन्ने कुरा पनि पटक पटक आइरहेको छ । मूल कुरा के हो भने शिक्षाको उत्पादन प्रक्रियासँग सम्बन्ध हुनुपर्दछ । त्यसो भएपछि मात्रै शिक्षाले विकासलाई मद्दत पुर्‍याउँछ । त्यसो नहुने हो भने शिक्षा गरीबी निवारणको निमित्त काम लाग्दैन । जनमुखी शिक्षा भन्नाले त्यस्तो शिक्षा हुनुपर्‍यो जुन शिक्षाले उत्पादन प्रक्रियामा सघाउन सकोस्, देशको कुल समुन्नति र सम्पत्तिमा योगदान गर्न सकोस् ।

छोटकरीमा मलाई के लाग्छ भने विद्यार्थीहरूमा अहिले भावनात्मक आवेग बढी छ । उनीहरूमा तातो रगत छ । इस्यूहरूको जटिलता, विश्व परिस्थिति, क्षेत्रीय परिस्थिति बुझ्न सक्ने क्षमता विद्यार्थीहरूमा हुनुपर्‍यो । म सबै विद्यार्थी नेताहरूलाई चिन्छु । तर उहाँहरूमा जटिलताहरूलाई बुझ्न सक्ने क्षमता कम छ । जोनाथन स्वीफ्टले एक ठाउँमा भनेका छन्- Man is not a rational animal, man is only capable of reasoning । अर्थात् मान्छे विवेकशील प्राणी होइन, उसमा खाली तर्क गर्ने शक्ति मात्रै छ । मलाई कता कता के लाग्छ भने विद्यार्थी नेताहरूलाई समस्याको गुरूत्व (Magnitude) थाहा छ, समस्या कहाँनिर छ भन्ने पनि थाहा छ, विश्वविद्यालयमा कहाँनेर के समस्या छ भन्ने पनि थाहा छ । व्यक्तिगत कुरा गर्दा सबैजसो विद्यार्थी नेताहरू Reasonable छन् । तर समूहगत रूपमा आन्दोलित भएर आउँदाचाहिँ तिनीहरू अर्कै रूपमा प्रस्तुत हुन्छन्, उनीहरूको व्यक्तित्व नै परिवर्तित हुन्छ ।

अहिले एकथरि विद्यार्थीहरूले सार्वजनिक स्कूललाई राष्ट्रियकरण गर्नुपर्छ भनेर भनेका छन्- त्यसले मुलुकलाई बर्बादीतिर लैजान्छ । यदि हामीले शिक्षामा निजीक्षेत्रलाई हतोत्साहित गर्ने हो भने नेपालमा ठूलो Disaster हुन्छ । *प्राइभेट सेक्टरलाई नियमबद्ध गर्नुपर्छ, करको दायराभित्र ल्याउनु पर्छ । विशुद्ध मुनाफाको ध्येयले आउने विद्यालयहरूलाई कम्पनी ऐनभित्र लैजानुपर्छ । जसरी व्यापारिक प्रतिष्ठानहरूले कर तिर्छन्, त्यसरी नै उनीहरूले कर तिर्नुपर्छ ।* तर राज्यले मात्रै सबै शिक्षा क्षेत्र हेर्ने भन्ने कुराचाहिँ अहिले नेपालमा असंभव छ । विगत १० वर्षमा चरम राजनीतिकरणले गर्दा सार्वजनिक विद्यालयहरू भताभुङ्ग छन् । शिक्षा नियमावली २०२८ मा ६ पटक संशोधन गरी पूरा १४७ धारा र १२ अनुसुचीमा प्रतिपादित सयन्त्रले पनि अनुदान दिएर स्वीकृति लगभग ३७ हजार सार्वजनिक स्कूललाई व्यवस्था गर्न राज्यलाई धौ धौ भैरहेकोमा थप १० हजार निजी स्कूललाई हालको शिक्षा नियमावलीभित्र नियन्त्रण गर्नखोज्नु संभव देखिदैन । ☐

*गोविन्द वर्तमानसँगको टेप वार्तामा आधारित*

◀ घटना र प्रवृत्ति

# चाइना साउथवेष्ट विमान भाडा काण्ड

## रावल, चटौत र गच्छदारमाथि उच्चतम कारवाहीको सिफारिश

चाइना साउथवेस्ट एयरलाइन्सको विमान आर.एन.ए.सी.ले नौ-नौ पटक भाडामा लिने प्रक्रियामा जुन सम्झौता भएको थियो, त्यो 'अनियमित, बदनियतपूर्ण र निगमको हितविपरीत' भएको ठहर गर्दै प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले त्यसमा मुछिएका तत्कालीन मन्त्रीहरू एमालेका भीम रावल र नेपाली कांग्रेसका तारिणीदत्त चटौत र विजयकुमार गच्छदारमाथि हदैसम्मको सजायँको लागि सरकारसमक्ष सिफारिश गरेको छ ।

कारवाही आर.एन.ए.सी.का तत्कालीन कार्यकारी अध्यक्षहरू क्रमश बीकेमान सिंह, भरतबहादुर कार्कीका साथै हरिभक्त श्रेष्ठमाथि पनि हुनेभएको छ, जो लाउडा काण्डमा धरौटी बुझाउन नसकेर हाल प्रहरी हिसासत हनुमानढोकामा थुनामा छन् । यसबाहेक आर.एन.ए.सी.का त्यतिबेलाका संचालन समितिका सहदस्यहरूमाथि कारवाही चलाउनु पर्ने सिफारीश गरिएको छ ।

जम्मा ९ पटक उक्त कम्पनीसित विमान भाडामा लिइएकोमा रावल र चटौतले एक एक पटक एक वर्षका लागि विमान भाडामा ल्याउन सम्झौता गरेका थिए भने गच्छदारले ७ पटक छोटो अवधिका लागि विमान भाडामा लिने सम्बन्धमा सम्झौता गरेका थिए समितिले नौ पटक नै सम्झौतामा अनियमितता भएको ठहर गरेको छ ।

सार्वजनिक लेखा समितिले भीम रावललाई ठूलो जहाज बोइङ-७६७ का लागि टेण्डर गरेर त्यसको विपरीत सानो जहाज बोइङ-७५७ भाडामा ल्याएको, संचालन समितिको निर्णयअनुसार सिलबन्दी दरभाउ-पत्र नलिएको, प्रतिउडान घण्टा ३०० अमेरिकी डलर कमिशन लिएको र विनासोधपुछ विदेशी मुद्रा सटही स्वीकृति दिएकोमा दोषी ठहर गरेको छ । तारिणीदत्त चटौतलाई चाहिँ रावलकै निर्णयलाई निरन्तरता दिएको भन्ने आरोपका अलावा बोलपत्रमार्फत् मात्र विमान भाडामा ल्याउनु भन्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोग, मन्त्री परिषद सचिवालय र पर्यटन तथा नागरिक उड्डयनन मन्त्रलायले निर्देशन दिए पनि त्यसको पालना नगरी सम्झौता गरेर निगमको हितविपरीत काम गरेकोमा दोषी ठहर्‍याएको छ । तत्कालीन मन्त्री विजय गच्छदारले छोटो अवधिका लागि विमान भाडामा लिंदा गरेको सात पटकको सम्झौता पनि अनियमित र आर्थिक ऐन नियम विपरीत भएको ठहर समितिले गरेको छ ।

पहिलो, दोस्रो र तेस्रो विमान भाडामा ल्याउने सम्झौता नेपाली कांग्रेसकै सरकारका पालामा भएको भए पनि ती सम्झौताहरू र सम्झौता गर्ने मन्त्रीको विवरण सार्वजनिक लेखा समितिले बारम्बार माग्दा पनि सरकारले उपलब्ध गराएन । यो सवाललाई समितिले गम्भीर रूपमा लिँदै विवरण उपलब्ध नगराउने सम्बन्धित पदाधिकारीलाई कारवाही गरी समितिमा जानकारी दिने पनि समितिले सरकारलाई निर्देशन दिएको छ ।

नेपालमा प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले गरेको यो प्रयासले विभिन्न पदाधिकारी र सरकारलाई भ्रष्टाचार गर्न तीनचोटि सोच्नुपर्ने स्थिति सृजना गराएको छ । प्रशासक, पदाधिकारीहरूबाट हुने भ्रष्टाचार नियन्त्रण गर्ने र उनीहरूलाई उत्तरदायी बनाउन यस्ता प्रयासले महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

*नेपाली कांग्रेसकै सरकारका पालामा भएका सम्झौताहरू र सम्झौता गर्ने मन्त्रीको विवरण समितिले बारम्बार माग्दा पनि सरकारले उपलब्ध गराएन*

भीम रावलले समितिको निर्णयसँग कडा असहमति जनाएर एमाले पार्टीमा लिखित जाहेरी गर्नुभएको छ । उहाँमाथि आरोप लगाइएकोमा एमाले पार्टीभित्र विवाद भएको पनि पाइएको छ । यसबारे यथार्थ के हो, एमालेले शिघ्र प्रष्ट पार्नु जरूरी छ । ☐

# ◄ पाठकको कुरो

## म अल्मलिएँ

आइन्सटाइन र द्वन्द्ववादसम्बन्धी प्रज्ञारत्नको लेखले मलाई अस्पष्ट, दिग्भ्रमित र अन्यौलमय पारेको कारण यो जिज्ञासा लेख्ने जमर्को गरेको हुँ । मजस्ता आधारभूत तहका पाठकलाई यसरी अप्ठ्यारोमा पार्दा दर्शन, अजय, अपरिभाषित, असार्वभौम र सधैं अनिर्णयको बन्दी हुन्छ कि भन्ने भ्रम पर्न नजाला र ? विना पुष्ट्याई गरिने तर्कलाई नै दर्शन भन्ने हो भने तथ्यको स्थान कहाँनेर हुन्छ ? अहिले सेतो भनेर ऐतिहासिक र वैज्ञानिक तथ्यका आधारमा प्रमाणित भैसकेको कुरालाई पनि भोलि कालो भन्न सकिने आधार सँधै होइरहन्छ त ? त्यसो भए वैज्ञानिक अनुसन्धान, विश्लेषण र तर्कहरूलाई बेफ्वाकको हर्कत नै भन्न मिल्दैन ? जस्तो कि म्याक्सिम गोर्कीको मृत्युपछि उहाँको बारेमा भएजति खोज-अनुसन्धान गरेर निकालिएको उहाँसम्बन्धी निष्कर्ष अन्तिम हुन्छ कि हुँदैन ? कि फेरि पनि अर्कोचोटि म्याक्सिम गोर्कीले यो चराचर जगतमा पदार्पण गर्नु सम्भव छ ? यदि उहाँको पुर्नजन्म पनि सम्भव छैन र उहाँको बारेमा थप तथ्य पत्ता लाग्ने कुनै सम्भावना पनि छैन भने उहाँसम्बन्धी परिभाषालाई किन अन्तिम भन्न मिल्दैन, किन मृत्यु पर्यन्त पनि अपुरो मात्रै भन्ने ?

पृथ्वीले सूर्यको परिक्रमा गर्नु अहिलेसम्मको अन्तिम सत्य हो कि होइन ? के अबका दिनमा पृथ्वीलाई सूर्यले घुम्ला ? पृथ्वीको खास स्वरूपमा भएको प्रमाणित तथ्यलाई किन अन्तिम भन्न मिल्दैन ? २ जोड २ बाट ४ हुन्छ भन्ने वास्तविकता अन्तिम सत्य हो कि होइन ? त्यस्तै, जुम्ल्याहा बच्चामध्ये एकलाई ९९.९९ प्रकाशको गतिमा अन्तरिक्षमा पठाउँदा ५० वर्षसम्म ऊ कसरी ६ महिनाको मात्रै हुनसक्छ ? मैले यहाँनेर समयको सापेक्षिक परिभाषा झन् ठ्याम्मै बुझ्न सकिन । अन्तरिक्षमा पठाइरहँदा बच्चाको शारीरिक बनावटमा पो परिपक्वता र परिवर्तन नहोला, के त्यसकै आधारमा समयनै रोकियो वा ५० वर्ष ढिलो भयो भन्न मिल्छ ? समय त समान गतिमा कुदेको कुद्यै, दिनपछि रात रातपछि दिन त भएको भयै हुन्छ नि हैन ? के बिग्रेको घडीको सूई नघुम्दैमा समय नै रोकियो, या ५० वर्षअघि जन्मेको बच्चा नै ६ महिनाको भयो भन्न सकिन्छ ? जस्तो कि आइन्स्टाइनले भनेका छन्, "हामीले तातेको तावामा हात राख्दा थोरै समय पनि धेरैजस्तो लाग्छ, तर यसको ठीक विपरीत कुनै प्रियसीसँग गफ गरिरहँदा हामीलाई घण्टौं गएको पनि थोरै समयजस्तो लाग्छ" -यसरी उनले सापेक्षकतावादको परिभाषा दिएका छन् । यसको आधारमा तातो तावामा हात राख्ने मानिसको तत्कालीन भ्रमलाई नै आधार मानेर २ मिनेटलाई २ घण्टा भन्ने भ्रमपूर्ण निष्कर्ष त अर्थिनु भएन नि ! यो त सम्बन्धित व्यक्तिको भ्रमजन्य व्यक्तिगत अनुभव पो भयो । सार्वभौम सच्चाई त भएन नि ! थप स्पष्ट पारेमा धेरै आभारी हुने थिएँ । साथै यस्तै किसिमका अनगिन्ती अन्यौलताहरूसँग मैले अध्ययनको क्रममा जुझ्नु परिरहेको छ । के तपाईंहरू पत्रिकामार्फत् बाहेक अन्य कुनै माध्यमबाट यस्ता प्रकारका समस्याहरूको निराकरण गर्ने पहल गरिरहनुभएको छैन ? के सीमित संख्यामा मात्रै पढिने पत्रिकाबाट तपाईंहरूले अपेक्षा गरेको "आलोचनात्मक चेत"को वैज्ञानिक र वैचारिक धरातलको स्तर माथि उठला ? यसको ठोस प्रतिउत्तरको अपेक्षा गरिरहेको छु ।

साथै उक्त लेखकै पेज ३० को दोस्रो र तेस्रो कोलमको माथिल्लो लाइन नै छुटेको छ । सबैभन्दा बढी घोत्लिनुपर्ने महत्वपूर्ण स्तम्भमा पनि यसरी लापर्वाही गर्नु अक्षम्य भूल हैन र ?

अन्तिममा पाँच दशकभन्दा लामो नेपालको कम्युनिष्ट आन्दोलनलाई नयाँ धारबाट उठाइरहेका र नेपालमा पहिलोचोटि योजनाबद्ध जनयुद्धको कार्यान्वयन गरिरहेका सबैका आशाका पुञ्ज माओवादीहरूप्रति विगत केही समयदेखि तपाईंहरू केही नरम र स्वस्थ आलोचकको रूपमा देखिनु भएकोमा हार्दिक आभार प्रकट गर्दछु । कम्युनिष्ट आन्दोलनभित्रका कमी-कमजोरीहरूलाई सडक, गल्ली, विरोधीहरूको अखडाबाट र 'भट्टी पसल'का माध्यमबाट होइन, पहिले घरभित्रैबाट औंल्याई दिने काम गर्नुभएमा तपाईंहरूको विद्वताबाट पनि देश र जनतालाई ठूलो लाभ प्राप्त हुने थियो भन्ने कुरालाई तपाईंहरू कहिलेसम्म नजरअन्दाज गरिरहनु होला ?

**-बि.के.आर. 'बिद्रोही',**
*रूकुमेपाखा ।*

## त्यस्तो विज्ञापन किन ?

मूल्यांकन, पूर्णाङ्क ८६ पढेपछि निम्न टिप्पणी गर्न मन लागेको छ ।

१. लाउडासम्बन्धी क. लिलामणिको लेख सान्दर्भिक, गहन, विश्लेषणयुक्त र पठनीय छ ।

२. डा. चैतन्य मिश्रको लेखमाथि भएको विचार अन्तर्क्रियामा केही सहभागीहरूले नेपालको वर्तमान अवस्था अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक हो कि होइन प्रष्ट दृष्टिकोण प्रस्तुत गरेको देखिएन । दृष्टिकोणमै अन्यौल भएपछि क्रान्तिसम्बन्धी स्पष्ट धारणाहरू कसरी बन्छन् त ?

३. विचार अन्तर्क्रियामुखी मूल्यांकनको बाहिरी कभरमा अर्धनग्न युवतीको तस्वीरसहितको रक्सीको विज्ञापन किन ? उक्त विकृतिमूलक विज्ञापन त्याज्य छ । हामी एकातिर उपभोक्तावादी संस्कृतिको विरोध गर्छौं, अर्कोतिर सोही संस्कृति झल्काउने विज्ञापनलाई ठाउँ दिन्छौं । यो आफैंमा विरोधाभाषपूर्ण कुरा भएन र ?

**-एस. आचार्य,**
*अनामनगर, काठमाण्डौं ।*

## साह्रै मन पर्‍यो

मूल्यांकन मासिकको वर्ष १८ पूर्णाङ्क ८५ को चैत्र अंकमा चन्द्रदेव नेपालीको 'नीति/संस्कृति' स्तम्भमा लेखिएको 'के यी एमालेका ठेट्ना हुन् ?' र 'पूर्णागिरि: भारतको अर्को बल मिच्याई' शीर्षकको दिपक जवालीको विश्लेषणात्मक लेख साह्रै मन पर्‍यो ।

वास्तवमा देशभक्तिपूर्ण भावना कुनै एउटा पार्टी विशेषमा भरपर्ने कुरो मात्र नभई व्यक्ति व्यक्तिको अन्तरआत्माले अनुभूति गर्ने कुरो हो । त्यसलाई पार्टीहरूले संश्लेषण गरेर एकीकृत रूप दिनसक्नु पर्दछ । तर हाम्रो देशका पार्टीका नेताहरूमा 'आफू र आफ्नो पार्टी मात्रै ठीक, अरू पार्टी र नेताहरू जति बेठीक' भन्ने संस्कार कहिलेसम्म रहला ? 'कालापानी'मा माले अनेरास्ववियूले गरेको तीन वर्षअगाडिको मार्चमा 'एमाले नेता के.पी. ओलीजस्तो पार्टीको उप-नेताले गरिमामय सदनमा "मालेका ठेट्नाहरूले कालापानीमा खुकुरी चम्काउँदैमा, खुकुरी देखाउँदैमा भारतीय सेनाले कालापानी छोड्दैन । कुइनाको पहरासँग कुनै जोड चल्दैन, यो त कुटनितिक माध्यमबाट मात्र समाधान हुनसक्ने कुरो हो ।" भनेर देशभक्तिपूर्ण भावनामा कुठाराघात गरेका थिए । तर आज त्यही पार्टीसँग सम्बन्धित प्र.रा.यु.संघले वीरभक्ति थापा, अमर सिंह थापा, बलभद्र कुँवर, भीमसेन थापा र नेपाली वीर वीरङ्गनाको वीरताको इतिहास नेपालका पार्टी र नेताहरूले नबिर्सिउन् भन्दै पूर्णागिरिमा मार्च गरे । त्यस मार्चमा केही एमाले सांसदहरू पनि सम्मिलित भए । यो साह्रै सह्राहनीय काम भएको छ ।

**-तिलकबहादुर खड्का,**
*शिक्षक शारदा मा.वि.,*
*भ्याउँपोखरी (भोजपुर)*


मनोज गजुरेलका
हास्य व्यंग्यहरुको
संगालो
लुखास्त




चाँडै प्रकाशित हुँदैछ

अन्तर्क्रिया प्रकाशन प्रा.लि.
पुतलीसडक, काठमाण्डौ
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९

विकास भन्नु एक आर्थिक कुरा मात्र होइन ।
यो एउटा मानवीय समस्या हो ।

- श्री ५ वीरेन्द्र

राष्ट्रले परिलक्षित गरेको विकासका अवधारणालाई अघि बढाउन हरतरहले प्रयत्नशील रहन नेपाल राष्ट्र बैंक आफ्नो ४६ औं वर्ष प्रवेशको सुखद् अवसरमा प्रण गर्दछ ।

**नेपाल राष्ट्र बैंक**


परिवार




# DUCKHAMS




अन्तरराष्ट्रिय
***ISO-9002* को**
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल





**PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND**

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

विद्युत दुरूपयोग गर्नु दण्डनीय अपराध हो । विद्युत दुरूपयोग गर्नाले नियमित आपूर्तिमा बाधा पुऱ्याउँछ । दुर्घटनालाई निम्त्याउँछ । यसले गर्दा दुरूपयोग नगर्ने ग्राहकलाई समेत आर्थिक बोझ थपिनजान्छ । यदि कसैले विद्युत दुरूपयोग गरेको तपाईंलाई थाहा छ भने सोको गोप्य जानकारी दिनुभएमा हर्जना रकमको २०% पुरस्कार स्वरूप दिइनेछ ।



**सावधान !**

विद्युत चोरी गर्नु राष्ट्रिय अपराध हो ।

**नेपाल विद्युत प्राधिकरण**